# कवि पूर्णानन्द भट्ट : जीवनी, व्यक्तित्व र कृतित्व

**त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र सङ्कायअन्तर्गत नेपाली केन्द्रीय विभागको स्नातकोत्तर तह द्वितीय वर्षको दसौँ पत्रको प्रयोजनका लागि प्रस्तुत**

## शोधपत्र


**शोधार्थी**

कृष्णदत्त पन्त

नेपाली केन्द्रीय विभाग

त्रिभुवन विश्वविद्यालय

कीर्तिपुर, काठमाडौँ



२०६४

# शोधनिर्देशकको मन्तव्य

नेपाली एम्. ए. (शैक्षिक सत्र २०६२/६३) दोस्रो वर्षका विद्यार्थी श्री कृष्णदत्त पन्तले **कवि पूर्णानन्द भट्ट : जीवनी, व्यक्तित्व र कृतित्व** शीर्षकको यो शोधपत्र परिश्रमपूर्वक तयार पार्नुभएको हो । यो उहाँका अध्ययन र आफ्नै प्रतिभापूर्ण शोधचेतनाको स्नातकोत्तरस्तरीय प्राप्ति हो । यस शोधकार्यसँग म सन्तुष्ट छु र यसको आवश्यक मूल्याङ्कनका निम्ति नेपाली केन्द्रीय विभागसमक्ष सिफारिस गर्दछु ।

मिति : २०६४/०४/०३

..........................................

**डा. महादेव अवस्थी**

सह-प्राध्यापक

नेपाली केन्द्रीय विभाग

त्रि.वि., कीर्तिपुर

काठमाडौँ ।

नेपाली केन्द्रीय विभाग
कीर्तिपुर

मिति : २०६४/०४/०३

# स्वीकृतिपत्र

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र सङ्कायअन्तर्गत नेपाली केन्द्रीय विभागका छात्र **श्री कृष्णदत्त पन्त**ले स्नातकोत्तर तह, दोस्रो वर्षको दसौँ पत्रको प्रयोजनका लागि तयार पार्नुभएको **कवि पूर्णानन्द भट्ट : जीवनी, व्यक्तित्व र कृतित्व** शीर्षकको शोधपत्र आवश्यक मूल्याङ्कन गरी स्वीकृत गरिएको छ ।

| **मूल्याङ्कन समिति** | **हस्ताक्षर** |
| --- | --- |
| १) प्रा. घनश्याम कँडेल (विभागीय प्रमुख) | ..................................... |
| २) प्रा. डा. दयाराम श्रेष्ठ (बाह्य परीक्षक) | ..................................... |
| ३) सहप्रा. डा. महादेव अवस्थी (शोधनिर्देशक) | ..................................... |

# कृतज्ञताज्ञापन

प्रस्तुत शोधपत्र मैले स्नातकोत्तर तहको दसौँ पत्रको प्रयोजनका लागि आदरणीय गुरु सहप्रा. डा. श्री महादेव अवस्थीका कुशल निर्देशनमा तयार पारेको हुँ । यो शोधपत्र तयार गर्ने सन्दर्भमा आइपरेका विभिन्न समस्या र अड्चनहरूसँग जुध्ने प्रेरणा दिँदै सही पथप्रदर्शन गराएर अघि बढ्न उत्प्रेरित गरी आफ्ना कतिपय व्यावहारिक कार्यहरूलाई पन्छाएर कुशल र समुचित दिग्दर्शन गराउनु भएकोमा उहाँप्रति म हार्दिक कृतज्ञताज्ञापन एवम् श्रद्धाभाव व्यक्त गर्दछु ।

शोधपत्र तयार गर्ने कार्यमा आफ्ना विविध कार्यव्यस्ततालाई पर्वाह नगरी आफ्नो अमूल्य समय निकाली निर्देशन, सुझाउ तथा सल्लाह दिई उत्प्रेरित गर्नुहुने विभागीय प्रमुख प्रा. श्री घनश्याम कँडेल एवम् सम्पूर्ण गुरुवर्ग तथा प्रस्तुत विषयमा शोधकार्य गर्ने अवसर जुटाउने नेपाली केन्द्रीय विभागप्रति हार्दिक कृतज्ञताज्ञापन गर्दछु ।

प्रस्तुत शोधपत्र तयार पार्दा आवश्यक सामग्री उपलब्ध गराइदिने त्रि.वि. केन्द्रीय पुस्तकालय काठमाडौँप्रति हार्दिक आभार प्रकट गर्दछु । यसरी नै आर्थिक र व्यावहारिक समस्यासँग सङ्घर्ष गर्दै आफ्नो अमूल्य श्रम र पसिना खर्चेर मेरो अध्ययनलाई यस अवस्थासम्म ल्याइपुऱ्याउने पूज्य स्व. पिता श्री अर्जुनदेव पन्त र माता मैनादेवी पन्तप्रति म आजीवन ऋणी छु । मलाई हरसमय विभिन्न व्यवहारिक रूपमा सहयोग गर्ने जीवन सँगिनी विमलादेवी पन्तलाई पनि सम्झना चाहान्छु । आफूले व्यावहारिक बोझ थामेर मलाई यस अवस्थासम्म पुऱ्याउन मरिमेट्ने सहोदर भाइ पदमराज पन्तप्रति पनि म हार्दिक कृतज्ञता प्रकट गर्दछु । त्यसैगरी प्रस्तुत शोधकार्यमा प्रत्यक्ष तथा परोक्ष रूपमा सहयोग गर्नुहुने भाइ वासुदेव पाण्डेय, दाजु दुर्गादत्त पन्त, देवदत्त पन्त, चेतराज पन्त, अम्बादत्त पन्त साथै पन्त परिवारका सबै सहयोगी बन्धुहरूप्रति म कृतकृत्य छु । शोधपत्र तयार पार्न बारम्बार घचघच्याइरहने साथीहरू राजन वन, धर्म पन्थी, लेकप्रसाद प्याकुरेल, वासुदेव पौडेल, रमेशचन्द्र भट्टराई, जनकदत्त उपाध्यायप्रति पनि हार्दिक आभार व्यक्त गर्दछु साथै शुद्धसँग टङ्कण गरिदिने आत्मीय मित्र वीरेन्द्र नेपालप्रति आभार प्रकट गर्दछु ।

अन्त्यमा म यस शोधपत्रको समुचित मूल्याङ्कनका लागि त्रि.वि. नेपाली केन्द्रीय विभाग कीर्तिपुरसमक्ष पेस गर्दछु ।

दिनाङ्क २०६४/०४/०३

**शोधार्थी**

कृष्णदत्त पन्त

नेपाली केन्द्रीय विभाग

२०६४

# विषयसूची

पृष्ठ

पहिलो परिच्छेद

**शोधपरिचय** १-३
१.१ शोधशीर्षक १
१.२ शोधकार्यको प्रयोजन १
१.३ समस्याकथन १
१.४ शोधपत्रको उद्देश्य १
१.५ पूर्वकार्यको समीक्षा २
१.६ शोधको औचित्य र महत्त्व २
१.७ शोधकार्यको सीमाङ्कन ३
१.८ सामग्रीसङ्कलनविधि ३
१.९ सैद्धान्तिक ढाँचा र शोधविधि ३
१.१० शोधपत्रको रूपरेखा ३

दोस्रो परिच्छेद

**पूर्णानन्द भट्टको जीवनी तथा व्यक्तित्व** ४-१७
२.१ पूर्णानन्द भट्टको जीवनी ४
२.१.१ जन्म र जन्मस्थान ४
२.१.२ बाल्यकाल ४
२.१.३ शिक्षादीक्षा ५
२.१.३ क) अक्षरारम्भ, व्रतबन्ध र प्रारम्भिक शिक्षा ५
२.१.३ ख) माध्यमिक शिक्षा ५
२.१.३ ग) भाषिक अध्ययन ५
२.१.४ पारिवारिक पृष्ठभूमि ६
२.१.४ क) पूर्णानन्द भट्टको आर्थिक-अवस्था ६
२.१.४ ख) पूर्णानन्द भट्टका दाजुभाइ ६
२.१.४ ग) विवाह र सन्तान ७
२.१.४ घ) आमा बाबुको मृत्यु ७
२.१.५ साहित्यिक क्षेत्रमा संलग्नता ७
२.१.५ क) साहित्य लेखनको प्रेरणा ७
२.१.५ ख) लेखनआरम्भ ८

२.१.५ ग) स्वभाव र रुचि ८
२.१.५ घ) आस्था र विचार ९
२.१.६ कार्यक्षेत्र १०
२.१.६ क) शिक्षण १०
२.१.६ ख) कृषिपेसा १०
२.१.६ ग) व्यापार र व्यवसाय १०
२.१.७ समाजसेवा १०
२.१.८ भ्रमण ११
२.१.९ सम्मान तथा पुरस्कार ११
२.२ पूर्णानन्द भट्टको व्यक्तित्व १२
२.२.१ शारीरिक/बाह्य व्यक्तित्व १२
२.२.२ साहित्यिक व्यक्तित्व १२
२.२.२ क) कवि तथा गीतकार व्यक्तित्व १२
२.२.२ ख) समालोचक व्यक्तित्व १३
२.२.२ ग) अनुवादक व्यक्तित्व १३
२.२.३ साहित्येतर व्यक्तित्व १३
२.२.३ क) सामाजिक व्यक्तित्व १३
२.२.३ ख) शिक्षक व्यक्तित्व १४
२.२.३ ग) राजनीतिक व्यक्तित्व १४
२.२.३ घ) अध्ययनशील व्यक्तित्व १५
२.२.३ ङ) अभिप्रेरक व्यक्तित्व १५
२.२.४ पूर्णानन्द भट्टको जीवनी व्यक्तित्व र साहित्यलेखनको अन्तर्सम्बन्ध १५
२.२.४ क) अनुवंशले पारेको प्रभाव १५
२.२.४ ख) राष्ट्रिय-अन्तर्राष्ट्रिय परिवेशको प्रभाव १५
२.२.४ ग) शिक्षाको प्रभाव १६
२.२.४ घ) पेसागत प्रभाव १६
२.२.४ ङ) मानसिक स्वास्थ्य १६
२.२.४ च) व्यक्तिगत प्रभाव १६
२.२.५ निष्कर्ष १७

परिच्छेद तीन

**पूर्णानन्द भट्टको साहित्ययात्रा र चरणविभाजन १८-२८**

३.१ पूर्णानन्द भट्टको साहित्ययात्रा १८

३.२ पूर्णानन्द भट्टका साहित्ययात्राको चरणविभाजनको  औचित्य र आधार १९
३.३ चरण विभाजन २०
३.३.२ प्रकाशनकाल / सार्वजनिक चरण २०
३.३.२.१ सामाजिक विषयवस्तु / स्वरूपका कृतिहरू : २१
३.३.२.२ आध्यात्मिक विषयवस्तु/स्वरूपका कृतिहरू २३
३.३.२.३ राजनीतिक विषयवस्तु/ स्वरूपका कृतिहरू २५
३.४ पूर्णानन्द भट्टको साहित्य यात्राको मूल्याङ्कन २६
३.५ निष्कर्ष २८

चौथो परिच्छेद

**पूर्णानन्द भट्टका कृतिहरूको अध्ययन** २९-१११
४.१ विषयप्रवेश २९
४.२ 'कवितातरङ्ग' कवितासङ्ग्रहको अध्ययन २९
४.२.१ प्रकाशन २९
४.२.२ शीर्षकविधान २९
४.२.३ संरचना ३२
४.२.४ लयविधान ३३
४.२.५ भाषाशैली ३३
४.२.६ कथनपद्धति ३३
४.२.७ केन्द्रीय कथ्य तथा भावविधान ३४
४.२.८ बिम्बविधान तथा अलङ्कार प्रयोग ३४
४.२.९ व्यञ्जनाप्रयोग ३५
४.२.१० विधागत रूप तथा आयाम ३५
४.२.११ निष्कर्ष ३६
४.३ 'डोटेली लोकलहर' कवितासङ्ग्रहको अध्ययन ३७
४.३.१ शीर्षकविधान ३७
४.३.२ संरचना ३८
४.३.३ लयविधान ३९
४.३.४ भाषाशैली ३९
४.३.५ कथनपद्धति ३९
४.३.६ केन्द्रीय कथ्य तथा भावविधान ४०
४.३.७ बिम्ब, प्रतीक र अलङ्कार प्रयोग ४०
४.३.८ व्यञ्जनाप्रयोग ४१

४.३.९ विधागत रूप तथा आयाम ४१
४.३.१० निष्कर्ष ४२
४.४ 'अभिशाप' खण्डकाव्यको अध्ययन ४२
४.४.१ प्रकाशन ४२
४.४.२ प्रेरणा, प्रभाव र विषयवस्तुको स्रोत ४२
४.४.३ शीर्षकविधान ४३
४.४.४ आख्यानात्मक संरचना ४३
४.४.४ क) कथावस्तु ४३
४.४.४ ख) पात्रविधान ४५
४.४.४ ग) परिवेश ४६
४.४.५ केन्द्रीय कथ्य ४७
४.४.६ भावविधान ४७
४.४.७ विचार ४७
४.४.८ सर्गविधान ४८
४.४.९ कथनपद्धति ४९
४.४.१० लयविधान ४९
४.४.११ आयाम ५०
४.४.१२ बिम्ब-प्रतीक र अलङ्कारप्रयोग ५१
४.४.१३ भाषाशैली ५२
४.४.१४ निष्कर्ष ५३
४.५ 'आर्तनाद' खण्डकाव्यको अध्ययन ५३
४.५.१ रचनाकाल र प्रकाशन ५३
४.५.२ प्रेरणा, प्रभाव र विषयवस्तुको स्रोत ५३
४.५.३ शीर्षकविधान ५४
४.५.४ आख्यानात्मक संरचना ५४
४.५.४ क) कथावस्तु ५४
४.५.४ ख) पात्रविधान ५६
४.५.५ परिवेश ५७
४.५.६ केन्द्रीय कथ्य ५७
४.५.७ भावविधान ५७
४.५.८ विचार ५८

४.५.९ सर्गविधान ५८
४.५.१० कथनपद्धति ५९
४.५.११ लयविधान ६०
४.५.१२ आयाम ६१
४.५.१३ बिम्ब, प्रतीक र अलङ्कारप्रयोग ६१
४.५.१४ भाषाशैली ६२
४.५.१५ निष्कर्ष ६३
४.६ 'वनदेवी' खण्डकाव्यको अध्ययन ६३
४.६.१ रचनाकाल/ प्रकाशन ६३
४.६.२ प्रेरणा, प्रभाव र विषयवस्तुको स्रोत ६४
४.६.३ शीर्षकविधान ६४
४.६.४ आख्यानात्मक संरचना ६४
४.६.४ क) कथावस्तु ६४
४.६.४ ख) परिवेश ६४
४.६.५ केन्द्रीय कथ्य ६५
४.६.६ भावविधान ६५
४.६.७ विचार ६५
४.६.८ सर्गविधान ६६
४.६.९ कथनपद्धति ६७
४.६.१० लयविधान ६७
४.६.११ आयाम ६७
४.६.१२ बिम्ब, प्रतीक र अलङ्कारविधान ६८
४.६.१३ भाषाशैली ६९
४.६.१४ निष्कर्ष ६९
४.७ 'गाउँकला' चम्पूकाव्यको अध्ययन ७०
४.७.१ पृष्ठभूमि ७०
४.७.२ प्रकाशन ७०
४.७.३ प्रेरणा, प्रभाव र विषयवस्तुको स्रोत ७०
४.७.४ शीर्षकविधान ७१
४.७.५ कथावस्तु/कथानक ७१
४.७.६ कार्यपीठिका/परिवेश ७३

४.७.७ पात्रविधान ७३
४.७.८ छन्द, अलङ्कार, बिम्बप्रतीक तथा भावविधान ७४
४.७.९ आयाम तथा लयविधान ७५
४.७.१० कथनपद्धति ७५
४.७.११ सारवस्तु ७५
४.७.१२ भाषाशैली ७६
४.७.१३ निष्कर्ष ७६
४.८ 'शान्तिमन्दिर' खण्डकाव्यको अध्ययन ७७
४.८.१ प्रकाशन ७७
४.८.२ प्रेरणा, प्रभाव र विषयवस्तुको स्रोत ७७
४.८.३ शीर्षकविधान ७७
४.८.४ आख्यानात्मक संरचना ७७
४.८.४ क) कथावस्तु ७७
४.८.४ ख) पात्रविधान ७९
४.८.४ ग) परिवेश ८०
४.८.५ केन्द्रीय कथ्य ८०
४.८.६ भावविधान ८०
४.८.७ विचार ८१
४.८.८ सर्गविधान ८१
४.८.९ कथनपद्धति ८२
४.८.१० लयविधान ८२
४.८.११ आयाम ८२
४.८.१२ बिम्ब, प्रतीक र अलङ्कार प्रयोग ८३
४.८.१३ भाषाशैली ८४
४.८.१४ निष्कर्ष ८५
४.९ 'प्रजातन्त्र बालक' खण्डकाव्यको अध्ययन ८५
४.९.१ प्रकाशन ८५
४.९.२ प्रेरणा, प्रभाव र विषयवस्तुको स्रोत ८५
४.९.३ शीर्षकविधान ८६
४.९.४ आख्यानात्मक संरचना ८६
४.९.४ क) कथावस्तु ८६

४.९.४ ख) पात्रविधान ८७
४.९.४ ग) परिवेश ८७
४.९.५ केन्द्रीय कथ्य ८७
४.९.६ भावविधान ८७
४.९.७ विचार ८८
४.९.८ सर्गविधान ८८
४.९.९ लयविधान ८८
४.९.१० आयाम ८९
४.९.११ बिम्ब, प्रतीक, अलङ्कार प्रयोग ८९
४.९.१२ भाषाशैली ९०
४.९.१३ निष्कर्ष ९०
४.१० 'नानो जात्क' खण्डकाव्यको अध्ययन ९१
४.१०.१ प्रकाशन ९१
४.१०.२ प्रेरणा, प्रभाव र विषयवस्तुको स्रोत ९१
४.१०.३ शीर्षकविधान ९१
४.१०.४ आख्यानात्मक संरचना ९१
४.१०.४ क) कथावस्तु ९१
४.१०.४ ख) पात्र विधान ९२
४.१०.४ ग) परिवेश ९२
४.१०.५ केन्द्रीय कथ्य ९३
४.१०.६ भावविधान ९३
४.१०.७ विचार ९३
४.१०.८ सर्गविधान ९३
४.१०.१० लयविधान ९४
४.१०.११ आयाम ९५
४.१०.१२ बिम्ब, प्रतीक र अलङ्कार प्रयोग ९५
४.१०.१३ भाषाशैली ९६
१.१०.१४ निष्कर्ष ९६
४.११ 'शान्तिविज्ञान' महाकाव्यको अध्ययन ९७
४.११.१ प्रकाशन ९७
४.११.२ शीर्षकविधान ९७

४.११.३ विषयवस्तुको स्रोत तथा ढाँचागत स्वरूप ९७
४.११.४ आख्यानात्मक प्रबन्धविधान ९८
४.११.४ क) कथावस्तु ९९
४.११.४ ख) पात्रविधान १०१
४.११.४ ग) परिवेश १०१
४.११.५ भावविधान १०२
४.११.६ उक्तिसंरचना १०३
४.११.७ लयविधान १०४
४.११.८ केन्द्रीय कथ्य १०६
४.११.९ बिम्बालङ्कारविधान १०६
४.११.१० आयाम १०८
४.११.११ भाषाशैली १०९
४.११.१२ निष्कर्ष ११०
४.१२ 'विलापी' खण्डकाव्य १११
४.१३ निष्कर्ष १११

पा"चौ" परिच्छेद

**शोधनिष्कर्ष** ११२-११५
५.१ परिच्छेदगत निष्कर्ष ११२
५.१.१ दोस्रो परिच्छेद ११२
५.१.२ तेस्रो परिच्छेद ११३
५.१.३ चौथो परिच्छेद ११३
५.२ अन्तिम निष्कर्ष ११४

# सङ्क्षेपीकृत शब्दसूची

| | | |
|---|---|---|
| सङ्क्षिप्त रूप | – | पूर्ण रूप |
| आइ.ए. | – | इन्टरमिडिएट अफ आर्टस् |
| ई. सं. | – | ईस्वी सम्वत् |
| एम्.ए. | – | मास्टर अफ आर्टस् |
| एम्. एल्. | – | मास्टर्स अफ ल |
| क्र. सं. | – | क्रम सङ्ख्या |
| गो. प | – | गोरखापत्र |
| चौ. सं. | – | चौथो संस्करण |
| डा. | – | डाक्टर |
| ते.सं. | – | तेस्रो संस्करण |
| दो.सं. | – | दोस्रो संस्करण |
| ना. प. | – | नामपद |
| ने. भा. प्र. स. | – | नेपाल भाषा प्रकाशिनी समिति |
| ने.रा. प्र.प्र. | – | नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान |
| पं. | – | पण्डित |
| पृ. | – | पृष्ठ |
| प्र. | – | प्रकाशन |
| प्रा.डा. | – | प्राध्यापक डाक्टर |
| प्रा. लि. | – | प्राइवेट लिमिटेड |
| भू. पू. | – | भूतपूर्व |
| ले. | – | लेखन |
| वि. सं. | – | विक्रम संवत् |
| वि. प. | – | विशेषण पद |
| ष. सं. | – | षष्ठ संस्करण |
| स्व. | – | स्वर्गीय |
| संयो. | – | संयोजक |
| सम्पा. | – | सम्पादन/सम्पादक |
| सा. प्र. | – | साझा प्रकाशन |
| सु. प. | – | सुदूर पश्चिमाञ्चल |
| से. | – | सेकेन्ड |
| से. अ. | – | सेती अञ्चल |
| सि. आइ. डी. | – | क्रिमिनल इन्भेष्ट्रमेन्ट डिपार्टम |

# पहिलो परिच्छेद

# शोधपरिचय

## १.१ शोधशीर्षक

यस शोधपत्रको शीर्षक **कवि पूर्णानन्द भट्ट : जीवनी व्यक्तित्व र कृतित्व** रहेको छ ।

## १.२ शोधकार्यको प्रयोजन

प्रस्तुत शोधकार्य त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत नेपाली केन्द्रीय विभाग स्नातकोत्तर तह दोस्रो वर्षको दसौँ पत्रको प्रयोजनका लागि तयार पारिएको छ ।

## १.३ समस्याकथन

समसामयिक नेपाली साहित्यको कविता विधामा प्रशस्त फुटकर कविता आधादर्जनभन्दा बढी खण्डकाव्य तथा एक महाकाव्य सृजन प्रकाशन गराई योगदान दिने महत्त्वपूर्ण प्रतिभा कवि पूर्णानन्द भट्टका विषयमा दुईचार ग्रन्थमा संक्षिप्त चर्चा भेटिनुबाहेक उनको जीवनी व्यक्तित्व र कृतित्वका विविध पक्षमा समग्र अध्ययन अनुसन्धान नभएकाले उनको जीवनी व्यक्तित्व र कृतित्व विषयमा व्यवस्थित रूपमा अध्ययन अनुसन्धान गर्दा देखापर्ने र उठाइने समस्याहरू यी हुन् :

क) पूर्णानन्द भट्टको जीवनीको विकासक्रम केकस्तो रहेको छ ?

ख) पूर्णानन्द भट्टको व्यक्तित्वको विविध पक्ष तथा उनको जीवनीका घटनाहरूले साहित्य सृजनामा पारेको प्रभाव केकस्तो रहेको छ ?

ग) पूर्णानन्द भट्टको कृतित्वको विकासक्रम र योगदान केकस्तो रहेको छ ?

## १.४ शोधपत्रको उद्देश्य

नेपाली साहित्य सिर्जनामा २०३६ साल पूर्वदेखि नै सक्रिय रूपमा लागिपरेका कवि पूर्णानन्द भट्ट नेपाली साहित्यका एक महत्त्वपूर्ण व्यक्तित्व हुन् । उनका विषयमा व्यवस्थित रूपमा अध्ययन-अनुसन्धान भएको पाइँदैन । उनका विषयमा हालसम्म जेजति चर्चा परिचर्चा भएको छ । त्यो न्यून मात्र रहेकाले उनको जीवनी व्यक्तित्व र कृतित्वको बारेमा व्यवस्थित अध्ययन अनुसन्धान गर्दा यस शोधका उद्देश्यहरू निम्नलिखित रहेका छन् :

क) कवि पूर्णानन्द भट्टको जीवनीको विषयमा अध्ययन गर्नु,

ख) कवि पूर्णानन्द भट्टको व्यक्तित्वको पक्षहरूको अध्ययन गर्नु,

ग) कवि पूर्णानन्द भट्टको कृतित्वको विकासक्रम र योगदानबारे चर्चा गर्नु ।

## १.५ पूर्वकार्यको समीक्षा

नेपाली साहित्यको विकास तथा उत्थानमा महत्त्वपूर्ण योगदान पुऱ्याउने कवि पूर्णानन्द भट्ट नेपाली साहित्यका ओझेल परेका तर महत्त्वपूर्ण प्रतिभा हुन् । उनका विषयमा विभिन्न विद्वानहरूले गरेका चर्चा परिचर्चाहरू यस प्रकार छन् :

रामचन्द्र भट्टले **अभिशाप** खण्डकाव्य (२०३६) को भूमिकामा कवि भट्टको **अभिशाप** खण्डकाव्यको समीक्षा गर्दै उनको काव्यकारिताको प्रशंसा गरेका छन् ।

चन्द्रधर उप्रेतीले **डोटेली लोकलहर** (२०३७) को भूमिकाको मन्तव्यमा कवि भट्टको काव्यकारिताको विषयमा चर्चा गरेका छन् ।

शेषराज रेग्मीले **आर्तनाद** (२०३९) को भूमिकामा कवि भट्टको काव्यकारिताको पशंसा गर्दै उनको सारस्वत प्रतिभाको कदर गरेका छन् ।

देवकान्त पन्तले **कवितातरङ्ग** (२०३९) को भूमिकामा कवि भट्टको प्रतिभाको कदर गर्दै उनमा रहेको सारस्वत प्रतिभाले कैयौँ विद्वान् तथा कविहरूलाई चुनौती दिएको कुरा स्वीकार गरेका छन् ।

घटराज भट्टराईले **नेपाली साहित्यकार परिचय कोश** २०५१ मा कवि पूर्णानन्द भट्टको कविता/ काव्यकलाको प्रशंसा गर्दै उनको कवित्वले उचित मलजल नपाएको टिप्पणी गरेका छन् ।

तुलसीप्रसाद भट्टराई **प्रजातन्त्र बालक** (२०५१) को भूमिकामा प्रजातन्त्र बालकमा कवि भट्टमा फलत... उहाँ आज राष्ट्रिय स्तरका कवि बन्न सफल हुनुभएको छ भनेर कविको काव्यकारिताको मुक्त कण्ठले प्रशंसा गरेका छन् ।

माधवप्रसाद घिमिरेले **शान्तिविज्ञान** (२०५३) को भूमिका पूर्णानन्द भट्टको काव्यकारिताको चर्चा गर्दै शान्ति विज्ञानका विषयमा उल्लेख गरेका छन् ।

योगी नरहरिनाथले कवि भट्टको **शान्ति विज्ञान** (२०५३) को भूमिकामा कवि भट्टको जन्मभूमि, वंशज, देवदेवी आदिको विवरण दिँदै उनको काव्यकारिताको विषयमा टिप्पणी गरेका छन् ।

पूर्णानन्द भट्ट स्वयम्ले **शान्ति विज्ञान** (२०५३) मा उक्त महाकाव्यको समीक्षा गरेका छन् ।

जयदेव भट्टराईले **साहित्यकार परिचय र अभिव्यक्ति** (२०५४) मा कविको सचित्र व्यक्तिगत विवरण तथा काव्यकृति आदिको विवरण प्रस्तुत गरेका छन् ।

मोतीराम पनेरुले **नानो जात्क डोटेली खण्डकाव्य** (२०५६) को भूमिका (शुभेच्छा) मा कवि पूर्णानन्दको भट्टको सफल कवित्वको मूल्याङ्कन राष्ट्रले गर्न नसकेको असन्तुष्टि व्यक्त गर्दै उनको काव्यकारिताको प्रशंसा गरेका छन् ।

खगेन्द्रप्रसाद लुँइटेलले **कविता सिद्धान्त र नेपाली कविताको इतिहास** (२०६०) मा कवि भट्टको केही काव्यकृतिको उल्लेख गरेका छन् ।

## १.६ शोधको औचित्य र महत्त्व

समसामयिक नेपाली कविता फाँटका सफल स्रष्टा पूर्णानन्द भट्टका बारेमा न्यून चर्चा मात्र गरिएको भेटिएको र उनका विषयमा विस्तृत अध्ययन अनुसन्धान नभएकाले व्यवस्थित विस्तृत रूपमा गरिने अध्ययन अनुसन्धान स्वतः औचित्यपूर्ण छ । उनका विषयमा जानकारी लिन चाहनेहरूलाई निकै सहयोग पुऱ्याउनुका साथै नेपाली कविताको विकासमा उनले पुऱ्याएको योगदानको विषयमा जानकारी प्राप्त हुने निश्चित छ ।

## १.७ शोधकार्यको सीमाङ्कन

कवि पूर्णानन्द भट्ट बहुमुखी प्रतिभा सम्मन्न व्यक्ति हुन् । उनको जीवनी र व्यक्तित्वका विषयमा प्रस्ट्याउँदै उनका वि. सं. २०६३ सालभित्र प्रकाशित कृतिहरूका विषयमा प्रासङ्गिक परिचयात्मक सामान्य विश्लेषण मात्र गरिएको छ ।

## १.८ सामग्रीसङ्कलनविधि

प्रस्तुत शोधकार्यको विषयक्षेत्र जीवनी, व्यक्तित्व र कृतित्वपरक अध्ययन भएकाले जीवनी, व्यक्तित्व र कृतित्वपरक शोधपद्धतिले अपेक्षा गर्ने पद्धतिहरूमध्ये प्रमुख रूपमा पुस्तकालयीय विधिको प्रयोग गरिएको छ र आवश्यकताअनुसार सम्बन्धित व्यक्ति तथा निजका बारेमा जानकारहरूसँग भेटवार्ता, पत्र पत्रिकाको प्रयोग तथा अन्यस्रोतबाट आवश्यक सामग्री सङ्कलन गरिएको छ ।

## १.९ सैद्धान्तिक ढाँचा र शोधविधि

यस शोधपत्रको शोधकार्यमा जीवनी, व्यक्तित्व र कृतित्वपरक अध्ययन प्रयोग हुने जीवनीपरक समालोचना र कृतिपरक समालोचना पद्धतिको प्रयोग गरिएको छ र आवश्यकताअनुसार अन्य विधिको पनि प्रयोग गरिएको छ ।

## १.१० शोधपत्रको रूपरेखा

यस शोधपत्रलाई व्यवस्थित वैज्ञानिक र वस्तुगत बनाइ प्रस्तुत गर्न पाँचवटा परिच्छेदको रूपरेखा बनाइएको छ र ती पाँचवटा परिच्छेदअन्तर्गत पनि मूल शीर्षक र उपशीर्षकहरू मिलाइएको यस शोधकार्यको त्यो परिच्छेदगत रूपरेखा निम्नानुसार रहेको छ :

| | | |
|---|---|---|
| परिच्छेद एक | : | शोधपरिचय |
| परिच्छेद दुई | : | पूर्णानन्द भट्टको जीवनी तथा व्यक्तित्व |
| परिच्छेद तीन | : | पूर्णानन्द भट्टको साहित्यिक यात्रा र चरण विभाजन |
| परिच्छेद चार | : | पूर्णानन्द भट्टको कृतित्वको अध्ययन |
| परिच्छेद पाँच | : | शोधनिष्कर्ष |

# दोस्रो परिच्छेद

# पूर्णानन्द भट्टको जीवनी तथा व्यक्तित्व

## २.१ पूर्णानन्द भट्टको जीवनी

### २.१.१ जन्म र जन्मस्थान

नेपालको सुदूर पश्चिमाञ्चल विकास क्षेत्र सेती अञ्चलको विकट जिल्ला डोटीअन्तर्गत हालको घण्टेश्वर गाउँ विकास समिति वार्ड नं. २ वडाखेत जोरायल गाउँमा वि. सं. १९९० साल पुस २४ गते आइतबारका दिन पिता मणिराम भट्ट तथा माता दुर्गादेवी भट्टको कोखबाट जेठा छोराको रूपमा पूर्णानन्द भट्टको जन्म भएको हो ।[१] कश्यप गोत्रीय शिक्षित ब्राह्मण परिवारमा जन्मिएका भट्टका बाजे दामोदर भट्ट तथा जेठा बाजे धरणीधर भट्ट संस्कृतका विद्वान् व्यक्ति थिए । यिनका पिता मणिराम भट्ट पनि संस्कृत कर्मकाण्डका ज्ञाता थिए । यसरी पूर्णानन्द भट्टको जन्म मध्यवित्तीय शिक्षित ब्राह्मण परिवारमा भएको हो । नेपालमा इतिहासकै भयावह भूकम्प गएको समय, राजा त्रिभुवन तथा राणा प्रधानमन्त्री जुद्धशमशेरको शासन काल र विश्वयुद्धको सन्त्रासमय विश्वपरिवेशमा उनको जन्म भएको थियो ।

### २.१.२ बाल्यकाल

प्राकृतिक सुन्दरताले भरपूर जोरायलका हरियाली काखमा बाल सङ्गातिहरूसँग खेल्दै परिवारको माया ममतामा रम्दै केही तीता अनुभूति तथा प्रशस्त खुसीयाली बीच पूर्णानन्द भट्टको बाल्यकाल व्यतीत भयो । साथीसङ्गीहरूसँग दौड, कुस्ती, लुकामारी कपर्दी खेल्दै रमाइला पहाडी वनपाखाहरूमा गाईवस्तु चराउँदै बाँसुरीका धुनमा मानवीय जीवनका दुःख, व्यथा, खुशियालीहरूलाई उडाउँदै देउडाका भाका सुसेल्दै आफ्नो जीवनको स्वर्णिम समय बितेको अनुभव कविसँग छ ।

ठूलाबडाहरूले गाएका गीत कविताहरू सुन्ने, कण्ठ गर्ने, गाउने गर्दा गर्दै कवितातिर आकृष्ट हुन पुगेका उनी सानैदेखि सङ्गीतप्रेमी थिए । गाउँघरमा हुने बिहे, ब्रतबन्ध तथा अन्य संस्कार कर्म, भजनकीर्तनहरूमा बजाइने सङ्गीत सुन्न आतुर रहने उनको बानीले उनलाई कविता, गीतलेखनमा झुकाव बढायो । प्राकृतिक सुन्दरतामा लठ्ठ पर्ने उनको बानीले उनलाई प्रकृतिप्रेमी कवि बनायो । बालकालमा खप्तड क्षेत्र तथा अन्य प्राकृतिक सुन्दरतायुक्त क्षेत्रमा घुम्न पाउँदा साह्रै खुसी हुने उनको बाल्यस्वभावले उनमा प्राकृतिक सुन्दरताको ज्ञान बढायो, जुन उनका काव्यहरूमा प्रबल रूपले प्रस्तुत भएको छ ।

बालकालमा पूर्णानन्द भट्ट हँसमुख, मिहिनेती, सरल अनुशासित र गम्भीर स्वभावका थिए । बालकालदेखि नै बहिर्मुखी, स्वतन्त्रताप्रेमी, स्वावलम्बी, सङ्गठन तथा समाजप्रेमी स्वभावका भएका कारणले उनी असल समाजसेवी र जनप्रिय व्यक्ति बन्न सफल भए । विनोदप्रिय, स्पष्टवादी, परिश्रमी, जिज्ञासु, रसिक स्वभावका पूर्णानन्द भट्टको बाल्यकाल औसत बालबालिकाहरूको जस्तै स्वतन्त्र तथा खुसीयालीका साथ बित्यो ।

---

[१] शोधनायकबाट प्राप्त जानकारीअनुसार

### २.१.३ शिक्षादीक्षा

### २.१.३ क) अक्षरारम्भ, व्रतबन्ध र प्रारम्भिक शिक्षा

पूर्णानन्द भट्टको अक्षरारम्भ आठ वर्षको उमेरमा घरैमा आफ्नै बाबुबाट भएको थियो ।[६] अक्षररारम्भपछि उनको पढाइ घरमै भयो । त्यतिबेला विद्यालयको व्यवस्था नभएकाले केही समय गाउँघरमै पण्डित कहाँ गएर पढ्ने काम पनि गरे । घरमा बाबुबाट **चण्डी**, **दुर्गा शप्तशती**, **अमरकोश**, **गीता** आदिको अध्ययन गरे । दुई वर्षभित्रमै  उनले थुप्रै धार्मिक किताबहरू कण्ठ गरेर आफ्नो प्रतिभाको प्रदर्शन गरे । यसरी उनले प्रारम्भिक शिक्षा बाबु तथा पण्डितको सान्निध्यमा प्राप्त गरे ।

अध्ययन सामग्रीको अभाव निश्चित पाठ्यपुस्तक आदि नभएकाले पढाइमा अप्ठ्यारो पर्ने गर्थ्यो । कमेरो र खरीको प्रयोग गरेर काठको पाटी तथा बाबु बाजेहरूको धुलौटोमा लेख्ने गरेको अनुभव उनीसँग छ ।

पूर्णानन्द भट्टको व्रतवन्ध दस वर्षको उमेरमा डडेल्धुरा आइत निवासी पं. रामचन्द्र पाण्डे शास्त्रीबाट महाकाली नदीमा वैदिक विधिअनुसार सम्पन्न भयो । व्रतवन्धपछि उनलाई थप धार्मिक विषयवस्तुको अध्ययनमा सक्रिय गराइयो । उनका धार्मिक गुरु पं. रामचन्द्र पाण्डे शास्त्रीले उनलाई कवितासाधनामा लगाउँथे । त्यसका लागि आवश्यक पर्ने प्रारम्भिक छन्द आदि विषयको ज्ञान पनि उनले गराएका थिए ।

### २.१.३ ख) माध्यमिक शिक्षा

पूर्णानन्द भट्टको माध्यमिक शिक्षाको व्यवस्था उनका धर्मगुरु रामचन्द्र पाण्डे शास्त्रीको सल्लाहअनुसार भयो । उनले विलेपाली सन्यास आश्रम बम्बईमा भर्ना भएर अध्ययन थालनी गरे । उक्त आश्रममा संस्कृत अनिवार्य विषय थियो भने अन्य विषय ऐच्छिक भएकाले उनले अङ्ग्रेजी विषयको अध्ययन गर्ने मौका पाए । त्यसै आश्रमबाट कक्षा ९ को  परीक्षामा विशिष्टाङ्कसहित उत्तीर्ण भएर कक्षा १० को अध्ययन पूरा गरे तर पारिवारिक र आर्थिकजस्ता विविध कारणले म्याट्रिक परीक्षामा सहभागी हुन सकेनन् । त्यसपछि पनि दुईपटक परीक्षा फम लगाए तर परीक्षामा सहभागी हुन पाएनन् । यसरी उनको म्याट्रिक पास गरी उच्च शिक्षा लिने धोको धोकामै सीमित रह्यो ।

### २.१.३ ग) भाषिक अध्ययन

पूर्णानन्द भट्टको स्वाध्ययन निकै गहन थियो । उनले स्वाध्यायनबाट विविध भाषाको बृहत् अध्ययन गरे । उनले संस्कृत, हिन्दी, गुजराती, मराठी, अङ्ग्रेजी, नेपाली आदि भाषा तथा ती भाषाहरूका साहित्यको बृहत् अध्ययन गरेको देखिन्छ ।   भाषासाहित्यको अध्ययनले उनलाई नेपाली र हिन्दी साहित्यका सफल स्रष्टाका रूपमा चिनिन ठूलो योगदान पुऱ्यायो ।

### २.१.४ पारिवारिक पृष्ठभूमि

पूर्णानन्द भट्टको साहित्यिक व्यक्तित्व र उनको वंशानुगत पृष्ठभूमिका बीच गहिरो सम्बन्ध रहेको देखिन्छ । काश्यप गोत्रीय जोरायली भट्ट वंशमा समयसमयमा बौद्धिक व्यक्ति

[२] शोधनायकबाट प्राप्त जानकारीअनुसार

तथा सारस्वत कविहरू जन्मिएको पाइन्छ । उनीहरूको प्रतिभाको संरक्षण हुन नसकेकोले ती प्रतिभाहरू त्यतिकै लोप भए । उनका पूर्वज आशुकवि जयदेव भट्ट बाइसे चौबीसे राजा रजौटाका पालाका सम्मानित विद्वान् पण्डित तथा प्रसिद्ध कवि थिए । जयदेव भट्टका कविताहरू उच्चस्तरीय, जनपक्षीय, बौद्धिकतापूर्ण रहेका पाइन्छन् । पूर्णानन्द भट्टका बराजे नन्दराम भट्ट जेठा बाजे धरणीधर भट्ट तथा बाजे दामोदर भट्टहरू विद्वान् व्यक्ति थिए ।[३] उनको शिक्षित परिवारको प्रभाव उनको शिक्षादीक्षा अध्ययन तथा लेखनमा पर्न गयो ।

उनको परिवारको आर्थिक स्रोत कृषि पेसा नै रहेको र बाबु बाजेहरूले यजमानी वृत्ति पनि अपनाएको कुरा थाहा हुन्छ । शिक्षादीक्षा तथा बौद्धिकताका हिसाबले सम्मानित उच्च परिवार र आर्थिक अवस्थाका हिसाबले उनको परिवार निम्नमध्यम वित्तीय परिवारमा गनिन्थ्यो । परिवारको शैक्षिक अवस्थाले उनको शैक्षिक तथा बौद्धिक अवस्था उच्च बनायो भने आर्थिक अवस्था राम्रो हुन सकेन । राजनीतिक हिसाबले उनको परिवार त्यति सक्रिय र अग्र स्थानमा देखिँदैन । यद्यपि उनी राजनीतिमा सक्रिय भएर लामो समयसम्म लागे । पूर्णानन्द भट्टका बाबुबाजेको आनीबानीको प्रभाव उनमा परेको पाइन्छ । उनीहरू परिश्रमी सरल स्वभाव, अनुशासित, मृदुभाषी, सामाजिक स्वभावयुक्त र सुसंस्कृत व्यक्ति थिए । ती गुणहरू पूर्णानन्द भट्टमा पनि पाइन्छन् । आमाको धार्मिक स्वभावले पनि उनलाई आस्तिक भावनायुक्त व्यक्ति बनाउन सहयोग गऱ्यो । उनमा नवीन चिन्तन र आधुनिक अङ्ग्रेजी शिक्षाप्रति झुकाव बढाउने काम उनका धर्म गुरु पं. रामचन्द्र पाण्डे शास्त्रीले गरे ।

## २.१.४ क) पूर्णानन्द भट्टको आर्थिक-अवस्था

पूर्णानन्द भट्टका पूर्वजहरूको जीविको पार्जनको मूलस्रोत कृषि (खेतीपाती र पशुपालन) हो भने उनीहरू यजमानी वृत्ति पनि गर्ने गर्दथे । उनीहरूको आर्थिक अवस्था निम्न स्तरकै थियो । पूर्णानन्द भट्टले पनि यही पेसा अपनाएको पाइन्छ । हाल उनीसँग घण्टेश्वर गा. वि. सं. गैरा बजारनजिकै केही पाखो बारी; तराईमा एकदुई बिघाजति खेत तथा जोरायलको पैतृक जमीन रहेको पाइन्छ । उनले आफ्नो आर्थिक अवस्था सुधार्न निकै सङ्घर्ष गर्नुपरेको थियो । बम्बई प्रवासकालमा उनको परिवारको आर्थिक अवस्था निकै खस्केको थियो जसले उनको अध्ययनलाई बाधा पुऱ्यायो । हाल पूर्णानन्द भट्टको परिवारिक आर्थिक अवस्थामा केही सुधार आएको छ ।

## २.१.४ ख) पूर्णानन्द भट्टका दाजुभाइ

दामोदर भट्टका एक्लो सन्तान मणिराम भट्ट तथा श्रीमती दुर्गादेवी भट्टका चार सन्तानहरूमध्ये पूर्णानन्द जेठा सन्तान हुन् । उनी पछि उनका भाइहरू क्रमशः बामदेव भट्ट, चेतराज भट्ट र दिजैराज भट्टहरू छन् । उनका दिदीबहिनीहरू छैनन् । सबैजना भाइहरू सामान्य शिक्षित, विवाहित र सन्तानवान छन् । उनीहरूको पारिवारिक अवस्था सन्तोषजनक रहेको छ ।[४]

## २.१.४ ग) विवाह र सन्तान

पूर्णानन्द भट्टको विवाह किशोर अवस्थामा नै जोरायल वस्ती गाउँ निवासी पं. परमानन्द अवस्थी तथा धौली अवस्थीको छोरी बासुलीदेवीसँग भएको हो । उनको ससुराली परिवार ज्योतिष विद्या तथा कर्मकाण्ड विद्यामा प्रतिष्ठित परिवार मानिन्थ्यो । उनका ससुरा

---

[३] शोधनायकबाट प्राप्त जानकारीअनुसार

[४] शोधनायकबाट प्राप्त जानकारीअनुसार

पं. परमानन्द अवस्थी ज्योतिष शास्त्रका विद्वान् व्यक्ति मानिन्थे । उनकी श्रीमती बासुलीदेवी भट्टको सरल, स्वभाव, धार्मिक प्रवृत्ति, परिश्रमी, लगनशील र सहयोगी बानीव्यवहारले उनको आर्थिक, साहित्यक, सामाजिक उन्नतिमा निकै ठूलो भूमिका निर्वाह गरेको देखिन्छ । पूर्णानन्द भट्ट तथा बासुलीदेवी भट्टको कोखबाट दुई छोराहरू रामचन्द्र भट्ट तथा हरिचन्द्र भट्टको जन्म भयो । पूर्णानन्द भट्ट र बासुलीदेवी भट्टको दाम्पत्य जीवन सन्तोष जनक रहे पनि लामो समयसम्म चल्न सकेन । उनकी सहृदयी जीवनसँगिनी बासुलीदेवीको अकाल मृत्यु वि. सं. २०४० साल चैत्रमा भएपछि उनी विक्षिप्तझैँ हुनपुगे । नाबालक छोराहरूको भरणपोषणको जिम्मेवारी उनका काधमा आइपऱ्यो । तिनै सहृदयी जीवन सँगिनीको प्रेरणा र प्रभावले उनलाई दुःखमा पनि सङ्घर्षमय जीवन विताउन र हासी खुसी रहन सिकायो । बासुलीदेवीको मृत्युको केही समयपछि उनले सेतुदेवीसँग दोस्रो विवाह गरे । दोस्रो श्रीमतीबाट कुनै सन्तानको जन्म भएन र उनीसँगको वैवाहिक जीवन सुखमय पनि हुन सकेन । पूर्णानन्द भट्टका दुई छोराहरूबाट चारजना नातिहरू छन् । उनीहरू उच्च शिक्षाआर्जनमा लागेको छन् । उनका छोरा बुहारीहरू तराईमा खेतीपाती गरेर बसेका छन् ।

## २.१.४ घ) आमा बाबुको मृत्यु

जीवनसँगिनी गुमाएको दुई वर्ष भित्रै पूर्णानन्द भट्टले पितृस्नेहबाट वञ्चित हुनुपऱ्यो । उनका पिताको मृत्यु वि. सं. २०४२ साल जेठ २३ गतेका दिन भयो । यस घटनाले उनलाई झन मर्माहत बनायो । पारिवारिक जीवनका धेरै बोझहरू उनका काँधमा थपिए । आफन्तहरूको वियोगले पीडित भएका भट्टलाई एकपछि अर्को वियोग थपिदै गयो । बाबु बितेको चार वर्षपछि वि. सं. २०४६ साल माघ १३ गतेका दिन उनले ममतामयी आमासँग विछोडिनु पऱ्यो । पूर्णानन्द भट्टले वि. सं. २०४० देखिका ६ वर्षभित्रमा स्नेही आफन्तहरू गुमाउनु पऱ्यो । यी ६ वर्ष उनका जीवनका निकै कष्टकर वर्ष भएर बिते ।

## २.१.५ साहित्यिक क्षेत्रमा संलग्नता

## २.१.५ क) साहित्य लेखनको प्रेरणा

बालकालदेखि नै पूर्णानन्द भट्ट सङ्गीत, गीत, कविता आदि भनेपछि हुरुक्क हुन्थे । गाउँघरमा बूढापाकाहरूले कवि जयदेव भट्टका कविता लय हालेर सुनाउँथे । ती कविताहरूले उनलाई लठ्ठै पार्थ्यो । उनी घर परिवार, गाउँघर, वनपाखामा सुनिने ती मधुर गायनबाट आकर्षित भएर सुनेका गीत कविताहरू कण्ठस्थ गर्ने एक्लै वा साथीहरूसँग भाका मिलाएर गाउने गर्दागर्दै कविता लेखनतिर लागे । जयदेव भट्टका कविताहरू कण्ठ गर्ने त्यसकै अनुकरण गरेर कविता कोर्ने अभ्यास गर्न थाले । उनी आफूले लेखेका कविताहरू साथीभाइलाई सुनाउँथे । साथीहरूले कविता राम्रो छ भनेर जोस्याई दिएपछि ठूलाबडालाई पनि आफ्ना कविताहरू सुनाउन थाले । उनीहरूले स्यावासी दिँदै कवि जयदेवजस्तै बन्नुपर्छ भन्थे । यसरी पाएको स्यावासीले उनको लेखन कला बलियो हुँदै गयो ।

कवि पूर्णानन्द भट्ट कवितालेखनको प्रेरणास्रोत कवि जयदेव भट्टलाई मान्छन् भने आफ्नो परिवार, गाउँघर, वनपाखा प्राकृतिक सुन्दरताले कविता लेख्न हौस्याएको ठान्दछन् । कवि जयदेवका कवितामा भएको सौन्दर्यले उनी आकर्षित थिए । तिनमा रहेको संवाद, ठूलाबडाप्रतिको व्यङ्ग्य प्रकृतिको सुन्दर वर्णनले उनलाई बढी लोभ्याएको थियो । उनका जेठा हजुरबुबा धरणीधरपट्टिका आफन्तहरूसँग कञ्चनपुरमा बस्दा नेपाली काङ्ग्रेसका नेताहरू गौरीलाल, शिवराज पन्त, द्वारिकादेवी, गणेशमान, यज्ञविक्रम शाह तथा वी. पी.

कोइरालासँग परिचय र घनिष्टता बढ्यो । पछि काठमाडौँ गएको बेला त्यहाँ उनको परिचय बालकृष्ण सम, मोहन कोइराला, धरणीधर कोइराला, माधव घिमिरे आदिसँग भयो । उनीहरूलाई आफ्ना कविता-काव्य सुनाउँदा ती रचनाहरूमा छन्दविधान कमजोर हुनाका साथै अपरिष्कृत भएका प्रतिक्रिया दिए । त्यसो भएपछि उनले आफ्ना सबै रचनाहरू पशुपति क्षेत्रमा लगेर जलाईदिए । त्यसमा उनका तीनचार खण्डकाव्य तथा सयौ कविताहरू थिए । पछि राजनीतिको शिलशिलामा वी. पी. सँग हिड्दा वी. पी. ले कविता सुनाउनु भन्दा उनले सबै वृत्तान्त सुनाए । गर्नु नहुने गल्ती गरेको भन्दै फेरि कविता लेख्नमा लागिरहन उनलाई वी. पी. ले सम्झाए । धरणीधर र अन्य कविहरूले कविता लेख्न छोड्न नहुने बताएपछि उनी पुनः कविता लेख्नमा सक्रियतापूर्वक लागे । उनको कवितालेखनको स्तरमा सुधार हुँदै गयो । यसरी उनले साहित्यसिर्जनाा गर्ने प्रेरणा, कवि जयदेव भट्टबाट पाए भने लेखन निरन्तरताको प्रेरणा वी. पी., सम, धरणीधरहरूबाट पाएको देखिन्छ । साहित्यलेखनमा आफ्ना धर्म गुरु पं. रामचन्द्र पाण्डेय शास्त्रीबाट पाएको सल्लाह तथा निर्देशन उनका लागि अवस्मरणीय छ ।

### २.१.५ ख) **लेखनआरम्भ**

पूर्णानन्द भट्टले दस, एघार वर्षको उमेरदेखि नै जयदेव भट्टका कविताहरूको अनुकरण गरेर कविता लेख्न थालेका हुन् । घरमा बाबुसँग **गीता**, **रामायण, दुर्गाशप्तशती, महाभारत** आदि कृतिहरूको अध्ययन गर्दा ती कृतिहरूबाट उनले कविता लेखनसम्बन्धी ज्ञान बटुलेर कवितानन्द प्राप्त गरेपछि लेखनाथ पौड्याल, लक्ष्मीप्रसाद देवकोटा आदि नेपालीकविहरूका कविता पढ्न थाले जसले उनलाई कविता लेखनको दरो आधार दियो । अनुकरणबाट कविता लेख्न थालेर निरन्तरको अभ्यासले कविताको स्तर सुध्रदै गयो । धरणीधर, बालकृष्ण सम, वी. पी. कोइराला आदिका सम्पर्कमा आउन्जेलसम्म उनले प्रशस्त कविताहरू र दुई तीन खण्डकाव्य लेखिसकेका थिए । उनीहरूबाट प्राप्त प्रतिक्रिया पछि केही समय कविता लेख्न छोडिदिए पछि वी. पी. को हौसला पाएर पुनः कविता लेख्नमा लागे । पूर्णानन्द भट्टले लेखेका कविताकृति प्रकाशन गर्न आर्थिक तथा नैतिक सहयोग दिने उनका मित्रहरूले कबुल गरेपछि विं सं. २०३५ सालमा **अभिशाप** खण्डकाव्य प्रकाशन गरे । त्यसपछिको निरन्तर अभ्यासले खारिँदै गएर महाकाव्यसम्म लेख्न सक्ने क्षमताको उनमा उदय भयो । डोटेली भाषिकामा लेखिएका फुटकर कविता तथा खण्डकाव्यहरूले उनलाई कविता क्षेत्रमा निकै ख्याति प्रदान गरायो । दसएघार वर्षको उमेरबाट थालिएको लेखन कार्यलाई हालसम्म निरन्तरता राख्दै उनी साहित्यिक क्षेत्रमा सक्रिय रहेका छन् ।

### २.१.५ ग) **स्वभाव र रुचि**

पूर्णानन्द भट्ट बालकालदेखि नै सरल स्वभाव, मिजासिलो, हँसमुख, विनोदप्रिय, मिलनसाार, परिश्रमी, अनुशासित र गम्भीर व्यक्ति थिए । उनले बाबुबाट परिश्रम र अनुशासनको पाठ सिक्ने मौका पाए । उनी शान्तप्रवृत्तिका खेलकुदप्रेमी, गीत, कविता रच्ने, साहित्यप्रेमी स्वभावका जिज्ञासु र तीक्ष्ण प्रतिभासम्पन्न भएकाले सबैजनाका प्रिय पात्र थिए । अध्ययनमा साह्रै राम्रो क्षमता भएका कारण बाबु, पण्डितजी, गुरुहरू तथा अध्यापकहरूबाट साह्रै मायाममता पाउँथे । स्मरण शक्तिको राम्रो विकास भएकाले उनी एकपटक पढेको विषयवस्तु कहिल्यै पनि बिर्सदैनथे ।

समाजसेवी मानवतावादी व्यक्तित्व भएका पूर्णानन्द भट्ट मानवता, शान्ति, सद्भावना, मैत्री, बन्धुत्व, समानता, प्रजातन्त्रका पक्षधर हुन् । मानवमा मानवता घट्दै

गएको र स्वार्थ बढ्दै जाँदा अल्पसङ्ख्यकहरूका हितमा बहुसङ्ख्यकहरूका हक अधिकार मिचिएको कैयौको थातबास विनाश भएकोमा उनी साह्रै दु:खित हुन्छन् । उनका कविता काव्यमा मानवतावादी स्वर खरो रूपमा प्रस्फुटित भएको पाइन्छ ।

बहिर्मुखी स्वभाव समाजसेवी सङ्गठनमा काम गर्न रुचाउने, संवेदनशील, कल्पनाकुवेर, भावुक व्यक्तित्वका धनी भट्टको हृदयमा स्वजनहरूको वियोगको अनन्तपीडा भए पनि सधैँ हाँसीखुसी रहने, अर्काको कुरा सुन्ने, उचित सल्लाह सुझाव ग्रहण गर्ने एवम् सङघर्षशील जुझारु प्रवृत्ति पाइन्छ । उनको रुचिको विषयवस्तु आध्यात्मिक चिन्तन, साहित्यलेखन, मनोविनोद, देशविदेश भ्रमण, प्रकृतिको सुन्दरताको अध्ययन, समाजसेवा आदि हुन् । साधारण सफा स्वच्छ पहिरन, पवित्र आचरण, शुद्धस्वच्छ खानपिन, नियमित दिनचर्यामा प्रसन्न रहने, दैनिक नियमित अध्ययन, चिन्तन गर्ने बानी व्यवहारले हालको ७३/७४ वर्से वृद्धावस्थामा पनि भट्टलाई निरोगी, फूर्तिलो, मिहिनेती, सफल जीवन जिउन सहयोग पुऱ्याएको छ ।

## २.१.५ घ) आस्था र विचार

पूर्णानन्द भट्ट मानवतावादी विचारधाराका व्यक्ति हुन् । उनको पारिवारिक संस्कार तथा बाबु बाजेहरूका मानवीय विचारबाट उनले मानवतावादी शिक्षा पाए । उनका धर्मगुरु पं. रामचन्द्र पाण्डे शास्त्रीले बालबालिका वृद्धवद्धाहरूप्रति गर्ने मायाममता तथा सम्मान उनका लागि प्रेरणा स्रोत बन्यो । परहितमै सबैको भलाइ देख्ने मानवतवादी व्यक्तित्वले उनलाई असल समाजसेवी बनायो ।

मानव स्वभावैले सामाजिक प्राणी हो र उसमा राजनीतिक आस्था रहेको हुन्छ । नेपालमा राणातन्त्रका विरुद्ध क्रान्ति भइरहेका बेला कञ्चनपुरमा नेपाली काङ्ग्रेसका नेताहरू गौरीलाल, शिवराज पन्त, गणेश मान, यज्ञविक्रम शाह, वी. पी.कोइराला आदिसँग भेटघाट र परिचय भएपछि वी. पी. को सल्लाहअनुसार शिवराज पन्तबाट नेपाली काङ्ग्रेसको सक्रिय सदस्यता लिएर काङ्ग्रेसका गतिविधिमा सक्रिय भएर लागे । केही वर्षसम्म नेपाल भारतका विभिन्न क्षेत्रहरूमा अर्धभूमिगत कार्यकर्ता भएर क्रान्तिमा खटिए ।[५] राजनीतिकै सिलसिलामा उनको वी. पी. कोइरालासँग घनिष्टता बढ्दै गयो । बी. पी. उनका रचनाहरू सुन्न रहर गर्थे उनका रचना सुनेर सल्लाह सुझाव दिन्थे । वी. पी.सँगको निकटताले साहित्यलेखनमा निकै सहयोग पुऱ्यायो । पार्टीको कामको लागि भारतमा बसेको बेला साथीहरूसँग गङ्गोत्री भ्रमणमा जाने मौका मिल्यो । गङ्गोत्रीमा उनका भेट विद्वान् सन्त त्रिकालदर्शी श्री १००८ स्वामी पूर्णानन्द सरस्वती दण्डी योगीसँग भयो । उनले पूर्णानन्द भट्टलाई राजनीति त्यागेर साहित्यतिर लागेमा नै उनको भलो हुने बताए । स्वामीजीको यस वाणीले उनलाई निकै प्रभावित पाऱ्यो र उनी प्रत्यक्ष राजनीति त्यागेर साहित्य लेख्नमा लागे । त्यसपछि उनी अप्रत्यक्ष रूपमा राजनीतिसँग जोडिएर रहे तापनि सक्रिय राजनीति त्यागिदिए ।

आध्यात्मिक आस्थाका दृष्टिले हेर्दा पूर्णानन्द भट्ट नास्तिक होइनन् तर अन्ध धर्मभिरु पनि होइनन् । ब्राह्मण परिवारमा जन्मिएकाले उनमा धार्मिक प्रभाव पर्नु स्वभाविक नै हो । बम्बईमा अध्ययन गर्दा उनले लिएको शिक्षाले अन्ध धार्मिकतालाई संशोधन गऱ्यो र उनले भौतिकता र आध्यात्मिकताका सकारात्मक पक्षलाई स्वीकार गर्दै मानवतावादी अध्यात्मवादमा विश्वास गर्न थाले । मानव शरीर नै मन्दिर र मानव नै ईश्वर र मानव सेवा नै ईश्वरीय पूजा हो भन्न विचार अभिव्यक्त गर्ने व्यक्ति भएकाले उनका रचनाहरूमा

---

[५] शोधनायकबाट प्राप्त जानकारीअनुसार

मानवतावादी चिन्तन र अध्यात्मको महिमा गान गरिएको पाइन्छ । प्रकृतिका अनन्त प्रेमी पूर्णानन्द भट्ट  प्रकृतिलाई ज्ञान विवेक सुन्दरता, सत्यता, क्रियाशीलता, अनुशासनको मुहानको रूपमा लिन्छन् । प्रकृति र मानव जातिको अभेद्य सम्बन्ध रहेकाले प्रकृतिको संरक्षण सम्बर्द्धन हुनुपर्ने उनको विचार रहेको पाइन्छ । उनका सबै प्रकृति विषयक रचनामा प्रकृति संरक्षणको अभिव्यक्ति पाइन्छ । यसरी उनी प्रकृति प्रेमी कवि हुन् भन्न सकिन्छ । पूर्णानन्द भट्ट पूर्वीय आर्य सांस्कृतिकपरम्पराप्रति गौरव गर्ने व्यक्ति हुन् ।

## २.१.६ कार्यक्षेत्र

### २.१.६ क) शिक्षण

पूर्णानन्द भट्टको अध्ययन अपुरो रहेको र पारिवारिक जिम्मेवारी वहन गर्ने सिलसिलामा उनले थुप्रै पेसाहरू अपनाए । प्रजातन्त्रको मिरमिरेकाल (वि. सं. २००८/०९) बाट उनले करिव ६/७ वर्षसम्म ग्रामीण क्षेत्रमा जनताबाट खोलिएका विद्यालयमा शिक्षा कार्य पनि गरे । यस पेसामा उनलाई आर्थिक फाइदा भन्दा पनि समाजसेवा गर्ने अवसर प्राप्त भयो । पूर्णानन्द भट्टसँग शिक्षण पेसाको अनौठो अनुभव छ ।

### २.१.६ ख) कृषिपेसा

पूर्णानन्द भट्टले आफ्नो काधमा पारिवारिक जिम्मेवारी आएपछि घर गृहस्थी धान्न पितापूर्खाहरूले गर्दै आएको कृषिपेसालाई केही आधुनिक ढङ्गले अपनाए । घण्टेश्वर गैराको पाखोबारीमा फलफूल खेती तथा पशुपालन, तराई र जोरायलमा अन्नबाली आदि लगाएर निकै मिहिनेत गरी आफ्नो आर्थिक अवस्थामा सुधार ल्याए । बुढ्यौली र बजारको अभावका कारण उनले फलफूल र पशुपालन व्यवसाय छाडिसकेका छन् भने खेतीपाती छोराबुहारीहरूले सम्हालेका छन् ।

### २.१.६ ग) व्यापार र व्यवसाय

जीवनको उत्तरार्द्धतिर पूर्णानन्द भट्टले घण्टेश्वरको गैरा बजारमा व्यापार सञ्चालन गरे । करिब एक डेढ दशकसम्म सो व्यवसाय चलाएर उनले केही अर्थोपार्जन गरे । व्यापारको सिलसिलामै उनी साहित्य लेख्न कच्चा पदार्थ बटुल्ने, विभिन्न व्यक्तिहरूसँग भेटघाट गर्ने गर्थे । यसरी व्यापारबाट उनलाई आर्थिक र साहित्यिक दोहोरो फाइदा प्राप्त हुन्थ्यो । आफ्नो वृद्धावस्था र साहित्यिक सामाजिक कार्यमा हुने व्यस्तता र सहयोगीको अभावमा उनले  सो व्यापार व्यवसाय पनि छाड्नु पऱ्यो ।

## २.१.७ समाजसेवा

मानवतावादी व्यक्ति भएकाले पूर्णानन्द भट्टको सामाजिक कार्यमा उत्साहजनक संलग्नता रहेको पाइन्छ । गाउँघर तथा जिल्लाभित्रका धार्मिक मठमन्दिर निर्माण तथा संरक्षणमा यिनको ठूलो भूमिका रहेको छ । ग्रामीण क्षेत्रमा विद्यालयहरू स्थापना सञ्चालनमा यिनको विशेष योगदान रहेको पाइन्छ । रुढिवादी भावनाका अन्त्य र समाजसुधारको चेतनाको विस्तारमा पनि उनको संलग्नता पाइन्छ । सानैदेखि बहिर्मुखी स्वभावका भट्ट सामाजिक सद्भावयुक्त व्यक्ति भएकाले समाजसेवामा निरन्तर रहिरहे । शिक्षकको रूपमा र आध्यात्मिक चिन्तकको रूपमा उनले गरेको समाजसेवा कम महत्त्वको छैन । उनको समाजसेवा कहिले पनि अर्थमुखी नभएर सेवामुखी मात्र रह्यो । सुदूर

पश्चिमाञ्चल साहित्य समाज सुप सन्त समाज, सुप साहित्य परिषद आदि सङघसंस्थाहरूमा उनको सहभागिता रहेको छ । उनी सु. प. सन्त समाजका संस्थापक अध्यक्ष रहेका थिए । यसरी उनको समाज सेवाको पाटो व्यापक रहेको छ ।

### २.१.८ भ्रमण

पूर्णानन्द भट्ट साहित्यिक, राजनीतिक एवम् धार्मिक उद्देश्यले नेपाल र भारतका प्रायः प्रसिद्ध सहरहरूको भ्रमण गरिसकेका व्यक्ति हुन् । उनीसँग एकल तथा सामूहिक, पैदल भ्रमणको रोमाञ्चक अनुभव छ । उनले भारतका नयाँ दिल्ली, बम्बई, कलकत्ता, मद्रास, बैङ्लोर, गोवाजस्ता प्रमुख सहरको भ्रमण धेरैपटक गरिसकेका छन् । यसरी हुने भ्रमणहरूले उनको प्राज्ञिक क्षमतामा वृद्धि हुनाका साथै साहित्यिक अनुभवमा वृद्धि र नेपाली साहित्यको प्रचारप्रसार आदि भइरहेको छ । भारतको सीमावर्ती सहरहरू लखनऊ, पलिया, टनकपुर, सीतापुर आदि क्षेत्रतिर उनको साहित्यिक व्यक्तित्वको प्रचारप्रसारमा पनि यस्ता भ्रमणले निकै सहयोग पुऱ्याएको छ ।

### २.१.९ सम्मान तथा पुरस्कार

पूर्णानन्द भट्ट नेपाली साहित्यलाई अविस्मरणीय योगदान दिने व्यक्ति हुन् तापनि सुदूर ग्रामीण क्षेत्रमा केन्द्रको आँखा नपर्ने रोगले उनी राष्ट्रियस्तरका पुरस्कार, सम्मान हुन नसके तापनि सुदूर पश्चिमाञ्चल क्षेत्र तथा भारतबाट उनले प्रशस्त पुरस्कार तथा मानसम्मान प्राप्त गरेका छन् ।

पूर्णानन्द भट्टको साहित्यिक क्षमताको कदर गर्दै भारतको प्रतिष्ठित सरकारी सञ्चार संस्था अलइन्डिया रेडियो दिल्लीले सन् १९८२ मा नगद पुरस्कार तथा कदर पत्र, सन् १९९६ मा उपहारस्वरूप पानस तथा कदर पत्र, सन् १९९८ मा दोसल्ला तथा कदरपत्र प्रदान गरेको छ ।[६] भारतकै प्रतिष्ठित सरकारी संस्था कला एकेडेमी दिल्लीले कवि पूर्णानन्द भट्टको साहित्यिक योगदानको कदर गर्दै सम्मान प्रदान गरेको छ । भारतको उत्तर प्रदेश राज्यका विभिन्न प्रतिष्ठित गैर साहित्यिक सङ्घसंस्थाहरूले बेलाबेलामा पुरस्कार सम्मान प्रदान गरेका छन् ।

उनको साहित्यिक सामाजिक योगदानको कदर गर्दै सुदूरपश्चिमाञ्चल क्षेत्रका प्रतिष्ठित साहित्यिक गैर साहित्यिक सङ्घसंस्थाहरूले पुरस्कार सम्मान प्रदान गरेको छ ।[७] वि. सं. २०५३/ १०/ २९ गते जिल्ला विकास समिति डोटीले उनको साहित्यिक, सामाजिक योगदानको कदर गर्दै अभिनन्दन तथा नगद पुरस्कार प्रदान गरेको थियो ।[८] यस क्षेत्रका विभिन्न सङ्घसंस्थाहरूबाट सञ्चालित कविता प्रतियोगिताहरूमा उनले प्रथम पुरस्कारहरू कैयौ पटक प्राप्त गरिसकेका छन् । यसरी पूर्णानन्द भट्टको सामाजिक तथा साहित्यिक योगदानको उचित मूल्याङ्कन तथा कदर भएको पाइन्छ ।

## २.२ पूर्णानन्द भट्टको व्यक्तित्व

पूर्णानन्द भट्टको व्यक्तित्व निर्माणमा उनको परिवारको संस्कारगत प्रभाव गहिरो किसिमले परेको छ । उनले अनुशासन परिश्रम, लगनशीलता, सामाजिकता, मानवताजस्ता

---

[६] शोधनायकबाट प्राप्त जानकारीअनुसार

[७] शोधनायकबाट प्राप्त जानकारीअनुसार

[८] सुदूर पश्चिमाञ्चल साहित्य समाजका सचिव टी. एन्. जोशीबाट प्राप्त जानकारीअनुसार ।

गुणहरू आफ्नो  परिवारबाट ग्रहण गरे । उनमा भएको सृजनशील प्रतिभा अध्ययन-चिन्तन र केही गरेरै छोड्ने अठोटले उनलाई सफल व्यक्ति बन्न सहज तुल्यायो । उनी हुर्केको प्राकृतिक सुन्दरताले भरिपूर्ण ग्रामीण परिवेश, साथीसँगीहरूसँग रमाइलो उठबस, गाउँघरमा तत्काल रहेको साहित्यिक परिवेश, बुबा, पण्डित र गुरुहरूसँगको सङ्गतले उनको व्यक्तित्व विकासमा निकै सहयोग पुऱ्यायो । अध्ययनकालमा बम्बईमा पाएको शैक्षिक वातावरण, विद्वान्हरूको सङ्गत, राजनैतिक, धार्मिक, सामाजिक, क्षेत्रका उच्च व्यक्तित्वहरूसँगको घनिष्टता उनीहरूको माया, ममता, सल्लाहले उनलाई उच्च व्यक्तित्व निर्माण गर्न निकै सहयोग पुऱ्यायो । पुर्णानन्द भट्टको व्यक्तित्वका प्रमुख पक्षहरू निम्नअनुसार रहेका छन् :

### २.२.१ शारीरिक/बाहृय व्यक्तित्व

पूर्णानन्द भट्ट मझौला कद गहूँ गोरो वर्ण चौडा छाती कसिलो शरीर भएका व्यक्ति हुन् । बालक कालमा परिवारबाट पाएको माया ममता स्नेह रेखदेखले उनलाई स्वस्थ हँसुमख र निरोगी व्यक्ति बनायो । उनको शारीरिक, मानसिक स्वास्थ्य सधैँभरी स्वस्थ तन्दुरस्त रह्यो । स्वजनहरूको विछोडको समयमा पनि उनको मानसिक अवस्था स्वस्थ नै रह्यो । नियमित स्वच्छ खानपान, नियमित दिनचर्या, अनुशासन, परिश्रम, लगनशीलता, पवित्र चिन्तन आदि गुणले सम्पन्न व्यक्ति भएकाले हालको ७३/७४ बर्से वृद्धावस्थामा पनि लगनशील भएर परिश्रमपूर्वक विभिन्न कार्यहरू गर्न सफल रहेका छन् ।

### २.२.२ साहित्यिक व्यक्तित्व

दस एघार वर्षको उमेरदेखि कविता लेख्न थालेका पूर्णानन्द भट्ट नेपाली साहित्यका एक सफल स्रष्टा हुन् । नेपाली साहित्यको कविताबागमा सुन्दर फूलहरू अर्पण गरेर आफ्नो योगदान दिन सफल स्रष्टा र द्रष्टा व्यक्तित्व भएका व्यक्ति भए पनि उनको स्रष्टा व्यक्तित्व नै सफल रहेको छ । कविता विधा उनको मूल सृजन क्षेत्र हो । उनको साहित्यिक व्यक्तित्वका मूल पक्षहरू यस प्रकार छन :

### २.२.२ क) कवि तथा गीतकार व्यक्तित्व

पूर्णानन्द भट्टको साहित्यिकयात्राको थालनी फुटकर कविता लेखनबाट भएको हो । दस एघार वर्षको उमेरदेखि नै कविता लेख्न थाले पनि उनका कवितामा केही स्तरीयता वि. सं. २०१०/०११ सालपछि मात्र आउन थालेको हो ।[९] उनका प्रारम्भिक कविताकाव्यहरू उनले पशुपति आर्यघाटमा जलाई दिएकाले तिनका विषयमा स्पष्ट जानकारी हुन सकेन भने उनको प्रथम प्रकाशित रचना **अभिशाप** खण्डकाव्य हो जुन वि. सं. २०३५ मा प्रकाशित भएको हो । उनको कवितासङ्ग्रह **कवितातरङ्ग** २०३९ सालमा प्रकाशित भएको हो । उनी पद्य कवि हुन् उनका सबैजसो कविता काव्य छन्दोबद्ध रहेका छन् । पद्य कवितामा विशेष क्षमता भएका सहज कवि भनेर चिनिने उनका कविताहरू सहज, सरल, सरस, सुन्दर, मार्मिक र सफल छन् । समालोचक प्रा. रामचन्द्र भट्टका शब्दमा भन्दा “पूर्णानन्द भट्ट सारस्वत प्रतिभा सम्पन्न सरल हृदयका कवि हुन्” ।[१०]

पूर्णानन्द भट्टले निकै गीतहरू पनि लेखेको तर ती गीतहरूको संरक्षण हुन नसकेको देखिन्छ । विभिन्न सभा समारोहका लागि नेपाली भाषामा रचना गरेका ती गीतहरू

---

[९] शोधनायकबाट प्राप्त जानकारीअनुसार

[१०] रामचन्द्र भट्ट, **शान्ति विज्ञान,** भूमिका (डोटी : पूर्णानन्द भट्ट, वि. सं. २०५३) पृ. ङ ।

राष्ट्रियता, प्रकृतिप्रेम, सामाजिक समस्या, मायाप्रीतिका विषयमा लेखिएका थिए । उनी अध्ययनको लागि बम्बई बसेका बेला हिन्दी भाषामा प्रशस्त गीत/कविता लेख्ने गर्थे ती मध्ये धेरै जसो विभिन्न सभा समारोहमा वाचन गर्नका लागि नै रचिएका थिए ।[११] यस्ता कवितामा आध्यात्मिकता, देशभक्ति,सामाजिक समस्या, प्रकृति प्रेम नै मूल विषयवस्तु रहेका हुन्थे । डोटेली भाषिकामा उनले प्रशस्त गीत तथा गीति कविता र काव्य लेखेको पाइन्छ । यसरी उनको कवि तथा गीतकार व्यक्तित्व सबल र सफल रहेको छ ।

### २.२.२ ख) समालोचक व्यक्तित्व

सिर्जनात्मक क्षेत्रजस्तो सफल तथा यथेष्ट लेखनकार्य समालोचनाका क्षेत्रमा गर्न नसके पनि पूर्णानन्द भट्टले आफ्ना कृतिहरूमा भूमिकालेखन गर्ने, अन्य लेखकहरूका कृतिमा पनि फाटफुट भूमिका लेख्ने काम गरेको पाइन्छ । उनले आफ्नै **शान्ति विज्ञान** महाकाव्यमा लेखेको भूमिकाले उनको समालोचकीय व्यक्तित्वलाई प्रस्ट पारेको छ ।

### २.२.२ ग) अनुवादक व्यक्तित्व

पूर्णानन्द भट्ट संस्कृत, हिन्दी, गुजराती, मराठीलगायत अन्य धेरै भाषाको राम्रो ज्ञान प्राप्त व्यक्ति भएकाले भारतमा विभिन्न सभा समारोहमा प्रस्तुत गर्न तथा हिन्दीका पाठकहरूको अनुरोधमा आफ्नै नेपाली, डोटेली गीत कविता काव्यहरूलाई हिन्दी, गुजराती आदि भाषामा तत्काल अनुवाद गरी सुनाउने गर्थे त्यस्तै प्रयोजनका लागि हिन्दी पाठक आदिको अनुरोधमा हिन्दीमा अनुवाद गरेको **नानो जात्क** (छोटा बच्चा) गीति खण्डकाव्य यसको उदाहरण हो । उनको अनुवाद कलाले भारतमा सम्पन्न हुने विभिन्न साहित्यिक सभा समारोहमा उनलाई निकै लोकप्रिय बनाएको थियो ।

## २.२.३ साहित्येतर व्यक्तित्व

पूर्णानन्द भट्टको साहित्येतर व्यक्तित्वको पाटो पनि साहित्यिक व्यक्तित्वझैँ सम्मानित रहेको छ । उनी निस्वार्थ समाजसेवी, उच्च राजनीतिक चिन्तन भएका राजनीतिक कार्यकर्ता, धार्मिक नेतृत्वकर्ता शिक्षक आदि व्यक्तित्व बोकेका व्यक्ति हुन् । उनको व्यक्तित्वका विविध पक्षमध्ये मुख्य पक्षहरू यस प्रकार छन् :

### २.२.३ क) सामाजिक व्यक्तित्व

पूर्णानन्द भट्ट मानवतावादी विचारधाराका व्यक्ति भएकाले उनको सामाजिक व्यक्तित्व सवल रहेको छ । उनी विभिन्न धार्मिक सङ्घसंस्थाहरूको जिम्मेवार पदमा बसेर काम गरिसकेका व्यक्ति हुन् । उनले सु. प. सन्तसमाजको अध्यक्ष भएर लामो समयसम्म धार्मिक तथा आध्यात्मिक विकास चिन्तनको पक्षमा महत्त्वपूर्ण योगदान पुऱ्याएको पाइन्छ । विभिन्न साहित्यिक सङ्घसंस्थाहरूमा जिम्मेवार पदमा काम गरिसकेका उनी सुप साहित्यसमाजका आजीवन सदस्य रहेका छन् । त्यसैगरी डोटी जिल्लाको ग्रामीण क्षेत्रमा शिक्षाको प्रचारप्रसार तथा विद्यालय स्थापना सञ्चालन गर्नमा उनको महत्त्वपूर्ण योगदान रहेको छ । यसरी उनको सामाजिक व्यक्तित्व उच्च रहेको देखिन्छ ।

### २.२.३ ख) शिक्षक व्यक्तित्व

---

[११] शोधनायकबाट प्राप्त जानकारीअनुसार

पूर्णानन्द भट्टले वि.सं. २००८/०९ सालदेखि ६/७ वर्ष डोटी जिल्लाको विभिन्न स्थानमा जनताद्वारा स्थापित विद्यालयहरूमा शिक्षक भएर काम गरे । विद्यालय पूर्णरूपले जनताको जिम्मेवारीमा चल्ने हुँदा विद्यालय र शिक्षकक्को आर्थिक अवस्था कमजोर हुन्थ्यो । यसरी शिक्षक भएर काम गर्दा उनले नेपाली समाजको यथार्थ अध्ययन गर्ने मौका पाएँ । त्यसले उनको साहित्य लेख्ने कार्यमा निकै सहयोग प्राप्त भयो ।

## २.२.३ ग) राजनीतिक व्यक्तित्व

पूर्णानन्द भट्ट उच्च राजनीतिक चेतना भएका व्यक्ति हुन् । उनी बालकालदेखि नै सामाजिक थिचोमिचो, शोषण दमन तथा अन्याय र अत्याचारका विरोधी व्यक्ति हुन् । उनको किसोरवयमा नेपालमा राणातन्त्रको विरुद्ध जनक्रान्ति भइरहेको थियो । त्यसबाट प्रभावित भएका भट्टको परिचय कञ्चनपुरमा आफन्तकहाँ वसेको बेला नेपाली काङ्ग्रेसका नेताहरू गौरीलाल, शिवराज पन्त, द्वारिकादेवी, गणेशमान, यज्ञबिक्रम शाह, वी. पी. कोइराला आदिसँग भयो । वी. पी. को सल्लाहअनुसार उनले शिवराज पन्तबाट नेपाली काङ्ग्रेसको सक्रिय सदस्यता लिए । यसपछि उनी राणाविरोधी क्रान्तिमा प्रत्यक्ष रूपले सक्रिय भएर लागे । यसभन्दा पहिले उनी काङ्ग्रेसी नेताकार्यकर्ताहरूको पत्र ओहोरदोहोर गर्ने गर्थे र प्रत्यक्ष रूपमा राणाविरोधी क्रान्तिमा सहभागी भएका थिए । दलीय राजनीतिमा सक्रिय भएर सहभागी भएपछि अर्धभूमिगत भएर नेपाल भारतका विभिन्न ठाउँमा राजनीतिक कामगर्दै जाँदा उनले नेपालको सामाजिक अवस्थाको गहन अध्ययन गर्ने मौका पाए जसले उनको साहित्यिक लेखनको लागि निकै फाइदा पुग्यो । राजनीतिक कामको सिलसिलामा वी.पी.सँग लामो यात्रामा हिँड्ने, घुलमिल हुने मौका उनलाई प्राप्त भयो । वी. पी. उनका कविता, गीतहरू सुन्थे । वी. पी. उनलाई साहित्य लेख्न प्रेरणा दिइरहन्थे र उनको प्रतिभाको कदर गर्थे । यसबाट उनको साहित्यलेखनमा सक्रियता बढ्दै गयो । नेपालका विभिन्न भागहरू घुम्दा नेपाली प्रकृतिको अध्ययन र सौन्दर्यबोध गर्ने मौका पाएका भट्टका कविताकाव्यमा त्यसको महत्त्वपूर्ण प्रभाव परेको पाइन्छ । पार्टीमा आबद्ध भएर सक्रिय राजनीति गर्न पुगेका भट्टको राजनीति कञ्चनपुरबाट सुरु भएर केही वर्षसम्म निरन्तर रह्यो भने उनको गङ्गोत्रीयात्रासँगै सक्रिय राजनीतिमा पूर्णविराम लाग्यो । गङ्गोत्रीमा भेट भएका विद्वान् त्रिकालदर्शी सन्त श्री १००८ स्वामी पूर्णानन्द सरस्वती दण्डी योगीले उनलाई राजनीति त्यागेर साहित्यमै सक्रिय हुन भनेपछि उनले केही समयपछि सक्रिय राजीनतिबाट सन्यास लिई साहित्यलेखनतिर बढी समय दिन थाले । यसरी नेपालमा प्रजातन्त्र स्थापना कार्यमा प्रत्यक्ष र सक्रिय योगदान पुऱ्याएका, वि. सं. २००७ सालको क्रान्तिका सक्रिय योद्धा, प्रजातन्त्रवादी, राष्ट्रवादी व्यक्ति पूर्णानन्द भट्टको नेपाली राजनीतिमा महत्त्वपूर्ण र उच्च स्थान रहेको छ । किशोर वयदेखि युवा अवस्थासम्म राष्ट्रिय स्वतन्त्रता र प्रजातन्त्र स्थापनामा जीउज्यान अर्पेर लागिपर्ने साहसी राष्ट्रभक्त व्यक्तिको राष्ट्रप्रतिको योगदानलाई उच्च मूल्याङ्कन गर्नुपर्ने देखिन्छ । निःस्वार्थ राजनीतिकर्ता, देशभक्त व्यक्ति भएकाले उनले आफ्नो राजनीतिक त्यागबापत् कुनै पनि स्वार्थपूर्ति गर्न चाहेनन् नत्र उनले पनि आफ्ना मित्रहरू जस्तै पद र पैसा प्रशस्त मात्रामा आर्जन गर्न सक्थे ।

## २.२.३ घ) अध्ययनशील व्यक्तित्व

पूर्णानन्द भट्ट सुदूर पश्चिमको ग्रामीण क्षेत्रमा जन्मिएका भए पनि उनको अध्ययनशील व्यक्तित्वले उनलाई साहित्यिक सफलता प्रदान गरायो । उनी धार्मिक, दार्शनिक, साहित्यिक, सामाजिक विषयवस्तुको गहन अध्ययन चिन्तन भएका व्यक्ति हुन् । उनले विद्यार्थी जीवनमै संस्कृत, हिन्दी, मराठी, अङ्ग्रेजी, नेपाली भाषा तथा साहित्यको

विस्तृत अध्ययन गरे जसको परिणामस्वरूप उनको बौद्धिक क्षमता निकै उच्च बन्न पुग्यो । प्रायः जसो साहित्यिक, सामाजिक, सङघसंस्थाहरूको कार्यक्रममा सक्रिय रहनुपर्ने हुनाले उनले ती कार्यक्रमकै लागि पनि अध्ययन, चिन्तन लेखनलाई सक्रियतापूर्वक निरन्तरता दिनैपर्ने हुन्थ्यो । उनलाई बढी मनपर्ने पुस्तक **श्रीमद्भगवद्गीता** हो । नेपाली साहित्यका कृतिहरूमा लक्ष्मीप्रसाद देवकोटाको **शाकुन्तल** महाकाव्य लेखनाथका कविताहरू हिन्दी साहित्यका सूर्यकान्त निराला, राहुल साङ्कृत्यायन, तुलसीदासका रचनाहरू उनलाई विशेष मन पर्दछन् । पश्चिमी साहित्यका धेरै जसो प्रमुख कृतिहरूको पनि उनले अध्ययन गरेका छन् । शिक्षा आर्जनको सिलसिलामा भारतको विभिन्न ठाउँहरूमा जाँदा त्यहाँका सन्तमहन्त, विद्वान्हरूसँग विविध विषयमा गहन अध्ययन ज्ञानार्जन गर्ने मौका पाएका थिए । जसले उनको ज्ञानलाई व्यापक पार्ने काम गर्‍यो । यसरी उनको अध्ययनशील व्यक्तित्व व्यापक रहेको पाइन्छ र उनको अध्ययन चिन्तनले साहित्यलेखन कार्यमा निकै प्रभाव पारेको छ ।

### २.२.३ ङ) अभिप्रेरक व्यक्तित्व

पूर्णानन्द भट्ट निस्वार्थ सहयोगी तथा उचित सल्लाह दिने व्यक्तिका रूपमा चिनिन्छन् । साहित्य, समाजसेवा आदि विविध क्षेत्रका विषयमा उनीबाट सल्लाह लिन आउने व्यक्तिलाई नम्रतापूर्वक सल्लाह सुझाव दिन सधैँ तत्पर रहन्छन् । विभिन्न दुःख र सङ्कट भोगेका भट्ट जस्तोसुकै कठिन परिस्थितिमा पनि सक्रियताका साथ केही न केही उच्चकार्य गर्न आह्वान गर्दछन् । जीवन सङ्घर्षमय भए मात्र मानव उच्च बन्न सक्छ भन्ने उनको विचार रहेको छ । सुदूर पश्चिम क्षेत्रका कतिपय साहित्यकारहरूको प्रेरणास्रोत बन्न सफल भएका उनलाई एक असल अभिप्रेरक व्यक्तित्वका रूपमा सम्मान गरिन्छ ।

## २.२.४ पूर्णानन्द भट्टको जीवनी व्यक्तित्व र साहित्यलेखनको अन्तर्सम्बन्ध

पूर्णानन्द भट्टको जीवनी व्यक्तित्व र साहित्यलेखनबीचको अन्तर्सम्बन्ध निम्नलिखित बुँदाका आधारमा सपस्ट पारिएको छ :

### २.२.४ क) अनुवंशले पारेको प्रभाव

पूर्णानन्द भट्टका पूर्वजहरूमा विद्वता र सहज कवि प्रतिभा रहेको पाइन्छ । उनका पूर्वज जयदेव भट्ट आशुकवि तथा प्रतिष्ठित विद्वान् मानिन्थे । (समय बाइसे चौवीसे राजा रजौटा काल) जसका केही उत्कृष्ट रचनाहरू हाल पनि सुरक्षित छन् । उनी पछि पनि धेरै जना कविहरू उनको वंशमा जन्मिएका देखिन्छन् । यसरी उनको वंशमा रहेको कवित्व क्षमता उनमा पनि देखा परेको छ । उनको कवि प्रतिभाले संरक्षण पाएकाले फुल्न फल्न सक्यो र उनी प्रसिद्ध बन्न पुगे ।

### २.२.४ ख) राष्ट्रिय-अन्तर्राष्ट्रिय परिवेशको प्रभाव

पूर्णानन्द भट्टको जन्म राणा शासनकालमा भयो भने किशोरवय प्रजातन्त्र कालमा वित्यो र युवावय पञ्चायत कालमा वित्यो अनि वृद्धावस्था प्रजातन्त्रकालमै बितिरहेको छ । यसरी उनले आफ्नो वयमा राणातन्त्र, पञ्चायत तथा बहुदलीय व्यवस्थामा शासन प्रशासनका विविध गतिविधि देख्नेभोग्ने अवसर पाए । उनी बालक छँदा राष्ट्रिय-अन्तर्राष्ट्रिय परिवेश युद्ध आतङ्क, हत्या हिंसाले त्रासमय थियो ।यस्तै राष्ट्रिय-अन्तर्राष्ट्रिय परिवेशबाट प्रभावित भएका भट्टका कविताकाव्यमा त्यस परिवेशको प्रभाव परेको पाइन्छ ।

### २.२.४ ग) शिक्षाको प्रभाव

पूर्णानन्द भट्टले केही मात्रामा संस्कृत तथा अङ्ग्रेजी भाषा साहित्यको अध्ययन गरे भने हिन्दी नेपाली भाषा साहित्यको अध्ययन व्यापक मात्रामा गरे । उर्दू, मराठी आदि भाषाको पनि उनले अध्ययन गरे । प्राचीन तथा नवीन शिक्षा अध्ययन गरेका भट्टको स्वाध्यायन निकै गहन र व्यापक रहेकाले उनको राजनैतिक, साहित्यिक, बौद्धिकप्रतिभाको विकासमा ठूलो योगदान पुऱ्यायो । विद्यालयीय शिक्षा लिँदा अध्ययन गरेका विषयवस्तुहरूले उनको साहित्य लेखनमा सकारात्मक प्रभाव पाऱ्यो । खास गरेर संस्कृत शिक्षाले उनको लेखनकार्यमा सकारात्मक प्रभाव पारेको छ ।

### २.२.४ घ) पेसागत प्रभाव

पूर्णानन्द भट्ट आधा दशक भन्दा बढी शिक्षण पेसामा संलग्न रहे त्यस पेसाले उनको साहित्यले लेखनकार्यमा निकै सहयोग पुऱ्यायो । नेपाली समाजको अध्ययन गर्ने साहित्य रचनाको लागि कच्चापदार्थ विषयवस्तु बटुल्न सहयोग पुऱ्यायो । व्यापार व्यवसाय गर्दाको बखत विभिन्न व्यक्तिहरूसँग भए गरेको भेटघाट परिचयले साहित्य लेख्न विषयवस्तु बटुल्न तथा धेरै जना जानकार, विद्वान्हरूसँग परामर्श गर्न उपयुक्त मौका उपलब्ध भयो । उनका साहित्यमा उल्लेख भएका धेरै विषयवस्तु व्यापारको सिलसिलामा देखे भोगेका घटना आदिमा आधारित रहेका छन् ।

### २.२.४ ङ) मानसिक स्वास्थ्य

पूर्णानन्द भट्टको पारिवारिक आर्थिक अवस्था विग्रदा र उनका सहृदयी आफन्तहरूको वियोग हुँदा उनमा आएको मानसिक तनाव तथा असन्तुष्टिको परिपूर्ति गर्न वा पीडा विर्सन उनले साहित्य लेखनलाई औषधीको रूपमा प्रयोग गर्न थाले । जसले उनलाई आध्यात्मिक विषयवस्तुतिर बढी तान्यो । यसै कारणले उनका साहित्यमा अध्यात्मको प्रभाव बढी मात्रामा पाइन्छ । आत्मशान्तिको लागि साहित्यलेखन गर्दा उनले प्रकृति, अध्यात्म, समाजलाई विषयवस्तु बनाएर लेख्न थाले । त्यसैले उनका साहित्यमा प्रेमविषयक प्रसङ्ग कमै पाइन्छ । साहित्यिक लेखनले उनको मानसिक स्वास्थ्य सुधार गर्न तथा स्वस्थ रहन निकै सहयोग पुऱ्यायो ।

### २.२.४ च) व्यक्तिगत प्रभाव

पूर्णानन्द भट्टको सम्पर्कमा आएका घनिष्टता कायम भएका र अन्य धेरै जना व्यक्तिहरूको व्यक्तित्वको प्रभाव उनको व्यक्तिगत जीवन तथा साहित्यलेखनमा परेको छ । उनका पूर्वज जयदेव भट्ट (आशुकवि) विद्वान् सन्त श्री १००८ स्वामी पूर्णानन्द सरस्वती दण्डीयोगी, बालकृष्ण सम, धरणीधर कोइराला आदिको सुसङ्गत, उनीहरूको सल्लाह सुझाव एवम्  माया ममता उनका लागि प्रेरणाप्रद रह्यो ।

उनका धर्म गुरु पं. रामचन्द्र पाण्डे शास्त्रीको आशिर्वाद, माया ममता र शिक्षा उनको लागि अमूल्य रहन गएको छ । यसरी विभिन्न व्यक्तिहरूको व्यक्तिगत प्रभावले उनलाई साहित्य लेख्न अध्ययन चिन्तन गर्न र सफल व्यक्तित्व निर्माण गर्नामा महत्त्वपूर्ण भूमिका खेलेको छ ।

### २.२.५ निष्कर्ष

पूर्णानन्द भट्टको जन्म सुदूर पश्चिमाञ्चल विकास क्षेत्र, सेती अञ्चल डोटी जिल्लाको घण्टेश्वर गा. वि. सं. वडा नं. दुई बडाखेत जोरायलमा पिता मणिराम भट्ट तथा माता दुर्गादेवी भट्टको कोखबाट वि. सं. १९९० पुष २४ गते आइतवारका दिन भएको हो । चार भाइहरूमा उनी जेठा हुन् । बाल्यकाल परिवारको मायाममतामा जोरायलमै बिताएका भट्टको अक्षरारम्भ घरमै आठ वर्षको उमेरमा बाबुबाट भएको हो भने व्रतबन्ध दसवर्षमा पं. रामचन्द्र पाण्डे 'शास्त्री' बाट वैदिक विधिअनुसार सम्पन्न भएको हो । प्राथमिक शिक्षा गाउँ घरमै प्राप्त गरेपछि माध्यमिक तहसम्मको अध्ययन बम्बईमा विलुपाली सन्यासाश्रममा गरे घरपरिवारको जिम्मेवारीका कारण मेट्रिक परीक्षामा सहभागी हुन नपाउँदा औपचारिक शिक्षाबाट बञ्चित भएका भट्टको विवाह किशोरावयमा वासुलीदेवीसँग भयो । उनीबाट दुई छोराको जन्म भयो । उनको सुखमय पारिवारिक जीवन २०४० सालमा वासुलीदेवीको मृत्युले छिन्नभिन्न भयो । त्यसपछि सेतुदेवीसँग दोस्रो विवाह सम्पन्न भयो । उनीसँगको वैवाहिक जीवन सुखमय हुन सकेन । वि. सं. २०४२ सालमा उनका बाबु तथा २०४६ सालमा उनको आमाको मृत्यु भयो जसले उनलाई मर्माहत बनायो ।

दस वर्षको उमेरदेखि नै साहित्यलेखनमा लागेका भट्टको लेखनको प्रेरणास्रात उनकै पूर्वज कवि जयदेव भट्ट हुन् भने लेखन निरन्तरताको प्रेरणास्रोत वी. पी. कोइराला, धरणीधर, बालकृष्ण सम आदि हुन् । प्रशस्त धार्मिक ग्रन्थहरूको अध्ययन एवम् लक्ष्मीप्रसाद देवकोटा र लेखनाथ पौडेलका कविताहरूले उनलाई कविता लेखनमा निकै सहयोग पुऱ्याएका छन् । उनको सार्वजनिक साहित्य यात्रा ३६ सालमा **अभिशाप**, खण्डकाव्य प्रकाशन भएपछि सुरु भयो । बहिमुखी, समाजसेवी, सरल, परिश्रमी, अनुशासित स्वभावका भट्टको जीवनशैली सरल र उच्च रहेको छ । पूर्णानन्द भट्टको जीविकोपार्जनको मूल पेसा कृषि हो ।

उनी सामाजिक, धार्मिक, सांस्कृतिक, साहित्यिक कार्यमा निस्वार्थ सेवा पुऱ्याउने असल समाजसेवी हुन् । नेपाल भारतका महत्त्वपूर्ण क्षेत्र, सहरको भ्रमण गरिसकेका भट्टलाई भारत र नेपालका प्रतिष्ठित सङ्घसंस्थाहरूले उनको योगदानको कदर गर्दै विभिन्न सम्मान पुरस्कारहरू प्रदान गरेका छन् । उनको उच्च व्यक्तित्व निर्माणमा पारिवारिक पृष्ठभूमि, वंशपरम्परा आर्जित शिक्षादीक्षा, गुरुहरूको माया, विद्वान् सन्तमहन्तको सङ्गत, साहित्यकार, नेता, विद्वान्हरूसँगको परिचय एवम् घनिष्टताले महत्त्वपूर्ण योगदान पुऱ्याएको छ ।

# परिच्छेद तीन

# पूर्णानन्द भट्टको साहित्ययात्रा र चरणविभाजन

## ३.१ पूर्णानन्द भट्टको साहित्ययात्रा

पूर्णानन्द भट्ट बालककालदेखि नै सिर्जनात्मक अभिरुचि र क्षमता भएका व्यक्तित्व हुन् । आफ्ना पूर्वज कवि जयदेव भट्टका कविताबाट साह्रै प्रभावित भएका उनी गाउबस्तीतिरको लोकसाहित्यबाट पनि निकै प्रभावित भएर दस, एघारवर्षको उमेरदेखि कविता  गीत लेखनतिर लागे । बम्बईमा अध्ययनरत भएका बेला उनले प्रशस्त कविता तथा गीतहरू हिन्दी र नेपाली दुवै भाषामा लेखेका थिए तर ती रचना सुरक्षित रहेनन् । देशभक्ति, मायाममता, समाजसुधार आदि विषयमा लेखिएका उक्त कविताहरूले सहपाठी साथीहरूबाट निकै प्रशंसा पाएका थिए । निरन्तर चलिरहेको कवितालेखन वी. पी., धरणीधर, मोहन कोइराला, बालकृष्ण समहरूसँगको भेटघाट तथा उनीहरूबाट प्राप्त सल्लाह तथा सुझाबपछि परिष्कृत र स्तरीय बन्दै गयो । उनले वी. पी. समहरूलाई देखाएका कविताहरू तथा खण्डकाव्य जलाएर केही समय कविता काव्य लेख्न बन्द गरेका भए पनि पछि वी. पी. को सल्लाह सुझावबाट लेखनलाई निरन्तरता दिए । जीवनमा आर्थिक समस्या, पारिवारिक जम्मेवारी आफन्तहरूको मृत्यु आदि दुःखद अवस्थामा पनि उनले साहित्यलेखन कार्य छोडेनन् । फुटकर कविताबाट साहित्ययात्रा थालनी गरेका भट्टले प्रशस्त फुटकर कविता, खण्डकाव्य, चम्पूकाव्य तथा महाकाव्य लेखेर नेपाली साहित्यको श्रीवृद्धिमा महत्त्वपूर्ण योगदान पुऱ्याएका छन् । कविता काव्य लेखेर आफ्ना मन परेका व्यक्तिहरूलाई सुनाउने र थन्क्याई राख्ने गरेका भट्टलाई उनका शुभेच्छु मित्रहरू तथा अन्य व्यक्तिहरूले कविता काव्य प्रकाशन गर्न हौस्याउन थाले । केही मित्रहरू कृष्णराज जोशी आदिले कृति प्रकाशनका लागि आवश्यक सहयोग गर्ने कबूल गरे । आखिर उनका रचनाहरू प्रकाशन हुन थाले । उनका प्रकाशित कृतिहरू एघारवटा छन् भने अप्रकाशित फुटकर कविता सयौ तथा तीन चार वटा खण्डकाव्यहरू त्यसै थन्किएका छन् । उनका प्रकाशित कृतिहरूको सूची यस प्रकार रहेको छ :

| क. सं. | कृतिको नाम | विधा/उपविधा | प्रकाशन वर्ष |
|---|---|---|---|
| १ | **अभिशाप** | खण्डकाव्य | वि. सं. २०३६ |
| २ | **डोटेली लोक लहर** | कवितासङ्ग्रह | वि. सं. २०३७ |
| ३ | **आर्तनाद** | खण्डकाव्य | वि. स्रं. २०३९ |
| ४ | **कविता तरङ्ग** | कवितासङ्ग्रह | वि. सं. २०३९ |
| ५ | **वनदेवी** | खण्डकाव्य | वि. सं. २०४० |
| ६ | **विलापी** | खण्डकाव्य | वि. सं. २०४० |
| ७ | **गाउँकला** | चम्पूकाव्य | वि. सं. २०४५ |
| ८ | **शान्तिमन्दिर** | खण्डकाव्य | वि. सं. २०४८ |
| ९ | **प्रजातन्त्र बालक** | खण्डकाव्य | विं सं. २०५१ |

| | | | |
|---|---|---|---|
| १० | **शान्ति विज्ञान** | खण्डकाव्य | वि. सं. २०५३ |
| ११ | **नानो जात्क** | खण्डकाव्य | वि. सं. २०५६ |

पूर्णानन्द भट्टका अप्रकाशित फुटकर कविताहरू तथा खण्डकाव्यहरूको सूची यस प्रकार रहेको छ :

| | | |
|---|---|---|
| १ | **शक्तिदेवी** | खण्डकाव्य |
| २ | **कविता सम्मेलन** | कवितासङ्ग्रह |
| ३ | **प्रजातन्त्र बालक** भागदुई | (खण्डकाव्य) |
| ४ | **प्रशस्त फुटकर कविताहरू** | |

माथि उल्लिखित कृतिहरूमध्ये **शक्तिदेवी** खण्डकाव्य र **कवितासम्मेलन** कवितासङ्ग्रह दुईवटा कृतिहरू डा. तुलसीप्रसाद भट्टराईसँग रहेका छन् भने अन्य रचना कविसँग सुरक्षित छन् । पूर्णानन्द भट्टका कविताकाव्यहरू विभिन्न व्यक्तिहरू तथा केही सङ्घसंस्थाहरूको आर्थिक सहयोगमा प्रकाशित भएका छन् । उनका कृतिहरू प्रकाशित गर्न सहयोग दिने मुख्य व्यक्तिहरूमा **अभिशाप** खण्डकाव्यका प्रकाशक कृष्णराज जोशी, शेरबहादुर देउवा, प्रेमराज पन्त तथा अन्य रहेका छन् भने प्रमुख सहयोगी सङ्घसंस्थाहरूमा कैलाली जनपुस्तकालय, विभिन्न माध्यमिक निम्न माध्यमिक तथा प्राथमिक विद्यालय तथा तिनका शिक्षक, विद्यार्थी र कर्मचारीहरू, नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान तथा अन्य रहेका छन् । **अभिसाप** खण्डकाव्य बाहेकका अन्य सबै कृतिहरू कवि पूर्णानन्द स्वयम्ले प्रकाशन गरेका हुन् । यसरी बालककालदेखि नै थालिएको पूर्णानन्द भट्टको साहित्यिकयात्रा जीवनीको उकाली ओरालीहरूसँगै आरोह अवरोह हुँदै सफल संवेदनशील कवि, गीतकार, अनुवादक, समीक्षकका रूपमा निरन्तर जारी रहेको छ ।

## ३.२ पूर्णानन्द भट्टका साहित्ययात्राको चरणविभाजनको औचित्य र आधार

लेखक/ साहित्यकारहरू सामाजिक सदस्य भएका कारणले समाज, राष्ट्र र विश्वमा घट्ने घटना र हुने व्यवहारहरूबाट अछुतो रहन सक्तैनन् । उनीहरूको जीवनमा घट्ने घटना र आइपर्ने अवस्थाहरूले संवेगहरू तथा वैचारिक पक्षमा भिन्नता ल्याउन सक्छन् । यसरी हुने वैचारिक संवेगात्मक परिवर्तनले उसका साहित्यिक रचनाहरूमा फरकफरक मोड वा घुम्ती ल्याईदिन्छन् । साहित्यकारले बाँचको परिवेश, उसको जीवन भोगाइ, समय अवस्था, सामाजिक, आर्थिक, शैक्षिक, राजनीतिक परिस्थितिहरूले साहित्यकारको साहित्यिक यात्रा फरक मोडमा ल्याउने कारकको भूमिका खेलेको हुन्छ । यिनै कारकहरूसँग साहित्यकारका साहित्यिक रचनाहरूको अन्तःसम्बन्ध केलाएर साहित्यकार तथा उसका कृतिहरूको मूल्याङ्कन गरिन्छ । साहित्यकारको साहित्यिक यात्राको समग्र अध्ययन गर्न विभिन्न परिवर्तनहरूले अप्ठ्यारो पारेमा वा साहित्यिक कृतिहरूको अध्ययन गर्न कठिनाइ पर्न गएमा चरण विभाजन गर्नु पर्ने हुन्छ । साहित्यकारका कृतिहरूको सूक्ष्म अध्ययन गर्नु पर्दा कृतिहरूमा देखिने सामान्यदेखि विशिष्ट भिन्नताहरू केलाई ती कृतिहरूको गहन मूल्याङ्कन गर्नु परेमा साहित्यक विधा र त्यसको विषयवस्तुको स्वरूपलाई समेत आधार बनाई चरणविभाजन गर्नु पर्ने देखिन्छ अथवा कृतिको रचनाकाल, विधागतस्वरूप आदि आधारमा साहित्यिक यात्राको चरण विभाजन गर्नु पर्ने हुन्छ ।

उपर्युक्त आधारमा हेर्दा पूर्णानन्द भट्टको साहित्ययात्रामा उल्लेख्य प्रवृत्तिगत परिवर्तनहरू पाइँदैनन् । भट्टका प्रथम प्रकाशित कृतिदेखि लिएर पछिल्लो कृतिसम्म पुग्दा

कुनै खास प्रवृत्तिगत भिन्नता रहेको पाइदैन । एउटै ताल र सुरमा उनका कविता काव्यहरू बहेका देखिन्छन् । कृतिहरूको प्रकाशन कालको आधारमा पनि उनको साहित्यिक यात्राको चरणविभाजन गर्न सम्भव छैन । उनका कविता, खण्डकाव्य, महाकाव्यको प्रकाशन क्रमिक र सुँहाउँदो रहेको छैन । उनको प्रथम प्रकाशित कृति खण्डकाव्य हो भने त्यसपछि मात्र कवितासङ्ग्रहको प्रकाशन भएको छ । प्रकाशित कृतिहरू पनि विशिष्ट पहिचान बोकेर नआई साझा र एकनासे प्रवृत्ति बोकेर आएका छन् । यसले उनको साहित्ययात्राको कालक्रमिक तथा प्रवृत्तिगत चरणविभाजन गर्न निकै असहज हुन गएको छ ।

परिष्कार परिमार्जनका आधारमा पनि उनको साहित्ययात्राको चरणविभाजन गर्न सहज छैन । भावावेगमा लेखिएका कविताकाव्यमा परिष्कारको निकै खाँचो छ । उनका परिष्कृत कुनै पनि कृति छैनन् ।

साहित्यिक विधाको आधारमा चरणविभाजन गर्न नमिल्ने अवस्था छ । कविता विधामा केन्द्रित रहेको भट्टका अन्य विधागत पृथक कृतिहरू छैनन् । उनको लामो साहित्यिक यात्रामा उल्लेख्य प्रवृतिगत, विधागत, प्रकाशनकाल, परिष्कार, परिमार्जन आदिका आधारमा चरण विभाजन गर्ने स्पष्ट विभाजन रेखा छुट्टिन्न ।

## ३.३ चरण विभाजन

उल्लेख्य प्रवृतिगत, विधागत, कालगत, परिष्कार परिमार्जन आदिको स्पष्ट आधार नभएपनि पूर्णानन्द भट्टको साहित्यिक यात्राको चरणविभाजन प्रवृत्तिगत तथा कालगत आधारमा दुई चरणमा विभाजन गर्न उपयुक्त र सरल हुने हुँदा सोहीअनुसार गरिएको छ जुन यस प्रकार छ :

### १) नेपथ्य काल /आभ्यासिक चरण

### २) प्रकाशन काल /सार्वजनिक चरण

पूर्णानन्द भट्टको दस एघार वर्षको उमेरदेखि थालनी भएको यस चरणमा प्रशस्त फुटकर कविता तथा तीन चार ओटा खण्डकाव्य रचना गरेको थाहा पाइए पनि ती कृतिहरू नष्ट भइसकेका छन् । कवितारचनासम्बन्धी अध्ययन एवम् अभ्यासको चरणका रूपमा रहेको यस चरणमा उनले सभा समारोहका लागि प्रशस्त गीत कविता रचना गरेको देखिन्छ । स्वाध्यायन, विशिष्ट विद्वान् तथा साहित्यकारहरूसँगको घनिष्टता, सरसल्लाहबाट साहित्य लेखनमा सुधार गर्ने काम गरे । विधार्थी जीवनमा लेखिएका कतिपय गीत, कविताहरूले सभासमारोह तथा साथीभाइहरू बीच निकै प्रशंसा पाएकोबाट ती कविता गीतहरू राम्रै भएको ठहरिन्छ । यस चरणका कविताकाव्यहरू प्राप्त नभएपनि उनको कवितायात्रामा यस चरणको निकै महत्त्वपूर्ण स्थान रहेको छ ।

## ३.३.२ प्रकाशनकाल / सार्वजनिक चरण

वि.सं. २०३६ देखि हालसम्म विस्तारित यस चरणमा पूर्णानन्द भट्टका साहित्यिक कृतिहरूको सार्वजनिकीकरण/प्रकाशन भएको छ । उनले फुटकर कविता लेखनबाट साहित्ययात्रा थालनी गरेको भएपनि उनको सार्वजनिक साहित्य यात्रा भने खण्डकाव्यवाट थालनी भएको छ । उनको सार्वजनिक साहित्ययात्रा चुनौतिपूर्ण रहेको देखिन्छ । घर गृहस्थीको जिम्मेवारी, आर्थिक अभाव आदि कारणले उनका कविताकाव्य प्रकाशन असहज रह्यो । विभिन्न बाधा व्यवधानहरुसँग जुध्दै साहित्य लेखन एवम् प्रकाशनमा सक्रिय रहेका

भट्टलाई विभिन्न व्यक्तिहरू, संघसंस्था आदिको आर्थिक सहयोग प्राप्त हुनाले उनका कृतिहरू प्रकाशित हुन सम्भव भयो । यस चरणमा उनका कवितासङ्ग्रह, खण्डकाव्य, चम्पूकाव्य तथा महाकाव्य गरी हालसम्म जम्मा एघारओटा कृतिहरूको प्रकाशन भएको छ । यस चरणमा प्रकाशित कृतिहरूको संक्षिप्त साहित्यिक परिचय कृतिको विषय वस्तुको स्वरूप (सामाजिक, राजनीतिक तथा आध्यात्मिक) का कोणबाट गरिएको छ । यसरी हेर्दा उनका कृतिहरू तीन स्वरूपका रहेका छन् । जसको विभाजन यस प्रकार गरिएको छ :

## १) सामाजिक विषय वस्तु /स्वरूपका कृतिहरू

- **अभिशाप**
- **डोटेली लोक लहर**
- **कविता तरङ्ग**
- **गाँउकला**
- **विलापी**

## २) आध्यात्मिक विषयवस्तु /स्वरूपका कृतिहरू

- **आर्तनाद**
- **वनदेवी**
- **शान्ति मन्दिर**
- **शान्ति विज्ञान**

### ३) राजनीतिक विषयवस्तु /स्वरूपका कृतिहरू :

- **प्रजातन्त्र बालक**
- **नानो जात्क**

### ३.३.२.१ सामाजिक विषयवस्तु / स्वरूपका कृतिहरू :

**अभिशाप** खण्डकाव्य : वि.सं. २०३६ मा प्रकाशित अभिशाप खण्डकाव्य पूर्णानन्द भट्टको प्रथम प्रकाशित काव्यकृति हो । कवि कल्पना प्रसूत सामाजिक स्वरूपको खण्डकाव्यमा नेपाली समाजको चित्रण पाइन्छ । प्रस्तुत काव्यमा नारी स्वतन्त्रता, समानता र अधिकारको पक्षमा जोड दिइएको छ । यस काव्यको मूल विषय वस्तु प्रेम नै हो । दयाराम र मयालूको प्रेम विषयमा काव्य रचिएको छ । समाजका कण्टकहरू, जाली फटाहा, ठालु सामान्तहरूका कारण ग्रामीण प्रेमीप्रेमीकाहरूको मायाप्रेम फल्नफुल्न पाउँदैन कि त्यो निमोठिन्छ कि आइलाएर मर्छ । सामाजिक रूढिवादी परम्परा, धर्मको नाममा नारीमाथिको दमन शोषण आदिको काव्यले मार्मिक उद्घाटन गरेको छ । 'प्रेम' अविजेय एवम् शाश्वत प्राकृतिक तत्त्व हो, जसले संसार सञ्चालन गरेको छ । पवित्र प्रेमको अवरोध गरिनु हुदैन । प्रेमको बाधक भएर समाज व्यक्ति कसैले पनि उभिन पाउँदैन भन्ने केन्द्रीय कथ्य भएको यस काव्यमा नारीको महिमागान गरिएको छ । सामाजिक सुधार एवम् परिवर्तनका लागि नवीन चिन्तन व्यवहार कार्यशैलीको खाँचो भएको विचार अभिव्यक्त भएको यस काव्यमा नेपाली ग्रामीण समाजका विविध समस्या र शोषणदमनको यथार्थ चित्रण भएको छ ।

प्रस्तुत काव्यमा वर्गीय चेतना तीव्र रहेको छ । गरीखाने र हुनेखाने गरिबवर्ग तथा सामन्त/शोषकवर्गबीचको द्वन्द्वलाई काव्यले प्रस्तुत गरेको छ । शोषकसामन्तहरूले गरिबवर्गहरूको सामाजिक मानसिक आर्थिक शोषण के कसरी गर्छन् भन्ने कुरा काव्यले प्रस्ट पारेको छ । मान्छेको धनवादी प्रवृत्तिले उसलाई कसरी पतित वनाउँछ भन्नेकुरा काव्यले प्रस्ट्याएको छ । आत्मिक र पवित्र प्रेममा स्वार्थ नहुने र त्यसले त्यागको सिद्धान्त आत्मसात् गर्छ भन्ने उदाहरणका रूपमा काव्यले दयाराम र मयालूको प्रेमलाई विषयवस्तु बनाई प्रस्तुत गरेको छ । काव्य शिल्पका दृष्टिकोणले हेर्दा प्रस्तुत काव्य कविको सफलतातिर उन्मुख काव्य हो । यसमा आवश्यक परिष्कार परिमार्जन गर्न सकेको भए उनको अजर अमर कृतिको श्रेणीमा यो खण्डकाव्य पर्न सक्थ्यो तर यसले आवश्यक परिष्कार पाउन सकेको छैन । समाज सुधार, देशभक्ति, प्रेमको सम्मान, मानवता, बन्धुत्व, प्रकृतिप्रेंम यस काव्यका विशेष पक्ष हुन् जसले यसको मूल्य उच्च पारेको छ ।

**डोटेली लोक लहर** : वि. सं. २०३७ सालमा प्रकाशित डोटेली लोक लहर कवितासङ्ग्रह कवि पूर्णानन्द भट्टको डोटेलीमा रचिएका कविताहरूको सङ्ग्रह हो । सामाजिक स्वरूपका कविताहरूमा नेपाली समाजका विविध समस्याहरूलाई प्रस्तुत गरिएको छ । समाजका असल आदर्श बोकेका मानिसहरूको जय तथा दुराचारीहरू पनि कुख्यात भएरै बाँचिरहून् भन्ने आह्वानबाट थालिएको यस कवितासङ्ग्रहमा सामाजिक शोषण, दमन, हत्या, हिंसा, बलत्कार एवम् भ्रष्टाचार आदि दुष्प्रवृत्तिहरूको विरोध तथा अन्त्य गर्न सके मात्र समाज र राष्ट्रको विकास हुन सक्ने वैचारिक अभिव्यक्ति रहेको छ । पतिपत्नीको प्रेम, चुनावमा देशभक्त उमेदवारलाई मतदान गर्न आह्वान, सुदूर पश्चिमेली संस्कृति, कला, साहित्य–भाषा, विकास निर्माणप्रति केन्द्रको उपेक्षित तिरस्कारपूर्ण हेराइ, काठमाडौँलाई मात्र विकासको लक्ष्यमा राख्ने प्रवृत्ति, जुवा, रक्सी जस्ता सामाजिक अपराधले देश बर्बाद पार्ने अभिव्यक्ति यस कृतिको विषयवस्तु हो । लोकलयमा रचना गरिएका कविताहरूले देशप्रेम, समाजसुधार, मायाप्रीतिका भावना बोकेका छन् ।

**कविता तरङ्ग** : वि. सं. २०३९ मा प्रकाशित कवितातरङ्ग कवि पूर्णानन्द भट्टको नेपाली भाषाका फुटकर कविताको सङ्कलन हो । कविका विविध विषयका भावनाहरूको अभिव्यक्ति भएको यस सङ्ग्रहमा प्रकृति, समाज, मानवीय प्रवृत्ति आदि क्षेत्रका विभिन्न शीर्षकमा कविता रचिएका छन् । सामाजिक भ्रष्टाचार, शोषण, दमन, मानवका खराब प्रवृतिहरूलाई व्यङ्ग्यात्मक अभिव्यक्ति दिइएको छ । धर्म, अध्यात्म, माया, प्रेम विषयमा रचिएका गहन कविताहरू यसमा सङ्कलित छन् ।

सामन्त, पूँजीपति,शोषकहरूका शोषणनीति, ठगप्रवृति, जातीय भेदभाव, शक्ति र सत्ताधारीहरूको राष्ट्रशोषण, गरिबीको तीतो अनुभव र अनुभूतिहरू, प्रकृतिको सुन्दर चित्रण, स्वतन्त्रता, समानता, जीवनाधिकारका पक्षमा कविको दरिलो अभिव्यक्ति कविताहरूमा प्रकट भएको छ । मानवताशून्य भौतिक द्रव्यपिशाच, शोषक तथा नीच स्वभावका मानिसहरू कति खतरनाक हुन्छन् भन्ने कुरा सरल सहज ढङ्गले सुन्दर उपमासहित कवि यसरी भन्छन् :

ती रोटी भात पाएका बेलामा मात्र तृप्त छन् ।
नपाए कल्पना गर्दै विष्टामा मग्न मस्त छन् ।

('कुकुर',**कविता तरङ्ग**, पृ. १७ )

**गाउँकला** चम्पूकाव्य : वि. सं. २०४५ मा प्रकाशित गाउँकला चम्पूकाव्य पूर्णानन्द भट्टको सामाजिक काव्य हो । प्रस्तुत काव्यमा ग्रामीण गरिब किसानहरूको सामन्त, ठालु

शोषकहरूले कसरी घरबार तहसनहस पार्छन्, कसरी गरिब, निमुखाहरूको हत्या हुन्छ आदिको हृदयविदारक चित्रण गरिएको छ । गरिब निमुखा किसानहरूका यस्ता समस्याहरूको निराकरणको एक मात्र उपाय सामन्तहरूका विरुद्ध एकताबद्ध भएर सङ्घर्षमा उत्रिई उनीहरूका काला करतुतहरूको भण्डाफोर गर्नु हो भन्ने अभिव्यक्ति दिइएको छ । किसानहरूका हक अधिकारप्राप्तिको लागि उनीहरूमा चेतनाको विकास हुनुपर्ने पक्षमा जोड दिइएको छ ।

सामन्तहरूको माकुरेजाल चिन्न नसक्ने, सामन्तहरूको फुटाएर शोषण गर्ने नीति नबुझेका गरिबहरूको सामन्तहरूले गराएको दुर्दशा काव्यले यथार्थ रूपमा चित्रण गरेको छ । भुनवलालजस्ता समान्तहरूले गगनराजजस्ता एक्ला चेतनशील, गरिब, ठालु सामन्तका विरोधीहरूलाई कसरी हत्या गर्छन् र शोषण दमन जारी राख्छन् त्यसको वास्तविक चित्रण काव्यमा भएको छ । भुवनलालजस्ता समाजका गोमनहरूका कारण पवित्र, शान्त गाउँवस्ती नरकमय हुनु, गगनराजजस्ताको हत्या कैयौँको घरबारको विनाश, कैयौँको बलात्कार, कैयौँले गाउँ नै छोड्नुपर्ने अवस्था आउनु, गाउँलेहरूले यातनापूर्ण जीवन बिताउनुपर्ने सामाजिक समस्याहरू सिर्जना भएका छन् जुन नेपाली समाजको वास्तविकता हो । असत्य कहिल्यै सत्य हुन सक्दैन । असत्यको पर्दाफास गर्न सत्याराज शास्त्रीजस्ता दरो मुटुभएकाहरूको आवश्यकता पर्छ र सत्यको विजय हुन्छ । हक अधिकार लडेर लिने चीज हो । हक अधिकार लिने लडाइँ पनि नियमसम्मत र धैर्यतापूर्वक सत्यका आधारमा गरिनुपर्छ भन्ने केन्द्रीय कथ्य भएको यस चम्पूकाव्यका सबल पक्ष समाज सुधार ग्रामीण, गरिब किसानवर्गका हकका पक्षमा वकालत गर्नु, समानता, स्वतन्त्रता, नारी सम्मान, देशप्रेम, वर्गीय चेतना प्रस्तुत गर्नु, प्रगतिशील अभिव्यक्ति दिनु आदि हुन् ।

**विलापी** खण्डकाव्य : वि. सं. २०४० मा प्रकाशित भएको **विलापी** खण्डकाव्य पत्रात्मक शैलीमा लेखिएको पद्यात्मक खण्डकाव्य हो । प्रस्तुत खण्डकाव्य नेपाली समाजको यथार्थ चित्रण गरिएको सामाजिक काव्य हो ।[१२] समाजका सामन्त धनीमानी ठालू शोषकहरूको जालोमा फसेका अशिक्षित गरिब ग्रामीण नेपालीहरूको छटपटी पीडाको विलाप बोकेको प्रस्तुत **विलापी** पत्रकाव्य उपलब्ध हुन नसकेकोले यस शोधपत्रमा उक्त कृतिको समीक्षा गर्न सकिएको छैन ।

### ३.३.२.२ आध्यात्मिक विषयवस्तु/स्वरूपका कृतिहरू

**आर्तनाद** खण्डकाव्य : विं सं. २०३९ सालमा प्रकाशित **आर्तनाद** खण्डकाव्य कवि पूर्णानन्द भट्टको अध्यात्म स्वरूपको काव्य हो । प्रकृतिजगत्का माहुरी, अरिंग्याल, मानिस, वनस्पति, पशुपङ्क्षी आदिलाई पात्रको रूपमा प्रयोग गरी उनीहरूका क्रियाकलापलाई विषयवस्तु बनाइएको प्रस्तुत काव्यका अध्यात्मिक चिन्तन प्रस्तुत गरिएको छ । माहुरी, आस्तिक र अरिंग्याल नास्तिक पात्रका रूपमा आएको प्रस्तुत खण्डकाव्यमा मानवका सत्असत् कर्महरूको विवेचना गरिएको र सांसारिक मायामोहमा भुलेर भौतिक सम्पन्नताका पछि लाग्ने नास्तिकहरूले आस्तिकहरूको सुन्दर शान्त संसार भताभुङ्ग पारेर अशान्त पारिदिएको अभिव्यक्ति प्रस्तुत गरिएको छ । भौतिकवादीहरूले शान्तिलाई लखेटेर द्वन्द्व, अशान्तिको स्थापना गरेको प्रकृतिको सुन्दर काखमा सुख, शान्ति र सम्पन्नता भए पनि त्यसको विनास हुँदै गएको र प्राचीन तपोवनी आर्य सभ्यता नष्ट भई भौतिक वादी सहरिया

[१२] शोधनायकबाट प्राप्त जानकारीअनुसार

सभ्यताको विकास भए पनि त्यसमा शान्ति र सम्पन्नता नरहेको कविको अध्यात्मवादी चिन्तन प्रस्तुत काव्यमा व्यक्त भएको छ ।

समुन्नत सभ्यता संस्कृति र विकासका लागि प्रकृति ईश्वर, भौतिक उन्नति तथा मानवताको अनिवार्य आवश्यकता भएको अस्वीकार गरिएको प्रस्तुत काव्यमा मानव समाजका शोषण दमन, हिंसा हत्याको नाङ्गो चित्रण अरिंग्यालका क्रियाकलापका माध्यमबाट गरिएको वर्तमान भौतिकवादी मानव अरिँग्याल नै भएको वास्तविकतालाई काव्यले उद्घाटन गरेको छ । मानवतावाद, ईश्वरीय चिन्तन, भ्रातृत्व, समानता, प्रकृति संरक्षण, तपोवनी आर्य सभ्यताको पुनर्स्थापन, स्वतन्त्रता, विश्वबन्धुत्व, आध्यात्मिक चिन्तन आदि यस काव्यका प्रमुख विशेषता हुन् ।

**वनदेवी** खण्डकाव्य : वि. सं. २०४० सालमा प्रकाशित **वनदेवी** खण्डकाव्य पूर्णानन्द भट्टको प्रकृतिपरक आध्यात्मिक स्वरूपको मौलिक खण्डकाव्य हो । महात्मा र वनदेवीको संवादात्मक अभिव्यक्तिको आधारमा प्रकृति र वनसम्पदाको महत्त्व एवम् त्यसको विगतको सम्पन्नता र वर्तमानको दुरवस्था, प्राकृतिक सम्पदा विनास गर्न मान्छेका स्वार्थी प्रवृतिहरूले पुऱ्याएको क्षति, प्रकृतिक सम्पदाको विनासबाट मानवलगायत सम्पूर्ण प्राणीजगत् वनस्पतिजगत्मा पर्ने प्रभाव आदि विषयमा कविका आध्यात्मिक कोणबाट अभिव्यक्त भावनाहरू काव्यमा प्रस्तुत भएका छन् । प्रकृति ईश्वरीय रचना भएकाले यसको विनास गर्ने अधिकार कसैसँग नरहेको अभिव्यक्ति भएको यस काव्यमा अध्यात्मचिन्तन प्रमुख अभिव्यक्ति भएर आएको छ ।

आस्तिकता, ज्ञानविज्ञान, शान्ति, सम्पन्नताको स्रोत प्रकृति नै हो । प्रकृति ईश्वरीय रचना भएकाले प्रकृतिको संरक्षण ईश्वरीय पूजा हो । स्वतन्त्रता, समानता भ्रातृत्त्व, मानवता, सम्पन्नताको मुहान प्रकृति नै हो । ईश्वरीय संरचना पावन प्रकृतिको संरक्षण मानवीय कर्तव्य हो । वनलाई देवीको रूपमा स्विकारेर अध्यात्मचिन्तन प्रवाह गर्ने यस काव्यमा ज्ञानको स्रोत प्रकृतिलाई मान्दै भनिएको छ :

यिनै झाडी माला रुखमनि मिल्यो ज्ञान सबमा
उजाड्यो रे झाडी तप पनि हरायो शत गुना । १५ ।

(**वनदेवी**, सर्ग ५ पृ. २२)

प्रस्तुत खण्डकाव्यको मूल विषयवस्तु अध्यात्मिक चिन्तन र ब्रह्म प्राप्ति (आत्मिक शान्ति) हो । काव्यमा अभिव्यक्त भावको एउटा उदाहरण :

जहाँ हेऱ्यो उतै पूजा यौटै सत्य छ चम्कने
यौटै ज्योति जगाएको सबैमा ब्रह्म देखिने ।

(**वनदेवी**, पृ. ४१)

**शान्ति मन्दिर** खण्डकाव्य वि. सं. २०४८ सालमा प्रकाशित भएको **शान्ति मन्दिर** खण्डकाव्य पूर्णानन्द भट्टको सबैभन्दा ठूलो खण्डकाव्य हो । आध्यात्मिक स्वरूपको यस खण्डकाव्यमा अतिभौतिकतावादी मानवजाति शान्तिप्राप्तिको लागि तड्पी रहेको तर आफैभित्र भएको शान्ति प्राप्त गर्न नसकेको अभिव्यक्ति पाइन्छ । वास्तविक शान्ति प्राप्त गर्न भौतिक तथा आध्यात्मिक शान्तिको समन्वयात्मक एकता हुनुपर्ने आह्वान गरिएको यस काव्यमा शान्ति प्राप्तिको एउटा उत्तम बाटो आध्यात्मिक चिन्तन मनन पनि भएकाले यसको महत्त्व ज्यादै उच्च रहेको वैचारिक अभिव्यक्ति भएको छ ।

ज्ञानी र योगीको माध्यमबाट समाज राष्ट्र र विश्वमा शान्ति स्थापनको लागि उचित उपाय अभिव्यक्ति गरिएको यस काव्यमा शान्तिसँग सम्बन्धित विविध पौराणिक, ऐतिहासिक, प्रसङ्गहरूका माध्यमबाट शान्तिको आवश्यकता अपरिहार्य भएको ठहर गर्दै व्यक्ति, समाज, राष्ट्र र विश्वको विकास समुन्नतिका लागि शान्ति स्थापना गर्न प्रत्येक व्यक्तिले सक्दो त्याग र योगदान पुऱ्याउनु पर्ने आह्वान गरिएको छ । भौतिक सम्पन्नता मात्र पूर्णता होइन, आध्यात्मिक सम्पन्नता ज्ञान, विवेक, मानवता, परोपकार, ईश्वरीय अस्तित्वविना आत्मिक शान्ति प्राप्त हुन सक्दैन भन्ने धारणालाई स्विकार्दै अध्यात्म (ईश्वर) भौतिकता (धनसम्पत्ति) र मानवता (परोपकार)को त्रिकोणात्मक अन्तरसम्बन्धलाई स्पष्ट पारिएको छ । यसरी प्रस्तुत खण्डकाव्य मानवशरीर रूपी मन्दिरमा शान्तिको स्थापनाको पक्षमा कविको आध्यात्मिक चिन्तनयुक्त खण्डकाव्य बन्न पुगेको छ ।

**शान्ति विज्ञान** महाकाव्य : विं सं. २०५३ मा प्रकाशित **शान्ति विज्ञान** महाकाव्य पूर्णानन्द भट्टको लामो साहित्ययात्राको सफल उपलब्धि हो । आध्यात्मिक स्वरूपको प्रस्तुत महाकाव्य उनकै **शान्ति मन्दिर** खण्डकाव्यमा आधारित विषयवस्तु भएको महाकाव्य हो । आख्यान र पात्रविधान फितलो रहेको प्रस्तुत महाकाव्य बिम्बालङ्कार, भाषाशैली, कवितापक्ष आदि कोणबाट सफल रहेको महाकाव्य हो । व्यक्ति, समाज, राष्ट्र र विश्वमा शान्ति स्थापनको लागि आध्यात्मिक तथा भौतिक शान्तिको समन्वयात्मक एकतामा जोड दिइएको यस महाकाव्यमा शान्ति स्थापनको लागि मानिसले आफूभित्रको अतिभौतिक सम्पन्नताको प्यासलाई आवश्यक मात्रामा सीमित गर्दै त्यसमा आध्यात्मिकताको मिश्रण गरेर प्यास बुझाउनु पर्ने र त्यसमै मानव जातिको कल्याण हुने गहन वैचारिक अभिव्यक्ति प्रस्तुत महाकाव्यमा पाइन्छ । प्रस्तुत महाकाव्यमा धनी र ज्ञानी क्रमशः भौतिकता र अध्यात्मका प्रतीकका रूपमा आएका छन् । यी दुई पात्रहरूका माध्यमबाट शान्ति स्थापनको आह्वान गरिएको छ । प्रस्तुत महाकाव्यमा मानव समाजको अध्ययन पनि यथार्थ रूपमा गरिएको छ । मानव समाजमा हुने शोषण, दमन, हत्या, हिंसायुद्ध आदि दुष्प्रवृत्तिको यथार्थ वर्णन महाकाव्यमा भएको छ ।

### ३.३.२.३ राजनीतिक विषयवस्तु/ स्वरूपका कृतिहरू

**प्रजातन्त्र बालक** : खण्डकाव्य वि. सं. २०५१ मा प्रकाशित भएको हो । पूर्णानन्द भट्टको राजनीतिक विषयवस्तुमा रचिएको प्रस्तुत खण्डकाव्यमा प्रजातन्त्रको महिमागान प्रगातिवादको प्रयोग भएको पाइन्छ । निरङ्कुश राजतन्त्र, राणातन्त्र, प्रजातन्त्र, आदि विभिन्न शासन व्यवस्था देखेभोगेका भट्टका विचारमा सबैभन्दा असल शासन व्यवस्था प्रजातन्त्र नै हो । प्रजातन्त्र स्थापनाका लागि देशका हजारौं सपूतहरूको महत्त्वपूर्ण योगदान रहेको वर्णन गर्दै अमर सहिदहरूको बलिदानले आएको प्रजातन्त्रको संरक्षण, विकासको जिम्मेवारी सम्पूर्ण देशबासीका काँधमा आइपरेको अभिव्यक्ति प्रस्तुत महाकाव्यमा पाइन्छ । प्रजातन्त्र ल्याउने काममा जनताका छोराछोरी मरे तर जनताको लागि प्रजातन्त्र कहिल्यै आएन । राजतन्त्रका हिमायतीहरू, कालाहातहरू सत्ता, न्यायालय, संसद जहीतही छिरे फरियावाद, नातावादले देश तहसनहस पाऱ्यो । भ्रष्टाचारको सीमा रहेन । जनताको चाहना सुकेर गयो । सहिदको त्यागको मूल्य रहेन । विचरा प्रजातन्त्र बालकको बालकै रह्यो । कहिल्यै युवा हुन सकेन उसको जीउँ हृष्टपुष्ट हुन सकेन । प्रजातन्त्रको नाममा नेता भनाउँदा र तिनका चम्चाहरू मोटाए । देशको शरीर जीर्ण भयो । त्यसैले त प्रजातन्त्र बालकै रह्यो । प्रजातन्त्र रक्षाका लागि भ्रष्टहरूको अन्त्यको लागि जनताहरू सचेत भएर एकजुट भइ उठ्नु पर्ने अवस्था आएकाले प्रजातन्त्र रक्षा देशविकास आफ्ना हक अधिकार प्राप्ति तथा सहिदहरूका सपना पूरागर्न, शान्ति स्थापना गर्न मिलेर काम गर्न आह्वान

गरिएको छ । शान्ति र विकासको लागि प्रजातन्त्र मात्र एउटा विकल्प भएकाले प्रजातन्त्र नास्न भाड्न लागि पर्ने तत्त्वहरूबाट सचेत रहन काव्यमा आह्वान गरिएको छ ।

**नानो जात्क** खण्डकाव्य : वि. सं. २०५६ मा प्रकाशित **नानो जात्क** डोटेलीमा लेखिएको तथा हिन्दी अनुवाद भएको गीति खण्डकाव्य हो । राजनीतिक विषयवस्तुको प्रस्तुति रहेको यस काव्यमा राणाशासन काल, पञ्चायत काल, बहुदलीय व्यवस्थामा नेपाली समाज, धर्म, राजनीतिमा देखिएका विकृति विसङ्गतिहरूको यथार्थ चित्रण गरिएको छ । राणाा शासन, पञ्चायती राजतन्त्र, बहुदलीय व्यवस्थामा सत्ता, शासन, प्रशासनको आडमा देश र जनताको शोषणदमन केकसरी भयो, केकस्ता विकृतिहरू आए त्यसबाट देश र जनतालाई कति क्षति भयो आदि विषयको चिरफार काव्यले साह्रै सुन्दर शैलीमा गरेको छ । देशघाती जनघातीलाई चिनेर तिनीहरूलाई कडा सजाय दिन जनताले सचेत रहनुपर्ने आह्वान गरिएको छ ।

नेपाली गाउँबस्तीका गरिब, अशिक्षित जनताहरूलाई राणाकालमा काले भालु, ठिणे भालु, बाघ र साँढेहरूले शोषण दमन गरेर आतङ्कित पारे । पञ्चायत कालमा सिंह, स्याल, बानरहरूले शोषण दमन गरेर आतङ्कित पारे बहुदलीय व्यवस्थामा त्यस व्यवस्थाका जिम्मेवार हौं भन्नेहरूले सेतो पगडी बाँधेका काला धामी, पुजारी, भण्डारे तथा राजतन्त्रका सिंह, स्याल, बानर, सबै मिली शोषण दमन गरे तर अब यी काला पुजारी, भण्डारे, धामीहरूलाई चिन्नु पर्ने सिंह, स्याल, बाघ, बानरहरूलाई लखेट्नु पर्ने बेला आएकोले सतर्क बस्न जनताहरूलाई आह्वान गरिएको छ । राष्ट्रवादी, जनपक्षीय, विकास निर्माण गर्ने योग्य सक्षम व्यक्तिहरूलाई देश निर्माणको जिम्मा दिनुपर्ने आह्वान काव्यमा गरिएको छ ।

प्रस्तुत काव्य कविको राष्ट्रवादी विचार धाराको प्रबलता भएको सामाजिक, राजनीतक विषयको सशक्त अभिव्यक्तियुक्त काव्य हो ।

## ३.४ पूर्णानन्द भट्टको साहित्य यात्राको मूल्याङ्कन

सुदूर ग्रामीण क्षेत्रमा जन्मिएका पूर्णानन्द भट्ट (१९९०) नेपाली साहित्यको एक सफल व्यक्तित्व हुन् । फुटकर कविता, खण्डकाव्य, चम्पूकाव्य तथा महाकाव्य रचना गर्नाका साथै अनुवाद र समीक्षामा पनि कलम चलाउने व्यक्तित्वका रूपमा उनी देखा पर्दछन् । उनको साहित्य यात्रा दस एघार वर्षको उमेरदेखि सुरु भएर हालसम्म निरन्तर चलिरहेको छ । साहित्य लेखनमा उनको परिवारको वातावरण वंशपरम्पराको प्रभाव शिक्षादीक्षा, युगीन प्रभाव, साहित्यका महारथिहरूसँगको उठबस आदिको निकै सकारात्मक प्रभाव परेको पाइन्छ । ब्राह्मण परिवारमा जन्मिएका भट्टको साहित्यलेखनमा परिवारको निकै सकारात्मक प्रभाव परेको पाइन्छ । उनका बाबुबाजेहरू संस्कृतका ज्ञातापठित व्यक्ति भएकाले त्यसको प्रभाव उनमा पनि पऱ्यो । उनको वंशमा बेलाबेलामा जन्मिएका कविहरूमध्ये कवि जयदेव भट्टका कविताको प्रभाव उनमा निकै गहिरो गरी पऱ्यो । जसले उनलाई बाल्यकाल देखि नै कविता लेख्न प्रेरित गरायो । उनले प्राप्त गरेको संस्कृत शिक्षा अङ्ग्रेजीको अध्ययन तथा विविध भाषाहरूको स्वाध्यायनले पनि साहित्यलेखनमा सकारात्मक प्रभाव पऱ्यो । राणाशासनकालमा जन्मीहुर्केका पञ्चायत तथा बहुदलीय व्यवस्था, निरङ्कुश राजतन्त्र राणातन्त्र आदिको शासनव्यवस्था देखे भोगेका हुनाले त्यसको प्रभाव उनका साहित्यमा पर्नु स्वभाविक नै हो । युद्धजनित विश्व परिवेशको प्रभाव उनका साहित्यमा परेको छ । नेपाली साहित्यका महारथिहरू बालकृष्ण सम, धरणीधर कोइराला, वी. पी. कोइराला, माधव घिमिरे, मोहन कोइरालाहरूसँगको परिचय उठबस घनिष्टताले उनको साहित्यलेखन, सुधार परिमार्जन निकै सकारात्मक भूमिका खेलेको पाइन्छ । नेपाली साहित्यका महारथि

लक्ष्मीप्रसाद देवकोटा तथा लेखनाथ पौड्यालका काव्यकृतिहरूको प्रभाव उनमा गहन रूपले परेको छ । खासगरी देवकोटेली कल्पना शैली तथा पौड्यालको लेखन शैलीको प्रभाव उनमा परेको छ । गद्य साहित्यतिर खासै कलम नचलाएका पूर्णानन्द भट्टको एउटा चम्पूकाव्य प्रकाशित भएको छ । यस चम्पूकाव्यमा प्रयुक्त गद्यको स्तर परिष्कृत र उच्च हुन सकेको छैन । आलङ्कारिक भाषाप्रयोग, उपयुक्त शब्दहरूको यथेष्ट प्रयोग हुनु, दृढ कथावस्तुको प्रयोग, चरित्रचित्रणमा सफलता, प्रकृति चित्रण सबल हुनु, समाजको यथार्थ चित्रण, गरिब, अशिक्षित किसान वर्गको हक अधिकारका पक्षमा दरो आवाज आदि सकारात्मक पक्षहरूले यसको स्तर झर्नबाट जोगाइ मध्यम स्तरीय काव्य श्रेणीमा पर्न सफलता दिएको छ ।

जे होस् उनी पद्य कवि हुन् त्यसमा उनलाई निकै सफलता प्राप्त भएको छ । उनका साहित्यहरूमा विभिन्न साहित्यिक वादहरूको प्रयोग भएको छ । उनको लेखनमा आदर्शवाद, प्रगतिवाद, स्वच्छन्दतावादको प्रभाव परेको छ । **शान्ति मन्दिर**, **शान्ति विज्ञान**, **आर्तनाद**, **वनदेवी**, आदि कृतिमा आध्यात्मिक दर्शन, ईश्वरविषयक विषयवस्तु भौतिक दर्शन आदिको प्रस्तुति प्रमुख रूपमा भएकाले आदर्शवादको प्रभाव परेको छ । उनका खण्डकाव्य **प्रजातन्त्र बालक** र **नानो जात्क**मा समाजसुधारको चेतना पाइन्छ । प्रजातन्त्र, मानवअधिकार, आधुनिक चिन्तन, विज्ञानसम्मत दर्शनको अभिव्यक्ति भएकाले यी कृतिहरूमा प्रगतिवादको प्रभाव परेको छ । उनका सबैजसो कृतिहरूमा स्वच्छन्द लेखनशैली, कल्पनाको प्राचुर्यता, पात्रहरूको स्वच्छन्द प्रयोग, प्रकृतिको चित्रण आदि स्वच्छन्दतावादी विशेषताहरू पाइनाले स्वच्छन्दतावादको प्रयोग भएको देखिन्छ । प्रकृतिको तन्मय र मन्मय चित्रण गर्नामा कवि निकै सफल रहेका छन् । उनको प्रकृति चित्रण निकै सबल र सफल रहेको देखिन्छ ।

पूर्वीय काव्यशास्त्रीय मान्यताहरूको पालना उनका कविता काव्यमा अधिक मात्रामा भएको छ । केही कृतिहरूमा आख्यानप्रयोग र पात्रविधान स्वच्छन्द र स्वतन्त्र रहेको पाइन्छ ।

पूर्णानन्द भट्टको साहित्ययात्राको थालनी फुटकर कविताबाट भएर खण्डकाव्य, चम्पूकाव्य हुँदै महाकाव्यसम्म पुगेको भए तापनि सार्वजनिक साहित्ययात्रा खण्डकाव्यबाट सुरु भएर फुटकर कविता तथा महाकाव्य खण्डकाव्यको क्रममा चालु रहेको छ । यस्तो क्रमले उनको साहित्य यात्राको कालत्रमिक विभाजनमा असहजता ल्याएको छ । डोटेलीका शब्दको अधिक प्रयोग, हिन्दीका आगन्तुक शब्दको अधिक प्रयोग, अङ्ग्रेजी भाषाका शब्दको न्यून प्रयोग, संस्कृत तत्सम शब्दको प्राचुर्य, डोटेली भाषिकाको प्रयोगपछि उनको साहित्यलेखनमा प्रयुक्त भाषिक विशेषता हुन् ।

पूर्णानन्द भट्टका काव्यमा प्रयुक्त आख्यान उत्पाद्य तथा मिश्रित स्रोतमा आधारित रहेको छ । **शान्ति मन्दिर**, **शान्ति विज्ञान** आदि काव्यमा मिश्रित स्रोतका आख्यान प्रयुक्त छ भने अन्य कृतिमा मौलिक वा उत्पाद्य आख्यानको प्रयोग भएको छ । उनले आफ्ना काव्यहरूमा शार्दूलविक्रीडित, शिखरिणी, भुजङ्गप्रयात, अनुष्टुप्, स्रग्धरा, मालिनी आदि शास्त्रीय छन्दको सहज एवम् सफल प्रयोग गरेका छन् । उनका कविता काव्यमा प्रयुक्त बिम्बअलङकार प्रतीकहरू प्रायोजित भन्दा सहज, स्वस्फूर्त र सान्दर्भिक रहेका छन् । उनका काव्यमा प्राकृतिक, सामाजिक, सांस्कृतिक, राजनैतिक आदि विविध क्षेत्रका बिम्ब, प्रतीकहरूको प्रयोग भएको छ । स्वतन्त्र सर्गविधान, आवश्यक उचित आयामको प्रयोग भएका उनका काव्यमा शान्त, शृङ्गार, वीर, करुण, रौद्र आदि रसको प्रयोग शिष्ट र उपयुक्त किसिमले भएको छ ।

उनका रचनाहरूमा समाजसुधार, देशभक्ति, समानता, स्वतन्त्रता, विश्ववन्धुत्व, प्रजातन्त्र, मानवता, शान्ति तथा प्राचीन आर्य अतीतको महिमा गान गाएको देखिन्छ ।

सामाजिक शोषण, दमन, हत्याहिंसा, बलात्कार, निरङ्कुशता आदिको सशक्त विरोध उनका काव्यकृतिको वैशिष्ट्य हो । ग्रामीण किसानको उन्नतिका पक्षमा वकालत गर्दै नेपाली ग्रामीण बस्तीका अधिकार, समानता, स्वतन्त्रता, उन्नतिका पक्षमा जोड दिइएको छ । पवित्र प्रेम अपराजेय हुने र त्यसका विपक्षमा नलाग्न काव्यमा आह्वान गरिएको छ । शान्ति विकास, समुन्नतितर्फ राष्ट्रसेवकहरूले सक्रिय भएर लाग्न आह्वान गरिएको छ । विश्वशान्ति र मानवकल्याणका लागि आध्यात्मिक चिन्तन आवश्यक भएको वैचारिक अभिव्यक्ति उनका **शान्ति विज्ञान** महाकाव्य र **शान्ति मन्दिर** खण्डकाव्यमा पाइन्छ । प्राचीन आर्य संस्कृति र सभ्यताको महिमा गान तथा त्यसको पुनर्स्थापनाका पक्षमा उनका काव्यले दह्रो अभिव्यक्ति दिएका छन् । वैचारिक अभिव्यक्तिको सशक्त प्रस्तुतिका कारणले उनका कविता काव्य निकै वजनदार र गहन बन्न सफल भएका छन् ।

यिनै विभिन्न आधारमा कवि पूर्णानन्द भट्टको साहित्ययात्रा सफल, सबल, सशक्त रहेको र नेपाली साहित्यको कविता काव्यका क्षेत्रमा उनको योगदान अति महत्त्वपूर्ण र उच्च रहेको स्पस्ट हुन्छ ।

## ३.५ निष्कर्ष

बाल्यकालदेखि नै सिर्जनात्मक अभिरुचि र क्षमता भएका पूर्णानन्द भट्ट गाउँघरको साहित्यिक वातावरण, आफ्ना पूर्वज कवि जयदेव  भट्टका कविताबाट प्रभावित भएर दस वर्षको उमेरदेखि नै साहित्य लेखनमा लागेका हुन् । उनको साहित्यलेखनको प्रेरणा स्रोत कवि जयदेव भट्ट हुन् भने लेखन निरन्तरताको प्रेरणा बी. पी, बालकृष्ण सम, धरणीधर आदि हुन् । फुटकर कविता लेखनबाट साहित्य यात्राको थालनी गरेका भट्टले प्रशस्त फुटकर कविता, खण्डकाव्य, चम्पूकाव्य तथा महाकाव्य लेखेका छन् । नेपाली साहित्यको उन्नतिमा योगदान पुऱ्याएका छन् । उनको प्रथम प्रकाशित कृति **अभिशाप** २०३६ खण्डकाव्य तथा पछिल्लो पटक प्रकाशित कृति **नानो जात्क** २०५६ हो । **शान्ति विज्ञान** महाकाव्यसहित एघारवटा कृतिहरू प्रकाशित भइसकेका भट्टको साहित्ययात्रालाई कृतिको प्रकृति विषयवस्तुको स्रोतस्वरूप र कालगत आधारमा विभाजन गरी अध्ययन गर्न सहज र उपयुक्त हुने हुँदा सोही अनुसार दुई चरणमा विभाजन गरिएको छ :

१) नेपथ्यकाल/अभ्यासिक चरण

२) प्रकाशन काल/सार्वजनिक चरण

उनको अभ्यासिक चरण/नेपथ्यकालका कृतिहरू उपलब्ध छैनन् भने प्रकाशन काल/सार्वजनिक चरणमा एघारवटा कृतिहरू प्रकाशित भएका छन् । उनका कृतिहरूको विषयवस्तुको स्वरूप हेर्दा सामाजिक, आध्यात्मिक एवम् राजनैतिक तीन स्वरूपका देखिन्छन्  । उनका सामाजिक स्वरूपका कृतिहरूमा **अभिशाप**, **डोटली लोकलहर**, **कविता तरङ्ग**, **गाउँकला** र **विलापी**  आदि कृतिहरू पर्छन् भने आध्यात्मिक स्वरूपका कृतिमा **आर्तनाद**, **वनदेवी**, **शान्तिमन्दिर** र **शान्तिविज्ञान** पर्दछन् । राजनीतिक स्वरूपका कृतिमा **प्रजातन्त्र बालक** र **नानो जात्क** पर्छन । नेपाली साहित्यको विकासमा महत्त्वपूर्ण योगदान पुऱ्याउने भट्टको साहित्ययात्रा साँढे चारदशक भन्दा बढी लामो र उपलब्धि पूर्ण रहेको छ ।

# चौथो परिच्छेद

# पूर्णानन्द भट्टका कृतिहरूको अध्ययन

## ४.१ विषयप्रवेश

नेपाली साहित्यको श्रीवृद्धिका लागि अमूल्य योगदान पुऱ्याउने सफल स्रष्टाहरूमध्ये पूर्णानन्द भट्ट एक हुन् । साढे चार दसक लामो साहित्यसेवा गरिसकेका भट्टले नेपाली साहित्यको कविता विधा, अनुवाद साहित्य एवम् समालोचना क्षेत्रमा कलम चलाए पनि उनको मूल लेखनक्षेत्र कविता विधा नै हो । कविताफाँटमा पनि उनी पद्य कवि हुन् । दुईवटा फुटकर कवितासङ्ग्रह, सातवटा खण्डकाव्य, एउटा चम्पूकाव्य तथा एउटा महाकाव्य लेखन प्रकाशन गरिसकेका भट्टको साहित्ययात्रा फुटकर कविताबाट थालिएको भए पनि उनको सार्वजनिक साहित्ययात्रा खण्डकाव्यबाट सुरु भयो । उनको प्रथम प्रकाशित खण्डकाव्य **अभिशाप** (२०३६) हो भने पछिल्लो प्रकाशित कृति **नानो जात्क** (२०५६) खण्डकाव्य हो । प्रस्तुत परिच्छेदमा उनका फुटकर कविता, खण्डकाव्य, चम्पूकाव्य तथा महाकाव्यहरूको विश्लेषण फुटकर कविता खण्डकाव्य, चम्पूकाव्य तथा महाकाव्यको तत्त्वहरूका आधारमा गरिएको छ :

## ४.२ 'कवितातरङ्ग' कवितासङ्ग्रहको अध्ययन

### ४.२.१ प्रकाशन

कवि पूर्णानन्द भट्टको कवितासङ्ग्रह **कवितातरङ्ग** २०३९ सालमा प्रकाशित भएको कृति हो । प्रस्तुत कृति प्रकाशनु हुनुपूर्व उनका **अभिशाप**, **डोटेली लोकलहर**, **आर्तनाद** आदि कृतिहरू प्रकाशित भएका छन् । प्रस्तुत कृतिमा प्रकाशित कविताहरू उच्चस्तरीय, मध्यम र निम्न मध्यम रहेका छन् । विभिन्न व्यक्ति तथा सङ्घसंस्थाहरूको आर्थिक सहयोगमा प्रकाशित प्रस्तुत कृतिको प्रकाशक कवि पूर्णानन्द भट्ट बडाखेत, जोरायल, डोटी से. अ. हुन् । समीक्षार्थ प्राप्त कवितासङ्ग्रहको उत्तर भागको केही पानाहरू च्यातिएको अवस्थामा रहेकाले यस सङ्ग्रहका एक दुई वटा कविताहरू समीक्षामा पर्न सकेका छैनन् ।

### ४.२.२ शीर्षकविधान

प्रस्तुत कवितासङ्ग्रहभित्र प्राप्त ३० वटा कविताहरू विभिन्न शीर्षकमा सङ्गृहीत छन् । यसमा सङ्गृहीत कविताहरूका शीर्षक यस प्रकार छन् :

(१) लाल, (२) कमलफूल, (३) चोखी दमिनी, (४) जालको माहुरी, (५) चटुवा र बटुवा, (६) मधुर वेला, (७) म गरिब शिशु, (८) धानको बुटा, (९) दो ढुङ्गे तरुल, (१०) दुव्लो गार्ड, (११) ठुटे विकासको पुत्र, (१२) जुको, (१३) विषको खोजी, (१४) साहित्यको वेग, (१५) डाँफे चरा, (१६) मनवीर, (१७) सर्प, (१८) कुकुर, (१९) गङ्गा खोला वाद विवाद, (२०) दे माण्डौ, (२१) लाली चरो, (२२ भैसे कोटमा भुषण सभा, (२३) मानवता कराएको, (२४) हत्याको भावी धन, (२५) राँको, (२६) स्वर्गमा पिँजराको चरा, (२७) कोइली र सुगा, (२८ उखान, (

२९) राम महिमा, (३०) पतिव्रता नारी आदि । उपयुक्त कविताहरूको शीर्षकहरूको पदवर्ग तथा शब्दार्थ यस प्रकार रहेको छ :

| **शीर्षक** | **पदवर्ग** | **शब्दार्थ** |
|---|---|---|
| लाल | विशेषणंपद | रातो |
| कमल फूल | नामंपद | - |
| चोखी दमिनी | वि.ना.ंप. (स्त्री) | - |
| जालको माहुरी | नापंविभक्तिंनाप | - |
| चटुवा र वटुवा | विपंसंयो.ंनाप | - |
| मधुर वेला | विप.ंनाप | - |
| म गरिब शिशु | सर्वनामंविपंनाप | - |
| धानको बुटा | नापंविभक्तिंनाप | - |
| दोढुङ्गे तरुल | विप.ंनाप | समस्याग्रस्त |
| दुब्लो गाई | विपंनाप | - |
| ठुटे विकासको पुत्र | विपंनापंविभक्तिंनाप | - |
| जुको | नाप | शोषक |
| विषको खोजी | नापंविभक्तिंक्रिप | |
| साहित्य वेग | नाप | |
| डाँफे चरा | नापंनाप | |
| मनवीर | नापंविप | |
| सर्प | नाप | |
| कुकुर | नाप | |
| गङ्गा खोला वादविवाद नाप | नापंक्रिप | |
| देमाण्डौ | नाप | |
| लाली चरो | नाप | |
| भैंसे कोटमा भूषण सभानाप | विभक्तिंनाप | |
| मानवता कराएको | विप | |
| हत्याको भावीधन | नापंविभिक्तंनाप | |
| राँको | नाप | |
| स्वर्गमा पिजराको चरा | नापंविभक्तिंनापंविभक्तिंनाप | |
| कोइली र सुगा | नापंसंयोजनंनाप | |
| उखान | नाप | |
| राम महिमा | नाप | |
| पतिव्रता नारी | विपंनाप | |

प्रस्तुत शीर्षकहरूको विषयवस्तुसँग उपयुक्त सम्बन्ध रहेको देखिन्छ । 'लाल'कवितामा लाल शब्दको अर्थलाई देशभक्तहरूसँग जोडेर हेरिएको छ । 'कमल फूल'मा कमलको फूल र सुन्दरीबीच साम्यता देखाउँदै कमलको फूल कसैले सदुपयोग नगरी दिएकोमा आफै लज्जित भएको प्रसङ्ग दिइएको छ ।

'चोखी दमिनी' कवितामा रगत चल्ने तर भात नचल्ने हिन्दू समाजलाई झटारो हानिएको छ । 'जालको माहुरी' मा वनमा माकुराको जालमा फसेको माहुरी र सांसारिक जालमा फसेको मानिसको साम्यता देखाइ अभिव्यक्ति प्रस्तुत गरिएको छ । 'चटुवा र वटुवा'मा भौतिकताका पछि दगुर्ने चटुवा तथा आध्यात्मिक खोजमा हिडेको बटुवाको वादविवाद अभिव्यक्त भएको छ । 'मधुर वेला' मा कविहरूको मधुर वेला कविताकाव्यरचना गरेको समय मात्र हो भन्ने अभिव्यक्ति पाइन्छ । 'म गरिब शिशु'मा गरिब बालक आमाको ममतामा हुर्केर ठूलो भएपछि विदेश गएर धन कमाइ सम्पन्न बन्ने र आमालाई खुशी पार्ने कल्पनात्मक भाव अभिव्यक्त भएको छ । 'धानको बुटा'मा रूखको सेप परेर धानखेत सप्रन नपाएझैँ गरिबवर्ग पनि सामन्त शोषकको सेपमा परेर सप्रन नपाएको अभिव्यक्ति छ । 'दोदुङगे तरुल' कवितामा दुई ढुङ्गाबीचको तरुलको दुखेसो व्यक्त भएको छ । स्वतन्त्रताविहीन जनताको मर्म यस कवितामा अभिव्यक्त भएको छ । 'दुब्लो गाई' कवितामा गाईको स्वास्थ्य कमजोर रहेको तर कामातुर बहर र साँढेहरूले गाईलाई दाब्न नछाडेको दुखेसो व्यक्त भएको छ । देशलाई गाई तथा सामन्त, पञ्च, राजा, शोषकहरूलाई साँढे र बहरको बिम्ब दिएर उनीहरूले राष्ट्रको बलात्कार, शोषण, दमन गरेको अभिव्यक्ति दिइएको छ ।

'ठुटे विकासको पुत्र' कवितामा देशविकासलाई शासक (पञ्चहरू, राजा) ले तुहाएर विकासका नाममा शोषण गरेको गुनासो छ । 'जुको' कविता शोषक सामन्त वर्गप्रति तीव्र व्यङ्ग्य प्रहार हो । जुकाहरूले गरिब वर्ग (गाउँघर, सहर जहाँका पनि) को शोषण गरेको प्रसङ्ग छ । 'विषको खोजी' कविताका दुष्ट छिमेकीसँगको उठबस, ऋणले ग्रस्त गरिब, शोषक चाटुकार मित्रहरू भएको व्यक्ति, दुष्ट स्त्रीको श्रीमान्, कुपुत्रको पिता भित्री अङ्गमा बिमार भएको व्यक्ति आदिको उपयुक्त औषधी विष हो भन्ने तर्क दिइएको छ । 'साहित्य वेग' कवितामा साहित्यकारहरूले सत्यम् शिवम् सुन्दरम्का पक्षमा लाग्नु पर्ने ज्यान गए पनि असत् पक्षमा कविको कलम नचल्ने दृढ प्रतिज्ञा गरिएको छ । 'डाँफे चरा' कवितामा सिकारी हत्याराहरूले निष्पाप सुन्दर डाँफे पंक्षीको हत्या गरेर वंशविनाश गर्ने कुकर्मको निन्दा गरिएको छ र प्रकृति वनस्पति, पशुपंक्षी रक्षाको आह्वान गरिएको छ । 'मनवीर' कवितामा आजका स्वार्थी मानवका शारीरिक अङ्गप्रत्यङ्गहरू पनि स्वार्थी हुँदै गइरहेको मेनुका सन्तानका आँखा, कान, हात, खुट्टा आदि पहिले जस्तो पौरखी नरहेको दुखेसो व्यक्त भएको छ ।

'सर्प' कवितामा सर्पका दुर्गुणहरूको वर्णन गर्दै सामाजिक सर्पहरू (शोषक सामन्त) को शोषण गर्ने प्रवृत्तिको निन्दा पाइन्छ भने 'कुकुर' कवितामा समाजका कुकुरहरूसँग सचेत भएर बस्न आह्वान गरिएको छ । कुकुरालय जाँदा लठ्ठी लिएर जानु र कुकुरको विश्वास कहिल्यै नगर्नु भन्ने तीव्र व्यङ्ग्य प्रंहार गरिएको छ । 'गङ्गा, खोला, वादविवाद' कवितामा खोला तथा गङ्गा नदीको वादविवाद परेको समुद्र कहाँ मुद्दा पुगेको र समुद्रले हामी सबै एउटै आमाका सन्तान भएकाले सबैको अधिकार र सम्मान बराबर भएको न्याय सुनाएको प्रसङ्ग छ । 'देमाण्डौ' कविता डडेल्धुरा जिल्लाको सदरमुकामबाट उत्तर दिशातिर ४ कि. मी. टाढा अवस्थित प्रसिद्ध तीर्थस्थल 'उग्रतारा' मन्दिर क्षेत्रका विषयमा लेखिएको छ । 'लाली चरो' कविता वि. सं. २०३४ साल माघ १२ गतेका दिन डोटी जिल्ला घण्टेश्वर गा. वि. सं.मा पर्ने गैरा बजारस्थित कविको पसल (घर) ट्रकले ठक्कर हानेर भत्काउँदा उनका मनमा आएका करुण भावहरूको सार्वजनिकीकरण हो । गरिब वर्गले आफ्नो सम्पत्ति गुमाउँदा पनि सम्पत्ति रक्षा र क्षतिपूर्तिका लागि कही कतैबाट पनि सहयोग नपाएको अभिव्यक्तिः यसमा भएको छ । 'भैँसे कोटमा भूषण सभा' कवितामा बोक्रे शैक्षिक प्रमाणपत्र,

महङ्गा पोशाक र चाँदी मोहरले साहित्य मण्डलीलाई हाँकिरहेको तीतो सत्यप्रति व्यङ्ग्य गर्दै कविता गोष्ठीमा प्रतियोगीका रूपमा भैँसीलाई सिँगारेर लैजाने कविको योजनाका विषयमा अभिव्यक्तहरू आएका छन् । 'मानवता कराएको' कवितामा मानवताको ह्रास भएकोमा कवि दुःखित भएको अभिव्यक्ति पाइन्छ भने 'हत्याको भावी धन' कवितामा भौतिकतावादी संसारमा विद्या, साहित्य, कलाभन्दा धन ठूलो भएकाले धन कमाएर नाम राख्न सल्लाह दिनेहरूलाई व्यङ्ग्य गर्दै आफूले लेखेका कविताहरू जलाउँदा 'ब्रह्महत्या' लाग्ने हुँदा हत्या ठूलो अपराध भएकाले धनका पक्षमा नलाग्ने जवाफ दिइएको छ ।

'राँको' कवितामा कविले साहित्यरूपी प्रकाशले अज्ञानीहरूमा चेतना भर्नुपर्ने आह्वान गरिएको छ । 'स्वर्गमा पिँजराको चरा'मा भौतिक सम्पन्नताको पछि लागेर सुख खोज्नेहरूको दुर्दशा हुने हुँदा ईश्वरीय खोजका लागि मुक्तिको मार्ग खोल्न आह्वान गरिएको छ । 'कोइली र सुगा' कवितामा काली वनमा बस्ने कोइली र सुगा बीच भएको संवाद आएको छ । दुष्ट मानवजातिले आफ्नो वंश विनाश गर्न लागेको कोइलीको दुःख पुकारमा सुगाले तिम्रो हाम्रो मधुर स्वरको महत्त्व बुझ्नेहरू आएर हाम्रो रक्षा गर्ने छन् भनी सान्त्वना दिएको प्रसङ्ग वर्णन भएको छ । 'उखान' कवितामा आफू मरे डुमै राजा भन्ने उखानलाई विषय सन्दर्भ बनाएर देशको भलो नचाहने स्वार्थी दुष्प्रवृत्ति त्यस्ता व्यक्ति देशका लागि घातक भएकाले सचेत रहन आह्वान गरिएको छ । 'राम महिमा' कवितामा भगवान राम र उनको शासनकालको महिमागान गर्दै राम नाम जप्न र सद्गुणी बन्न भनिएको छ । 'पतिव्रता नारी' कवितामा नारीको पतिव्रत्यको महिमा गाउँदै पतिहरूले पनि पतिव्रतापति जवाफ देही रहन सल्लाह दिइएको छ ।

प्रस्तुत कवितासङ्गहभित्रका कविताहरूको शीर्षक विषयवस्तु सापेक्ष सान्दर्भिक र उपयुक्त रहेको देखिन्छ । कविको मनका तरङ्गहरू कविता भएर तरङ्गित हुँदा प्रस्तुत कवितासङ्ग्रहका कविताहरू रचिएको भन्ने अर्थ र सन्दर्भमा यस कवितासङ्ग्रहको शीर्षक कवितातरङ्ग उपयुक्त रहेको छ ।

## ४.२.३ संरचना

प्रस्तुत कवितासङ्ग्रहका कविताहरू द्विपदी (अनुष्टुप्) र चतुष्पदी (शार्दूलविक्रीडित, शिखरिणी आदि) श्लोक ढाँचाका शास्त्रीय छन्दमा रचना गरिएका छन् । न्यूनतम दुई श्लोक (विषको खोजी' 'धानको बुटो'जस्ता) कविता तथा अधिकतम ३६ श्लोक ('गङ्गा, खोला वाद विवाद') सम्मको श्लोकगत आयाममा विस्तारित भएका छन् ।

लघु आकारको प्रस्तुत कवितासङ्ग्रह ४४ पृष्ठको (प्राप्त) आयाममा विस्तारित छ । प्रस्तुत कविताहरूको बाह्य तथा आन्तरिक संरचना निकै सफल रहेको छ । यस सङ्ग्रहका कविताहरू प्रायः जसो तृतीय पुरुषप्रधान (कविनिबद्धवक्तृप्रौढोक्ति) कथन शैलीमा कथिएका छन् । केही कविताहरू प्रथमपुरुषप्रधान (कविप्रौढोक्ति) कथनढाँचामा कथिएका छन् । प्रस्तुत सङ्ग्रहका केही कविताहरूमा संवादात्मकता तथा नाटकीयता पाइन्छ भने केही कविताहरूमा एकालापीय शैली प्रयुक्त भएको छ । राष्ट्रियता, राष्ट्रभक्ति, समाजसुधार, मानवीय चेतना विकास समानता, स्वतन्त्रता, मानवता, बन्धुत्वका पक्षमा रचिएका कविताहरू शोषण, दमन, हत्या, हिंसा, सामाजिक विकृति, राजनैतिक अपराधका विपक्षमा सशक्त आवाज उठाइएका सफल कविताहरू हुन् । प्रस्तुत सङ्ग्रहका कविताहरूको अध्ययन गर्दा यी कविताहरूमा परिष्कारको निकै कमी रहेको देखिन्छ ।

### ४.२.४ लयविधान

पूर्णानन्द भट्ट पद्य कवि भएकाले उनका कविता/काव्यहरू शास्त्रीय छन्दमा संरचित छन् । द्विपदी (अनुष्टुप) र चतुष्पदी (शिखरिणी, शार्दूलविक्रीडित आदि) श्लोकढाँचाका शास्त्रीय छन्दमा रचिएका प्रस्तुत कविताहरूमा शास्त्रीय लय नै रहेको छ । साङ्गीतिक पूर्णता भएका प्रस्तुत कविताहरूको छन्दगत विवरण यस प्रकार रहेको छ :

| छन्द/लय | कवितासङ्ख्या | श्लोक सङ्ख्या |
|---|---|---|
| शार्दूलविक्रीडित | १८ | ८४ |
| शिखरिणी | २ | ०८ |
| भुजङ्गप्रयात | ३ | १९ |
| अनुष्टुप | ५ | ६६ |
| स्रग्धरा | १ | २ |

पाँचवटा छन्दको प्रयोग भएको प्रस्तुत सङ्ग्रहभित्र ३० वटा कविताका १७९ श्लोकहरू रहेका छन् । साङ्गीतिक लयप्रवाह उच्च रहेको यस सङ्ग्रहको लयविधान सफल रहेको छ ।

### ४.२.५ भाषाशैली

प्रस्तुत कवितासङ्ग्रह भित्रका कविताहरूको वर्णयोजना स्तरमा अन्त्यानुप्रासको प्रयोगले श्रुतिमाधुर्य थपेको छ । छोटा सरल शब्दप्रयोग, शास्त्रीय लय (द्वपदी तथा चतुष्पदी)को गण संरचना प्रवाहमय हुनु, केही मात्रामा हिन्दी तथा डोटेली भाषिकाका शब्द प्रयोग हुनु, डोटी, डडेल्धुराको धार्मिक तथा स्थानीय परिवेशलाई कविताको विषयवस्तु बनाइनु, साधारण पाठक तथा पठित सबैका लागि उपयुक्त, पठनीय बोधगम्य हुनु, व्याकरणात्मक पदक्रम विचलन हुनु यसका भाषाशैलीका विशेषता हुन् ।

कवितामा प्रयुक्त उखान टुक्का, डोटेली शब्द प्रयोग, थेगोहरूको प्रयोग आदिले भाषाशैली पक्षमा सुन्दरता थपेको छ । प्रस्तुत कवितासङ्ग्रहको भाषाशैली स्तरीय र उच्च रहेको छ ।

### ४.२.६ कथनपद्धति

प्रस्तुत कवितासङ्ग्रहभित्रका कविताहरू 'लाल, कमलफूल, चोखी दमिनी, चटुवा र वटुवा, मधुर बेला, धानको वुटा, दुब्लो गाई, ठुटे विकास पुत्र, जुको, विषको खोजी, साहित्य वेग, मनवीर, सर्प, कुकुर, गङ्गा खोला वादविवाद, देमाण्डौ, मानवता कराएको, स्वर्गमा पिजराको चरा, कोइली र सुगा, राम महिमा आदि कविताहरूमा तृतीयपुरुषप्रधान ( कविनिबद्धवक्तृप्रौढोक्ति) कथन ढाँचाको प्रयोग भएको छ ।

जालको माहुरी, म गरिब शिशु, डाँफे चरा, लाली चरो, भैँसेकोटमा भूषण सभा, हत्याको भावीधन, राँको, तथा उखान कवितामा प्रथमपुरुषप्रधान (कविप्रौढोक्ति) कथनढाँचाको प्रयोग भएको छ । प्रस्तुत कविताहरूमा संवादात्मकता तथा एकालापीय शैलीको प्रयोग भएको छ । खण्डीय तथा स्वतन्त्र बुनोट भएका कविताहरू कथनपद्धतिका कोणले हेर्दा निकै सफल रहेका छन् ।

## ४.२.७ केन्द्रीय कथ्य तथा भावविधान

प्रस्तुत कवितासङ्ग्रहका कविताहरूको वैचारिक पक्ष सशक्त रहेको छ । देशभक्ति, प्रकृतिप्रेम, सामाजिक सुधार, शोषण, दमनको विरोध, कविको जीवनमा घटेका घटनाको सार्वजनिकीकरण, आध्यात्मिक चेतना प्रदान गर्नु, राष्ट्रराष्ट्रियता, समानता, स्वतन्त्रता, भ्रातृत्व, मानवाधिकार, मानवकल्याणका पक्षमा जोड दिनु नै प्रस्तुत कविताहरूको केन्द्रीय कथ्य हो । प्रस्तुत कवितासङ्ग्रहका कविताहरूमा वैचारिक तथा व्यङ्ग्यात्मक अभिव्यक्ति सशक्त रहको छ । एउटा उदाहरण हेरौँ :

ती रोटी भात पाएका बेलामा मात्र तृप्त छन् ।

नपाए कल्पना गर्दै विष्टामा मग्नमस्त छन् ।

(कवितातरङ्ग : पृ. १७) ।

**कवितातरङ्ग**भित्रका कविताहरूमा शृङ्गार, करुण, शान्त, रौद्र आदि रसहरूको प्रयोग भएको छ । केही कविताहरूमा रस परिपाकमा पुगेको छ भने केहीमा रस परिपाकमा पुग्न सकेको छैन । प्रस्तुत कविताहरूमा प्रयुक्त रसभावहरूमा केही स्थानमा आलम्बन, उद्दीपन, व्यभिचारीभाव, सञ्चारी भावहरूको समन्वय भएको छ भने केही स्थानमा हुन सकेको छैन । यस कवितासङ्ग्रहको भाव पक्ष सामान्यतया सफल रहेको छ ।

## ४.२.८ बिम्बविधान तथा अलङ्कार प्रयोग

कवितासङ्ग्रहका कविताहरूमा प्रयुक्त बिम्बप्रतीकहरू सान्दर्भिक र उपयुक्त छन् । यसमा प्रयोग भएका बिम्बालङ्कारहरू योजनाबद्ध नभई स्वस्फूर्त रहेका छन् । प्रस्तुत कविताहरूमा प्रयुक्त प्राकृतिक, सामाजिक, सांस्कृतिक, बिम्बहरूमा केही उदाहरण यस प्रकार छन् :

**प्राकृतिक बिम्ब**

गुलाफ, फूल, माकुरो, धानको वुटो, दुब्लो गाई, कमल आदि ।

**सामाजिक बिम्ब**

दमेनी, सर्प, कुकुर, लाली चरो, पिजरा आदि ।

**सांस्कृतिक बिम्ब**

श्रीकृष्ण, राम, पादुका आदि ।

यस कवितासङ्ग्रहमा प्रयोग भएका प्रतीकहरू राँको, जुको, डाँफे, आदि हुन् । बिम्बहरू स्थानीय तथा कृतिव्यापी दुवै प्रकारका छन् ।

**कवितातरङ्ग**भित्रका कविताहरू अलङ्कार प्रयोगका हिसाबले पनि सफल रहेका छन् । शब्दालङ्कारमा अन्त्यानुप्रासको स्थिर तथा दृढ दुवै रूपको सफल प्रयोग भएको छ । अर्थालङ्कारहरू स्वभावोक्ति, उपमा, प्रश्नालङ्कार, अतिशयोक्ति, रूपक, बक्रोक्ति आदिको प्रयोग भएको छ । अलङ्कार प्रयोगका केही उदारहणहरू यस प्रकार छन् :

काठका खाटमा पल्टी ढुंगाको तकिया धरी ।

बालुवा खोल हालेर सुत्छु म नीदमा परी ॥

अतिशयोक्ति (मनवीर, कवितातरङ्ग, पृ. २४) ।

चाँदीका हार पैह्रेर गलैंचामा लडे पनि ।

श्वान ती भुक्न छोड्दैनन् यो मेरो गुण हो भनी ॥

दृष्टान्त (कवितातरङग, पृ. १७) ।

के हो ? नाउँ कहाँ छ गाउँ अथवा तिम्रो इलाका कहाँ ?

बस्ने वास यहाँ तथा घर कहाँ के काम आयौ यहाँ ?

प्रश्नालङ्कार, (पूर्ववत्, पृ. ११) ।

प्रस्तुत कविताहरूमा प्रकृतिको मानवीकरण, उखान, टुक्का तथा थेगो प्रयोग, ठट्यौला अभिव्यक्तिको कारणले भाषिक सुन्दरता थपिएको छ ।

## ४.२.९ व्यञ्जनाप्रयोग

व्यञ्जनाप्रयोगका दृष्टिले प्रस्तुत कविताहरू सफल छन् । यी कविताहरूमा स्थानीय तथा कृतिव्यापी व्यञ्जनाप्रयोग भएको पाइन्छ । सामाजिक असमानता, भ्रष्टाचार, शोषण, दमन, शासकहरूका भ्रष्ट व्यवहारप्रति तीव्र व्यङ्ग्यप्रहार भएको पाइन्छ । समाजका ठूलावडा, जाली फटाहाहरूलाई व्यञ्जनाका माध्यमले यसरी घोचिएको छ :

स्वानको खास विश्वास नमान्नू कहिले पनि ।

जिभ्रो सुन्दर देखेर नसोच्नु शुद्ध हो भनी ॥

समाजका अपराधीहरू अपराधको सजायबाट कसरी उम्कन्छन्

हाम्फाल्दै दगुरेर बानर गयो ठूला घना कुञ्जमा ।

मोटा बानर मस्तथे गजबका त्यो धूर्तका संगमा ।

**कवितातरङ्ग**, पृ. ३४ ।

समाजका जाली फटाहाहरू माकुरेजाल विछाएर सोझासाझा परिश्रमी गरिबहरूको शोषण कसरी गर्छन :

पाखा भीर निकुञ्जमा बगलमा डाँडा र खोला कहाँ ।

सारा जाल रचेर गाउँघरमा हालिदियौ जालमा ॥

पूर्ववत्, पृ. १० ।

## ४.२.१० विधागत रूप तथा आयाम

**कवितातरङ्ग** कवितासङ्ग्रहभित्रका कविताहरू लघु तथा मध्यम आयाममा संरचित छन् । प्रस्तुत कविताहरू न्यूनतम दुई श्लोकदेखि अधिकतम ३६ श्लोकसम्म श्लोकगत आयाममा समेटिएका छन् । द्विपदी (अनुष्टुप्) र चतुष्पदी (शिखरिणी, शार्दूलविक्रीडित) श्लोकढाँचामा संरचित कविताहरूले ४४ पृष्ठ (प्राप्त) को आयाम पाएका छन् । यस सङ्ग्रहका कविताहरूको कवितापङ्क्तिगत विवरण यस प्रकार छ :

| कविता | पूर्णपङ्क्ति सङ्ख्या |
|---|---|

| | |
|---|---|
| लाल | १६ |
| कमल फूल | २८ |
| चोखी दमिनी | ३६ |
| जालको माहुरी | २० |
| चटुवा र वटुवा | १२ |
| मधुर वेला | १२ |
| म गरिब शिशु | १२ |
| धानको कुटा | ०८ |
| दो ढुङ्गे तरुल | ०८ |
| दुब्लो गाई | १६ |
| ठुटे विकासको पुत्र | २० |
| जुको | १२ |
| विषको खोजी | १२ |
| साहित्य वेग | ०८ |
| डाँफे चरा | ३२ |
| मनवीर | १८ |
| सर्प | १६ |
| कुकुर | १४ |
| गङ्गा खोला वादविवाद | ७२ |
| दे माण्डौ | ४४ |
| लाली चरो | १२ |
| भैसे कोटमा भूषण सभा | १२ |
| मानवता कराएका | १२ |
| हत्याको भावीधन | १२ |
| राँको | ६४ |
| स्वर्गमा पिजराको चरा | १२ |
| कोइली र सुगा | ६४ |
| उखान | १२ |
| राम महिमा | १६ |
| पतिव्रता नारी | १२ |
| जम्मा पङ्क्तिसङ्ख्या | ५९२ |

## ४.२.११ निष्कर्ष

**कवितातरङ्ग** वि. सं. २०३९ मा प्रकाशित पूर्णानन्द भट्टद्वारा नेपालीमा रचिएका फुटकर कविताहरूको सङ्कलन हो । पूर्वीय काव्यशास्त्रीय मान्यताअनुसार रचिएका पद्यकविताहरू निम्न मध्यम र मध्यम तथा उच्चस्तरका छन् । लघु तथा मध्यम आयाममा रचिएका प्रस्तुत कविताहरूमा प्रकृति प्रेम, राष्ट्रियता, देशभक्ति, समानता, स्वतन्त्रता, समाजसुधारको पक्षमा सशक्त अभिव्यक्ति दिइएको छ भने भ्रष्ट शासक, समान्त शोषक, ठालूहरूको खोइरो खनिएको छ ।

प्रथमपुरुषप्रधान (कविप्रौढोक्ति) एवम् तृतीयपुरुष प्रधान (कविनिबद्धवक्तृप्रौढोक्ति) कथनढाँचाको प्रयोग भएको यस कवितासङ्ग्रह ४४ पृष्ठ (प्राप्त) को आयाममा ३१ भन्दा बढी कविताका १७९ श्लोकभन्दा अधिक श्लोकगत लमाइ रहेको छ । शार्दूलविक्रीडित, शिखरिणी, भुजङ्गप्रयात, अनुष्टुप, स्रग्धरा आदि ५ वटा छन्दको प्रयोग भएको यस कवितासङ्ग्रहका कविताहरूको केन्द्रीय कथ्य देशभक्ति, प्रकृतिप्रेम, सामाजिक सुधार, शोषण दमनको विरोध, कविको जीवनमा घटेका घटनाहरू सार्वजनिकीकरण, आध्यात्मिक चेतना प्रदान गर्नु, राष्ट्रियता, समानता, स्वतन्त्रता, भ्रातृत्व, मानवाधिकार, मानव कल्याण, विश्वबन्धुत्व, मायाप्रेम आदि विषयमा सशक्त आवाज दिनु नै हो ।

प्रस्तुत कवितासङ्ग्रहको कविताहरूको भाषाशैली निकै सफल र उच्च रहेको छ । छोटा सरल शब्द प्रयोग, विविध स्रोतका शब्दप्रयोग, व्याकरणिक पदक्रम, विचलन यसका विशेषता हुन् । यी कविताहरूमा प्राकृतिक, सामाजिक, सांस्कृतिक, राजनीतिक विभिन्न क्षेत्रका विम्बहरू प्रयोग हुनाका साथै सफल अलङ्कार विधान रहेको छ । शृङगार, करुण, शान्त, रौद्र आदि रसको प्रयोग भएको यो कवितासङ्ग्रह उच्च मध्यम श्रेणीको कविता सङ्कलन हुन पुगेको छ ।

## ४.३ 'डोटेली लोकलहर' कवितासङ्ग्रहको अध्ययन

पूर्णानन्द भट्टको **डोटेली लोक लहर** गीतिकाव्य वि. सं. २०३७ मा प्रकाशित भएको हो । प्रस्तुत कृति लेखनपूर्व कविको फुटकर कविता तथा खण्डकाव्य लेखनमा निकै लामो अभ्यास भैसकेको देखिन्छ । प्रस्तुत कृतिको प्रकाशन हुनुपूर्व उनको **अभिशाप** खण्डकाव्य प्रकाशित भैसकेको छ । कैलाली जनपुस्तकालयको आर्थिक सहयोगमा कवि स्वयम्द्वारा प्रकाशित प्रस्तुत कृतिको संरचना पक्षलाई अध्ययन गर्दा यसलाई डोटेलीको फुटकर कवितासङ्ग्रह भन्न सकिन्छ । यस कृतिलाई कविता तत्त्वको आधारमा अध्ययन गर्नु उपयुक्त देखिएकाले कवितातत्त्वकै आधारमा यसको अध्ययन गरिएको छ ।

### ४.३.१ शीर्षकविधान

प्रस्तुत कवितासङ्ग्रहभित्र सातवटा शीर्षक तथा केही उपशीर्षकहरू रहेका छन् । यस कवितासङ्ग्रहभित्रका कविताका शीर्षकहरू यस प्रकार छन् : 'लहर', 'चुनाव' 'पतिपरदेस जाने बेला पत्नीको पुकार', 'सेती कालो संवाद', 'बागमतीको वर्णन', 'सेतीकाली साहित्य संवाद', 'आमाको विलाप दारुबारे', 'लहर' कवितामा कविको राष्ट्रवादी धारणा प्रस्तुत भएको छ । राष्ट्रसेवकहरूप्रति उनको दृढ सम्मान रहेको छ भने राष्ट्रघातीप्रति तीव्र घृणा व्यक्त भएको छ सबै देसबाशीहरूलाई सम्बोधन गरिएको प्रस्तुत कवितामा कविका मनका लहर वा भावनाहरू व्यक्ति भएकाले शीर्षक सार्थक रहेको छ ।

'चुनाव' कवितामा राष्ट्रसेवक देशभक्त, अनुशासित गरिब जनताको पक्षधर असल चरित्रवान् व्यक्तिलाई राष्ट्रनिर्माणको जिम्मा लगाउन चुनावको सदुपयोग गर्न आह्वान गरिएको छ । यसरी यस कविताको शीर्षक सार्थक रहेको छ ।

'पति परदेश जाने बेला पत्नीको पुकार' कवितामा नेपाली ग्रामीण जनताको गरिबीको चित्रण गर्दै पतिपत्नीको प्रेम विषयमा वर्णन गरिएको छ ।

'सेतीकाली संवाद' कवितामा महाकाली र सेती अञ्चलको सामाजिक, आर्थिक, सांस्कृतिक, साहित्यकला आदिको अवस्था सुध्रन नसकेको केन्द्रले सुदूरपश्चिमेली भूमिलाई हेलाको दृष्टिले हेरेको मर्मस्पर्शी तीतो सत्य अभिव्यक्त भएको छ ।

'बागमतीको वर्णन' कवितामा बागमती अञ्चल खास गरेर काठमाडौँको सम्पन्नताको वर्णन गरिएको छ । राज्यसञ्चालकहरूले काठमाडौँलाई मात्र विकासको केन्द्रबिन्दु बनाएकोमा कविको दुःखेसो व्यक्त भएको छ ।

'सेतीकाली साहित्य संवाद' कवितामा राष्ट्रसञ्चालकहरूको दोषी नजरका कारण सेतीकालीको गौरवमय कला, संस्कृति तथा साहित्य लोप हुने अवस्थामा पुगेको मार्मिक अभिव्यक्ति प्रस्तुत भएको छ । केन्द्रबाहिरबाट साहित्यको सेवा गर्नेहरूले केन्द्रको हेपाहा प्रवृत्तिले गर्दा ओझेल पर्नुपरेको दुःख व्यक्त भएको छ ।

'आमाको विलाप दारुबारे' कवितामा समाजमा बढ्दै गइरहेका मद्यपान जुवातास तथा नसासेवन आदि खराब प्रवृत्तिहरूले राष्ट्रलाई बर्वादीतिर मोडिरहेको दुखेसो व्यक्त भएको छ । यसरी यस कवितासङ्गहमा सङ्गृहीत कविताहरूको शीर्षकविधान सार्थक रहेको देखिन्छ ।

## ४.३.२ संरचना

प्रस्तुत कवितासङ्ग्रहका कविताहरू द्विपदी लोकलयमा संरचित छन् । न्यूनतम १५ श्लोकदेखि अधिकतम ४८ श्लोक आयामसम्मका कविताहरू यसमा सङ्गृहीत छन् । लघु आकारको प्रस्तुत कवितासङ्ग्रह २८ पृष्ठको आयाममा विस्तारित भएको छ । सुदूरपश्चिम तथा मध्य पश्चिमको भूभागमा प्रचलित डेउडा लोकलयमा रचना गरिएको यस कृतिका कविताहरूमा लयविधान सफल रहेको छ । चौध पूर्ण उच्चार्य अक्षरको एक पङ्क्ति तथा दुई पङ्क्तिको एक श्लोक हुने यस लोकलयको सफल प्रयोगको नमूनाका रूपमा यस कवितासङ्ग्रहका कविताहरूलाई लिन सकिन्छ । यस सङ्ग्रहका कविताहरूको आन्तरिक संरचना निकै सफल रहेको छ । 'लहर', 'चुनाव' कवितामा प्रथमपुरुषप्रधान (कविप्रौढोक्ति) कथन ढाँचाको प्रयोग भएको छ । 'पति परदेश जाने बेला पत्नीको पुकार', 'सेतीकाली संवाद', 'बागमतीको वर्णन', 'सेतीकाली साहित्यसंवाद', 'आमाको विलापदारुबारे' आदि कविताहरूमा तृतीय पुरुषप्रधान (कविनिबद्धवक्तृप्रौढोक्ति कथन ढाँचाको प्रयोग भएको छ । यस सङ्ग्रहका कविताको कथनढाँचा निकै सफल रहेको छ । कुनै कविता संवादात्मक भएकाले नाटकीयताको निकट पुग्न निकै सफल छन् । कुनै कवितामा एकालापीय शैलीको प्रयोग भएको छ । यस सङ्ग्रहका कविताहरूमा राष्ट्रियता, देशभक्ति, सामाजिक सुधार, नागरिक चेतना, निरङ्कुशताको विरोध, समानता स्वतन्त्रता, प्रजातान्त्रिक व्यवहारको चाहना, मानवता, बन्धुत्व, सुदूरपश्चिमप्रति केन्द्रको प्रजातान्त्रिक हेराइको चाहना आदि प्रमुख रूपमा अभिव्यक्त भएको छ । यिनै अभिव्यक्तहरू प्रस्तुत कविताका केन्द्रीय कथ्य पनि हुन् । यस सङ्ग्रहका कविताहरूको बुनोट खण्डीय तथा स्वतन्त्र रहेको छ । प्रस्तुत सङ्ग्रहभित्रका कविताहरूको बाह्य तथा आन्तरिक दुवै संरचना सफल रहेको छ ।

## ४.३.३ लयविधान

प्रस्तुत कवितासङ्ग्रहभित्रका कवितामा लोकलयको प्रयोग भएको छ । यी कविताहरूमा लोकलयका नियमको पूर्णपालन भएको छ । यस कवितासङ्ग्रहमा प्रयोग भएको लयगत तालिका यस प्रकार रहेको छ :

| | | |
|---|---|---|
| 'लहर' | डेउडा लय | ४८ श्लोक |
| 'चुनाव' | १४× २. २८ | ४८ श्लोक |

| | |
|---|---|
| 'पति परदेश जाने बेलामा पत्नीको पुकार (पूर्ण अक्षरको एक श्लोक) | ४६ श्लोक |
| 'सेतीकाली संवाद' | १७ श्लोक |
| 'वागमतीको वर्णन' | १५ श्लोक |
| 'सेतीकाली साहित्य संवाद' | २० श्लोक |
| 'आमाको विलाप दारुबारे' | १८ श्लोक |

### ४.३.४ भाषाशैली

प्रस्तुत कवितासङ्ग्रहभित्रका कविताहरूको वर्णयोजना व्यवस्थित अन्त्यानुप्रासयुक्त रहेको छ । छोटाछोटा शब्द प्रयोग हुनु, डेउडामा प्रयोग हुने लोकलयको प्रयोग गर्दा गेयतायुक्त शब्दप्रयोग हुनु, हिन्दी, नेपाली, संस्कृतका शब्दको पनि केही मात्रामा प्रयोग हुनु, डोटी प्रदेशको स्थानीय परिवेशको झल्को पाइनु, सामान्य पाठकको लागि बोधगम्य भाषाशैलीको प्रयोग हुनु, पठितपाठकहरूका लागि पनि पठनीयता हुनु, यस कवितासङ्ग्रहका कविताहरूको भाषाशैलीय विशेषता हुन् ।

यी कविताहरूमा व्याकरणात्मक पदक्रम विचलनले शैलीगत माधुर्य थपेको छ । संवादात्मक शैलीको प्रयोग, पत्यक्ष कथनप्रयोग, माधुर्य गुणको अधिकता, छन्दविधानमा केही स्थानमा ह्रस्वदीर्घको प्रयोगमा सामान्य त्रुटि भए पनि कृत्रिमता नरहनु, केही कठीन शब्दहरूको प्रयोग हुनु, केही कवितामा बोधगम्यताको कमी हुनु आदि सबल, दुर्वल पक्षहरू कवितामा रहे पनि यी कविताहरूको भाषाशैली उत्कृष्ट नै मान्नुपर्छ । उखान, टुक्काको प्रयोग, स्थान विशेषका थेगाहरूको प्रयोग, प्रकृतिको मानवीकरण आदिले कविताहरूको मूल्यवृद्धि गरेको छ ।

### ४.३.५ कथनपद्धति

प्रस्तुत **डोटेली लोकलहर** कवितासङ्ग्रहका कविताहरूमध्ये 'लहर' तथा 'चुनाव' कवितामा प्रथमपुरुषप्रधान (कविप्रौढोक्ति) कथनढाँचाको प्रयोग भएको छ । अन्य कविताहरूमा तृतीयपुरुषप्रधान (कविनिबद्धवक्तृप्रौढोक्ति) कथनढाँचाको प्रयोग भएको छ । यी कविताहरूमा संवादात्मक शैली, एकालापीय शैलीको प्रयोग भएको छ । संवादात्मकताले कवितामा नाटकीयता पनि भित्र्याएको छ ।

प्रस्तुत कविताहरूमा खण्डीय तथा स्वतन्त्र बुनोट पद्धतिको प्रयोग भएको छ । कथनपद्धतिका दृष्टिकोणले कविताहरू निकै सफल रहेका छन् ।

### ४.३.६ केन्द्रीय कथ्य तथा भावविधान

प्रस्तुत कवितासङ्ग्रहका कविताहरू देशभक्ति, समाजसुधार, राजनैतिक चेतना, निरङ्कुशताको विरोध, सामन्त, शोषक, ठालूहरूको दमन, सामाजिक अत्याचार, सुदूरपश्चिमप्रति केन्द्रको सौतेलो व्यवहार, सुदूर पश्चिमेली साहित्यकला र संस्कृतिको विकास नहुनुको मर्म केन्द्रीकृत शासन पद्धतिप्रति रोष प्रकट गर्न निकै सफल रहेका छन् । यिनै वैचारिक अभिव्यक्तिहरू नै कविताहरूका केन्द्रीय कथ्य हुन् । प्रकृति प्रेम, समाजसुधार, मायाप्रीति, देशभक्ति, संस्कृति प्रेम यी कविताहरूमा पाइने वैचारिक अभिव्यक्ति हुन् ।

प्रस्तुत कविताहरूमा शृङ्गार, करुण, वीर, शान्त आदि रसहरूको प्रयोग भएको पाइन्छ । भावविधानका दृष्टिले यी कविताहरू सफल बन्न सकेका छैनन् ।

## ४.३.७ बिम्ब, प्रतीक र अलङ्कार प्रयोग

प्रस्तुत कविताहरूमा प्राकृतिक, सांस्कृतिक, सामाजिक, राजनैतिक आदि बिम्बहरूको प्रयोग भएको छ । प्रस्तुत कविताहरूमा प्रयोग भएका बिम्ब, प्रतीकहरू सहज, स्ववभाविक र अकृत्रिम रहेका छन् । केही बिम्बहरू उदाहरणका रूपमा निम्न अनुसार छन् ।

**प्राकृतिक बिम्ब**

भैसा, ऐंसेलुको साग, भ्रमरा, गुँरास, चमेली, वसन्तवास, सागे, साँढे आदि ।

**सांस्कृतिक बिम्ब**

मसानी जाँत, पापकी गाड, धामी, पुजारी आदि ।

**सामाजिक बिम्ब**

धोती, टोपी, रोटी, सागसिस्नु, लाडुच्युरा, भट्टी आदि ।

**राजनैतिक बिम्ब**

सिलौटो, लोरो, जाँत, पाग आदि ।

उखानटुक्काको प्रयोग, स्थानीय कथनको प्रयोग, प्रकृतिको मानवीकरण, आदिको प्रयोगले कविताहरूको आलङ्कारिकतामा वृद्धि भएको छ ।

प्रस्तुत कृतिका अलङ्कार प्रयोग पनि सफल रहेको छ । प्रत्येक कविताहरूमा सिथिल तथा दृढ अन्त्यानुप्रासको प्रयोग भएको छ । अर्थालङ्कारमध्ये विशेषगरी उपमा, स्वभावोक्ति, अतिशयोक्ति, दृष्टान्त, प्रश्नालङ्कारको आदिको प्रयोग भएको छ । यहाँ प्रयोग भएका अलङ्कारमध्ये केही उदाहरण यस प्रकार छन् :

देशभक्त निका मान्छौ जिइजाकी रया ।

केलाकी थुमेली जसा अजम्मर भया ।

(उपमा, ‘लहर’, डोटेली लोकलहर बाट) ।

सुइनो हो की सपनो हो यै देसका मान्छौ ? । (उत्प्रेक्षा)

मान्छको पुछडी धेक्या यो के भयो भन्छौ ? ॥ (प्रश्नालङ्कार)

(पृष्ठ ४ ) ।

प्रकृतिको मानवीकरण, उखानटुक्काको प्रयोग, समाजको यथार्थचित्रण, मानवीय प्रकृतिहरूको प्रस्तुति आदि यस सङ्ग्रहभित्रका कविताहरूका विशेषता हुन् । जसले कवितामा आलङ्कारिता थपेका छन् ।

## ४.३.८ व्यञ्जनाप्रयोग

प्रस्तुत कवितासङ्ग्रहका कविताहरूमा व्यञ्जना प्रयोग स्थानीय स्तरमै रहेको छ । व्यञ्जना प्रयोग स्थानीय स्तरमा भए पनि सफल छ । कुनै खास श्लोकहरूमा व्यञ्जनाप्रयोग

भएको पाइन्छ । नेपाली समाजका भ्रष्ट सामन्त, शोषक, नेपाली शासक, नेता, चेतना बोक्न नसक्ने र सजग नरहने जनता सबैलाई तीव्र व्यङ्ग प्रहार भएको छ । स्थानीय व्यञ्जनाले नै कृतिको मूल्य उच्च पार्न सफलता पाएको छ ।

रोजै छ मसानी जाँत धामी उफड्‌डा हन् ।

झट्टै पागबाद भणी गोठीमै चड्‌डा हन् ।

(डोटेली लोकलय पृष्ठ ३) ।

प्रस्तुत कविताांशमा मसानेको जात्रा र धामीको बिम्ब दिएर प्रत्येक वर्ष हुने असफल आम निर्वाचनमा भोटमाग्दै हल्ला गर्दै धाकधम्कीका बलमा विजयी बन्न चाहने राष्ट्रघाती भ्रष्ट नेताहरू प्रति तीव्र व्यङ्ग्य प्रहार भएको छ :

अत्याका अचार हुन्ना भ्रष्टका भकारी ।

पापको सुइकेली गाड रला वारी पारी ॥

(डोटेली लोकलहर, पृ. ९) ।

भ्रष्ट नेतालाई विजयी गराएमा नरकको यातना पाउनु पर्ने चेतावनी दिँदै जनताहरूलाई व्यङ्ग्य प्रहार गरिएको छ । यसरी यस कवितासङ्ग्रमा व्यञ्जना सफल रहेको स्पष्ट हुन्छ ।

## ४.३.९ विधागत रूप तथा आयाम

प्रस्तुत कवितासङ्ग्रह **डोटेली लोकलहर** २४ पृष्ठ (प्राप्त) को लमाइगत आयामभित्र सातवटा कविताहरू समेटिएका  प्रस्तुत कवितासङ्ग्रहमा भाव, विचारगत गहनता रहेको लोकलयको प्रयोग भएको त । प्रस्तुत कवितासङ्ग्रहका कविताहरूको पङक्तिगत विवरण यस प्रकार रहेको छ :

| **कविता** | **पूर्णपङक्तिसङख्या** |
|---|---|
| 'लहर' | ९६ |
| 'चुनाव' | ९६ |
| 'पतिपरदेश जानेबेला पत्नीको पुकार' | ९२ |
| 'सेती काली संवाद' | ३४ |
| 'बागमतीको वर्णन' | ३० |
| 'सेतीकाली साहित्य संवाद' | ४० |
| 'आमाको विलाप दारुबारे' | ३६ (प्राप्त) |

यसरी प्रस्तुत कवितासङ्ग्रहमा पूर्ण कवितात्मक पङ्क्ति सङ्ख्या ४४२ हुन जान्छ । एक पङ्क्तिमा १४ अक्षर हुने दुई पङ्क्तिको एक श्लोक हुने लोकलयको ढाँचामा संरचित भएका सातवटा कविताहरू (प्राप्त) २४ पृष्ठको आयाममा सङ्गृहित भएका छन् । झिनो आख्यान, प्रभावकारी वैचारिक पक्ष, सफल भावविधान भएको प्रस्तुत कवितासङ्ग्रहका कविताहरू लघु तथा मध्यमस्तरीय आयामका छन् । द्विपदी श्लोक, चतुष्पदी श्लोकमा ढाल्दा न्यूनतम साढे तीन श्लोक तथा अधिकतम १२ श्लोकको आयाम भएका कविताहरू सङ्गृहीत भएका देखिन्छन् ।

प्रस्तुत कविताहरूलाई दुई श्लोकेकै आयाममा मूल्याङ्कन गर्दा पनि कविताको आयाम लघु तथा मध्यम स्तरीय नै हुन जान्छ ।

### ४.३.१० निष्कर्ष

वि. सं. २०३७ सालमा प्रकाशित पूर्णानन्द भट्टको प्रस्तुत डोटेली भाषिकामा रचिएको कवितासङ्ग्रह **डोटेली लोकलहर** सानो/लघु आकारको कवितासङ्ग्रह हो । जम्मा सातवटा लघु तथा मध्यम आयामका कविता रहेको प्रस्तुत सङ्ग्रह उनको सफल प्राप्ति हो । देशभक्ति, समाजसुधार, प्रेम, प्रकृतिवर्णन, राजनीतिक विषयवस्तु आदि विषयमा रचना गरिएको यस कवितासङ्ग्रहमा संरचना पक्ष सफल, लयविधान सफल र सबल रहेको छ भने यसको भाषाशैली उच्चस्तरीय छ । प्रथमपुरुषप्रधान तथा तृतीयपुरुषप्रधान कथनढाँचा प्रयोग भएको यस सङ्ग्रहमा बिम्ब, अलङ्कार तथा व्यञ्जनाप्रयोग निकै सफल र सार्थक रहेको छ । विधागत आयाम एवम् स्वरूपका हिसाबले यस सङ्ग्रहका कविताहरू लघु तथा मध्यमस्तरीय आयाम/स्वरूपका छन् । यस कवितासङ्ग्रहको वैचारिक पक्ष निकै सफल र उच्च रहेको छ । यिनै आधारमा यस कवितासङ्ग्रहलाई सफल मध्यम श्रेणीको कृतिका रूपमा राख्न सकिन्छ ।

## ४.४ 'अभिशाप' खण्डकाव्यको अध्ययन

### ४.४.१ प्रकाशन

कवि पूर्णानन्द भट्टको **अभिशाप** खण्डकाव्य उनको कवितायात्राको थालनीको प्रथम प्रकाशित कृति हो । यसको प्रकाशन मिति विवादित देखिन्छ । कवि स्वयम्ले दिएको जानकारी तथा उनकै प्रकाशित पछिल्ला कृतिहरूमा उल्लिखित विवरणअनुसार यसको प्रकाशन वि. सं. २०३५ साल हुन आउँछ भने समीक्षार्थ प्राप्त प्रथम संस्करणको उक्त **अभिशाप** खण्डकाव्यमा उल्लेख भएको तथा जयदेव भट्टराईको सम्पादनमा प्रकाशित ग्रन्थ **साहित्यकार परिचय र अभिव्यक्ति** प्रथम संस्करण वि. सं. २०३६ मा उल्लिखित विवरणअनुसार यसको प्रकाशन २०३६ नै रहेको छ । कविको प्रथम प्रकाशित कृति भए पनि काव्यात्मक उचाइ निकै सफल रहेको यस कृतिको प्रकाशक कृष्णराज जोशी गडसेरा, डोटी (से. अ.) हुन् ।

### ४.४.२ प्रेरणा, प्रभाव र विषयवस्तुको स्रोत

प्रस्तुत खण्डकाव्यको प्रेरणास्रोत नेपाली समाज हो । नेपाली समाजमा प्रेम र प्रेमीप्रेमिकालाई हेर्ने दृष्टिकोण, नारी जातिमाथि हुने अन्याय अत्याचार, शोषण, दमन आदि सामाजिक दुष्प्रवृत्तिको अध्ययन मनन यस खण्डकाव्यमा भएको छ । समाजको अनावश्यक अवरोध, ठालु गुण्डा सामन्तहरूका कारण दयाराम मयालूजस्ता असङ्ख्य प्रेमीप्रेमिकाहरूले दुःख पाउने, ज्यानै जाने, पवित्रप्रेम निमोठिने आदि असामाजिक अशोभनीय घटना घट्न सक्छन्, घटीरहेका हुन्छन् । यिनै सामाजिक समस्या नेपाली नारीको कारुणिक अवस्थाबाट व्यथित कवि हृदयको काव्यात्मक पुकार/आह्वान प्रस्तुत खण्डकाव्य हो । प्रस्तुत खण्डकाव्यमा कविले आफ्नो मौलिकता रहेको र यो कसैका भाव, विचार, काव्यकृतिबाट जूठो नभएको सत्यलाई यसरी स्वीकार गरेका छन् :

जूठो छैन परन्तु स्वाद नभए प्रेमै भरेको भनी ।

सोचून् सज्जनले दयालु मनमा स्वभाव नौनी बनी ।

(मेरो भन्नु, **अभिशाप**)

कविको मनोद्वन्द्व बोकेको प्रस्तुत कृति नेपाली समाजको वास्तविक चित्रण गर्न पूर्ण सफल रहेको छ । यसको प्रेरणा, प्रभाव र विषयवस्तु नेपाली समाजबाट टपक्क टिपिएको छ ।

### ४.४.३ शीर्षकविधान

प्रस्तुत खण्डकाव्यको शीर्षक **अभिशाप** राखिएको छ । **अभिशाप** व्याकरणात्मक कोटिमा नाम पद हो जसको अर्थ सराप, गाली, फतुर दोष, कलङ्क, बात, आरोप भन्ने हुन्छ । यस खण्डकाव्यमा प्रस्तुत भएको विषयवस्तुको उद्देश्य नेपाली समाजका नारीहरूको शोषण दमन तथा उनीहरूको हक अधिकारका पक्षमा वकालत गर्दै पवित्र प्रेमीप्रेमिकाहरूको प्रेममा बाधक बन्ने सामन्ती संस्कारको अन्त्य हुनुपर्ने विषयमा सशक्त आवाज उठाउनु रहेको छ । नेपाली नारीहरूले भेडा बाख्राजस्तै बिक्री हुनुपर्ने, पुरुषहरूकी भोग्या बन्नुपर्ने, सुन्दर नारीहरू सामन्त, पुँजीपति, दलाल, गुण्डा आदि अपराधीहरूका खेलौनाका रूपमा प्रयोग हुने, नारीजातिले आफ्नो जीवनको भविष्य निर्माण आफै गर्न नपाउने आदि कतिपय अभिशापहरूको विरोध गर्दै त्यस्ता समस्याबाट मुक्तिका लागि नारीहरूमा चेतना, एकता र अधिकार प्राप्तिका लागि सङ्घर्ष गर्ने क्षमता र सोचाइको आवश्यकता भएकाले त्यसका निम्ति नारीहरूलाई आह्वान गरिएको यस काव्यमा नारीजातिका अभिशापको जानकारी र निराकरणका ठोस उपायले अभिव्यक्ति भएकाले काव्यको शीर्षक **अभिशाप** सार्थक भएको छ ।

### ४.४.४ आख्यानात्मक संरचना

### ४.४.४ (क) कथावस्तु

**अभिशाप** खण्डकाव्यमा कथावस्तुलाई विभिन्न उपशीर्षकहरूका आधारमा विभाजन गरिएको छ । यस काव्यमा १६ वटा उपशीर्षकहरू रहेका छन् । मयालू र दयारामको प्रेमप्रसङ्ग यसको मूल कथावस्तु हो भने नेपाली समाजमा नारी जातिप्रति हुने दमन, शोषण तथा उनीहरूका हक, अधिकारको विषयमा अभिव्यक्ति दिनु यसको प्रासङ्गिक विषयवस्तु हो । पूर्वीय काव्यशास्त्रीय मान्यताको पूर्ण पालना गरिएको यस खण्डकाव्यमा कथावस्तु आदि, मध्य र अन्त्यको ढाँचामा प्रवाहित भएको छ । सबल सुदृढ आख्यान प्रयोग भएको यस काव्यको आख्यानीकरण पनि सशक्त रहेको छ । आदि, मध्य र अन्त्यको ढाँचामा यस काव्यको कथावस्तु निम्नअनुसार रहेको छ :

**आदिभाग** : अभिशाप उपशीर्षकदेखि दयारामद्वारा प्रत्युत्तरसम्मको विषयवस्तु ।

**मध्यभाग** : आफू बेचिएको घरमा मयालूको विलाप उपशीर्षकदेखि मयालू सौताको विलाप उपशीर्षकसम्मको विषयवस्तु ।

**अन्त्यभाग** : मयालूको मध्य जवानीमा बुढाको मृत्यु र विलाप उपशीर्षकदेखि आफू बेचिएको गाउँको वनबाट मयालुको अपहरणसम्मको विषयवस्तु ।

कविकल्पनाप्रसूत घटनाको संयोजनबाट निर्मित यस खण्डकाव्यको दुःखान्त कथावस्तुका घटनाको क्रमिक विन्यास यस प्रकार रहेको छ :

**आदिभाग :**

क) कविद्वारा मयालु र दयारामको बालककालदेखि नै पवित्र प्रेम रहेको वर्णन, युवावस्थामा मयालुको बाबुले बिहेको नाटक गरी मयालुलाई धनी बूढोसँग बिक्री गर्नु, मयालु माइत फर्केर दयारामसँग भेट गरेको घटना वर्णन ।

ख) अस्सी वर्षको बुढोका धेरै स्वास्नी भएको र तिनीहरूले दाम्पत्य सुख पाउन नसकेको कुरा मयालुले दयारामलाई वर्णन गर्दै आफू मर्न तयार रहेको तर बूढोको घरमा नजाने जिद्दी मयालुले दयारामसँग गरेको घटना वर्णन ।

ग) दाम्पत्य प्रेमबारे मयालु र दयारामबीच भएको कुराकानी वर्णन ।

घ) दयारामले मयालुलाई लच्छिनी नारीको वर्णन सुनाउनु ।

ङ) दयारामले मयालुलाई अलच्छिनी नारीको वर्णन सुनाउनु ।

च) आफ्नो लक्षणबारे मयालुले दयारामलाई सोध्नु ।

छ) दयारामले मयालुको प्रश्नको उत्तर दिनु ।

**मध्यभाग**

क) आफू बेचिएको घरमा फर्किएपछि मयालुले चेलीबेटी बेचबिखन विषयमा गरेको मार्मिक विलौना ।

ख) दयारामको सम्झनाले रुँदै मयालूले बाह्रमासाको शैलीमा बिलौना गर्नु ।

ग) सातवटी स्वास्नीलाई गाईगोरुको बथान जस्तै घरमा राख्ने बुढासँग क्रोधित मयालूले आफ्नो कोप वमन गर्नु र सौताका तर्फवाट बुढालाई वचन प्रहार गर्नु ।

घ) मयालूले सौताहरूका तर्फवाट बूढोसँग दुःख विलाप गर्नु ।

**अन्त्यभाग**

क) मयालूको मध्य जवानीमा बूढोको मृत्यु हुनु मयालूले आफू बन्धनमुक्त भएको अनुभव गर्दै समाजलाई चोरेर भए पनि दयारामको नाममा सिन्दुर, पोते र रातो सारी तथा काजल प्रयोग गर्ने एकालापी विलाप गर्नु ।

ख) बालविधवा भनेर समाजले मयालूलाई प्रतिबन्ध लगाउनु ।

ग) समाजलाई छलेर मयालू दयारामकहाँ आइपुग्नु ।

घ) दयाराम र मयालूको प्रेमालाप तथा घरजम हुनु ।

ङ) पहिले आफू बेचिएको गाउँको वनमा घाँस काट्न गएको मयालूको त्यस गाउँका ठालू गुण्डाहरूबाट अपहरण र बलात्कार भए पछि किंकर्तव्यविमुढ मयालूले जीउनु भन्दा मर्नु वेश ठानी आत्महत्या गर्नु पूर्व घरपरिवार बालक छोरो सम्झेर विलौना गर्नु र आत्महत्या गर्नु । मयालूको आत्महत्यासँगै काव्यको अन्त्य हुनु ।

यस खण्डकाव्यको आदि, मध्य र अन्त्य भाग क्रमशः (७४५) १६ वटा ससाना घटनाहरूको क्रमिक विन्यासबाट बनेको छ । तिनै ससाना घटनाहरू (७४५.१६) को समष्टि रूपबाट यस खण्डकाव्यको मूल कथावस्तुको निर्मित भएको छ । कथावस्तुमा

कुतूहल साधारणीकरण आदि कथावस्तुका मूलप्रवृत्तिहरू रहेकै छन् । कथावस्तुको अन्तर्विकास सुसङ्गठित रहेको छ । कथावस्तुको प्रारम्भ, विकास, चरमोत्कर्ष, प्रतिचरमोत्कर्ष र उपसंहारको व्यवस्थित विधान रहेको देखिन्छ । सरल स्वरूपको कथावस्तु भएकाले यसमा अन्य कथावस्तु वा घटनाहरू जेलिएका छैनन् । मयालू र दयारामको प्रेम नै मूल कथावस्तु भएर आद्योपान्त आएको छ । आयामका हिसाबले पनि प्रस्तुत खण्डकाव्यको विषयवस्तु मध्यम किसिमको छ । खण्डकाव्योचित एकदेशीयताको यसमा निर्वाह भएको छ । नायिकाको मृत्युमा पुगेर टुङ्गिएको प्रस्तुत खण्डकाव्य कथावस्तु सङ्गठन, विकासका दृष्टिकोणले निकै सफल रहेको छ । पूर्णानन्द भट्टका सबै काव्यकृतिहरूमध्ये व्यवस्थित सुदृढ आख्यान प्रयोग भएको खण्डकाव्य यही **अभिशाप** मात्र हो । कथावस्तु प्रयोगका हिसाबले यस खण्डकाव्यको दुःखान्तक परिणाम निकै प्रभावशाली रहेको छ ।

### ४.४.४ ख) पात्रविधान

प्रस्तुत खण्डकाव्यमा प्रमुख पात्र, खलपात्र र गौणपात्रको प्रयोग भएको छ । यस खण्डकाव्यको पात्रविधान प्रभावकारी र सफल रहेको छ । मयालू प्रमुख स्त्रीपात्र तथा दयाराम प्रमुख पुरुष पात्र हुन् । मयालूको बाबु, गुण्डाहरू, गाउँका ठालूहरू, मयालूलाई किन्ने असीबर्से धनी बूढो काव्यका खलपात्रहरू हुन् । मयालूकी सासू, ससुरा, ( दयारामका बाबुआमा) मयालूको बालक छोरा, पुजारी, पण्डित, बुढाका ६ वटी स्वास्नीहरू आदि काव्यका गौण पात्रहरू हुन् । यस काव्यका पात्रहरूको सङ्क्षिप्त परिचय यस प्रकार छ :

#### क) मयालू

मयालू यस खण्डकाव्यको प्रमुख नारी पात्र हो । ऊ सरल स्वभावकी सुन्दर, पवित्र आचरणयुक्त ग्रामीण युवती हो । काव्यको प्रारम्भमा दयारामकी प्रेमिका तथा पछिल्लो चरणमा दयारामकी स्वास्नीका रूपमा उसको महत्त्वपूर्ण भूमिका रहेको छ । मयालू बाबुद्वारा असीबर्से बुढासँग बेचिएकी नारी पात्र हो । मयालू आफू बेचिएको बूढासँग बस्दा सतीत्व बचाएर बस्छे र वूढालाई पतिको रूपमा कहिले स्वीकार गर्दिन । उसको हृदयमा दयारामप्रति पवित्र माया तथा सम्मान रहेको छ । मयालू सुन्दर ह्रस्टपुस्ट अप्सराजस्ती लोभलाग्दी युवतीका रूपमा चित्रित भएकी छ । मिलनसार मानवीय व्यवहार भएकी, मृदुभाषी, परिश्रमी, अनुशासित असल प्रेमिका तथा गृहिणीका रूपमा उसको वर्णन भएको छ ।

नारीजातिलाई सम्मान नगर्ने आफ्नो बाबुलगायतका जाली, फटाहा, ठालु, गुण्डाहरूको कुकर्मको भण्डाफोर गर्ने चेतनशील नारी पात्रका रूपमा मयालू देखिएकी छ । ऊ यस काव्यकी सत्, अनुकूल, मञ्चीय, गतिशील, सरल पात्र हो । समाजसुधारको चेतना भएकी नारीवादी पात्र हो ।

#### ख) दयाराम

दयाराम प्रस्तुत खण्डकाव्यको प्रमुख पुरुष पात्र हो । ऊ सरल स्वभावको ग्रामीण युवापात्र हो । काव्यको प्रारम्भमा मयालूको प्रेमी तथा काव्यको उत्तर भागमा मयालूको लोग्नेको भूमिका भएको महत्त्वपूर्ण पात्र हो । दयाराम सुन्दर स्वस्थ, परिश्रमी, पठित, चेतनशील, आदर्श व्यक्तिका रूपमा काव्यमा आएको छ । ऊ आदर्शप्रेमी पति, बाबु आदिको भूमिका भएको व्यक्ति हो । दयाराम पवित्रता, प्रेम, अनुशासन, सत्कर्म, असलजीवनको पक्षपाती हो । यति हुँदाहँदै पनि उसमा कायरपन रहेको छ । मयालूले बूढोलाई छोडेर

उसैसँग बस्ने इच्छा व्यक्त गर्दा पनि ऊ तत्पर हुन सक्तैन । ऊ प्रस्तुत खण्डकाव्यको सत्, अनुकूल, मञ्चीय, स्थिर, सरल पात्र हो । उसमा समाज र परिवारप्रति कर्तव्यबोध छ । ऊ चेतनशील र उत्तरदायी पात्र हो ।

**ग) मयालूको बाबु**

मयालूको बाबु अशिक्षित, गरिब, छोरीलाई बेच्ने नेपाली बाबुहरूको प्रतिनिधि पात्र हो । उसले नेपाली समाजमा चलिरहेको छोरीबुहारी बेचबिखन कुप्रथाको प्रदर्शन गरेको छ । मयालूको बाबुजस्ता हृदयहीन धनलोभीहरूको कारण नेपाली समाजमा छोरीबेटीको बेचविखनले प्रश्रय पाएको छ । उसका लागि सन्तानभन्दा धन प्यारो छ । उसलाई समाज परिवार कसैको पनि वास्ता छैन । नारीलाई बिक्रीवितरणको वस्तु ठान्ने हृदयहीन बाबुको भूमिका उसले निभाएको छ ।

**घ) गाउँका गुण्डा, पुजारी, पण्डित ठालू आदि**

काव्यमा पापीका झुण्ड भनेर चिनाइएका यी पात्रहरूले खलपात्रको भूमिका निर्वाह गरेका छन् । ठालू गुण्डाहरूले मयालूलाई दुःख र यातना दिने काम गरेका छन् । उनीहरूकै कारणले मयालूको दुःखद अन्त्य हुन्छ । धनी  बूढाले मयालूलाई किन्ने र स्वास्नी बनाउने काम गर्छ । उसको काममा लोभी पण्डितहरूले सहयोग पुऱ्याएका छन् । पण्डितहरू काला मण्डपका ठेकेदार भएर समाजमा नारीयातना वा अभिशापका कारण बनेका छन् । ज्योतिषहरू धन लोभमा फसेर मयालूको विवाह धनी बूढासँग उपयुक्त हुने घोषणा गर्छन् । ठालू र गुण्डाहरू नारी बलात्कार र बेचविखनमा सक्रिय छन् । यसरी पापीका झुण्डहरू काव्यमा खलपात्रका रूपमा आएका छन् ।

**ङ) गौणपात्रहरू**

मयालूको ससुरा, उसको पाँचबर्से बालो (छोरा), बूढाका ६ वटी स्वास्नीहरू, ग्रामीण नारी, ग्रामीण जनता, मयालूको चौरीगाई तथा ब्रह्मा, विष्णु, इन्द्र, शिव, लक्ष्मी, पार्वती, काली आदि । पौराणिक पात्रहरू काव्यमा गौणपात्रका रूपमा आएका छन् । पात्रविधानका दृष्टिले हेर्दा प्रस्तुत खण्डकाव्य सशक्त र सफल रहेको छ । काव्यमा प्रयुक्त पात्रहरूले काव्यको कथावस्तुलाई सङ्गठित, व्यवस्थित र सशक्त रूपले अघि बढाउन महत्त्वपूर्ण भूमिका निर्वाह गरेका छन् । प्रस्तुत काव्यमा प्रयुक्त पात्रहरू खण्डकाव्योचित रहेका छन् ।

## ४.४.४ ग) **परिवेश**

प्रस्तुत खण्डकाव्यमा मूल रूपले सामाजिक परिवेशको चित्रण भएको छ । नेपाली समाज त्यसको आर्थिक अवस्था, धर्म, संस्कृतिका नाममा हुने काला कर्महरू, नारी शोषण दमन, नेपाली ग्रामीण जीवनको यथार्थ चित्रण आदिका माध्यमबाट सामाजिक परिवेश चित्रण गरिएको छ । अशिक्षित गरिब जनताको विवशता तथा ठालू शोषण, सामन्त, गुण्डा फटाहाहरूको कुकर्महरूको यथार्थ र सजीव चित्रण गरेर सामाजिक परिवेश छर्लङ्ग पारिएको छ । चेलीबेटी बेचबिखन ग्रामीण लवाइखवाइ दैनिक व्यवहारका कुरा, मेलापात, वस्तुपालन, खेतीपाती आदिको चित्रणले सामाजिक परिवेश स्पष्ट भएको छ ।

पौराणिक विषयवस्तुको प्रसङ्ग, ब्रह्मा, शिव, विष्णु, इन्द्र, लक्ष्मी, पार्वती आदि धार्मिक पात्रको उल्लेख हिन्दुसंस्कार बिहे आदिको प्रसङ्ग, ज्योतिषी हेर्नु, पण्डा पुजारीका कर्मको वर्णन आदिले सांस्कृतिक परिवेश स्पष्ट भएको छ ।

काव्यमा प्रकृति चित्रण हुनु, वनपाखा, खोलानाला, पहाडलेक बेँसी, वनजङ्गल, नदी, हिमाल आदिको वर्णन पाइनुले प्रस्तुत काव्यको प्राकृतिक परिवेशलाई स्पष्ट पार्छ । काव्यमा प्रकृतिको तन्मय र मन्मय चित्रण गरिएको छ । फलफूल, अन्नबाली आदिका प्रसङ्ग आएका छन् । यसरी काव्यमा प्राकृतिक परिवेश चित्रण पनि सफल रहेको देखिन्छ । यी विविध आधारमा काव्यको परिवेश चित्रण निकै सफल रहेको स्पष्ट हुन्छ ।

## ४.४.५ केन्द्रीय कथ्य

प्रस्तुत खण्डकाव्य **अभिशाप**को मूल विषयवस्तु प्रेम हो । यसमा प्रेमी प्रेमिकाको प्रेमलाई फल्न, फूल्न, फष्टाउन दिनुपर्ने र समाज त्यसको बाधक बन्न नहुने वैचारिक अभिव्यक्ति प्रस्तुत भएको छ । यस खण्डकाव्यमा अग्रजप्रतिको श्रद्धा, सम्मान, सन्तानको माया, घरसमाजको माया, मानव तथा पशुपङ्क्षी बीचको माया आदिको प्रसङ्ग आएको छ । प्रस्तुत काव्यको केन्द्रीय कथ्य प्रेम नै हो । प्रेम विश्वब्रह्माण्डको बाँच्ने आधार हुनाका साथै प्राणीहरू र वनस्पतिको प्राणसमेत हो । प्रेम शाश्वत तत्त्व हो । यसको अभावमा मानवसभ्यता, जीवन, घरबार, सन्ततिहरू प्राणीजगत् सबै ध्वंस हुनसक्छ भन्ने अभिव्यक्ति काव्यमा रहेको छ । काव्यले धन र धनवादीहरूको पराजय प्रेम र प्रेमवादीहरूको विजय देखाएर प्रेमको शाश्वततालाई प्रमाणित गरेको छ ।

## ४.४.६ भावविधान

प्रस्तुत **अभिशाप** खण्डकाव्यमा शोक स्थायीभाव हुने करुण रस अङ्गी रसको रूपमा आएको छ । अङ्ग रसका रूपमा शृङगार रसको प्रयोग भएको छ । अन्य रसहरूको पनि उचित प्रयोग भएको छ । करुण रसमा काव्यात्मक अन्त्य भएको यस काव्यमा सबै रसका आलम्बन विभावका रूपमा नायकनायिका आदि पात्रहरू रहेका छन् । उद्‌दीपन विभावका रूपमा तिर्ने पात्रका स्थानकालगत परिवेश र चेष्टा रहेका छन् । हावभाव, हेला, शोभा, कान्ति, माधुर्य, तपन, स्तम्भ, स्वेद, अश्रु, वेपथु, स्वरभङ्ग, वैवर्ण्य, प्रलय आदि अनुभाव तथा आवेग तर्कना, निद्रा, व्याधि, मरण आदि विविध सञ्चारीभावको प्रयोग भएको छ । शोक स्थायी भाव भएको रस परिपाकमा पुगेको छ । यसरी प्रस्तुत काव्यको भावविधान सफल रहेको देखिन्छ ।

## ४.४.७ विचार

**अभिशाप** खण्डकाव्यमा कविको प्रेमपरक जीवनवादी विचारको अभिव्यक्ति भएको छ । नेपाली समाजमा हुने नारी जातिको शोषण, दमनको विरोध गर्दै उनीहरूका हक, अधिकार स्थापनाका पक्षमा सशक्त अभिव्यक्ति प्रस्तुत गर्नु काव्यको प्रमुख वैचारिक पक्ष हो ।

नारी भोग्या मात्र नभएर सृष्टिको मुहान एवम् पुजनीय आमा पनि हो । नारीपुरुष दुवै समान क्षमता भएका एकअर्काका परिपूरक हुन् । नारीलाई पनि पुरुषसरह नै अधिकार तथा जिम्मेवारी दिइनु पर्छ । नारीलाई भोग्याका रूपमा हेर्न सामन्ती संस्कारको अन्त्य हुनुपर्ने र नारीजातिले पनि समान हक अधिकार जिम्मेवारी र सम्मान पाउनु पर्ने उच्च अभिव्यक्ति काव्यमा भएको छ ।

हार्दिक र पवित्र प्रेम अपराजेय हुन्छ । प्रेमले नै संसार, सृष्टि सञ्चालित भएको छ । प्रेम शाश्वत् अनिवार्य तत्त्व हो । व्यक्ति, समाज कसैले पनि प्रेमको बाधक बन्नु हुँदैन भन्ने शाश्वत विचार यस खण्डकाव्यमा अभिव्यक्त भएको छ ।

### ४.४.८ सर्गविधान

प्रस्तुत खण्डकाव्य **अभिशाप**मा स्वतन्त्र सर्गविधान पाइन्छ ।उपशीर्षकबाट सर्गविधान गरिएको यस काव्यमा १६ वटा उपशीर्षकहरू रहेका छन् । यस खण्डकाव्यको सर्गगत विषयवस्तु यस प्रकार रहेको छ :

१) अभिशाप : थियो नाम जस्को....प्रथम श्लोकदेखि पुग्यौको तिमी विषयवस्तुसम्मको ।

२) बुढाका घरबाट फर्कि.....

वसन्ती वनैमा विहारै....श्लोक आठदेखि कहाँथ्यो दम्पति....श्लोक २३ सम्मको विषयवस्तु ।

३) दम्पति प्रेमबारे दयारामको भनाइ

अपूरा फल जो हुन्छन्... श्लोक २४ देखि मयालू ती....श्लोक ५० सम्मको ।

४) दयारामद्वारा लच्छिनी नारीको वर्णन :

जो नारी कमली.... श्लोक ५१ देखि पुग्छन् त्यस... श्लोक ६२ सम्मको विषय ।

५) दयारामद्वारा अलच्छिनी नारीको वर्णन :

जो होला घरमा... श्लोक ६३ देखि आमाबाबु नदि.... श्लोक ७३ सम्मको विषय ।

६ आफ्नो लक्षणबारे....

छ कस्तो...श्लोक ७४ देखि श्लोक ७५ सम्मको विषयवस्तु ।

७) दयारामद्वारा प्रत्युत्तर...

स्वर्गै नन्दन... श्लोक ७६ देखि मयालू छुट्टिएर श्लोक ८४ सम्मको ।

८) आफू बेचिएको घरमा मयालूको विलाप :

मै बाली कलिली....श्लोक ८५ देखि हे दाता ! ....श्लोक १८६ सम्मको विषय ।

९) दयारामको सम्झनामा....बाह्र महिने विलाप

यौ वैशाख भरी ....श्लोक १८७ देखि चैत्रैको महिना....श्लोक १९४ सम्मको ।

१० सौताका तर्फवाट

गाईगोरु सरी बगाल...श्लोक १९५ देखि तिम्रै झै त.... श्लोक २०० सम्मको विषय ।

११) मयालूद्वारा सौताको विलाप

पैले जीवनको विचार....श्लोक २०१ देखि भन्दैनन् वनका....श्लोक २०५ सम्मको विषय ।

१२) मयालूको मध्य जवानीमा

आँखामा गाजलू....श्लोक २०६ देखि लाग्दैन सूर्यको...श्लोक २१४ सम्मको ।

१३) बाल विधवा भनी मयालूलाई

हाल्यो मानिसले....श्लोक २१५ देखि छौडौला पिजरा...श्लोक २२१ सम्मको विषय ।

१४) मयालूको दयारामकहाँ आगमन

श्लोक २२२ तथा २२३ सम्मको विषयवस्तु ।

१५) दयाराम र मयालूको प्रेमालाप

मयालू दयाराम...श्लोक २२४ देखि पुगे मूर्खका श्लोक २५१ सम्मको विषय ।

१६) आफू बेचिएको गाउँको वनबाट

पापीका भुण्ड आए....श्लोक २५२ देखि लोग्नेको चिन्तना....श्लोक २६९ सम्मको विषयवस्तु ।

प्रस्तुत खण्डकाव्यको सर्गविभाजन श्लोक सङ्ख्याका हिसाबले समानुपातिक हुन सकेको छैन । दुई श्लोक न्यूनतमदेखि अधिकतम १०३ श्लोकसम्मको सर्गविभाजन गरिएको पाइन्छ । प्रस्तुत खण्डकाव्यको सर्गविभाजन सन्तुलित हुन सकेको देखिँदैन ।

## ४.४.९ कथनपद्धति

प्रस्तुत खण्डकाव्य **अभिशाप**को आख्यान प्रस्तुत गर्दा कविपौढोक्ति तथा कविनिबद्धवक्तृपौढोक्ति कथनपद्धतिको प्रयोग भएको छ । काव्यको प्रारम्भ कविप्रौढोक्तिबाट भएको छ भने काव्यको अन्त्य पनि कविप्रौढोक्तबाट नै भएको छ । अन्यभागको आख्यानात्मक प्रस्तुति कविनिबद्धवक्तृप्रौढोक्ति तृतीयपुरुषप्रधान ढाँचामा भएको छ । काव्यमा संवादात्मकता, एकालाप, आदि शैलीको प्रयोग पनि पाइन्छ । संवादात्मकताले काव्यमा नाटकीयता पनि ल्याएको छ ।

## ४.४.१० लयविधान

प्रस्तुत **अभिशाप** खण्डकाव्यमा शास्त्रीय छन्दको प्रयोग भएको छ । शास्त्रीय छन्दका द्विपदी (अनुष्टुप्) तथा चतुष्पदी (शार्दूलबिक्रीडित, शिखरिणी, भुजङ्गप्रयात, स्रग्धरा) श्लोक ढाँचामा पाँचवटा छन्दको प्रयोग गरिएको छ । यस काव्यमा प्रयोग गरिएको सर्गगत छन्द विवरण यस प्रकार रहेको छ :

| सर्ग | शार्दूलविक्रीडित | भुजङ्गप्रयात | अनुष्टुप् | स्रग्विणी |
|---|---|---|---|---|
| १. अभिशाप | - | ०७ | - | - |
| २. बुढाका घरबाट..... | - | ०६ | १३ | - |
| ३. दम्पति प्रेमबारे... | - | ११ | १६ | - |
| ४. दयारामद्वारा... | १२ | - | - | - |
| ५. दयारामद्वारा... | ११ | - | - | - |
| ६. आफ्नो लक्षण..... | - | ०२ | - | - |

| | | | | |
|---|---|---|---|---|
| ७. दयारामको उत्तर... | ०७ | ०२ | - | - |
| ८. आफू बेचिएको..... | १६ | २६ | ६१ | - |
| ९. दयारामको सम्झना.. | ०८ | - | - | - |
| १०. सौताका तर्फवाट.. | ०६ | - | - | - |
| ११. मयालूद्वारा...... | ०५ | - | - | - |
| १२.मयालूको मध्य जवानी.... | - | - | ०९ | - |
| १३. बालविधवा भनी... | ०७ | - | - | - |
| १४. मयालूको दयाराम कहाँ... | - | ०२ | - | - |
| १५.दयाराम र मयालूको.. | - | २५ | ०३ | - |
| १६. आफू बेचिएको गाउँ | - | - | - | ०४ |
| | ७२ | ८१ | १११ | ०४ |

प्रस्तुत काव्यमा प्रचुर साङ्गीतिक माधुर्य पाइन्छ । काव्यको लयविधान उच्च रहेको छ  सर्गगत श्लोक वितरणमा समानता रहेको छैन । यस काव्यमा खण्डकाव्योचित श्लोक विस्तार रहेको छ । यो काव्य २६९ श्लोकको आयाममा विस्तारित छ  । छन्दयोजना, वर्णविन्यास आदिमा त्रुटि रहे पनि कृत्रिमता रहेको छैन । यस खण्डकाव्यको लयविधान सामान्यतया सफल रहेको छ ।

### ४.४.११ आयाम

प्रस्तुत खण्डकाव्य **अभिशाप** ४१ पृष्ठको आयाममा विस्तारित भएको छ । शार्दलविक्रीडि, भुजङ्गप्रयात, अनुष्टुप् तथा स्रग्धरा  आदिचार वटा शास्त्रीय छन्दमा जम्मा ८५४ वटा कविता पङ्क्तिलाई द्विपदी (अनुष्टुप) चतुष्पदी (शार्दूलविक्रीडित, भुजङ्गप्रयात, स्रग्धरा) श्लोकढाँचामा सृजना गरिएको यस काव्यमा जम्मा २६९ श्लोकको श्लोकगत लमाइ रहेको छ । शृङ्गार, करुण, शान्त आदि रसको प्रयोग भएको यस काव्यमा पवित्र प्रेमको पक्षमा वकालत गरिनुका साथै नेपाली नारी जातिको सामाजिक शोषण, दमनको विरोध तथा उनीहरूका अधिकारका पक्षमा सशक्त आवाज उठाइएको छ । आयामगत हिसाबले प्रस्तुत काव्य सफल रहेको छ । यस काव्यमा प्रयुक्त कविता पङ्क्तिको सर्गगत विवरण यस प्रकार रहेको छ :

| **सर्ग** | **कवितापङ्क्ति** |
|---|---|
| १. अभिशाप | २८ |
| २. बुढाका घरबाट फर्की | ५० |
| ३. दम्पति प्रेमबारे | ७६ |
| ४. दयारामद्वारा | ४८ |
| ५. दयारामद्वारा | ४४ |

| | |
|---|---|
| ६. आफ्नो लक्षण | ०८ |
| ७. दयारामको उत्तर | ३६ |
| ८. आफू बेचिएको | २९० |
| ९. दयारामको सम्झना | ३२ |
| १०. सौताका तर्फबाट | २४ |
| ११. मयालूद्वारा | २० |
| १२. मयालूको मध्य जवानीमा | १८ |
| १३. बालविधवा भनी | २८ |
| १४. मयालूको दयारामकहाँ | ०८ |
| १५. दयाराम र मयालूको | १०६ |
| १६. आफू बेचिएको गाउँ | ४० |

### ४.४.१२ बिम्ब-प्रतीक र अलङ्कारप्रयोग

प्रस्तुत खण्डकाव्य **अभिशाप** बिम्बप्रतीक र अलङ्कार प्रयोगका दृष्टिकोणले निकै सफल रहेको छ । यस खण्डकाव्यमा नियोजित नभई स्वस्फूर्त किसिमका बिम्बप्रतीक अलङ्कार प्रयोग भएको पाइन्छ । यस कृतिमा प्राकृतिक, सामाजिक, सांस्कृतिक आदि बिम्बहरूको प्रयोग भएको छ । जुन यस प्रकार छन् :

**१. सामाजिक बिम्ब**

मसान, सुधा, नौनी, सागपात, मसला, टुहुरो, धनी, गरिब, विष, आगो, कालाबजार, ज्योतिष, पुजारी, पण्डित, कालो सभा, बौलाहा, गाउँघर, चोर, गुणा, ठालू, घुसाध्यक्ष, पिजरा, बन्दचरी आदि ।

**२. प्राकृतिक बिम्ब**

फूल, बाँस, कुञ्ज, काँचाकोपिला, केरा, आँप, गुढुली, भ्रमर, चन्द्रकला, कमल, भेडाबाखा, ऐंसेलु, जामुन, गोलकाक्री, धानखेत, लालीगुँरास, चौरीगाई आदि ।

**३. साँस्कृतिक बिम्ब**

ब्रह्मा, शिव, पार्वती, सती, विष्णु, कृष्ण, कृष्णकी बाँसुरी, बिहे, कन्यादान, पञ्चपात्र, गोपिनी, मण्डप आदि ।

प्रस्तुत खण्डकाव्य अलङ्कारप्रयोगमा पनि सफल रहेको छ । अर्थालङ्कारहरूमा सम्भावना, तुल्ययोगिता, प्रश्नालङ्कार, उपमा, उत्प्रेक्षा, सन्देह, अतिशयोक्ति, रूपकातिशयोक्ति, वक्रोक्ति आदिको प्रयोग भएको छ । यस काव्यमा प्रयोग भएका अलङ्कारमध्ये केही उदाहरण यस प्रकार छन् :

वसन्ती वनैमा विहारै गरौंला
नयाँ फूल चम्की सुगन्धी भरौला ।

(सम्भावना अलङ्कार, **अभिशाप**, पृ. २) ।

गुलीयो हुन्छ कि माया कस्तो हुन्छ दिदी भनी ।
मैले सोधे सबैलाई नसिकाई दिने तिनी ।

(उत्पेक्षा अलङ्कार, **अभिशाप**, पृ.४)

यै हो सुन्दर फूल स्वर्ग भरिको भन्दै पुगे देवता ।

(रूपकातिशयोक्ति, पूर्ववत्, पृ. १३) ।

चमाचम फुलेकी यही बैश फूल
छमाछम हुरीले लागे झूलझूल ॥

(आद्यानुप्रास, पूर्ववत्, पृ. १७) ।

प्रस्तुत खण्डकाव्यमा रीसै पैह्रनु, रीसै खानु, सोह्र बोली असी भोलिजस्ता उखान आदिको प्रयोग हुनु, प्रकृतिको मानवीकरण आदिको प्रयोगका कारण काव्यमा सौन्दर्य थपिएको छ । आलङ्कारिक भाषाशैलीको प्रयोगले काव्यको सफलतामा योगदान पुऱ्याएको छ ।

## ४.४.१३ भाषाशैली

प्रस्तुत खण्डकाव्यको वर्णयोजना व्यवस्थित र उच्च रहेको छ । यस काव्यमा शब्दालङ्कार, अर्थालङ्कारको उचित प्रयोग भएको छ । हिन्दी स्रोतका आगन्तुक शब्दको प्रयोग अधिक छ भने अङ्ग्रेजीका शब्दप्रयोग न्यून मात्रामा भएको छ । हिन्दीका : बाग, गगन, चटनी, मोहल्ला, दलाली, गवार, गोद, उन्मत्त, गोले आदि शब्दहरूको प्रयोग भएको छ । अङ्ग्रेजीका बम, पेट्रोलजस्ता शब्दको प्रयोग भएका छन् । डोटेली भाषिकाका शब्दको प्रयोग अधिक रूपमा भएको छ । झालताल, गुठुली, बेची, पेची, गल्केको, बैंसडाली, झकरा, चूक, भौँरा, जजड्याएर, झूल, लैँगए, पालुरीजस्ता शब्दहरूको प्रयोग प्रचुर मात्रामा भएको छ ।

संस्कृत भाषाका पद्म, भृङ्ग, उषा, नेत्र, द्रव्यजस्ता शब्दहरूको प्रयोग प्रचुर मात्रामा भएको छ । ललित भाषाशैलीको प्रयोग भएको प्रस्तुत खण्डकाव्य साधारण तथा उच्च पठित दुवै वर्गका पाठकहरूका लागि पठनीय रहेको छ । पदक्रममा विचलन, सरल मधुर शब्दप्रयोग, दृढ सबल आख्यानप्रयोग, प्रसादगुण, पाञ्चाली रीतिप्रयुक्त खण्डकाव्यको छन्दविधानमा सामान्य त्रुटिहरू भए पनि भाषाशैलीका प्रयोगका दृष्टिले प्रस्तुत कृति उच्च सफलता प्राप्त कृति हो ।

## ४.४.१४ निष्कर्ष

वि. सं. २०३६ सालमा प्रकाशित प्रस्तुत **अभिशाप** खण्डकाव्य पूर्णानन्द भट्टको प्रथम प्रकाशित रचना हो । कविको मौलिक काव्यकृति **अभिशाप**मा प्रेम प्रमुख विषयवस्तु भएर आएको छ भने नेपाली समाजमा हुने नारी जातिको शोषण, दमन तथा उनीहरूका अधिकार आदिका पक्षमा सशक्त आवाज उठाइएको छ । पूर्वीय काव्यशास्त्रीय मान्यताको पालन भएको तथा एकदेशीयताको सिद्धान्तमा रचिएको यस काव्यमा स्वतन्त्र सर्गविधान रहेको छ । ४१ पृष्ठको लमाइगत आयाममा विस्तारित प्रस्तुत खण्डकाव्य २६९ श्लोक लमाइको पुष्टता

प्राप्त गरेको छ । ८५४ कविता पङ्क्ति रहेको यस काव्यमा द्विपदी (अनुष्टुप्), चतुष्पदी ( शार्दूलविक्रीडित, भुजङ्गप्रयात, स्रग्धरा) लयढाँचा प्रयोग भएको छ । अनुप्रासयुक्त, श्रुतिमधुर, सरल सुन्दर, मधुर कोमल शब्दप्रयोग, आकर्षक एवम् प्रभावकारी भाषाशैली यसका विशेषता हुन् ।

वैदर्भी रीति, प्रसाद गुणयुक्त, जीवनको एकदेशीयता झल्काउने दृढ आख्यान प्रयोग भएको यस काव्यलाई विभिन्न बिम्ब, अलङ्कार प्रयोगले प्रभावकारी बनाएको छ । शृङ्गार, करुण, शान्त रसको प्रयोग भएको प्रस्तुत **अभिशाप** खण्डकाव्य पूर्णानन्द भट्टको लामो कविता साधनाको प्राप्तिहरूमध्ये पहिलो स्थान ओगट्न सफल सर्वोत्कृष्ट कृति हो । कवि भट्टले यस कृतिमा थप परिष्कार परिमार्जन गर्न सकेका भए यो उनको अमर उत्कृष्ट काव्यकृति बन्न सफल हुने सम्भावना बोकेको कृति हो ।

## ४.५ 'आर्तनाद' खण्डकाव्यको अध्ययन

### ४.५.१ रचनाकाल र प्रकाशन

कवि पूर्णानन्द भट्टको **आर्तनाद** खण्डकाव्य वि. सं. २०३८ तिर रचना भएर वि. सं. २०३९ मा प्रकाशित भएको हो ।[१३] यस खण्डकाव्यको प्रकाशनपूर्व उनका **अभिशाप** र **डोटेली लोकलहर** प्रकाशन भइसकेका छन् । खण्डकाव्य तथा फुटकर कविता रचनामा राम्रो अभ्यास पछिको कृति भएकाले यस कृतिमा कवितापक्ष सबल रहेको छ । विभिन्न सङ्घसंस्थाहरू एवम् व्यक्तिहरूको आर्थिक सहयोगमा कवि स्वयम्ले प्रकाशित गरेको प्रस्तुत कृतिमा प्रकाशक पूर्णानन्द भट्ट वडाखेत जोरायल डोटी (से.अ.) उल्लेख गरिएको छ ।

### ४.५.२ प्रेरणा, प्रभाव र विषयवस्तुको स्रोत

प्रस्तुत खण्डकाव्यमा राजनीतिक र आध्यात्मिक विषयवस्तुको प्रस्तुति पाइन्छ । लामो समयसम्म नेपाली राजनीतिमा प्रत्यक्ष सहभागी भएर सँगालेका अनुभवहरू विद्वान् सन्तहरूसँगको उठबसले उनलाई प्रस्तुत विषयवस्तु चयनमा सहयोग पुऱ्यायो । प्रकृतिको सुन्तरताको पारख गर्ने मौका पाएको र नेपाली समाजको राम्रो अध्ययन गरेको व्यक्ति भएकाले प्रस्तुत खण्डकाव्य तिनै अनुभव र प्रेरणाबाट रचना गरिएको हो । प्रस्तुत कृतिको प्रेरणा तथा प्रभावको स्रोत कविले देखेभोगेका नेपाली समाज राजनीति, धार्मिक, शोषण, दमन, हत्याहिंसा, प्राकृतिक सम्पदाको दुरुपयोग राजनीतिक अपराधहरू नै हुन् ।

परिश्रमी माहुरी आस्तिक, अनुशासित, सरलहृदयी आस्तिक मानवको प्रतीक हो । अरिंग्याल नास्तिक, भौतिकवादी, द्रव्यपिशाच, मानवको प्रतीक हो । यस खण्डकाव्यलेखनमा माहुरीलाई अरिंग्यालले दिएको यातना, पीडा, माहुरीको हत्याहिंसा आदिलाई विषयवस्तु तथा प्रेरणा प्रभावको स्रोत बनाइएको छ ।

### ४.५.३ शीर्षकविधान

प्रस्तुत खण्डकाव्यको शीर्षक **आर्तनाद** रहेको छ । **आर्तनाद** भावबोधक नामपद हो । जसको शाब्दिक अर्थ पीडा, रोदन, पुकार आदि हुन्छ । खण्डकाव्यमा अरिंग्यालहरूबाट पीडित माहुरीहरूले अरिंग्याल तथा तीर्थयात्रीसँग मागेको जीवन भिक्षाको पुकार, आर्तनाद नै

---

[१३] शोधनायकबाट प्राप्त जानकारीअनुसार

मुख्य विषयवस्तु भएर आएकाले खण्डकाव्यको शीर्षक विषयवस्तु सुहाउँदो र उपयुक्त रहेको छ । पीडित, गरिब, परिश्रमी, सरलहृदयी, माहुरी (आस्तिक मानव) हरूको साभ्mा पुकार वा आर्तनाद काव्यमा अभिव्यक्त भएकाले काव्यको शीर्षकविधान उचित र सफल रहेको देखिन्छ ।

## ४.५.४ आख्यानात्मक संरचना

### ४.५.४ क) कथावस्तु

प्रस्तुत खण्डकाव्यको कथावस्तु भावप्रवाहको आधारमा सर्गहरूमा विभक्त भएको छ । यस खण्डकाव्यमा १९ वटा सर्गहरू रहेका छन् । अरिंग्यालहरूले माहुरीलाई यातना दिएको उनीहरूको  घरमा आक्रमण गरी बालबच्चा खाइदिएको तथा तहसनहस पारेर मह आदि नाश गरेको घटनाहरूलाई कथावस्तुको रूप दिइएको छ । एकदेशीयताको पालना गरिएको, कथावस्तु आदि, मध्य र अन्त्यको शैलीमा नभएको, सूक्ष्मावलोकन प्रयोग भएको आख्यान सशक्त हुन नसकेको देखिन्छ । कवित्व र आख्यानवीच समन्वय हुन सकेको छैन । खण्डकाव्यको वैचारिक पक्ष निकै सफल रहेको छ । कविकल्पनाप्रसूत विषयवस्तु रहेको यस खण्डकाव्यको सर्गगत कथावस्तु यस प्रकार रहेको छ ।

**१. अरिंग्यालले माहुरीलाई घेरेको बेला....**

नेपालको प्राकृतिक हिमाली सुन्दरताको वर्णनबाट काव्यको थालनी गर्दै सुन्दर वगैचामा पुष्परस लिन गएको बेला माहुरीलाई अरिंग्यालले आक्रमण गर्दा माहुरीले जीवहत्या नगर्न गरेको आह्वान ।

**२. तीर्थयात्रासँग माहुरीको पुकार**

बाटोमा भेटिएको तीर्थयात्रीलाई माहुरीले आफ्नो उद्धारको लागि विन्ति गर्दा वेवास्ता गरेकोमा माहुरीको दुःख व्यक्त हुनु, अरिंग्यालबाट घरबार रक्षा गरिदिन पुकार गर्नु, ।

**३. अरिंग्यालले वनमा माहुरीलाई....**

अरिंग्यालले घेर्दा माहुरीलाई आफ्नो विगतको याद आउनु, दुःखमय वर्तमानलाई सम्भ्mनु ।

**४. अरिंग्याल**

अरिंग्यालले माहुरीको प्रार्थनाको बेवास्ता गर्दै भौतिक सुखसयल मै स्वर्गीय आनन्द रहेको र त्यही जीवन सार्थक रहेको जवाफ दिनु र माहुरीलाई आहार बनाउन नछोड्ने अभिव्यक्ति दिनु ।

**५) माहुरी**

अरिंग्यालको आफू ठूलो भन्ने घमण्डपूर्ण अभिव्यक्तिको खण्डन गर्दै ठूलो बन्न परोपकारी, अनुशासित, परिश्रमी, स्वाबलम्बी, सत्यवादी बन्नु पर्ने तर्क माहुरीले दिनु ।

**६) अरिंग्याल**

माहुरीले स्वतन्त्रता, स्वाधीनता, सम्मानपूर्ण जीवनको माग गरेकोमा अरिंग्यालले धम्की दिइ चुप्प रहन अह्राएको.... ।

**७) माहुरी**

ईश्वरीय सत्ता स्वीकार गर्न सृष्टि ईश्वरको रचना भएको तर्क दिँदै प्रत्येक खराब कर्ममा अरिंग्याल प्रवृत्ति रहेको माहुरीको वर्णन ।

**८) तीर्थयात्री फिर्ताहुँदा पुनः माहुरीको पुकार**

आस्तिकताको खोल ओढी भौतिक सुखसयलमा नडुब्न तीर्थयात्रीलाई माहुरीको अनुरोध, घमण्ड त्याग्न परोपकारी बन्न, निस्सार संसारमा अल्मलिने नहुने भन्दै निःस्वार्थी बन्न माहुरीको आह्वान ।

**९) तीर्थयात्रीले ख्यालै नगरेर जाँदा...**

माहुरीले मान्छेको स्वार्थी व्यवहारप्रति व्यङ्ग्य गर्दै मह काढिसकेपछि माहुरीको वेवास्ता गर्ने तुच्छ प्राणी भनेर व्यङ्ग्य प्रहार गर्नु ।

**१०) अरिंग्याल**

अरिंग्याललले आफूहरू हिंसाकै भरमा बाँचेकाले हिंसात्याग्न नसकिने भन्दै ईश्वरीय अस्तित्व अस्वीकार गर्नु ।

**११) माहुरी**

हत्याहिंसा त्याग्न अनुरोध गर्दै पौरखी जीवले अरिंग्याललाई नाश पारेको घटना वर्णन ।

**१२) अरिंग्याल**

अरिंग्यालद्वारा ईश्वरीय अस्तित्व अस्वीकार

**१३) माहुरी**

प्रकृति ज्ञानको भण्डार भएकाले त्यसबाट शिक्षा लिई निस्थार्थ बन्न आह्वान गर्दै सृष्टि ईश्वरीय रचना भएको र उसको अस्तित्व रहेको माहुरीको जिकिर ।

**१४) अरिंग्यालको प्रश्न**

ब्रह्मतत्त्व कहाँ छ ? कसरी त्यो आत्मामा लुकेको छ ? भन्ने प्रश्न गर्नु,

**१५) माहुरी**

माहुरीले संसारका यावत् प्राणी, वनस्पति, ढुङ्गामाटोमा ईश्वरीय अस्तित्व (अंश) रहेको विभिन्न उदाहरणबाट पुष्टि गर्नु,

**१६) अपराध**

क्रोधमा मानवले अपराध गरे पनि उसको आत्माले  पश्चाताप गर्ने प्रसङ्ग वर्णन ।

**१७) निरापराधी**

निरापराधी व्यक्तिले संसारमा कोहीसँग पनि डराउनु नपर्ने  र अपराधी व्यक्तिले हाल सुख पाए पनि भोलि दुःख भोग्नु पर्ने वर्णन ।

**१८)** वनको अग्निद्वारा सुकेको रुखमा अरिंग्यालको गुँड जलेर आफन्तहरूको मृत्यु भएपछि उसको विचल्ली  र बिलौनाको वर्णन ।

**१९) अब अरिंग्यालको पश्चात्ताप विलाप**

अरिंग्यालले विगतमा माहुरीलाई गरेको दुराचारमा पश्चात्ताप भएर विलाप गर्नु र उसमा आस्तिकताको भावना आएपनि उसले मुक्ति नपाउने विषयको वर्णन ।

## ४.५.४ ख) पात्रविधान

प्रस्तुत खण्डकाव्यमा प्रमुख र गौण पात्रहरूको प्रयोग भएको छ । तीर्थयात्री माहुरी र अरिंग्याल प्रमुख पात्र हुन् भने कीटपतङ्ग, भुसुना, भ्रमर, देवतागण, शिवपार्वती, युवती, पुजारी आदि गौण पात्रहरू हुन् ।

**माहुरी**

यस खण्डकाव्यको प्रमुख पात्र हो । परिश्रमी, उद्योगी, कोमल, सभ्य, अनुशासित, आस्तिक, पात्रका रूपमा आएको माहुरी परपीडन, यातना, स्वार्थीपन, निष्ठुरतालाई पाप भन्ने पात्र हो । उसका विचारमा सज्जनता, परिश्रम, परहित, परोपकार, उद्यमशीलता, अनुशासन धर्म हो । माहुरी यस काव्यमा अनुकूल, मानवेतर, स्थिर, सरल पात्रका रूपमा आएको छ । ऊ आस्तिक मानवको प्रतिनिधि पात्र हो ।

**अरिंग्याल**

अरिंग्याल प्रस्तुत काव्यको प्रतिकूल प्रमुख पात्र हो । ऊ क्रूर, निष्ठुर, निरङ्कुश, परजीवी पात्र हो । अतिभौतिकवादी नास्तिक, स्वार्थी, हिंस्रक, शोषण वर्गको प्रतिनिधि पात्र हो । ऊ प्रतिकूल, मानवेतर, अस्थिर र जटिल पात्र हो ।

**तीर्थयात्री**

तीर्थयात्री यस खण्डकाव्यको मानवीय पात्र हो । धर्मको खोल ओढेर भौतिक संसारमा लिप्त रहने भ्रष्ट पात्रका रूपमा ऊ काव्यमा आएको छ । निष्पक्ष न्यायधीश, संरक्षक बन्नुपर्ने पात्र भएर पनि ऊ त्यस्तो बन्न सकेको छैन । आध्यात्मिक चेतना नभएको मानवता, परोपकारशून्य पक्षपाती, स्वार्थी, धर्मभिरु, ढोँगी पात्रका रूपमा काव्यमा उसको चित्रण भएको छ ।

**गौणपात्र**

शिवपार्वती, देवतागण, पुजारी, युवती, कीटपतङ्ग, भुसुना, डाँफे आदि पात्रहरू काव्यमा सूच्य वा गौणपात्रका रूपमा आएका छन् । यसरी प्रस्तुत खण्डकाव्यको पात्रविधान खण्डकाव्योचित उपयुक्त रहेको छ ।

## ४.५.५ परिवेश

प्रकृतिपरक आध्यात्मिक विषयवस्तु बोकेको प्रस्तुत खण्डकाव्यमा मूल रूपमा प्राकृतिक परिवेशको चित्रण भएको छ । नेपालको प्राकृतिक सम्पदा वनजङ्गल, बगैँचा उद्यानहरू यसमा चित्रित छन् । यस काव्यमा धार्मिक, सांस्कृतिक तथा सामाजिक परिवेशको चित्रण पनि पाइन्छ ।

शिवालय, मन्दिर, धार्मिक, तीर्थस्थल, शिवपार्वती, देवतागण, धर्म, पाप, घण्ट आदिका विषयमा काव्यमा वर्णन पाइन्छ । नेपाली समाजका चाडपर्व तथा परम्पराहरूको वर्णन काव्यमा आएको छ । सामाजिक समस्या, सामाजिक विसङ्गति आदिका विषयमा काव्यमा उल्लेख भएको छ । धर्मको नाममा हुने ठगी, शोषण, देखावटी तीर्थव्रत, दानदातव्यको प्रसङ्ग काव्यमा आएको छ । यसरी काव्यमा सामाजिक, सांस्कृतिक, धार्मिक, प्राकृतिक, परिवेशको चित्रण भएको पुष्टि हुन्छ ।

काव्यमा नेपाललगायत विश्वलाई प्राकृतिक परिवेशका रूपमा तथा मानवसमाज, संस्कृति र सभ्यतालाई सांस्कृतिक परिवेशका रूपमा चित्रण गरेको छ ।

## ४.५.६ केन्द्रीय कथ्य

प्रस्तुत **आर्तनाद** खण्डकाव्यको केन्द्रीय कथ्य माहुरीजस्ता सरल, परिश्रमी, आस्तिक मानव तथा अन्य प्राणीहरूको संरक्षण अधिकार रक्षा प्रकृति संरक्षणका पक्षमा वकालत गर्दै मानवतावादी चिन्तन, आध्यात्मिक स्वर, जीवनवादी चिन्तनको अभिव्यक्ति गर्नु नै हो । प्रत्यक्षमा माहुरी र अरिंग्यालको द्वन्द्व  तथा अरिंग्याल, तीर्थयात्री र माहुरीको बीचको संवाद यसको केन्द्रीय कथ्य हो भने परोक्षमा कविको आध्यात्मिक चिन्तन, प्रकृतिको महिमागान मानवीय दुष्प्रवृत्तिहरूमा सुधारको आह्वान यसको केन्द्रीय कथ्य हो ।

## ४.५.७ भावविधान

प्रस्तुत काव्यमा शोकस्थायी भाव हुने करुण रस अङ्गी रसका रूपमा देखिन्छ भने अङ्ग रसका रूपमा शृङ्गार, शान्त, रौद्र आदि रस आएका छन् । यस काव्यको १७ निरपराधी, १८ वनको अग्निद्वारा...., १९. अरिंग्यालको पश्चात्ताप विलाप आदि सर्गमा शान्तरसको प्रबलता छ भने अन्य सर्गमा करुणरस प्रबल छ र शृङ्गार, रौद्र रसहरू पनि आएका छन् । करुण रस परिपाकमा पुग्न सकेको छैन । काव्य शान्तरसमा टुङ्गिएको छ । प्रकृतिमै सबै रसहरूको आलम्बन उद्दीपन विभावको रूपमा आएको छ । भाव विधानका केही पक्षहरू दुर्बल भए पनि सामान्यतया यस खण्डकाव्यमा भावविधान सफल नै रहेको देखिन्छ ।

## ४.५.८ विचार

प्रस्तुत खण्डकाव्यमा परिश्रमी, अनुशासित, प्राणी माहुरीलाई प्रतीकका रूपमा प्रयोग गरेर त्यस्ता सरल, अनुशासित, परिश्रमी प्राणीहरूका पक्षमा वकालत गर्दै शोषक, निरङ्कुश, क्रुर मानिसहरूले सजाय पाउनुपर्ने उनीहरूको वानी व्यवहारमा सुधार हुनुपर्ने अभिव्यक्ति प्रस्तुत भएको छ । सांसारिक सुखसयलका पछि लागेर स्वार्थीबन्न पुगेका नास्तिकहरूलाई सचेत हुन आह्वान गरिएको छ । काव्यमा आध्यात्मिक चेतनाको विकासमा जोड दिइएको छ । काव्यबाट एक उदाहरण :

उस्तो मोजमजा र चैन मनको स्वप्ना समानै भयो ।
सेवा गर्नु रहेछ दु:खिहरूको त्यो आज थाहा भयो ॥

(**आर्तनाद**, पृ. )

मानवता, बन्धुत्व, परोपकार, ईश्वरीय आस्थामा जोडदिनु नै प्रस्तुत काव्यको वैचारिक पक्ष हो ।

### ४.५.९ सर्गविधान

प्रस्तुत खण्डकाव्यमा उपशीर्षक दिएर सर्गविधान गरिएको छ । सर्गहरूको लमाइगत आयाम समानुपातिक हुन सकेको छैन । कुनै सर्गमा ३ श्लोक मात्र छन् भने कुनै सर्गमा ७६ श्लोकसम्म रहेका छन् । सर्गविधानमा काव्यशास्त्रीय मान्यताको पालन नभएर स्वतन्त्र हुन पुगेको छ । प्रस्तुत खण्डकाव्यको विषयवस्तुको सर्गगत क्रमिक विररण यस प्रकार छ :

१. अरिंग्यालले माहुरीलाई घेरेको बेला...

श्लोक एक सेतो सुन्दर....घारी हजारौ थारीबाट प्रारम्भ भई श्लोक बाइस दुःखीको मन....सम्मको विषयवस्तु ।

२. तीर्थयात्रीसँग माहुरीको प्रकार

हे भाइ बटुवा....श्लोक एकदेखि श्लोक ५६ (शार्दूलविक्रीडित) तथा अनुष्टुप छन्दका २८ श्लोक भुजङ्गप्रयातका ७६ श्लोक आयामसम्म ।

३. अरिंग्यालले वनमा माहुरीलाई....

भुजङ्गप्रयात ८ श्लोक स्रग्धराको १ श्लोक तथा अनुष्टुपका ३१ श्लोक आयामसम्मको विषयवस्तु ।

४. अरिंग्याल

अनुष्टुप् छन्दका ८ श्लोकभित्रको विषयवस्तु ।

५. माहुरी

अनुष्टुप् छन्दका १ देखि ४४ श्लोकसम्मको विषयवस्तु ।

६. अरिंग्याल

अनुष्टुप छन्दका ६ श्लोक भित्रको विषयवस्तु ।

७ माहुरी

दैवले नै बनाएका....श्लोक १ देखि श्लोक ६४ सम्मको विषयवस्तु ।

८ तीर्थयात्री फिर्ता हुँदा पुनः माहुरीको पुकार

शार्दूलविक्रीडित छन्दका ३ श्लोकसम्मको विषयवस्तु ।

९ तीर्थयात्रीले ख्यालै नगरेर जाँदा माहुरीद्वारा...

पैले जो...श्लोक ४ श्लोक १९ सम्मका विविध छन्दका श्लोकहरूमा विस्तारित विषयवस्तु ।

१०. अरिंग्याल

हाम्रो ता...श्लोक १ देखि श्लोक १४ सम्मको विषयवस्तु ।

११ माहुरी

श्लोक एकदेखि श्लोक ४६ सम्मको विषयवस्तु ।

१२. अरिंग्याल

श्लोक १ देखि श्लोक १३ सम्मको विषयवस्तु ।

१३ माहुरी

श्लोक १ देखि श्लोक ५७ सम्मको विषयवस्तु ।

१४. अरिंग्यालको प्रश्न

श्लोक १ देखि ४ सम्मको विषयवस्तु ।

१५. माहुरी

श्लोक १ देखि ११सम्मको विषयवस्तु ।

१६ अपराध

श्लोक १ देखि ४ सम्मको विषयवस्तु ।

१७. निरपराधी

श्लोक ५ देखि १९ सम्मको विषयवस्तु ।

१८. वनको अग्निद्वारा सुकेका रूखमा अरिंग्याल...

श्लोक १ देखि ४ सम्मको विषयवस्तु ।

१९ अब अरिंग्यालको पश्चात्ताप विलाप

श्लोक ५ देखि श्लोक २२ सम्मको विषयवस्तु ।

## ४.५.१० कथनपद्धति

प्रस्तुत खण्डकाव्य **आर्तनाद**को आख्यान प्रस्तुत गर्दा तृतीय पुरुषप्रधान ( कविनिबद्धवक्तृप्रौढोक्ति) कथनढाँचाको प्रयोग भएको छ । काव्यमा संवादात्मकता रहेकाले नाटकीयतासमेत झल्किन्छ ।

## ४.५.११ लयविधान

प्रस्तुत खण्डकाव्य **आर्तनाद**मा शास्त्रीय छन्दको प्रयोग भएको छ । यस काव्यमा शार्दूलविक्रीडित, शिखरिणी, भुजङ्गप्रयात, स्रग्धरा, अनुष्टुप्सहित पाँच वटा छन्दको प्रयोग भएको छ । यस काव्यमा द्विपदी (अनुष्टुप), चतुष्पदी (शार्दूलविक्रीडित, शिखरिणी, आदि) श्लोकढाँचाको प्रयोग भएको छ । यस काव्यको सर्गगत छन्द तालिका यस प्रकार छ :

| सर्ग | शार्दूलविक्रीडित | शिखरिणी | भुजङ्गप्रयात | अनुष्टुप | स्रग्धरा |
|---|---|---|---|---|---|
| १ | २२ | - | - | - | - |
| २ | ५६ | - | ७५ | २८ | - |
| ३ | - | - | ०८ | ३३ | - |
| ४ | - | - | - | ०७ | ०१ |
| ५ | - | - | - | ४४ | - |

| | | | | | |
|---|---|---|---|---|---|
| ६ | - | - | - | ०६ | - |
| ७ | - | - | - | ६४ | - |
| ८ | ०३ | - | - | - | - |
| ९ | ०२ | - | ०३ | ११ | - |
| १० | - | - | - | १४ | - |
| ११ | - | - | - | ४६ | - |
| १२ | - | - | - | १३ | - |
| १३ | - | - | - | ५७ | - |
| १४ | - | - | - | ०४ | - |
| १५ | - | - | - | ११ | - |
| १६ | - | - | - | ०४ | - |
| १७ | - | - | - | १७ | - |
| १८ | - | ०३ | - | - | - |
| १९ | - | ०२ | ०५ | ११ | - |
| | ८६ | ०६ | ९१ | २९० | ०१ |

प्रस्तुत काव्यमा जम्मा श्लोक सङ्ख्या ४२५ रहेको छ । जसमध्ये शार्दूलविक्रीडित छन्दका ८६ श्लोक शिखरिणी छन्दका ०६ श्लोक, शिखरिणी छन्दका ९१ श्लोक, अनुष्टुप छन्दका २९० श्लोक र स्रग्धरा छन्दका ०१ श्लोक रहेका छन् ।

प्रस्तुत काव्यमा प्रचुर साङ्गीतिकता रहेको छ । अन्त्यानुप्रासयोजना निकै सफल रहेको छ । समग्रमा यसको लयविधान सफल रहेको छ ।

## ४.५.१२ आयाम

वि. सं. २०३९ सालमा प्रकाशित **आर्तनाद** खण्डकाव्य ९१ पृष्ठको आयाममा विस्तारित छ । शिखरिणी, शार्दूलविक्रीडित, भुजङ्गप्रयात, अनुष्टुप्, स्रग्धरा आदि पाँचवटा शास्त्रीय छन्दका जम्मा १३७० कवितापङ्क्तिलाई द्विपदी (अनुष्टुप) चतुष्पदी ( शार्दूलविक्रीडित, भुजङ्गप्रयात, अनुष्टुप्, स्रग्धरा) श्लोकढाँचामा सिर्जना गरिएको यस खण्डकाव्यमा जम्मा चारसय पच्चीस श्लोकगत लमाइ रहेको छ र यसको वैचारिक ( गहिराइगत) आयाम उच्च रहेको छ । स्वार्थी, निष्ठुर, निरङ्कुश, अतिभौतिकवादी दानवीय प्रवृत्तिको निन्दा तथा मानवतावादी जीवनवादी आध्यात्मिक स्वर काव्यात्मक ढङ्गले प्रस्तुत गरिएको छ । यस खण्डकाव्यको सर्गगत कवितापङ्क्तिको विवरण यस प्रकार छ :

| सर्ग | कवितापङ्क्ति |
|---|---|
| १ | ८८ |
| २ | ५७० |

| | |
|---|---|
| ३ | ९८ |
| ४ | १८ |
| ५ | ८८ |
| ६ | १२ |
| ७ | १२८ |
| ८ | १२ |
| ९ | ५४ |
| १० | २८ |
| ११ | ९२ |
| १२ | २६ |
| १३ | ११४ |
| १४ | ०८ |
| १५ | ०८ |
| १६ | ३४ |
| १७ | १६ |
| १८ | ७२ |
| १९ | ५० |
| | |

## ४.५.१३ बिम्ब, प्रतीक र अलङ्कारप्रयोग

प्रस्तुत खण्डकाव्यमा बिम्ब, प्रतीकको न्यून मात्रामा प्रयोग भएको छ । यसमा प्राकृतिक, सांस्कृतिक, सामाजिक, बिम्बहरूको प्रयोग भएको छ । यहाँ प्रयुक्त केही बिम्बहरूको उदाहरण यस प्रकार छ :

**प्राकृतिक बिम्ब**

पुतली, फूल, कुञ्ज, गिद्ध, भ्रमरा आदि ।

**सांस्कृतिक बिम्ब**

मसान घाट, घण्ट, भूत, पुजारी आदि ।

यस काव्यमा प्रयुक्त प्रतीकहरूले माहुरी र अरिंग्याल हुन् । यी दुई प्रतीकहरू कृतिव्यापी भएर आएका छन् । यी प्रतीकहरू धार्मिक आध्यात्मिक तथा राजनैतिक अर्थवहन गरेका छन् ।

प्रस्तुत काव्यमा शब्दालङ्कार अन्त्यानुप्रासको दृढ र शिथिल दुवैको सबल प्रयोग भएको छ भने अर्थालङ्कारमा उपमा, स्वभावोक्ति, अतिशयोक्ति, दृष्टान्त, रूपक, आदि अलङ्कारको प्रयोग भएको छ । अलङ्कार प्रयोगका एक दुई उदाहरणहरू यस प्रकार छन् :

पूर्णिमा चन्द्रमा जस्तै आमाको झल्कने मुख ।

त्यो तिम्रो त्रासले गर्दा कालो भएको छ हरे ! शिव !

(उपमा, आर्तनाद, पृ. ४४) ।

सर्पका पाउमा पर्दा ! के जान्ला ढोग हो भनी ? ।

बाधको प्रार्थना गर्दा के जान्ला गुण हो भनी ? ॥

(प्रश्नालङ्कार, आर्तनाद, पृ. ६२) ।

प्रकृतिको मानवीकरण, उखानटुक्काको प्रयोग, राजनैतिक अपराधको काव्यात्मक चित्रण, आध्यात्मिक दर्शनको वर्णन, सामाजिक स्थितिको चित्राङ्कन तथा मानवीय प्रवृत्तिहरूको काव्यात्मक चिरफार गर्दा प्रयोग भएको विशिष्ट भाषाशैली प्रयोगले काव्यमा आलङ्कारिकता थपिएको छ ।

## ४.५.१४ भाषाशैली

प्रस्तुत **आर्तनाद** खण्डकाव्यमा वणयोजना व्यवस्थित र उच्च रहेको छ । शिथिल तथा दृढ अन्त्यानुप्रासको प्रयोग सफल रहेको छ । तत्सम, तद्भव, आगन्तुकस्रोतका शब्दको उचित प्रयोग पाइन्छ । नेपाली भाषाका झर्रा शब्द तथा डोटेली भाषिकाका शब्दको प्रयोग पनि प्रशस्त भएको छ । हिन्दीका आगन्तुक शब्दको प्रयोग प्रशस्त भएको छ । यहाँ प्रयोगमा आएका विभिन्न भाषाका शब्दहरूको केही उदारहण यस प्रकार छ :

हिन्दी भाषाका शब्द : लाल, निला, पन्थ, पहिचान, बेपत्ता, भावी, क्वै, दाता, क्या, तन, मोज, सर्म, गगन, गोता, वरवाद आदि ।

डोटेली शब्द : दुःखारी, डाँस, पालो (तुषार), डाँको, पाट, ठौरठौर, उडन्छ, पोती, खप्तडी, फसाउन्छ आदि ।

अङ्ग्रेजी भाषाका शब्द प्रयोग न्यून रहेको छ । जस्तै : डिग्री, बम, रकेट आदि ।

संस्कृत भाषाका शब्दप्रयोग प्रचुर मात्रामा भएको छ । प्रस्तुत खण्डकाव्य साधारण र पठित सबै पाठकका लागि बोधगम्य पठनीय रहे पनि पठित पाठकहरूकै लागि बढी उपयुक्त रहेको छ ।

पदक्रममा विचलन, सरल शब्दको प्रयोग, सूक्ष्म आख्यानको प्रयोग, पूर्वीय आध्यात्मिक चिन्तन, राजनैतिक, सामाजिक, धार्मिक, शोषणदमनप्रति तीव्र व्यङ्ग्य प्रहार, मानवीय अधिकार, ईश्वरीय अस्तित्वमा जोड दिँदै गरिएको अभिव्यक्तिमा काव्यात्मक एवम् आलङ्कारिक भाषाको प्रयोग भएको छ ।

यस काव्यमा छन्दविधान गर्दा वर्णविन्यास र भाषाप्रयोग आदिमा सामान्य त्रुटि भए पनि कृत्रिमता छैन । सहज, सरस र सरल काव्यात्मक भाषामा लेखिएको प्रस्तुत खण्डकाव्यको भाषाशैली पक्ष सफल रहेको छ ।

## ४.५.१५ निष्कर्ष

**आर्तनाद** खण्डकाव्य २०३९ सालमा प्रकाशित भएको पूर्णानन्द भट्टको दोस्रो खण्डकाव्य हो । प्रस्तुत काव्यमा सूक्ष्माख्यान प्रयोग थोरै पात्रप्रयोग तथा पूर्वीय काव्यशास्त्रीय मान्यताको पालना भएको छ । प्राकृतिक, सांस्कृतिक, राजनीतिक, परिवेशको चित्रण भएको यस काव्यमा एक देशीयताको पालन भएको छ । स्वतन्त्र सर्ग योजना र आयामको प्रयोग भएको कविकल्पनाप्रसूत आख्यानको प्रयोग गरी रचना गरिएको यस काव्यमा अतिभौतिकवादीका पछि नदगुरी मानवतावादी, परोपकारी बन्न आह्वान गरिएको

छ । ईश्वरीय अस्तित्व स्वीकार गरिएको यस काव्यमा जीवन सफल र सार्थक बनाउन आध्यात्मिक बाटोमा  लाग्न भनिएको छ ।

प्रस्तुत काव्य ९१ पृष्ठमा विस्तारित शास्त्रीय छन्दका द्विपदी तथा चतुष्पदी श्लोक ढाँचामा रचिएको अनुप्रासयुक्त श्रुतिमाधुर्यले परिपूर्ण काव्य हो । अनुप्रासिक सौन्दर्य, सरल सुन्दर, सहज शब्दप्रयोग, आकर्षक एवम् प्रभावकारी भाषाशैली यसका विशेषता हुन् । एकदेशीयता झल्काउने, सूक्ष्माख्यानको प्रयोग भएको विविध भाव वा विचारलाई अनेकौँ बिम्बप्रतीक एवम् अलङ्कारको प्रयोग गरेर काव्यलाई प्रभावकारी बनाइएको छ । रौद्र, करुण, शान्त, शृङ्गार आदि रसको प्रयोग भएको प्रस्तुत काव्यमा करुण रसप्रधान रहेको छ । उच्च   मध्यम श्रेणीमा पर्न जाने प्रस्तुत खण्डकाव्य लमाइ, गहिराइको आयामले परिपुष्ट रहेको छ । यसरी प्रस्तुत कृति पूर्णानन्द भट्टको सफल खण्डकाव्य हो भन्न सकिन्छ ।

## ४.६ 'वनदेवी' खण्डकाव्यको अध्ययन

### ४.६.१ रचनाकाल/ प्रकाशन

पूर्णानन्द भट्टको **वनदेवी** शीर्षकको खण्डकाव्य वि. सं. २०४० सालमा प्रकाशित भएको कृति हो । यस काव्यको प्रकाशन हुनुपूर्व उनका **अभिशाप**, **डोटेली लोक लहर**, **आर्तनाद**, **कवितातरङ्ग**, आदि कृतिहरू प्रकाशित भैसकेका छन् । कविता/काव्य लेखनको लामो अभ्यासपछि लेखिएकाले यस खण्डकाव्यमा कविताको स्तर निकै उच्च रहन गएको छ ।

त्रिभुवन विश्वविद्यालयका तत्कालीन उपप्राध्यापक डा. प्रेमराज पन्तको आर्थिक सहयोगमा लेखक स्वयम्ले प्रकाशित गरेको यस खण्डकाव्यले प्राकृतिक सम्पदा संरक्षणका पक्षमा सशक्त आवाज उठाउनुका साथै कविको आध्यात्मिक विचारको प्रवाह गरेको छ ।

### ४.६.२ प्रेरणा, प्रभाव र विषयवस्तुको स्रोत

**वनदेवी** खण्डकाव्यको रचनामा नेपाली प्राकृतिक सम्पदाको विनाश नै प्रमुख प्रेरणास्रोत बन्न पुगेको छ । आध्यात्मिक विषय वस्तु मानव समाजमा रहेको अन्धभक्ति, भ्रष्टहरूका धार्मिक यज्ञव्रत तथा अन्य कार्यहरूले पनि प्रस्तुत काव्य लेखनको प्रेरणा प्रभावको काम गरेको छ । प्रकृति, लोकसाहित्य, प्रकृति विषयकै लिखितसाहित्य प्रकृतिकाव्य (तरुणतपसी आदि) बाट पनि कवि प्रेरित भएका देखिन्छन् । कवि स्वयम्ले देखे भोगेको नेपाली प्राकृतिक सम्पदाको  विगतको सम्पन्नता तथा वर्तमानको विनाशबाट पीडित भएर यस कृतिको रचना गर्न पुगेको देखिन्छ ।

### ४.६.३ शीर्षकविधान

प्रस्तुत खण्डकाव्यको शीर्षक **वनदेवी** राखिएको छ । 'वन' वस्तु पदार्थबोधक नामपद हो भने 'देवी' देवताको स्त्रीलिङ्गवाची नामपद हो । यी दुई पदको संयोगबाट स्त्रीजातिबोधक **वनदेवी** पदको निर्माण हुन्छ । वनलाई देवीको सम्मान दिएर काव्यको नाम **वनदेवी** राखिएको छ । यस खण्डकाव्यमा आख्यानको समाख्याता **वनदेवी** नै रहेको र काव्य पनि उसकै विषयमा रचिएकाले यस काव्यको  शीर्षक **वनदेवी** सार्थक र उपयुक्त हुन पुगेको छ । **वनदेवी** काव्यकी प्रमुख पात्र हो । ऊ प्राकृतिक सम्पदाकी देवी हो । उसको विगत

सम्पन्न थियो र वर्तमान विपन्न छ । उसकै माध्यमबाट काव्यको आध्यात्मिक चिन्तन पनि अभिव्यक्त भएको छ । ऊ कविको मुखपात्रको रूपमा आएकी छ । यसरी प्रस्तुत काव्यको शीर्षक सार्थक रहेको स्पष्ट हुन्छ ।

### ४.६.४ आख्यानात्मक संरचना

### ४.६.४ क) कथावस्तु

**वनदेवी** खण्डकाव्यमा कथावस्तुलाई नौवटा खण्डहरूमा विभाजन गरिएको छ । सूक्ष्माख्यान प्रयोग भएको प्राकृतिक सम्पदा तथा आध्यात्मिक चिन्तनका विषयमा रचिएको प्रस्तुत काव्यका विषयवस्तु  प्राकृतिक वनसम्पदाको विगतको गौरवमय सम्पन्नता नाश भएर वर्तमानमा प्रकृति विपन्न हुन पुगेको हो । झिनो आख्यान तथा आध्यात्मिक विषयलाई खण्डकाव्य स्तरमा विस्तृत पारिएको छ । एकदेशीयतको पालना भएको यस काव्यको कथावस्तु आदि, मध्य, अन्त्यको ढाँचामा सङ्गठित भएको छैन । पूर्वीय काव्यशास्त्रीय मान्यताको पालना भएको यस काव्यमा आख्यान र कवित्वको सन्तुलन हुन सकेको  छैन ।

गहन प्रकृति तथा आध्यात्मिक चिन्तन बोकेको यस खण्डकाव्यमा आख्यान झिनो भए पनि खण्डकाव्योचित रहेको छ । यसमा अभिव्यक्त मानवतावादी भाव सशक्त रहेको छ ।

### ४.६.४ ख) परिवेश

**वनदेवी** खण्डकाव्यमा प्राकृतिक परिवेश प्रमुख रूपमा चित्रण भएको छ भने सांस्कृतिक, धार्मिक, परिवेश पनि सशक्त रूपमा चित्रण भएको छ । नेपालको प्राकृतिक सम्पदा वनजङ्गल, वनस्पति, पशुपंक्षी, नदीनाला, हिमाल, पहाड, तराईको सुन्दर चित्रण भएको छ । सुदूरपश्चिमको शोभा खप्तडपाटनको सुन्दर मनोरम चित्रण काव्यमा भएको छ । यस खण्डकाव्यमा प्राकृतिक परिवेशको चित्रण सफल रहेको स्पष्ट हुन्छ । यस काव्यमा धार्मिक, सांस्कृतिक, परिवेशको चित्रण पनि सफलतासाथ  भएको छ । देवीस्थान, पशुपति, ब्रह्मपुराण यज्ञशाला, कैलाश, वनदेव, गङ्गा आदिको वर्णन तथा धर्मको नाममा ठगी धर्माडम्बर, देखावटी यज्ञदान आदिको प्रसङ्ग दिएर धार्मिक, सांस्कृतिक, परिवेशको उल्लेख भएको छ । काव्यमा वर्णित भौगोलिक परिवेश पूरै नेपाल हो भने यसको सांस्कृतिक परिवेश नेपालको समाज, सांस्कृतिक आदि हो ।

### ४.६.५ केन्द्रीय कथ्य

यस काव्यको केन्द्रीय कथ्य वन सम्पदा संरक्षण, प्रकृतिको महिमागान, अध्यात्मवादी चिन्तन, मानवतावादी स्वर दिनु, तथा जीवनवादी अभिव्यक्ति दिनु हो । प्रकृति, मानवलगायत सम्पूर्ण प्राणीजगत्को संरक्षक तथा जीवनस्रोत हो । प्रकृतिको संरक्षण भए मात्र सबै प्राणीजगत्ले सुख पाउन सक्छ । प्रकृतिको विगत सम्पन्न थियो । वर्तमान विपन्न भइरहेको छ । यसको भविष्य जोगाउनु मानव कर्तव्य हो । मानव सभ्यता पनि प्रकृतिकै काखमा मात्र सफल हुन सक्छ भन्ने काव्यको प्रकृतिवादी कथन एकातिर छ भने अर्कातिर आध्यात्मिक स्वर चर्को रूपमा उठेको छ । संसार ईश्वरीय रचना हो र उसको विधानलाई सबैले स्वीकार्नु पर्छ । सृष्टिका कणकणमा प्रत्येक प्राणी र वनस्पतिमा उसको अंश रहेको छ । भौतिक सम्पति सुखसयलका पछि लागेर भाइबन्धु तथा स्वजनको भागहडप पारेर सम्पति थुपार्ने हरूको भविष्य दुःखदायी हुन्छ । मानवीय उन्नतिको मार्ग सभ्यताको मूल

आध्यात्म भएकाले त्यसको अनुसरण गर्नामा सबैको कल्याण छ भन्ने केन्द्रीय कथ्य प्रस्तुत खण्डकाव्यमा अभिव्यक्त भएको छ ।

### ४.६.६ भावविधान

प्रस्तुत खण्डकाव्यमा शम स्थायीभाव हुने शान्त रस अङ्गी रसका रूपमा आएको छ । करुण, रौद्र, शृङ्गार आदि रसहरू अङ्ग रसका रूपमा आएका छन् । काव्यको खण्ड ३ तथा खण्ड ७ मा करुण रस प्रबल रहेको छ । अन्य खण्डहरूमा शान्त रसको प्रबलता रहेको छ । यस खण्डकाव्यमा शान्तरस परिपाकमा पुगेर अन्त्य भएको छ । सम्पूर्ण रसहरूको आलम्बन उद्दीपन विभावका रूपमा प्रकृति आएको छ । अन्य रसहरूले यथास्थानमा महत्त्व राखे पनि शम स्थायीभाव हुने शान्तरस परिपाकमा पुगेको प्रस्तुत काव्यको भावविधान सफल रहेको छ ।

### ४.६.७ विचार

प्रकृतिप्रेमी कवि भट्टले यस काव्यमा प्रकृतिको संरक्षण, विकास तथा सम्मानमा जोड दिएका छन् । प्रकृति सम्पूर्ण जीवधारी तथा पदार्थहरूको मूल स्रोत हो । प्रकृति ज्ञानविज्ञान, शान्ति र सम्पन्नताको भण्डार हो । त्यसैले प्रकृतिको संरक्षण गरिनु पर्छ भन्ने वैचारिक अभिव्यक्ति काव्यमा पाइन्छ । प्रस्तुत काव्यमा अभिव्यक्त भएको अर्को सशक्त वैचारिक पक्ष आध्यात्म चिन्तन हो । विश्वशान्ति विकास सम्पन्नता र मानव सभ्यताको विकासका लागि भौतिक उन्नति भौतिकतावादी चिन्तनले मात्र पुग्दैन । यसका लागि आध्यात्मिक चिन्तन मनन पनि आवश्यक छ । सृष्टिको सञ्चालक, सृष्टिकर्ता ईश्वरको अस्तित्व छ । प्रत्येक वस्तुपदार्थ तथा जीवधारीमा उसको अंश छ । त्यसैले परोपकार, सेवा भाव राख्दै मानवतावादी बन्नु आवश्यक छ भन्ने आध्यात्मिक चिन्तन काव्यमा बढी सशक्त भएर आएको वैचारिक पक्ष हो ।

### ४.६.८ सर्गविधान

**वनदेवी** खण्डकाव्यमा अङ्कसमेत (१,२,३) बाट सर्गविधान गरिएको छ । प्रस्तुत खण्डकाव्य ९ वटा सर्गमा विभाजित भएको छ । यहाँ कविको स्वतन्त्र सर्गविधान प्रयोग भएको छ । सर्गविभाजनमा भावप्रवाहले पनि भूमिका खेलेको छ । भाव प्रवाहका आधारमा सर्गविभाजन भएकाले सर्गगत श्लोक लमाइ समानुपातिक हुन सकेको छैन । प्रस्तुत खण्डकाव्यको सर्गगत विषयवस्तु यस प्रकार छ :

**सर्ग १**

**वनदेवी**ले महात्मालाई दर्शन दिनु, महात्माको उनीसँग परिचय हुनु, **वनदेवी**को महिमागान हुनु, देवताद्वारा **वनदेवी**लाई प्रकृति संरक्षणको लागि अनुरोध, **वनदेवी** रमण वनमा बास बस्नु थाल्नु आदि घटना वर्णन ।

**सर्ग २**

वनसम्पदा तथा प्राकृतिक सम्पन्नताको विगत गाथा देवीद्वारा महात्मालाई सुनाइनु ।

**सर्ग ३**

कलिरूपी तस्कर व्यापारी झुण्डको वनमा प्रवेश वन फडानी तथा वन विनाश, कैलाशमा पार्वतीको रोदन, पशुपंक्षीको विचल्लीको वर्णन ।

**सर्ग ४**

वनस्पति र मानववीच महायुद्ध हुनु, वनस्पतिको वंश विनाश हुने अवस्था पुग्नु, पृथ्वी कम्पन हुने युद्ध वर्णन ।

**सर्ग ५**

प्रकृतिपालित फलफूल, पशुपंक्षीहरूको मानवद्वारा धर्मका नाममा गरिने बलीप्रथाको विरोध ।

**सर्ग ६**

प्रकृति (हिमाल, पहाड, तराई, वनस्पति) को सौन्दर्य वर्णन पशुपक्षी आदिको क्रीडावर्णन ।

**सर्ग ७**

वनमा पुनः कालिरूपी तस्कर प्रवेश, वन विनाश वर्णन, प्रकृति माताको तन बेचेर धनपति बन्ने भौतिकवादी मानवदानवको वर्णन ।

**सर्ग ८**

वन तस्कर, व्यापारी, महामानव वनमा आइ ब्रह्मपुराण लगाउनु, दुष्कर्मीहरूको धर्म भिरु पनको निन्दा, धार्मिक शोषण रुढि विचारको विरोध ।

**सर्ग ९**

**वनदेवी**द्वारा मानवतावादी आध्यात्मिक शिक्षा प्रदान, मानव नै ईश्वर भएको वर्णन तथा मानवशरीरलाई ईश्वरीय मन्दिरका रूपमा वर्णन । यसरी स्वतन्त्र सर्गविधान भएको प्रस्तुत खण्डकाव्यमा आध्यात्मिक एवम् प्राकृतिक विषयवस्तु व्यवस्थित रूपमा प्रस्तुत भएको छ ।

## ४.६.९ कथनपद्धति

प्रस्तुत खण्डकाव्यमा **वनदेवी**को आख्यान प्रस्तुत गर्दा तृतीय पुरुषप्रधान ( कविनिबद्धवक्तृप्रौढोक्ति) कथनढाँचाको प्रयोग भएको छ । काव्यमा प्रायः तृतीयपुरुष संवादात्मक कथनपद्धतिको नै प्रयोग भएको छ । प्रस्तुत काव्यमा नाटकीयता पनि प्रचुर मात्रामा प्रयोग भएको छ । कुनैकुनै सर्गमा एकालापीय शैलीको प्रयोग पनि पाइन्छ । कथनपद्धतिको हिसाबले प्रस्तुत खण्डकाव्य निकै सफल रहेको छ ।

## ४.६.१० लयविधान

शास्त्रीय छन्दको प्रयोग भएको यस खण्डकाव्यमा लयविधान निकै सफल रहेको छ । प्रचुर साङ्गीतिकता, गेयात्मकता, माधुर्यले पूर्ण भएको यस काव्यमा अन्त्यानुप्रासको सुन्दर प्रयोग भएको छ । शार्दूलविक्रीडित, शिखरिणी र अनुष्टुप छन्दको प्रयोग भएको यस

खण्डकाव्यको छन्दयोजना निकै सफल रहेको छ । यस काव्यमा प्रयोग भएको सर्गगत छन्द विवरण यस प्रकार छ :

| सर्ग | शार्दूलविक्रीडित | शिखरिणी | अनुष्टुप् |
|---|---|---|---|
| १ | - | २० | - |
| २ | - | १७ | - |
| ३ | - | १३ | १ |
| ४ | - | १८ | - |
| ५ | - | १५ | १ |
| ६ | - | २१ | - |
| ७ | - | १५ | - |
| ८ | ९ | ७ | ३० |
| ९ | ०४ | ७ | १० |
| जम्मा | १३ | १३३ | ४२ |

पस्तुत काव्यमा ९ वटा सर्गमा विभाजित जम्मा श्लोकहरूको सङ्ख्या १८८ रहेको छ जसले खण्डकाव्यलाई पुष्ट आयाम दिएको छ ।

### ४.६.११ आयाम

प्रस्तुत खण्डकाव्य ४४ पृष्ठको आयाममा विस्तारित भएको छ । शिखरिणी, शार्दूलविक्रीडित, अनुष्टुप् तीनवटा शास्त्रीय छन्दका जम्मा ६६८ कवितात्मक पङ्क्तिलाई द्विपदी (अनुष्टुप्) चतुष्पदी (शिखरिणी, शार्दूलविक्रीडित) श्लोक ढाँचामा सिर्जना गरिएको यस काव्यमा जम्मा १८८ श्लोकको श्लोकगत लमाइ रहेको छ । शान्त, करुण, रौद्र, शृङ्गार आदि रसको प्रयोग भएको यस काव्यको वैचारिक आयाम उच्च रहेको छ ।

अतिभौतिकवादी क्षुद्र मानव व्यवहारको निन्दा, मानवतावादी प्रकृतिवादी चिन्तन, आध्यात्मिक स्वर, प्रकृतिको महिमागान तथा प्रकृति संरक्षणको आह्वान काव्यात्मक ढङ्गले अभिव्यक्त भएको यस खण्डकाव्यको गहिराइगत आयाम निकै सफल र उच्च रहेको छ ।

### ४.६.१२ बिम्ब, प्रतीक र अलङ्कारविधान

प्रस्तुत खण्डकाव्यको अलङ्कार प्रयोग निकै सफल रहेको छ । प्रायोजित अलङ्कार विधान नभई स्वस्फूर्त भएकाले यसमा सहजता पनि रहेको छ । यस खण्डकाव्यमा शब्दालङ्कारमा अन्त्यानुप्रासको सिथिल तथा दृढ दुवै रूपको सफल प्रयोग भएको छ । अर्थालङ्कारहरूमा स्वभावोक्ति, उपमा, रूपक, रूपकातिशयोक्ति, लुप्तोपमा, विरोधाभास, प्रश्नालङ्कार आदिको प्रयोग भएको छ । यहाँ प्रयोग भएका केही अलङ्कारहरूको उदाहरणहरू यस प्रकार रहेका छन् :

इशाराले भन्थे अतिरहरले सूर्य नभमा
छरी दिन्छु लाली नव सगुन सिन्दूर शिरमा
सुनौलो जो जङ्घा सरसर पसारी समथल ।

नसा थे माझैमा लहर हरिया तेज अचल ।
(अन्त्यानुप्रास, ४/५ **वनदेवी,** पृ. १५) ।

करौडौ फूलैमा मधु पनि भरेको टमटम ।
आवाजै मौरीको धुनधुन बजन्थ्यो वनवन ॥
गुलावी फूलै थे उपवन फुलेका रूखमुनी ।
करौडौँ गुच्छा थे झकझक भएका धन बनी ॥
(स्वभावोक्ति अलङ्कार, २/४ **वनदेवी,** पृ.७) ।

बिम्ब प्रतीक प्रयोगका हिसाबले पनि प्रस्तुत खण्डकाव्य निकै सफल रहेको छ । यसमा प्रयोग भएका बिम्ब प्रतीक सहज स्वस्फूर्त रहेका छन् । प्रस्तुत काव्यमा प्राकृतिक, सांस्कृतिक विविध क्षेत्रका बिम्बप्रतीकको प्रयोग भएको छ । यस खण्डकाव्यको शीर्षक नै प्रतीकात्मक रहेको छ । **वनदेवी** प्राकृतिक सम्पदा, सम्पन्नता, सुन्दरताकी प्रतीक हो । कलि वनतस्कर व्यापारीहरूको प्रतीक हो । अणुवम युद्ध तथा अशान्तिको प्रतीक हो । कैलाश पवित्रता र उच्चताको प्रतीक हो । यस खण्डकाव्यमा प्रयुक्त बिम्बहरूका केही उदाहरणहरू यस प्रकार छन् :

**प्राकृतिक बिम्ब**

फूल, भमरा, माहुरी, रविकिरण, चन्द्र, तारा, गगन, कुञ्ज, झाडी, मृग, हरिण, बाघ, डाँफे, मयुर, बादल, पहाड आदि ।

**सांस्कृतिक बिम्ब**

शिवपार्वती, शिवनगर, यज्ञ, मण्डप, पुजारी, धामी, झाँक्री, प्रसाद, व्यासाशन आदि ।

**सामाजिक बिम्ब**

टालाटुली, छाप्रो, सागपात, बस्ती, गाउँ, धनी, गरिब, धन आदि । यसरी प्रस्तुत खण्डकाव्य बिम्बालङ्कार विधानका दृष्टिकोणले निकै सफल रहेको प्रष्ट हुन्छ ।

## ४.६.१३ भाषाशैली

**वनदेवी** खण्डकाव्यको वर्णयोजना व्यवस्थित र उच्च रहेको छ । अन्त्यानुप्रासको उच्च प्रयोग, सरलसुन्दर शब्दप्रयोग, तत्सम, तद्भव आगन्तुक शब्दहरूको प्रचुर मात्रामा प्रयोग हुनु, नेपाली भाषा झर्रा शब्दप्रयोग, डोटेली भाषिका शब्दको अधिक प्रयोगले यस काव्यको भाषागत समृद्धि बढाएको छ । प्रस्तुत काव्यमा प्रयोग भएका विभिन्न भाषाका शब्दहरूको केही उदाहरणहरू यस प्रकार छन् :

**डोटेली भाषिकाका शब्द**

जन्जाल, घुमौरे, हराउन्थीन, बौलिन्थे, खप्तडी, मुन्टा, मैली, डुलन्थे, पालीपाली आदि ।

**हिन्दी भाषाका शब्दहरू**

गगन, रवि, नदिया, गङगोत्तरी, लाल, नर, नारियाँ, पन्थ, वर्वादी आदि ।

अङ्ग्रेजी भाषाका शब्दहरूको न्यून प्रयोग भएको देखिन्छ । रकेट, बम, ट्याङ्क, जस्ता, अल्प शब्दहरूको  प्रयोग गरिएको छ।

प्रस्तुत काव्य साधारण पाठक तथा उच्च पठित पाठक सबैका लागि पठनीय रहेको छ । व्याकरणात्मक पदक्रमको विचलन, सूक्ष्माख्यानको प्रयोग, पूर्वीय वैदिक आध्यात्मिक चिन्तन, प्रकृतिको सुन्दर एवम् विकराल रूपको वर्णन, मानवतावादी  चिन्तन, प्रकृति संरक्षणका पक्षमा अभिव्यक्ति गर्दा काव्यात्मक ललित भाषाशैलीको प्रयोग हुनु यस काव्यका भाषाशैलीगत विशेषताहरू हुन् ।

वैदर्भी र पाञ्चाली रीतिको प्रयोग भएको यस काव्यमा छन्दविधानअन्तर्गत कही कतै मात्राप्रयोग वर्णविन्यासगत त्रुटिहरू भए पनि सहजता र अकृत्रिमताले गर्दा काव्यको मूल्य उच्च रहन गएको छ ।

## ४.६.१४ निष्कर्ष

वि. सं. २०४० सालमा प्रकाशित **वनदेवी** खण्डकाव्य तीनवटा शास्त्रीय छन्द प्रयोग भएको ६६८ पङ्क्ति प्रवाहमा ४४ पृष्ठका १८८ श्लोकगत आयाममा फैलिएको पुष्ट खण्डकाव्य हो । अङ्क सङ्केतबाट सर्गविधान गरिएको ९ खण्ड/सर्गमा विभाजित काव्यको कथावस्तु कवि कल्पनाप्रसूत मौलिक रहेको छ । प्राकृतिक सम्पदा संरक्षण, प्राकृतिक सुन्दरता, आध्यात्मिक चिन्तनमा जोड दिइएको मानवतावादी स्वर व्यक्त भएको यस काव्यमा अङ्गी रसका रूपमा शान्त रस तथा अङ्ग रसका रूपमा शृङ्गार, करुण, रौद्र आदि रसहरू रहेका छन् । आध्यात्मिक चिन्तन तथा प्राकृतिक सम्पदा संरक्षण मूल कथ्य रहेको यस काव्यमा वैचारिक पक्ष निकै सबल गहन रहेको छ । सरल र बोधगम्य भाषाशैलीको प्रयोग भएको वैदर्भी पाञ्चाली रीति, प्रसाद, गुण प्रयोग भएको यस काव्यमा :

वैचारिक पक्ष उत्कृष्ट रहेको, भाव, बिम्बालङ्कार, व्यञ्जना प्रयोगमा कवित्व शक्ति सबल, खण्डकाव्यात्मक गहिराइ लमाइ पुष्टता प्राप्त भएको, आख्यान संरचना सूक्ष्म स्थिल रहेको, शैली शिल्प पक्ष सबल रहेको, भाषाशैलीगत पक्ष उत्कृष्ट रहेकाले यस **वनदेवी** खण्डकाव्यलाई उच्चमध्यम श्रेणीको काव्य भनेर पुष्टि गर्न सकिन्छ ।

## ४.७ 'गाउँकला' चम्पूकाव्यको अध्ययन

## ४.७.१ पृष्ठभूमि

काव्य भाषिक प्रयोगका हिसाबले गद्य,  पद्य र चम्पू गरी तीन किसिमको हुन्छ । पूर्वीय पाश्चात्य सबै साहित्यमा साहित्यिक रचनाको प्रथम कृतिहरू पद्यमैँ रचिएको इतिहास बढी पाइन्छ । गद्य र पद्यको  मिश्रण गरी रचना गरिएका काव्यहरूलाई चम्पूकाव्य भनेर चिनेने गरिएको पाइन्छ । लोक काव्यहरू (वीरगाथा, ऐतिहासिक गाथा, धार्मिक गाथा आदि) प्रायःजसो चम्पूशैलीमा रचिएका पाइन्छन् । लिखित साहित्यमा चम्पूकाव्य गद्य/पद्य काव्य भन्दा निकै कान्छो मानिन्छ ।

पूर्वीय काव्यशास्त्रीहरू भामह  वामनहरूले गद्यपद्य गरी काव्यका दुई भेदको मात्र उल्लेख गरेका छन् भने दण्डीले गद्यपद्य मिश्रित गरी तेस्रो भेद चम्पू हुन्छ भन्दै यो श्रव्य दृश्य दुवै काव्यमा  हुन्छ भनेका छन् । साहित्य प्रदीपकार पं. सोमनाथ सिग्देलले उक्त कृतिमा गद्यपद्य दुवै रचना मिश्रित भएको श्रव्यकाव्यलाई चम्पू भन्दछन् ।[१४] भनेर उल्लेख गरेका छन् । उनका अनुसार चम्पक पुष्पलेझैँ सर्वोत्मुखी वासना प्रकाशन गर्ने हुनाले

[१४] सोमनाथ सिग्देल, साहित्यप्रदीप, काडमाडौँ : विद्यार्थी पुस्तक भण्डार, २०५८), पृ. ९७ ।

चम्पूनाम रहेको हुनु पर्दछ । संस्कृत चम्पूकाव्य **नल चम्पू** र **भरत चम्पू** आदि हुन् । भाषामा चम्पू प्रथा अझ चलेको छैन । त्यस्ता रचना त छन् । यसरी चम्पूकाव्य संस्कृत साहित्यमा मानक रूपमा विकसित भइसकेको तर नेपाली आदि भाषाहरूमा यसको लेखनपरम्परा धेरै पछि सुरु भएको तथा त्यसको मानक रूपरेखा निर्धारण भैसकेको पाइदैन । जे होस् गद्यपद्य मिश्रित भएको सुललित भाषाप्रयोग भएको तथा गद्यपद्य दुवै काव्यलेखन शैलीका तत्त्वहरू मिश्रण भएको काव्य चम्पूकाव्य हो भनेर भन्न सकिन्छ । प्रस्तुत चम्पूकाव्य गाउँकलाको विश्लेषण गद्यपद्य दुवै तत्त्वका आधारमा गर्न उचित भएकाले सोही आधारमा यसको विश्लेषण गरिएको छ ।

### ४.७.२ प्रकाशन

पूर्णानन्द भट्टको चम्पूकाव्य 'गाउँकला' भारतीय नेपाली प्रवासीहरूको आर्थिक सहयोगमा वि. सं. २०४५ सालमा प्रकाशित भएको पद्य कविता/काव्य लेखनमा एकहोरो संलग्न रहेका भट्टको गद्य साहित्य लेखनतिरको चासोको प्रमाण हो । प्रस्तुत कृति लेखक स्वयम्द्वारा प्रकाशित भएको हो ।

### ४.७.३ प्रेरणा, प्रभाव र विषयवस्तुको स्रोत

पूर्णानन्द भट्टले आफूले भोगेको जीवन तथा नेपाली ग्रामीण जीवनका शोषण दमन अन्याय अत्याचारबाट आक्रान्त गाउँले जीवनको तीतो सत्यबाट प्रेरित प्रभावित भएर प्रस्तुत 'गाउँकला' चम्पूकाव्यको रचना गरेका हुन् । अशिक्षित, सरल, परिश्रमी, सोझा गाउँलेहरूको पसिनामा बाँचेका र मोटाएका जालीफटाह जुकाहरू ठालू, शोषक, सामन्तहरूका वास्तविक क्रियाकलापहरूलाई काव्यले सफलतासाथ पस्केको छ । रक्तपिपासु ग्रामीण दानवहरू सरल गरिब किसानहरूको जीवनलाई कसरी बर्बाद गर्छन् र उनीहरूको थातबास कसरी हडप गर्छन् त्यसको यथार्थ चित्रण गर्न सफल प्रस्तुत कृतिको प्रेरणा र प्रभावको स्रोत यही ग्रामीण शोषण, दमन, अन्याय र आतङक नै हो ।

### ४.७.४ शीर्षकविधान

प्रस्तुत चम्पूकाव्यको शीर्षक **गाउँकला** रहेको छ । व्याकरणिक कोटिअनुसार गाउँकला दुवै नामपद हुन् । जसको शाब्दिक अर्थ क्रमशः गाउँनगर बाहिरको ससानो बस्ती, कृषक बस्ती, ग्राम आदि हुन्छ भने कला-सीप, योग्यता, कौशल आदि हुन्छ । समस्त पदको अर्थ गाउँ घरका सिपालु तानाबाना भन्ने हुन्छ । गाउँघरका जाली फटाहा शोषण सामन्तहरूले सज्जन, अशिक्षित गरिब किसानहरूको शोषण, दमन, हत्याहिंसा गर्ने, थातबास उठाउने विभिन्न हत्काण्डाहरू शोषण, दमनका शैलीहरू भन्ने अर्थमा प्रस्तुत काव्यको नामकरण **गाउँकला** राखिएको हो । यस अर्थमा प्रस्तुत कृतिको शीर्षक सार्थक र सान्दर्भिक रहेको छ ।

### ४.७.५ कथावस्तु/कथानक

प्रस्तुत चम्पूकाव्यमा कथावस्तुलाई पाँचवटा खण्ड वा कलामा विभाजित गरिएको छ । ती प्रत्येक कलामा व्यवस्थित भएको कथावस्तु विभिन्न कथानक/चूर्णकबाट निर्मित भएका छन् । प्रत्येक कलामा राखिएको कथानक/चूर्णक यस प्रकार रहेको छ :

**पहिलो कला**

१) गगनराज गुन्टेको चरित्रचित्रण

२) भुवनलाल भुन्टे तथा उसको छोरा पवनलालको चरित्रचित्रण

३) सत्यवती र गुन्टेको प्रेम विवाह हुनु र छोराको जन्मको वर्णन ।

४) गुन्टेको हलो जुवा भुन्टेले जलाइ दिनु ।

५) भोलिपल्ट हलो जुवा नपाउँदा गुन्टेले खोजी गर्नु,

६) गुन्टे चन्द्रपुर गाउँमा रामेहरूले जुवा खेलिरहेको छाप्रोमा पुग्नु,

छाप्रोभित्र जुवाको कुरा सुन्दा मेरै जुवा पो हो कि भन्ने भ्रमरा परी भित्र को छ हँ भनी हकार्नु जुवाडेहरू सी आइ डी भनेर डराउनु गुन्टेलाई घुस दिने कोसिस गर्नु, ।

७) भुन्टेको सल्लाहअनुसार गुन्टेले जुवा चोरीको आरोप लगाइ रामे विरुद्ध गाउँकला कचहरीमा मुद्दा दिनु ।

**दोस्रो कला**

१) रामेका नाममा पुर्जी काटिनु ।

२) रामे गाउँकला कचहरीको कार्यालयमा पुग्नु, कार्यालयको परिवेश चित्रण ।

३) गुन्टेले झुसे मुखियाबाट बीस रुपियाँ ऋण लिएर स्वास्नीलाई यो बीस रुपियाँ राख भोलि कचहरीको हाकिमलाई दिनुपर्छ भनेको कुरा सुनिरहेको भुन्टेले आफ्नो काकोको ज्यान लिन विष प्रयोग गर्ने योजना बनाएको भनी गाउँकला कचहरीमा गुन्टे विरुद्ध मुद्दा हाल्नु ।

४) भुन्टेको पडयन्त्रमा परी गुन्टे कैदी बन्नु जुवा मुद्दामा मुछिएको रामेसँग बन्दी कोठामा गुन्टेको भनाभन हुनु ।

**तेस्रो कला**

१) रामेको मुछाछिनोफानो भई भुन्टेको इसारामा रामेले सफाइ पाउनु ।

२) गुन्टेको मुद्दा चालु हुन ऊ कुटिनु र गुन्टेले आरोप स्वीकार नगर्नु ।

३) गुन्टे र भुन्टेको झगडा पर्नु ।

४) भुन्टेका पक्षमा लागेका सबै चम्चा मिली गुन्टेलाई कुट्नु मारेर कुवामा फाल्ने योजना बनाउँदा गुन्टे भाग्न सफल हुनु ।

५) गुन्टे डरले घरमै लुकेर बस्नु ।

**चौथोकला**

१) गुन्टेलाई मार्न असफल भुन्टे रीसले चुर हुनु ।

२) गुन्टीकी स्वास्नी सत्यवतीसँग भुन्टेको झगडा गर्नु ।

३) भुन्टे र उसको छोराले गुन्टेलाई एकान्तमा मारेर खोलामा फाल्नु ।

४) अबेर सम्म पनि लोग्ने घर नआउँदा बालक छोरालाई सुतेकै छोडेर सत्यवती लोग्नेको खोजीमा जानु ।

५) गुन्टेको एकबर्से बालक छोरालाई सुतेकै उठाएर भुन्टेले टाढा जङ्गलमा बाँझो कुवामा फाल्नु ।

६) ब्राह्मणले बालक रोएको सुनेर कुवाबाट निकालेर घरमा लागि धर्मपुत्र पाल्नु ।

७) सत्यवती बाध्य भएर गाउँछोडी माइतमा भाइबुहारीकहाँ बस्नु ।

८) भाइ बुहारीको परिवार दैवीप्रकोपबाट सखाप हुनु ।

९) सत्यवती बेसाहारा भएर आफ्नै गाउँ फर्कदा भुन्टेले सुन्दरी खेतको बगैँचा माग्नु र सत्यवतीलाई स्वास्नी बनाउन खोज्नु सत्यवतीले अस्वीकार गर्नु ।

१०) भुन्टेले झुठो मुद्दाहाली सत्यवतीलाई पोइ मारको दोषी सावित गराउनु ।

११) गाउँकला कचहरीका सत्यराज शास्त्री सत्यवतीको पक्षबाट बोल्नु भुन्टेसँग उसको झगडा पर्नु ।

१२) टुरमा आएको न्यायाधीश कहाँ सत्यवतीले निवेदन दिनु ।

१३) सत्यवतीसँग न्यायाधीशले सोधपुछ गर्नु ।

**पाँचौँ कला**

१) प्रधान न्यायाधीशले सूचना जारीगरी सभा डाक्नु ।

२) भुन्टे र उसको छोरो तथा उसका चम्चाहरूको चर्तीकला प्रधानन्यायाधीशले बुझ्नु ।

३) सत्यवतीका पक्षमा फैसला हुनु, सत्यको विजय भएकामा गाउँलेहरू खुसी हुनु ।

४) सत्यवती र प्रधानन्यायाधीशको परिचय हुनु आमा छोराको मेल हुनु ।

५) जयन्ती, लालमती, बेलमतीको कुराकानीसँगै काव्य समाप्त हुनु ।

**गाउँकला** चम्पूकाव्य पाँचवटा कलामा बाधिएको प्रत्येक कलाका (७४५१३५) गरी जम्मा ३४ वटा कथानक/चूर्णकहरूको संयुक्त स्वरूपबाट निर्मित सामाजिक स्वरूपको कवि कल्पनाप्रसूत काव्य हो । कथावस्तु सबल र दृढ रहेका प्रस्तुत काव्य कथावस्तुका कोणबाट हेर्दा सफल काव्य हो ।

## ४.७.६ कार्यपीठिका/परिवेश

प्रस्तुत काव्यका घटनाहरू घटेको कार्यथलो कार्यपीठिका नेपाली ग्रामीण किसान बस्ती हो । किसान गाउँ, चन्द्रपर आदि ग्रामीण क्षेत्र यसको कार्यपीठिका हो । काव्यमा गाउँघर, लेकबेसी, खेत, पाखोबारी, मेलापात, गाईगोठ, खोलानाला आदिको चित्रणबाट गाउँले जीवनको वास्तविक चित्र प्रस्तुत गरिएको छ । ग्रामीण शोषण, दमन, सामन्तका क्रियाकलाप, गरिबहरूको दुर्दशा प्रस्तुत गरेर सामाजिक परिवेशलाई स्पष्ट पारिएको छ । पञ्चायती शासन कालमा राजादेखि गाउँका ठालूसम्मका भ्रष्ट पवृतिको भण्डाफोर गर्ने काम भुण्टे र उसका क्रियाकलापबाट स्पष्ट पारिनाले यस काव्यको राजनीतिक परिवेश उदाङ्ग हुन पुगेको छ ।

काव्यले शैक्षिक परिवेशमा गाउँघरमा विद्यालय खुलेका तर ती सामन्तहरूद्वारा मात्र उपयोग गरिने गरिब वर्गले तिनबाट कुनै फाइदा लिन नसकेको घटना गुन्टेले विद्यालय छाडेको प्रसङ्गबाट स्पष्ट पारेको छ । ग्रामीण समाजमा शिक्षा, साहित्य र कलाको विकास सामन्तहरूले हुन नदिएको तीतो सत्य उद्घाटन भएको छ ।

काव्यमा प्राकृतिक, सामाजिक, राजनीतिक, शैक्षिक, आर्थिक परिवेशको जिउँदो जाग्दो चित्रण भएकाले यसको परिवेश चित्रण वा कार्यपीठिकाको वर्णन सफल रहेको स्पष्ट हुन्छ ।

## ४.७.७ पात्रविधान

प्रस्तुत चम्पूकाव्य **गाउँकला**मा पात्रविधान निकै सफल रहेको छ । काव्यमा प्रमुख, सहायक, खल, गौण, सरल जटिल आदि पात्रहरूको प्रयोग भएको छ । यस काव्यको प्रमुख पुरुषपात्र गगनराज (गुन्टे) हो भने प्रमुख नारीपात्र सत्यवती हो । काव्यमा खलपात्रका रूपमा भुवनलाल (भुन्टे) उसको काका, उसको छोरा तथा उसका  चम्चाहरू, मुखिया, धनीहरू आदि छन् । सहायक पात्रहरूमा सत्यराज शास्त्री, सत्यवतीको छोरा धर्मराज, ब्राह्मण सत्यवतीका भाइबुहारीहरू आदि छन् । गौणपात्रहरूमा गुन्टेको बुबा, गाउँलेहरू, बेलमती, लालमती, जयन्ती, रामे, जुवाडेहरू आदि छन् ।

काव्यको नायक गगनराज गुन्टे, गरिब, परिश्रमी, अनुशासित, शिक्षित, सचेत, देशभक्त, प्रकृतिप्रेमी, साहित्यकार व्यक्ति हो । ऊ प्रगतिवादी समाजसुधार गर्नुपर्छ भन्ने सङ्घर्षशील पात्र हो । ठालूसामन्तका कुकर्मका विरुद्ध लडदा उसको ज्यान गयो । ऊ सत्यवतीको पति हो । ऊ काव्यको प्रमुख, सरल, मञ्चीय, अनुकूल, सत् पात्र हो । काव्यकी नायिका सत्यवती परिश्रमी, अनुशासित, शिक्षित, चेतनशील, समाजसुधारक, सङ्घर्षशील नारी पात्र हो । ऊ काव्यमा प्रमुख, सरल, मञ्चीय, अनुकूल, सत्पात्रका  रूपमा आएकी छ ।

यस काव्यका सहायक पात्रहरू ब्राह्मण, पुत्रहीन, सरल, बुद्धिमान, शिक्षित, धर्मात्मा पात्र हो । उसले गगनराज र सत्यवतीको छोरा धर्मराजलाई कुवाबाट झिकेर घर लगरे धर्म पुत्र पाली उसको शिक्षादीक्षाको व्यवस्था गरी न्यायाधीश बन्न  सक्षम बनाएको छ । ऊ उदार परोपकारी पात्र हो । सत्यवतीका भाइबुहारीहरूले आफ्नो चरम गरिबीमा पनि सत्यवतीलाई सहारा पुऱ्याएका छन् । उनीहरू गरिब, परिश्रमी, सरल किसान हुन् । धर्मराज, सत्यवती र गगनराज (गुन्टे)को छोरा हो । ऊ शिक्षित कानुनको उच्चज्ञाता, प्रधान्यायाधीश, परिवर्तनवादी ब्राह्मणको धर्मपुत्र रहेको सहायक, अनुकूल सत् मञ्चीय पात्र हो । सत्यराज शास्त्री शिक्षित, न्यायप्रेमी, समाज सुधारक सत्यवतीलाई एक्ली र असहाय अवस्थामा भएको बेला सहयोग गर्ने अनुकूल, मञ्चीय, सहायक पात्र हो ।

प्रस्तुत काव्यमा खलपात्रहरू भुवनलाल,  भुन्टे उसको छोरो, पवनलाल, काका, तथा उसका चम्चाहरू हुन् ।

भुवनलाल, भुन्टे, सामन्त, शोषक, हत्यारा, गरिब पीडक खल पात्र हो । उसको छोरा काका तथा उसका चम्चाहरूले उसको काममा सघाएका छन् । झुसे मुखिया, धौले सेठ, घोसे सेठ, पण्डित पुजारी, गिठे आदि साहुमहाजनहरू सबै खलपात्र हुन् । काव्यमा जटिल, मञ्चीय, प्रतिकूल, असत्पात्रका रूपमा यिनीहरू उपस्थित छन् ।

यस काव्यमा गौण वा  सूच्यपात्रहरू गाउँलेहरू, भुन्टेका केही चम्चाहरू, रामे, काले, जुवाडे, बेलमती, जयन्ती, लालमती, माथिबाट आउने कर्मचारीहरू, राजा, दलाल, फटाहा गुण्डाहरू आदि हुन् । यिनीहरूको काव्यमा न्यून भूमिका रहेको छ ।

### ४.७.८ छन्द, अलङ्कार, बिम्बप्रतीक तथा भावविधान

प्रस्तुत चम्पूकाव्य **गाउँकला**मा प्रयोग भएको कविताले पूर्ण रूपमा कथावस्तु वहन गर्न सकेको छैन । केही कविताहरूले मात्र कथावस्तुलाई वहन गरेका छन् । यसमा प्रयोग भएका कविताहरू काव्यशास्त्रीय मन्यताअनुसार लेखिएका पद्यबद्ध छन् । भुजङ्गप्रयात, शार्दूलविक्रीडित, स्रग्विणी, शिखरिणी, अनुष्टुप्, मात्रा आदि छन्दमा रचिएका कविताहरूको श्लोकसङ्ख्या यस प्रकार छ :

| शार्दलविक्रीडित | शिखरिणी | भुजङ्गप्रयात | अनुष्टुप | स्रग्विणी | मात्रा |
|---|---|---|---|---|---|
| २ | २ | १ | ३ | ४ | ९ |

यसरी ६ वटा छन्दका २१ श्लोकहरू यस काव्यमा प्रयोग भएका छन् ।

प्रस्तुत काव्यमा गद्य तथा पद्य दुवैमा अलङ्कारको सफल प्रयोग भएको छ । शब्दालङकारमा अनुप्रास, अन्यानुप्रास (स्थिर र दृढ) को प्रयोग भएको छ । अर्थालङ्कारमा उपमा, स्वभावोक्ति, रूपक, अतिशयोक्ति, वक्रोक्ति आदि अर्थालङ्कारको प्रयोग भएको छ । अलङ्कार प्रयोगका केही उदाहरणहरू यस प्रकार छन् :

किन्तु भैंसीको कानमा मुरली बजाएझैं प्रायः गाउँलेहरू बुझ्दैन थे । उपमा अलङ्कार (**गाउँकला**, पृ. १) ।

दृष्टान्त अलङ्कारको एक उदाहरण :
जसै यौटै मात्रै रवि किरणको ज्योति नभमा ।
अगन्ती ताराको छवि हरण गर्दिन छिनमा ॥
(**गाउँकला**, पृ. १७) ।

अन्त्यानुप्रासको एक उदाहरण
मै हुँ द्यौता मै हुँ धामी ।
हेर्न मेरो पैसा पानी ।
(**गाउँकला**, पृ. १७)

प्रस्तुत काव्यमा प्राकृतिक, सामाजिक, सांस्कृतिक, बिम्बहरूको सफल प्रयोग भएको छ । काव्यमा प्रयुक्त बिम्बहरूमध्ये केही उदाहरणहरू यस प्रकार छन् :

**प्राकृतिक बिम्ब**

फूल, भैसी, खेत, दूध, बाघ, साँढे, बिरालो, बोका, बानर, गधा आदि ।

**सामाजिक बिम्ब**

सिन्दुर, जाँड, झोपडी, शिवपार्वती, कुलेधौ, सी. आइ. डी, धन, गोठ, इन्द्र, यमलोक, बलीको बोका आदि ।

प्रस्तुत काव्यमा करुण, शृङ्गार, वीर, शान्त रसको प्रयोग भएको छ । विविध रसहरूको मिश्रित प्रयोग भएको प्रस्तुत काव्य शृङ्गार रसमा समाप्त भएको छ । काव्यमा प्रशस्त मात्रामा उखानटुक्काको प्रयोग भएको छ । प्रकृतिको मानवीकरण, विभिन्न थेगो आदिको प्रयोगले काव्यमा रोचकता थपिएको छ । यस काव्यमा प्रयोग भएका उखान टुक्काहरूका उदाहरण यस प्रकार छन् :

बहिदार बन्नु, थुकमा गाँठी पार्नु, हात माला भित्र काला, कुचौड पडी विल्ली मुसी मारै लात, लाउने माया दूध दही छोडने माया मही, मूर्खसभा उल्टो चाला आदि । बिम्ब, प्रतीक अलङ्कार, भाव विधानका दृष्टिले प्रस्तुत कृति निकै सफल रहेको छ ।

## ४.७.९ आयाम तथा लयविधान

प्रस्तुत चम्पूकाव्य **गाउँकला** ३९ पृष्ठको आयाममा विस्तारित छ । यस काव्यमा ८२ वटा कवितापङ्क्ति रहेका छन् भने गद्यतिर प्रतिपृष्ठ एक्काइसवटा पङ्क्ति पर्न जान्छन् । यस कृतिको सस्वर वाचन गर्न एक घन्टा अठार मिनेट समय लाग्ने देखियो । भाव/विचारगत आयाम दृष्टिले पनि प्रस्तुत काव्य सफल रहेको छ ।

प्रस्तुत **गाउँकलाद** चम्पूकाव्यमा आएका कविताहरूमा शास्त्रीय छन्दको प्रयोग भएको छ । द्विपदी (अनुष्टुप) चतुप्पदी (शार्दूलविक्रीडित, शिखरिणी, भुजङ्गप्रयात आदि) श्लोक ढाँचाका जम्मा ६ वटा छन्दको प्रयोग भएको छ । कविताहरूमा प्रचुर साङ्गीतिकता माधुर्य, गेयात्मकता र श्रुतिमाधुर्य पाइन्छ । लय तथा आयामका दृष्टिकोणले प्रस्तुत कृति सफल रहेको छ ।

## ४.७.१० कथनपद्धति

प्रस्तुत काव्य **गाउँकला**मा केही कविताहरूमा प्रथमपुरुषप्रधान 'म' (कविप्रौढोक्ति) कथनशैलीको प्रयोग भएको छ भने अन्य कविता तथा गद्यमा तृतीयपुरुषप्रधान ( कविनिबद्धवक्तृप्रौढोक्ति) कथनशैलीको प्रयोग भएको छ । काव्यमा संवादात्मकता रहेकाले नाटकीयताको प्रयोग भएको छ भने कुनै स्थानमा एकालापीय शैलीको काव्यको प्रयोग पनि भएको छ ।

## ४.७.११ सारवस्तु

प्रस्तुत चम्पूकाव्य **गाउँकला** पाँचवटा कलामा विभाजित ससाना अनुच्छेदयोजना भएको काव्य हो । चौथो कलालाई छोडेर अन्य कलाको पङ्क्तिगत लगाइ समानुपातिक रहेको पाइन्छ । प्रस्तुत चम्पूकाव्यको सारवस्तु ग्रामीण किसानबस्तीका अशिक्षित, सरल, गरिब, किसानको धनी, समान्त, ठालूहरूद्वारा हुने शोषण, दमन, हत्याको विरोध गर्दै किसान वर्गका हक अधिकारका पक्षमा सशक्त आवाज उठाई गरिब, अशिक्षित किसानवर्गलाई सचेत सजग पार्नु तथा उनीहरूलाई अधिकारका लागि सङ्घर्षमा उत्रन आह्वान गर्नु हो । बहुसङ्ख्यक किसानवर्ग अल्पसङ्ख्यक सामन्तहरूका फुटाउ र मोज गरको कुटनीति नबुभ्दा दुःखको जातोमुनि पिधिन बाध्य भएका छन् । घरबार बिहिन भएका छन् । हाड घोटेर काम गर्दा पनि भोकै पेट बस्न बाध्य भएका छन् । त्यसैले उनीहरूलाई वर्गीय अधिकारका लागि लड्न चेतनाप्रवाह गर्नुपर्छ भन्ने कथ्य नै यस काव्यको सारवस्तु हो ।

## ४.७.१२ भाषाशैली

**गाउँकला** चम्पूकाव्यमा प्रयुक्त भाषाशैली व्यवस्थित उच्च हुन सकेको छैन । लेखन अभ्यासको कमी युवाजोशमा लेखिएकाले भाषामा गाम्भीर्य छाउन पाएको छैन । भाषिक परिष्कारको आवश्यक देखिन्छ । वाक्यगठनमा परिष्कारको साह्रै आवश्यकता रहेको छ । काव्यमा तत्सम, तद्भव, आगन्तुक शब्दको प्रचुर मात्रामा प्रयोग भएको छ । नेपाली झर्रा शब्द र डोटेली भाषिकाका शब्दहरूको प्रयोग पनि प्रशस्त मात्रामा भएको छ । आगन्तुक

शब्दमा हिन्दी, अङ्ग्रेजीका शब्दहरू आएका छन् । उदाहरणका लागि केही शब्दहरू यस प्रकार छन् ।

**हिन्दीभाषाका शब्द**

धाक, कोतवाल, चोर, नीच, झोपडी, सूटकर्दो, करैया, जगा, खारेज, लाल, मार, गगन, जान आदि ।

**अङ्ग्रेजी भाषाका शब्द**

सी. आइ. डी., पाँकेर, अटोमेटिक, एम्. एल्., लेक्टो, लेक्टेमिटर, बम आदि न्यून शब्द प्रयोग भएको ।

**डोटेली**

डाली, फिजि, फुटाउन्छौ, बट्टिएर, दगडा, गर्खा, साँड, सतार राडो, जाँपजस्ता प्रचुर शब्दप्रयोग भएका छन् ।

**संस्कृत**

वृक्ष, ग्राम, प्राज्ञ, पत्रम्, पुष्पम्, कण्ठ, अग्रजस्ता प्रशस्त शब्दको प्रयोग भएका छन् ।

प्रस्तुत काव्य साधारण तथा उच्च पाठकको लागि पठनबोधका लागि उपयुक्त नै रहेको छ । गद्यमा पनि वाक्यगत विचलन सरल शब्दप्रयोग, सुन्दर काव्यात्मक भाषाशैलीको प्रयोग भएको देखिन्छ । किसानका हक अधिकारको पक्षमा सशक्त अभिव्यक्ति दिने सारवस्तु रहेको यस काव्यमा वैदर्भी रीति र प्रसाद गुणको प्रयोग भएको छ ।

### ४.७.१३ निष्कर्ष

वि. सं. २०४५ सालमा प्रकाशित **गाउँकला** चम्पूकाव्य ६ वटा छन्दका कविता तथा गद्य प्रयोग भएको ३९ पृष्ठमा विस्तारित पाँचवटा कलामा विभाजित सुदृढ कथावस्तु भएको कविकल्पनाप्रसूत मौलिक काव्य हो । नेपाली ग्रामीण किसानहरू माथि शोषक, सामन्त, ठालूहरूले गर्ने शोषण, दमन, हत्याहिंसाको विरुद्ध सङ्घर्ष गरी आफ्ना हक अधिकार लिन आह्वान गरिएको प्रस्तुत काव्यमा करुण, शृङ्गार, शान्त आदि रसको प्रयोग भएको छ । भाषाशैली मधुर लयात्मक भए पनि परिष्कारको खाँचो रहेको यस काव्यमा वैचारिक पक्ष उच्च रहेको छ । भाव, बिम्बालङ्कार, व्यञ्जना आदिको प्रयोगका दृष्टिकोणले यो कृति केही हदसम्म सफल रहेको छ । चम्पूकाव्यका तत्त्वहरू प्रायः समावेश गरिएको यो कृति परिष्कारको अपेक्षा रहेको उच्च वैचारिक अभिव्यक्ति भएको सामाजिक स्वरूपको चम्पूकाव्य हो । काव्यको श्रेणीमापन गर्दा यो मध्यम श्रेणीको काव्यमा पर्दछ ।

## ४.८ 'शान्तिमन्दिर' खण्डकाव्यको अध्ययन

### ४.८.१ प्रकाशन

पूर्णानन्द भट्टको **शान्तिमन्दिर** खण्डकाव्य २०४८ सालमा प्रकाशित भएको हो । विभिन्न सङ्घसंस्थाहरू तथा व्यक्तिहरूको आर्थिक सहयोगमा प्रकाशित प्रस्तुत कृतिको प्रकाशक लेखक स्वयम् हुन् । आध्यात्म विषयमा लेखिएको प्रस्तुत कृतिमा कवितापक्ष सबल रहेको पाइन्छ ।

### ४.८.२ प्रेरणा, प्रभाव र विषयवस्तुको स्रोत

मानवजातिको उन्नति र सभ्यताको विकासको लागि शान्ति आवश्यक तत्त्व हो । शान्तिबिना मानवको उन्नतिको कल्पनासम्म गर्न सकिँदैन । भौतिक उन्नति मात्र सबैथोक नभएकाले आत्मिक मानसिक शान्तिका लागि आध्यात्मिक उन्नतिको पनि अनिवार्य आवश्यकता छ भन्ने केन्द्रीय कथ्य रहेको प्रस्तुत काव्यको लेखन प्रेरणा, प्रभाव कति भट्टले देखेभोगेको जीवन विद्वान् सन्तमहन्तहरूसँगको घुलमिल, आफन्तहरूको वियोगबाट उत्पन्न वैराग्य, पूर्वीय अध्यात्मदर्शनको गहन अध्ययनचिन्तन आदि हो । प्राचीन आर्य तपोवनी सभ्यता एवम् आर्यअतीतबाट प्रभावित कविको मानवतावादी चिन्तनमनन र शान्ति विषयको अध्ययनले पनि यस काव्यलेखनमा निकै ठूलो प्रेरणा प्रदान गरेको छ । युद्ध, हत्या, हिंसा मारकाटबाट पीडित वर्तमान विश्व तथा शान्तिको खोजीमा तड्पिएर लागिरहेको वर्तमान भौतिकतावादी मानवको शान्तिको चाहना पूण हुने एक मात्र उपाय **शान्ति मन्दिर** खण्डकाव्यले औंल्याएको छ ।

### ४.८.३ शीर्षकविधान

प्रस्तुत खण्डकाव्यको शीर्षक **शान्तिमन्दिर** रहेको छ । शान्ति भाववाचक नाम पद हो भने मन्दिर वस्तुवाचक नामपद हो । यी पदहरूमध्ये शान्ति अर्थ मनमा हुने आराम, सन्तोष, चैन, शीतलता आदि हुन्छ भने मन्दिरको अर्थ पवित्र स्थल, देवालय, पवित्रताको प्रतीक हुन्छ । समस्त पदको शाब्दिक अर्थ मानसिक शान्ति सुख सम्पन्नता भन्ने हुन्छ । शान्तिको लागि तडपिरहेको मानवले उसकै मन मन्दिरमा शान्ति स्थापना (अति भौतिकतावादी प्यास त्यागेर आवश्यकतावादी भौतिकता तथा आध्यात्मिकता वरण) गरेर मात्र उसको उन्नति हुने आत्मिक शान्ति प्राप्त हुन नसक्ने सत्यमा प्रस्तुत काव्यले जोड दिएको छ । खण्डकाव्यको केन्द्रीय कथ्य पनि भौतिक शान्ति तथा आध्यात्मिक शान्तिको समन्वयात्मक एकताको आह्वान तथा शान्तिस्थापना भएकाले प्रस्तुत काव्यको शीर्षक सार्थक र उपयुक्त रहेको छ ।

### ४.८.४ आख्यानात्मक संरचना

### ४.८.४ क) कथावस्तु

प्रस्तुत खण्डकाव्यको कथावस्तु १६ वटा सर्गहरूमा सङ्गति भएको छ । प्रत्येक सर्गहरूमा बेग्लाबेग्लै विषयवस्तु रहेको प्रस्तुत काव्यको आख्यान दृढ हुन सकेको छैन । यसमा सूक्ष्माख्यानको प्रयोग भएको छ । शान्ति विषयक विषयवस्तुलाई विस्तार गरेर १६ वटा सर्गमा विभाजित गरिएको छ । यसको सर्गगत विषयवस्तु वा कथावस्तु यस प्रकार रहेको छ :

**सर्ग एक** :

भौतिक सम्पन्नता प्राप्त गरेर जहान बालबच्चाहरूबाट तिरस्कृत भएपछि वैराग्य उत्पन्न भई शान्तिको खोजीमा हिँडेको योगीले पुरै संसार, तीर्थ एवम् धर्मस्थल मन्दिर, मस्जिद, चर्च, गुम्बा धाउँदा पनि शान्ति नपाई ज्ञानीसँग भेट भएर शरण परी ज्ञान प्राप्तिको लागि प्रार्थना गर्नु ।

**सर्ग दुई**

ज्ञानीले मानवशरीररूपी नौतले मन्दिरको दृष्टान्त दिँदै मानव मन तथा आत्मामा शान्ति प्राप्तिको उपाय वर्णन गर्नु ।

**सर्ग तीन**

नौतले मन्दिर एवम् शान्ति  विषयक वर्णन ।

**सर्ग चार**

योगीको प्रश्नको उत्तरमा ज्ञानीले शान्तिकञ्जको (कैलाश पर्वत अवस्थित पावन तपोवनी सभ्यता फष्टाएको प्राचीन आर्यभूमि) विषयमा वर्णन गर्नु ।

**सर्ग पाँच**

ज्ञानीद्वारा योगीलाई शान्ति विषयक वर्णन ।

**सर्ग छ**

ज्ञानीद्वारा योगीलाई शान्ति विषयक वर्णन ।

**सर्ग सात**

काम, क्रोध, लोभ र मोहको कारणले अशान्ति जन्म हुने विषयमा ज्ञानीले विभिन्न सन्दर्भ दिई व्याख्या गर्नु ।

**सर्ग आठ**

लोभ, मोह तथा सन्ततिहरूबाट पाएको दुःख वर्णनको सन्दर्भ दिँदै स्वार्थी नातास्नेहको ज्ञानीद्वारा वर्णन ।

**सर्ग नौ**

आधुनिक हातहतियार सहितको युद्धले सहरी सभ्यता राष्ट्रमा ल्याएको विध्वंशात्मक अवस्था मानव हत्या आदिको वर्णन ।

**सर्ग दस**

महाशक्ति राष्ट्रको घमण्डले गर्दा विश्वयुद्ध हुनु र विशाल क्षति हुनु, गुफामा बसेर शान्तिपूर्वक तपस्यालीन ऋषिमुनिहरू पनि त्रस्त भएर भाग्नु ।

**सर्ग एघार**

ज्ञानी तपोवनी गुफामा बसेर शान्तिस्थापनार्थ ध्यान मग्न भएर आध्यात्मिक अध्ययन चिन्तनमा लीन भएको बेला भौतिकतावादीहरूले सशस्त्र आक्रमण गर्दा ज्ञानीले सम्झाउनु उनीहरूको नमान्नु र धम्की दिएर जानु ।

**सर्ग बाह्र**

शान्ति र कान्ति, अध्यात्म तथा भौतिकताको द्वन्द्व विषयमा वर्णन ।

**सर्ग तेह्र**

विकास, उन्नति, ज्ञानविवेक, धर्मकर्मका लागि शान्ति परम आवश्यक भएको विषयमा ज्ञानीद्वारा वर्णन ।

**सर्ग चौध**

शान्ति भएमा राष्ट्र वैकुण्ठ बन्ने तथा अशान्ति भएमा ध्वंश हुने ज्ञानीको वर्णन ।

**सर्ग पन्ध्र**

शान्ति, आराध्य मन्त्र, देवता, पर्व, सत्य तथा अशान्ति दानव दरिद्रता असत्य भएको वर्णन ।

**सर्ग सौह्र**

विकास, उन्नति, प्राकृतिक सम्पन्नता, गौरवमय सभ्यताका लागि शान्ति आवश्यक भएको वर्णन ।

प्रस्तुत काव्यको कथावस्तु सिथिल भएकाले आदि, मध्य र अन्त्यको सिद्धान्त लागू हुन सक्दैन ।

## ४.८.४ ख) पात्रविधान

प्रस्तुत खण्डकाव्यमा प्रमुख र गौण पात्रहरूको प्रयोग भएको छ । यस काव्यका प्रमुख पात्रहरू ज्ञानी र योगी हुन् भने गौणपात्रहरूमा देवतागण, शिवपार्वती, विष्णु, ब्रह्म, इन्द्र, वैज्ञानिक, विद्वान्, ऋषिमुनि, व्यास, पण्डित, पुजारी, कवि, वैरागी, बुद्ध भगवान, राजा, राष्ट्राध्यक्ष योगीका स्वास्नी छोराबुहारीहरू, इष्टमित्र बालवृद्ध, नरनारी, राधाकृष्ण, डाँफे, कोइली, मयुर, भ्रमर, पशुपक्षी आदि हुन् ।

'ज्ञानी' प्रस्तुत खण्डकाव्यको प्रमुख पुरुष पात्र हो । ऊ कविको मुखपात्रका रूपमा आएको छ । कविको शान्तिविषयक वैचारिक चिन्तनहरूलाई उसकै माध्यमबाट प्रस्तुत गरिएको छ । विश्वमा शान्ति स्थापनाको लागि भौतिकता र आध्यात्मिकताको समन्वयात्मक एकतामा जोड दिने ज्ञानी विद्वान् तत्त्ववेत्ता, सत्यवादी, अनुकूल, सत्, सरल, मञ्चीय, प्रमुख पात्र हो ।

'योगी' प्रस्तुत खण्डकाव्यको अर्को अनुकूल पुरुषपात्र हो । ऊ काव्यमा श्रोता र प्रश्नकर्ताका रूपमा आएको छ । घरपरिवारबाट ताडित अकूत सम्पत्तिको मालिक भएर पनि शान्ति नपाएको बैरागीका रूपमा ज्ञानी छेऊ पुगेको उसलाई ज्ञानीले शरण लिएर ज्ञान दिइरहेको छ । ऊ पहिले पापकर्म गरेर धनसम्पति थुपार्ने व्यक्ति हो भने काव्यमा पछिल्लो चरणमा सुध्रिएको अनुकूल, सरल, मञ्चीय, पात्रको रूपमा देखिएको छ ।

यस काव्यमा अन्यपात्रहरू गौण वा सूच्य पात्र हुन् जसको काव्यमा कुनै भूमिका छैन । ज्ञानीले शान्तिविषयमा विभिन्न सन्दर्भ दिएर व्याख्या गर्दा ती पात्रहरू आएका हुन् । प्रस्तुत काव्यको पात्रविधान आख्यान अनुकूल रहेको छ । पात्रहरूले सीमित भूमिका पाएका छन् । यस काव्यको पात्रविधान, कथावस्तुअनुसार उचित र सफल नै रहेको छ ।

## ४.८.४ ग) परिवेश

प्रस्तुत खण्डकाव्य **शान्तिमन्दिर**मा प्रमुख रूपमा सामाजिक, सांस्कृतिक, परिवेशको चित्रण भएको छ भने भौतिक प्राकृतिक, परिवेशको चित्रण पनि सफल रहेको छ । प्राचीन तपोवनी सभ्यताको वर्णन, कुटी, आश्रम, एकान्त, तपोवन, गुफा, देवदेवी, सृष्टिविषय,

विविध पौराणिक प्रसङ्ग, स्वर्ग, मर्त्य, पाताल, इन्द्र, इन्द्रराज्य, शिवपार्वती, सती, लक्ष्मी, सरस्वती, देवदानव, युद्ध आदि वर्णन गरेर काव्यमा साँस्कृतिक पौराणिक परिवेशको जिउँदो चित्रण गरिएको छ ।

विभिन्नवैज्ञानिक आविष्कार, भौतिक सम्पत्ति वर्णन, युद्ध, हत्या, हिंसा, हातहतियार, अणुवम, क्षेप्यास्त्र, राजा, राष्ट्राध्यक्ष, शक्ति राष्ट्रको धाकधम्की, कमजोर राष्ट्रमाथिको थिचोमिचो, धन, पैसा, घरबार, मानवीय दुःख, पीडा, आदिको यथार्थ वर्णनले सामाजिक परिवेशलाई जिउँदो जाग्दो रूप दिएको छ ।

विश्वब्रह्माण्ड, नदीनाला, नक्षत्रमण्डल, सूर्य, चन्द्रमा, ग्रहहरू, वायुमण्डल, पृथ्वी, वनजङ्गल, पहाड, पर्वत, गुफा, हिमाल, कैलाश, उद्यान, पशुपंक्षी, महासागर, महादेश आदिको विस्तृत वर्णन गरिएकाले यस काव्यमा प्राकृतिक परिवेश चित्रण पनि निकै सफल रहेको छ । भौतिक उन्नति, सहरी सभ्यता, वैज्ञानिक उन्नतिका प्रसगङ्गहरू पनि काव्यमा आएका छन् । यसरी प्रस्तुत खण्डकाव्यको परिवेशचित्रण सफल रहेको छ ।

### ४.८.५ केन्द्रीय कथ्य

भौतिक उन्नतिको चरमचुलीमा टेकेको वर्तमान मानव सम्पन्नताभित्र विपन्नताको जीवन बाँच्न विवश छ । अतिभौतिकतावादी चिन्तनले उसको आत्मिक शान्ति ह्रास भैरहेछ र ऊ छटपटीमा बाँच्न नचाहँदा नचाहँदै पनि बाँचिरहेछ । शान्तिको लागि तड्पिएको मानवले आफ्नै मनमा भौतिकता एवम् आध्यात्मिकताका बीच समन्वयात्मक एकता ल्याएर अतिभौतिकतालाई त्यागेर आध्यात्मलाई पनि आत्मसात् गर्न सकेमा शान्ति प्राप्त हुन्छ भन्ने समन्वयवादी आध्यात्मिक वैचारिक अभिव्यक्ति नै प्रस्तुत काव्यको केन्द्रीय कथ्य हो । शान्ति स्थापनाका पक्षमा काव्यले जोड दिएको छ ।

### ४.८.६ भावविधान

सम स्थायीभाव हुने शान्तरस अङ्गी रसको रूपमा रहेको प्रस्तुत काव्यमा अङग रसका रूपमा शृङ्गार, करुण आदि रस आएका छन् । शान्त रस परिपाकमा पुगेर काव्यको अन्त्य भएको छ । भौतिकताका विरुद्ध आध्यात्मिकतामा जोड दिने प्रस्तुत काव्यमा शान्तरसका आलम्बन उद्दीपन क्रमशः शान्ति प्राप्तिका लागि भगवद्भक्ति तथा तपोवन, एकान्त, आश्रम पवित्र मन्दिर (शरीर) आएका छन् भने मनोवृत्ति निरोध, प्राणायाम आदि अनुभाव तथा गति, धृति, क्षमा, दया, आदि व्यभिचारी भावहरू रहेका छन् । यसरी प्रस्तुत काव्यमा भावविधान सफल रहेको छ ।

### ४.८.७ विचार

प्रस्तुत **शान्तिमन्दिर** खण्डकाव्य पूर्वीय वेदान्त दर्शन, उपनिषदीय, दर्शनमा आधारित आध्यात्मिक चिन्तन प्रवाह गर्ने सामाजिक स्वरूपको काव्य हो । शान्ति प्राप्तिका विषयमा विस्तृत व्याख्या गरिएको यस काव्यमा भौतिकतावादको जालमा फसेको र शान्तिको खोजीमा बरालिरहेको वर्तमान अतिभौतिकतावादी मानवको शान्तिप्राप्तिको योजना आध्यात्मिक शान्ति तथा भौतिक शान्ति (उन्नति) को समन्वयात्मक एकताबाट मात्र सम्भव हुने वैचारिक अभिव्यक्ति प्रस्तुत गरिएको छ । भौतिक सम्पन्नता मात्र सबैथोक होइन,

मानवता, परोपकार, भ्रातृत्व, विश्वबन्धुत्व, समानता, स्वतन्त्रता, एकता, मानवतावादी व्यवहार, मानवतावादी ईश्वरीय चिन्तनभित्र मानवजीवनको लागि अमृतमय रस लुकेको छ । त्यसैले यी शाश्वत सत्यहरूको खोजी, सम्मान, पालना, संरक्षण गर्नु मानवीय हितको पक्षमा हुन्छ भन्ने विचार प्रस्तुत काव्यमा अभिव्यक्त भएको छ ।

### ४.८.८ सर्गविधान

**शान्तिमन्दिर** खण्डकाव्यमा सर्गविधान स्वतन्त्र र कविकल्पनामा आधारित रहेको छ । १६ वटा सर्गमा सङ्गृहीत भएको यस खण्डकाव्यका प्रत्येक सर्गमा फरकफरक विषयवस्तुको प्रस्तुति रहेको छ । यस काव्यको सर्गगत श्लोक सङ्ख्या विस्तार असमानुपातिक रहेको छ । यसमा न्यूनतम २० श्लोकदेखि अधिकतम ५१ श्लोकसम्मका सर्गहरू रहेका छन् । यस खण्डकाव्यको सर्गगत विषयवस्तु यस प्रकार रहेको छ :

**सर्ग एक** : ठूला एक धनीबाट थालिई श्लोक ३० सम्मको विषयवस्तु ।

**सर्ग दुई** : वाणी मन्दिरबाट ...थालिई मेरा शान्ति निवास श्लोक ३५ सम्मको विषयवस्तु ।

**सर्ग तीन** : हे योगी विषयादि... बाट थालिई श्लोक ३० सम्मको विषयवस्तु ।

**सर्ग चार** : ज्ञानी जी उपदेश...बाट थालिई श्लोक २७ सम्मको विषयवस्तु ।

**सर्ग पाँच** : हे ! योगी सुन !...बाट थालिई श्लोक २१ सम्मको विषयवस्तु ।

**सर्ग छ** : योगीजी सुन फेरि...बाट थालिई श्लोक २६ सम्मको विषयवस्तु ।

**सर्ग सात** : योगी जी दुःखका...बाट थालिई श्लोक ५१ सम्मको विषयवस्तु ।

**सर्ग आठ** : सुनाएर योगीबाट...थालिई श्लोक ३३ सम्मको विषयवस्तु ।

**सर्ग नौ** : कथ्य यो योगी जी....बाट थालिई श्लोक २५ सम्मको विषयवस्तु ।

**सर्ग दस** : म ता भन्छु योगी....बाट थालिई श्लोक ३१ सम्मको विषयवस्तु ।

**सर्ग एघार** : सुनी लेउ यागी....बाट थालिई श्लोक ३० सम्मको विषववस्तु ।

**सर्ग बाह्र** : गरी शान्ति योगी ...बाट थालिई श्लोक २८ सम्मको विषयवस्तु ।

**सर्ग तेह्र** : सुन सुन अझ योगी...बाट थालिई श्लोक २० सम्मको विषयवस्तु ।

**सर्ग चौध** : छ तेताले राम्रो...बाट थालिई ३९ सम्मको विषयवस्तु ।

**सर्ग पन्ध्र** : सुनाएर योगी....बाट थालिई श्लोक ३९ सम्मको विषयवस्तु ।

**सर्ग सोह्र** : सुनाएर योगी बाट थालिई श्लोक ३४ सम्मको विषयवस्तु ।

यसरी प्रस्तुत खण्डकाव्यको सर्गविधान सामान्यतया सफल रहेको छ ।

### ४.८.९ कथनपद्धति

प्रस्तुत खण्डकाव्य **शान्तिमन्दिर** को आख्यान प्रस्तुत गर्दा तृतीयपुरुषप्रधान कथन ढाँचामा (कविनिवद्धवक्तृप्रौढोक्ति)को प्रयोग भएको छ । काव्यमा संवादात्मकता प्रचूर रहेको नाट्यकीयता पनि कायम भएको छ ।

### ४.८.१० लयविधान

प्रस्तुत खण्डकाव्यमा शास्त्रीय छन्दको प्रयोग भएको छ । द्विपदी (अनुष्टुप्) चतुष्पदी (शार्दूलविक्रीडित, भुजङ्गप्रयात, आदि) श्लोक ढाँचाका पाँच वटा छन्दको प्रयोग भएको यस खण्डकाव्यमा लय विधान सफल रहेको छ । गेयात्मकता, साङ्गीतिकता, माधुर्यले पूर्ण रहेको यस काव्यको सर्गगत छन्द तालिका यस प्रकार रहेको छ :

| सर्ग | शार्दूलविक्रीडित | भुजङ्गप्रयात | शिखरिणी | अनुष्टुप् | मालिनी |
|---|---|---|---|---|---|
| १ | ३० | - | - | - | - |
| २ | ३५ | - | - | - | - |
| ३ | ३० | - | - | - | - |
| ४ | २७ | - | - | - | - |
| ५ | २१ | - | - | - | - |
| ६ | ०३ | १७ | ०६ | - | - |
| ७ | - | - | - | ५१ | - |
| ८ | - | १४ | १९ | - | - |
| ९ | - | - | २५ | - | - |
| १० | - | १५ | १६ | - | - |
| ११ | - | ३० | - | - | - |
| १२ | - | २८ | - | - | - |
| १३ | - | - | - | - | २० |
| १४ | - | २१ | १८ | - | - |
| १५ | - | ३९ | - | - | - |
| १६ | - | ३४ | - | - | - |
| | १४६ | १९८ | ८४ | ५१ | २० |

### ४.८.११ आयाम

वि. सं. २०४८ सालमा प्रकाशित **शान्तिमन्दिर** खण्डकाव्य १०९ पृष्टको आयाममा विस्तारित रहेको छ । शिखरिणी, शार्दूलविक्रीडित, भुजङ्गप्रयात, मालिनी, अनुष्टुप आदि पाँच वटा शास्त्रीय छन्दका जम्मा १९९६ कवितापङ्क्तिलाई द्विपदी (अनुष्टुप) चतुष्पदी (शार्दूलविक्रीडित आदि) श्लोक ढाँचामा सिर्जना गरिएको यस खण्डकाव्यमा जम्मा ४९९ श्लोकको श्लोकगत लमाइ रहेको छ । शान्त, करुण, शृङ्गार रस प्रयोग भएको प्रस्तुत काव्यमा एकदेशीयता झल्काउने सूक्ष्माख्यानको प्रयोग भएको छ । शान्तिप्राप्तिको लागि भौतिक शान्ति र आध्यात्मिक शान्तिबीच समन्वयात्मक एकता हुनुपर्ने गहन वैचारिक अभिव्यक्ति भएको प्रस्तुत काव्यको सर्गगत कवितात्मक पङ्क्ति यस प्रकार छ :

| सर्ग | कवितापङ्क्ति |
|---|---|
| १ | १२० |
| २ | १४० |
| ३ | १२० |
| ४ | १०८ |
| ५ | ८४ |
| ६ | १०४ |
| ७ | १०२ |
| ८ | १३२ |
| ९ | १०० |
| १० | १२४ |
| ११ | १२० |
| १२ | ११२ |
| १३ | ८० |
| १४ | १५६ |
| १५ | १५६ |
| १६ | १३६ |

## ४.८.१२ बिम्ब, प्रतीक र अलङ्कार प्रयोग

प्रस्तुत खण्डकाव्यमा प्रयुक्त बिम्बालङ्कार स्वतस्फूर्त रहेका छन् । सहज स्वाभाविक बिम्बअलङ्कार प्रयोग भएको यस काव्यमा सामाजिक, सांस्कृतिक, प्राकृतिक आदि बिम्बहरूको प्रयोग भएको छ । यस्ता बिम्बहरूको केही उदाहरण यस प्रकार छन् :

**प्राकृतिक बिम्ब**

नक्षत्रमण्डल, वायुमण्डल, आकाश, सूर्य, चन्द्र, नदी, सागर, हिमालय, पहाड, पृथ्वी, खोलानाला, बगैँचा, वनजङ्गल, पशुपक्षी, डाँफे, भ्रमर, फूल, सर्प पीपल आदि ।

**सामाजिक बिम्ब**

पुजारी, सन्त, महन्त, पादरी, मुल्ला, चर्च, मठ, मन्दिर, भजन, कृष्ण, शिव, पार्वती, इन्द्र, देवतागण आदि ।

प्रस्तुत कृतिमा कृतिव्यापी र स्थानीय बिम्बहरूको सुन्दर प्रयोग भएको छ । कृतिव्यापी बिम्बका केही उदाहरण : ज्ञान, धन, सहर, वन, फूल, बगैँचा, मन्दिर आदि । यस काव्यमा पौराणिक, ऐतिहासिक आदि बिम्बहरूको पनि सफल सुन्दर प्रयोग भएको पाइन्छ ।

अलङ्कार प्रयोगका दृष्टिले यो कृति निकै सफल रहेको छ । शब्दालङ्कारमा अन्त्यानुप्रासको सुन्दर प्रयोग भएको यस काव्यमा अर्थालङ्कार प्रयोग पनि सफल रहेको

छ । यस काव्यमा प्रश्नालङ्कार, विषम, समासोक्ति, लुप्तोपमा, उपमा, अतिशयोक्ति, रूपक, विकल्प, उत्प्रेक्षा, सम्भावना, तुल्ययोगिता आदिको प्रयोग भएको छ । अर्थालङ्कार प्रयोगका केही उदाहरणहरू यस प्रकार रहेका छन् :

यस्तै शान्ति भनेर कुञ्जवनमा योगी बनी डुल्दथे ।
उल्टा फूल अशान्तिका झिलिमिली मस्तिष्कमा फुल्दथे ।
(अन्त्यानुप्रास, **शान्तिमन्दिर**, पृ. १)

नौ ढोके रमणीय मन्दिर यहाँ आराधना गर्दछौ ।
त्यागेका मणि सर्पझैँ विरहमा को हौ र के भन्दछौ ॥
(उपमा, **शान्तिमन्दिर**, पृ. ३) ।

प्रश्नालङ्कारको एक उदाहरण :

तिम्रो मन्दिर हो कि यो भवन हो ? बुट्टा कुँदेका अति ।
यो कस्तो दरबार हो ? गजबको देखिन्छ शोभा कति ।
(**शान्तिमन्दिर**, पृ. ७)

प्रस्तुत खण्डकाव्यमा प्रकृतिको मानवीकरण, उखानटुक्काको अल्प प्रयोग, आलङ्कारिक काव्यात्मक भाषाको प्रयोगले बिम्बालङ्कारविधान निकै सफल बन्न पुगेको छ ।

## ४.८.१३ भाषाशैली

प्रस्तुत खण्डकाव्य **शान्तिमन्दिर**को भाषा प्रयोगका क्रममा वर्णयोजनाका तहमा विभिन्न किसिमका अनुप्रास शब्दालङ्कारको प्रयोग भएको छ । काव्यभर अन्त्यानुप्रासको सहज प्रयोग भएको छ । यस काव्यमा सरल, सुललित शब्दप्रयोगले लयात्मकता थपिएको छ । तत्सम, तद्भव, आगन्तुक शब्दको प्रयोगले भाषिक क्षमता वृद्धि गरेको छ । हिन्दी, अङ्ग्रेजी भाषाका आगन्तुक शब्द र डोटेली भाषिकाका शब्दको प्रयोग उपयुक्त र सान्दर्भिक रहेको छ । यहाँ प्रयोग भएका अङ्ग्रेजी, हिन्दी, डोटेली आदिका शब्दहरूका केही उदाहरण यस प्रकार छन् :

**हिन्दीभाषाका शब्द**

रवि, किन्तु, तरे, गगन, गगरी, जहर, प्याला, झगडे, उस, झोलीतुम्बा, पधर, मुल्ला, पथ, जेव, गाना, नेल, मस्ती, आदि थुप्रै शब्दको प्रयोग भएको छ ।

**अङ्ग्रेजी भाषाका शब्द**

डिग्री, बम, जेल, पकेट, रेल, चर्च, सेन्टर आदि न्यून शब्द प्रयोग भएको छ ।

**डोटेलीका शब्द**

पिन्थे, भितर, डरिडरि, मरि, पिसी, अर्खा, छर्वट्ट, नौला, परानी, उपजायो, रन्का, पत्यार, पाज, फिरी, खोपडी, धपाउन्या, आदि प्रशस्त शब्दप्रयोग भएका छन् ।

भूँभूँ, टुँटुँ, चट्चट, झलझल, घनघन, चुँचुँ, चीँचीँ, झमझम, दनदन, दङादङ, बङाबङ, भनाभन जस्ता प्रशस्त अनुकरणात्मक शब्दहरूको प्रयोग भएको यस काव्यमा उखान

टुक्काको न्यून प्रयोग पाइन्छ । सरल सहज सुललित मधुर भाषाशैली प्रयोग भएको प्रस्तुत काव्य भाषाशैलीका दृष्टिकोणले निकै सफल रहेको छ ।

### ४.८.१४ निष्कर्ष

वि. सं. २०४८ सालमा प्रकाशित **शान्तिमन्दिर** खण्डकाव्य ५ वटा शास्त्रीय छन्द प्रयोग भएको १९९६ पङ्क्ति प्रवाहमा १०९ पृष्ठका ४९९ श्लोकगत आयाममा फैलिएको पूर्णपुष्टतातिर उन्मुख खण्डकाव्य हो । काव्यशास्त्रीय मान्यताअनुसार सर्गविधान गरिएको १६ सर्गमा विभाजित खण्डकाव्यको आख्यान मिश्रित प्रकारको रहेको देखिन्छ । भौतिक शान्ति ( सम्पन्नता) तथा आध्यात्मिक शान्तिको समन्वयात्मक एकतामा जोड दिइएको यस खण्डकाव्यको केन्द्रीय कथ्य शान्ति स्थापना, आस्तिकताको खोज, मानवतावाद, आर्य अतीतको गौरव गायन भौतिकता एवम् आध्यात्मिकताको समन्वयात्मक व्याख्याविश्लेषण हो । अङ्गी रसका रूपमा शान्त रस तथा अङ्ग रसका रूपमा शृङ्गार, करुण, रौद्र, आदि रस रहेको यस काव्यको वैचारिक पक्ष निकै गहन र सबल रहेको छ । सरल बोधगम्य भाषाशैली वैदर्भी, पाञ्चाली रीति, प्रसाद गुण रहेको यस खण्डकाव्यमा वैचारिक पक्ष उत्कृष्ट रहेको छ साथै भाव, बिम्बालङ्कार, व्यञ्जनाप्रयोग सफल रहेको, खण्डकाव्यात्मक लमाइ, गहिराइ सामान्यतया पुष्ट रहेको, शैली शिल्पपक्ष सबल रहेको, भाषाशैलीगत पक्ष उत्कृष्ट रहेकाले यस **शान्तिमन्दिर** खण्डकाव्यलाई उच्च मध्यम श्रेणीको काव्य भन्न सकिन्छ ।

## ४.९ 'प्रजातन्त्र बालक' खण्डकाव्यको अध्ययन

### ४.९.१ प्रकाशन

प्रजातन्त्र बालक वि. सं. २०५१ सालमा प्रकाशित खण्डकाव्य हो । प्रस्तुत कृतिको प्रकाशनपूर्व कवि पूर्णानन्द भट्टका आठ वटा कृतिहरू प्रकाशित भैसकेका छन् । प्रजातन्त्र बालक उनको लामो कवितासाधनाको परिपक्व सिर्जना हुन पुगेको छ । भू. पू. गृहमन्त्री शेरबहादुर देउवाको आर्थिक सहयोगमा लेखक स्वयम्ले प्रकाशन गरेको प्रस्तुत कृति २०५१-९-२७ का मितिमा लेखक पूर्णानन्द भट्ट वडाखेत डोटी से. अ. ले प्रकाशित गरेको तथ्य कृतिमा उल्लेखित छ ।

### ४.९.२ प्रेरणा, प्रभाव र विषयवस्तुको स्रोत

नेपाली राजनीतिको क्षेत्रमा किशोरावस्थादेखि नै सक्रिय भूमिका निर्वाह गरेका भट्टले राणाशासन विरुद्धको क्रान्ति, पञ्चायत विरुद्धको आन्दोलनमा सक्रिय भूमिका निर्वाह गरेका थिए । उनी नेपाली राजनीतिको भुक्तभोगी एवम् ज्ञाता भएकाले उनलाई प्रस्तुत काव्य लेख्न प्रेरणा प्रदान भयो । प्रजातन्त्रवादी व्यक्ति भएकाले प्रजातन्त्र फले फुलेको देख्न चाहने उनले प्रस्तुत कृति लेखनको प्रेरणा आफूले भोगेको नेपाली राजनीति, प्रजातन्त्र, स्थापनाका लागि भएका क्रान्ति, आन्दोलन आदिबाट प्राप्त गरेका हुन् । यस कृतिलेखनको प्रभाव तथा विषयवस्तुको स्रोत पनि प्रजातन्त्रको लागि नेपाली जनताले लडेका लडाइहरू नै हुन् । राजनीतिक, सामाजिकस्वरूपको प्रस्तुत कृति कविको राष्ट्रवादी प्रगतिवादी वैचारिक अभिव्यक्ति प्रवाह गर्ने महत्त्वपूर्ण कृति हो ।

## ४.९.३ शीर्षकविधान

प्रस्तुत खण्डकाव्यको शीर्षक **प्रजातन्त्र बालक** राखिएको छ । प्रजातन्त्र भाव वाचक नामपद हो भने बालक व्यक्तिवाचक नामपद हो जसको समस्त अर्थ शिशु प्रजातन्त्र हुन्छ । यस खण्डकाव्यमा त्यही  भरखर प्राप्त प्रजातन्त्रको विषयमा कविका काव्यात्मक भावहरू समेटिएका छन् । प्रजातन्त्रप्राप्तिका लागि सहिदहरूको त्याग बलिदानको महिमा गान गर्दै प्रजातन्त्र मात्र सर्वोत्कृष्ट शासनव्यवस्था भएकाले यसको स्थायित्व, विकास, संरक्षणका लागि प्रस्तुत काव्यमा आह्वान गरिएको छ । काव्यमा प्रस्तुत गरिएको विषयवस्तु शीर्षक अनुकूल रहेकाले यस काव्यको शीर्षकविधान उपयुक्त र सान्दर्भिक रहेको स्पष्ट हुन्छ ।

## ४.९.४ आख्यानात्मक संरचना

### ४.९.४ क) कथावस्तु

प्रस्तुत खण्डकाव्यको विषयवस्तु ६ वटा खण्डहरूमा विभाजित भएको छ । सूक्ष्माख्यान प्रयोग भएको यस खण्डकाव्यमा प्रजातन्त्र स्थापना र पुनर्स्थापना आदि विषयवस्तुलाई विस्तारित गरेर खण्डकाव्यात्मक आयाममा विस्तारित गरिएको छ । यस काव्यको सर्गगत विषयवस्तु यस प्रकार छ :

**खण्ड एक**

यस खण्डमा 'म' (प्रजातन्त्र बालक)को परिचय श्रीकृष्ण, वीर योद्धा, ढाल तलवार, काला शासनको काल, कालिकाको लाल, सहिद, तपस्वी, स्वाधीनता बीज, स्वतन्त्रता, रामबाण, पार्वतीपुत्र आदिको रूपमा चिनाएको छ ।

**खण्ड दुई**

प्रजातन्त्र स्थापनाका लागि ज्यान अर्पिने सहिद, क्रान्ति योद्धाहरू प्रजातन्त्र तथा न्यायप्रेमी जनताहरूको सधैँ जप हुने वर्णन गरिएको ।

**खण्ड तीन**

'म' पात्र देवीको वरद्पुत्र भएको देवीले शान्तिरूप त्यागेर कालिकाको अवतार लिई 'म' पात्रको पक्षबाट लडेर दानवहरूको संहार गरेको वर्णन गर्दै दानव (निरङ्कुश शासक) हरूसँगको लडाईमा नेपाली जनताले गरेको युद्ध र योगदानको 'म' पात्रबाट कदर ।

**खण्ड चार**

'म' पात्रको जन्म प्रजातन्त्रको स्थापना भई सकेकोले कालाशासकहरूले फेरि गोली नहानून् भन्ने म को चाहना । प्रजातन्त्रको विकास गर्न शिक्षित समाजको निर्माणमा जुट्न आह्वान गर्दै नेपाली जनतालाई सचेत रहन आवश्यक भएको चेतावनी ।

**खण्ड पाँच**

प्रजातन्त्र भनेको सत्यनिष्ठ, बन्धुत्व, समानता, स्वतन्त्रता, राष्ट्रिय एकता, धार्मिक स्वतन्त्रता, आर्थिक सम्पन्नता, विकास एवम् सुसभ्यता हो भन्ने विचार अभिव्यक्त गर्दै

प्रजातन्त्रको रक्षाका लागि आम नेपाली जनताले शिक्षित, राष्ट्रवादी, पौरखी र सचेत बन्नुपर्ने आह्वान ।

**खण्ड छ**

प्रजातन्त्र हिमाल, पहाड, तराई, कुनाकाप्चा सबैका लागि हो र हुनुपर्छ । प्रजातन्त्र नेपालीकै बलबुतामा फल्नुफुल्नु पर्छ । प्रजातन्त्रको हत्याको लागि काला इन्द्रहरू फेरि उठ्न सक्छन् । सबै नेपालीहरू सचेत रहनुपर्छ भन्दै प्रजातन्त्रमा मात्र देश र जनताको भलो हुने देशभक्ति पूर्ण अभिव्यक्तिका साथ काव्यको समाप्ति भएको छ ।

## ४.९.४ ख) पात्रविधान

प्रस्तुत खण्डकाव्य एकालापीय शैलीमा लेखिएको यसको प्रमुख पात्रका रूपमा एकल पात्र 'म' आएको छ । पात्रविधान स्वतन्त्र र कवि कल्पित रहेको पाइन्छ । 'म' कविको मुखपात्र हो । ऊ सत, अनुकूल, देशभक्त, स्वतन्त्रता, समानता, एकता, भ्रातृत्वको भावनात्मक पात्र हो र काव्यको विषयवस्तु पनि हो । यस खण्डकाव्यमा आएका सूच्य पात्र वा गौण पात्रहरूमा शिव, पार्वती, राम, रावण, जनता, सहिद, तपस्वी, देवदेवी, श्रीकृष्ण, कोकिल, डाँफे, चन्द्र, सूर्य, गौतमबुद्ध, दानव, इन्द्र काला शासक आदि रहेका छन् । यसकाव्यको पात्रविधान निकै कमजोर र फितलो रहेको छ ।

## ४.९.४ ग) परिवेश

प्रस्तुत खण्डकाव्यमा सम्पूर्ण नेपालको भौगोलिक परिवेशलाई समेटिएको छ । हिमाल, पहाड, तराई, कैलाश, आदिको वर्णनले प्राकृतिक परिवेश चित्रण सफल भएको छ । काव्यमा २००७ सालपूर्व २००७ साल, त्यसपछि २०१७ साल, २०३६ साल, २०४८ साल, २०४६ साल त्यसपछि २०५१ साल सम्मको नेपाली राजनैतिक परिवेशको ययार्थ चित्रण गरिएको छ । क्रान्ति, युद्ध, सङ्क्रमण कालीन आदि राष्ट्र परिवेश काव्यमा अभिव्यक्त भएको छ । यसरी प्रस्तुत काव्यको परिवेश चित्रण सफल रहेको छ ।

## ४.९.५ केन्द्रीय कथ्य

**प्रजातन्त्र बालक** खण्डकाव्यको केन्द्रीय कथ्य प्रजातन्त्र स्थापनाको लागि जीउज्यान दिने सहिद, क्रान्तियोद्धाहरू तथा जनताको योगदानको महिमागान प्रजातन्त्रको संरक्षण विकास, राष्ट्र-राष्ट्रिय एकता, विकास, समानता, स्वतन्त्रता, भ्रातृत्वको विकास र त्यसको सम्मानका लागि आह्वान गर्नु हो । प्रजातन्त्रको घाँटी निमोठनेहरू दुष्प्रयास फेरि पनि हुन सक्छ, प्रजातन्त्रको हत्या हुन सक्छ; त्यसैले जनतालाई होसियार रहन आह्वान गर्नु प्रस्तुत काव्यको केन्द्रीय कथ्य हो ।

## ४.९.६ भावविधान

प्रस्तुत काव्यमा उत्साह स्थायीभाव हुने वीर रस अङ्गी रसको रूपमा आएको छ भने अङ्ग रसको रूपमा शान्त रस आएको छ । वीर रस प्रधान यस काव्यमा वीर रसको आलम्बनको रूपमा जनविरोधी निरङ्कुश शासकहरू उद्दीपन विभावको रूपमा शोषण, दमन हत्या, हिंसा, बलात्कार आदि आएका छन् । वीर रस परिपाकमा पुगेर काव्यको समाप्ति भएको छ । काव्यका विभिन्न स्थानमा शान्त रसको पनि प्रयोग भएको छ ।

## ४.९.७ विचार

प्रस्तुत **प्रजातन्त्र बालक** खण्डकाव्यमा समानता, स्वतन्त्रता, भ्रातृत्व, सम्पन्नता, एकता, राष्ट्रवादी जीवन चिन्तन आएको छ । प्रजातन्त्र स्थापनाका लागि योगदान दिने सहिद, क्रान्तियोद्धाहरू नेपाली जनता सबैको योगदानको कदर गर्दै प्रजातान्त्रिक स्वतन्त्र सक्षम, सम्पन्न, शान्तिपूर्ण, नेपालको निर्माणका लागि एकजुट भएर लाग्न र प्रजातन्त्र रक्षाका लागि सचेत रहन प्रस्तुत काव्यमा आह्वान गरिएको छ । काला शासकहरूले प्राप्त प्रजातन्त्रको गोली हानी हत्या गर्न सक्ने शङ्का व्यक्त गर्दै जागा रहन आह्वान गरिएको प्रस्तुत काव्यमा परिश्रमी, उद्योगी, सम्पन्न, स्वतन्त्र, स्वावलम्बी बन्न आह्वान गरिएको छ ।

## ४.९.८ सर्गविधान

स्वतन्त्र सर्गविधान रहेको यस काव्यमा ६ वटा खण्डहरू रहेका छन् । काव्यको सर्गगत विषयवस्तु विवरण यस प्रकार छ :

**खण्ड एक** : कालाबन्धन... श्लोक १ देखि १४ सम्मको विषयवस्तु ।

**खण्ड दुई** : मैले मानवका .....श्लोक १ देखि १४ सम्मको विषयवस्तु ।

**खण्ड तीन** : मेरो नाउँ कुमार....श्लोक १ देखि १३ सम्मको विषयवस्तु ।

**खण्ड चार** : मै स्वतन्त्र कुरा....श्लोक १ देखि श्लोक १९ सम्मको विषयवस्तु ।

**खण्ड पाँच** : महादेवजीको...श्लोक १ देखि श्लोक २० सम्मको विषयवस्तु ।

**खण्ड छ** : म हुँ बेली....श्लोक १ देखि श्लोक १३ सम्मको विषयवस्तु ।

प्रस्तुत खण्डकाव्यको आख्यान प्रस्तुत गर्दा प्रथमपुरुष प्रधान (कविप्रौढोक्ति) कथनढाँचाको प्रयोग भएको छ । काव्यमा प्रथमपुरुष एकालापीय कथन पद्धतिको प्रयोग भएको छ । 'म' पात्रको आत्मकथन उसैद्वारा एकालापीय शैलीमा अभिव्यक्त भएको छ ।

## ४.९.९ लयविधान

**प्रजातन्त्र बालक** खण्डकाव्यमा शास्त्रीय छन्दको प्रयोग भएको छ । शास्त्रीय छन्दका द्विपदी (अनुष्टुप) र चतुष्पदी (भुजङ्गप्रयात) आदि श्लोक ढाँचाका तीन वटा छन्दको प्रयोग भएको छ । काव्यको लयविधान उच्च रहेको छ । सर्गगत श्लोक वितरण पनि समानुपातिक नै रहेको छ । श्लोकगत आयामका हिसाबले यो खण्डकाव्य थोरै श्लोक अभावले कमजोर बन्न पुगेको छ तापनि यो पुष्ट आयामको निकट नै रहेको छ । छन्दविधानमा केही त्रुटि भए पनि कृतिमता रहेको छैन । काव्यमा साङ्गीतिक माधुर्य, लयप्रवाह, कायम रहेको पाइन्छ । सामान्यतया यसको लयविधान सफल रहेको छ । यस काव्यको छन्दगत विवरण यस प्रकार रहेको छ :

| सर्ग/खण्ड | शार्दूलविक्रीडित | भुजङ्गप्रयात | अनुष्टुप |
|---|---|---|---|
| १ | १४ | | |
| २ | १४ | | |

| | | | |
|---|---|---|---|
| ३ | १३ | | |
| ४ | ११ | | ०८ |
| ५ | | २० | |
| ६ | | १३ | |
| | ५२ | ३३ | ०८ |

## ४.९.१० आयाम

प्रस्तुत खण्डकाव्य १८ पृष्ठको आयाममा विस्तारित भएको छ । शार्दूलविक्रीडित, भुजङ्गप्रयात, अनुष्टुप तीनवटा शास्त्रीय छन्दका जम्मा ३३६ कविता पङ्क्तिलाई द्विपदी ( अनुष्टुप) चतुष्पदी (शार्दूलविक्रीडित आदि) श्लोक ढाँचामा सिर्जना गरिएको यस काव्यमा जम्मा ९३ श्लोकको श्लोकगत लमाइ रहेको छ । वीर रस, शान्त रस, प्रयोग गरिएको यस काव्यको वैचारिक गहनता उच्च रहेको छ । यस काव्यमा प्रयुक्त सर्गगत कविता पङक्तिहरू यस प्रकार रहेका छन् :

| सर्ग | कवितापङ्क्ति |
|---|---|
| १ | ५६ |
| २ | ५६ |
| ३ | ५२ |
| ४ | ६० |
| ५ | ८० |
| ६ | ५२ |
| जम्मा | ३५६ पूर्णपङ्क्ति |

## ४.९.११ बिम्ब, प्रतीक, अलङ्कार प्रयोग

प्रस्तुत कृतिमा स्थानीय बिम्ब तथा कृतिव्यापी बिम्बहरूको सफल प्रयोग भएको छ । प्राकृतिक, सामाजिक, सांस्कृतिक, राजनैतिक, साहित्यिक बिम्बहरूको प्रयोग भएको यस कृतिबाट उदारहणका लागि केही बिम्ब यस प्रकार प्रस्तुत गरिएको छ :

**प्राकृतिक बिम्ब**

लाल गुलाब, गोमन, लाली गुँरास आदि ।

**सांस्कृतिक बिम्ब**

श्रीकृष्ण, सत्फूल, कालिका, लाल, डङ्किनी आदि ।

**राजनैतिक बिम्ब**

खड्ग, नौ सूर्यवत्ती, रातो रक्त, रातो दीप, आदि ।

प्रस्तुत काव्यमा अलङ्कार प्रयोग पनि सफल रहेको छ । शब्दालङ्कारमा अन्त्यानुप्रास प्रयोग भएको छ भने अर्थालङ्कारमा रूपक, उपमा, स्वभावोक्ति, अतिशयोक्ति आदिको प्रयोग भएको छ । अलङ्कार प्रयोगका एक, दुईटा उदाहरण यस प्रकार छन् :

काला बन्धन कालमा बलिदिने मै रंगिलो बाल हुँ ।
त्यागी वीर सहिदका रुधिरमा पैदा हुने लाल हुँ ।
रातो बीच सफेदमा ढलकने स्वाधीनता बाल हुँ ।
सानो बालक हुँ परन्तु बलमा श्रीकृष्ण मै लाल हुँ ॥

रूपक अलङ्कार, **प्रजातन्त्र बालक,** पृ. १ ।

कालीका बलिमा चढेर कतिले हाँसे मुसुक्कै गरी ।
क्वै भन्थे रण हो अठार दिनको श्रीकृष्ण लीलासरी ॥

(उपमा अलङ्कार, **प्रजातन्त्र बालक**, पृ. ५) ।

## ४.९.१२ भाषाशैली

प्रस्तुत खण्डकाव्य **प्रजातन्त्र बालक**मा वर्ण योजना व्यवस्थित र उच्च कोटिको देखिन्छ । अन्त्यानुप्रासको राम्रो प्रयोग भएको यस काव्यमा तत्सम, तद्भव तथा अगान्तुक शब्दको उच्च प्रयोग भएको छ । नेपाली भाषाका  झर्रा शब्दको प्रशस्त प्रयोग भएको छ । हिन्दी भाषाका लाल( सपूत) पाताल, पैदा जस्ताशब्दको प्रयोग भएको छ । डोटेली भाषिकाका फिरि, बुकाइजस्ता शब्दको प्रशस्त प्रयोग भएको छ । संस्कृत भाषाका शब्दको प्रचुर प्रयोग भएको छ ।

साधारण तथा पठित सबै पाठकवर्गका लागि पठनीय रहेको प्रस्तुत कृति पदक्रम विचलन, सरल, मधुर तथा ओजयुक्त शब्द प्रयोग, सूक्ष्माख्यानको प्रयोग, राजनैतिक विषयको काव्यात्मक प्रस्तुति, सुन्दर लक्षित भाषाशैलीको प्रयोगले  निकै सफल बनेको छ ।

पाञ्चाली  रीति, वैदर्भी र ओज गुणको प्रयोग भएको यस काव्यको छन्दविधानमा सामान्य त्रुटि रहे पनि कृत्रिमता छैन । भाषाशैलीका दृष्टिले **प्रजातन्त्र बालक** सफल काव्य हो ।

## ४.९.१३ निष्कर्ष

**प्रजातन्त्र बालक** २०५१ सालमा प्रकाशित राजनीतिक विषय वस्तु भएको सामाजिक स्वरूपको खण्डकाव्य हो । कवि कल्पनाप्रसूत प्रस्तुत कृतिमा सूक्ष्माख्यानको प्रयोग, अतिन्यून पात्रको प्रयोग, स्वतन्त्र सर्गविधान र सालाखाला पुष्ट आयाम रहेको छ । एकदेशीयता झल्काउने प्रस्तुत काव्यमा प्रजातन्त्र प्राप्तिका लागि सहिद, क्रान्तियोद्धाहरू तथा नेपाली जनताको योगदानको महिमा गान गर्दै प्रजातन्त्रको रक्षा विकास एवम् राष्ट्र उन्नतिको उच्च कामना गरिएको छ ।

१८ पृष्ठको आयाममा बाधिएको यस काव्यमा ९३ श्लोकको श्लोकगत लमाइ रहेको छ भने यसले ३५६ पूर्ण कवितापङ्क्तिको लमाइगत आयाम पाएको छ । शास्त्रीय छन्दका द्विपदी (अनुष्टुप्) चतुष्पदी (शार्दूलविक्रीडित, भुजङ्गप्रयात) श्लोक ढाँचामा रचिएको अनुप्रासयुक्त श्रुतिमधुर, सरल, सहज, कोमल शब्दप्रयोग, आकर्षण एवम् प्रभावकारी

भाषाशैली यसका विशेषता हुन् । वीर र शान्त रस प्रयोग भएको छन्दविधान गर्दा सामान्य त्रुटि रहेको यस काव्यको श्रेणी निर्धारण गर्दा उच्च मध्यम श्रेणीमा पर्न जान्छ ।

## ४.१० 'नानो जात्क' खण्डकाव्यको अध्ययन

### ४.१०.१ प्रकाशन

**नानो जात्क** (छोटा बच्चा) डोटेलीको गीतिकाव्य वि. सं. २०५६ साल चैत्र राम नवमीमा प्रकाशित भएको हो । प्रस्तुत कृति पूर्णानन्द भट्टको सफल सामाजिक स्वरूप र राजनीतिक विषयवस्तु भएको काव्य हो । यस कृतिले हिन्दी अनुवाद हुने सौभाग्य प्राप्त गरेर कविलाई भारतमा चिनाउने काम गरेको देखिन्छ । सुदूर पश्चिमेली उत्कृष्ट काव्य रचनाको नमुना कृति प्रस्तुत **नानो जात्क** विभिन्न व्यक्तिहरूको आर्थिक सहयोगमा कवि स्वयम्बाट प्रकाशित भएको हो ।

### ४.१०.२ प्रेरणा, प्रभाव र विषयवस्तुको स्रोत

नेपाली समाजमा हुने गरेका शोषण, दमन, हत्याहिसा, बलात्कार र धर्मको आडमा हुने शोषण, राजनीतिक शोषण दमन अत्याचारको जातोमुनि पिँधिएका बहुसङ्ख्यक गरिब वर्गको पीडा छटपटाहट नै यस काव्यको प्रेरणा, प्रभाव र विषयवस्तुको स्रोत हो । ग्रामीण गरिब जनताहरूलाई शोषण गर्ने दुष्ट भालु, स्याल, ब्वाँसा, सिंह, बाघ, आदि रूपका मानिसको परपीडक प्रकृतिलाई काव्यमा उतारिएको छ ।

### ४.१०.३ शीर्षकविधान

प्रस्तुत काव्यको शीर्षक **नानो जात्क** राखिएको छ । यसलाई हिन्दीमा छोटा बच्चा नाम राखिएको छ । नानो विशेषण तथा जात्क नामपदको संयोगबाट निर्मित यस पदको शाब्दिक  अर्थ सानो शिशु हुन्छ । यसरी काव्यको नाम नानो जात्क राखिएको छ । काव्यको विषय वस्तुको समाख्याता नानो जात्क यस खण्डकाव्यको प्रमुख पात्र हो । उसले सानो छँदा आफ्नो बाबुले सुनाएको कथा तथा आफूले भोगेको सामाजिक जीवनको कथालाई काव्यमा अभिव्यक्त गरेको छ ।

नानो जात्कको केन्द्रीयतामा काव्यको कथावस्तु प्रस्तुत भएको र उसकै जीवनका घटना व्यक्त भएकाले काव्यको शीर्षक **नानो जात्क** सान्दर्भिक र उपयुक्त रहेको छ ।

### ४.१०.४ आख्यानात्मक संरचना

### ४.१०.४ क) कथावस्तु

प्रस्तुत खण्डकाव्यको विषयवस्तु पाँच वटा सर्ग/खण्डमा विभाजित भएको छ । प्रस्तुत काव्यमा प्रयुक्त सूक्ष्माख्यानको सर्गगत विषयवस्तु यस प्रकार रहेको छ :

**सर्ग एक**

प्राचीनकालको कथाभित्र राणाशासन कालका ठिणे भालु, काले भालु, स्यालहरूको बिगबिगीबाट जनता त्रस्त रहेको र पछि सिकारीदलले काले भालुलाई मारेको विषयवस्तु रहेको छ ।

### सर्ग दुई

२००७ सालमा जनक्रान्तिबाट प्राप्त प्रजातन्त्रको विरुवा २०१७ सालमा राजा महेन्द्रले उखेलेर फालेको जनताका दुःखका दिन फर्किएर आएका कृष्णको बाँसुरी हराएको चैतुवा स्यालहरूको मनपरी चलेको फटाहा, जालीहरूले जनतालाई दुःख दिएको वर्णन ।

### सर्ग तीन

ठुली बारी (देश) को तहस नहस भएको समाजमा शोषण दमनअत्याचारले सीमा नाघेको, धर्मका नाममा राजनीतिक नाममा शोषण दमन बढेको बेलामा माली गाउनामा, मालिक (राजा) पिउनमा र मालिकका सन्तान (पञ्च) सुतिरहेको दुःखद अवस्थाको वर्णन गरिएको छ । मल्साप्रा, राक्षस, साँढे, बानरहरूको विगविगी बढेको वर्णन भएको ।

### सर्ग चार

सामाजिक, धार्मिक शोषण, राजनीतिक दाउपेच षडयन्त्र बहुदलीय व्यवस्थाका नाममा भएका भ्रष्टाचार ठगी, पञ्चहरू र दरबारियाहरू दलभित्र छिरी व्यवस्था नै भताभुङ्ग र लथालिङ्ग पारेको तथा कुर्सीको लागि हानाथाप चलेको विषयवस्तु वर्णन ।

### सर्ग पाँच

आम निर्वाचन (जाँत) मा योग्य धामी (नेता) लाई छान्नुपर्ने जिम्मेवार राष्ट्रभक्त व्यक्तिलाई पद दिइनुपर्ने र पुर्खाको धरोहर देशलाई भताभुङ्ग हुनबाट बचाउन जनतालाई सचेत रहन आह्वान गरिएको विषयवस्तु वर्णन ।

प्रस्तुत काव्यको आख्यानात्मक संरचना स्वतन्त्र रहेको छ । यसमा आख्यानको आदि, मध्य, अन्त्यको नियम लागू हुन सम्भव छैन । आख्यान र कवित्वबीच समन्वय भएको छ । एकदेशीयता पालन भएको काव्यको भाव/वैचारिक पक्ष निकै सवल रहेको छ ।

## ४.१०.४ ख) पात्र विधान

प्रस्तुत काव्यमा **नानो जात्क** 'म' पात्रका रूपमा आएको छ । ऊ काव्यको एकल प्रमुख पात्र हो । कविको मुखपात्रका रूपमा आएको 'म' यस काव्यको सामाख्याता हो । उसले सुनेको भोगेको देखेको जीवनका कथाहरूलाई प्रस्तुत गर्दा घटनामा आएका गौणपात्रहरू बा, कालेभालु, ढिडो, भालु, घौले काका, लदे काका, लदे, लदेको चीफ, बानर, मल्साप्रा, स्याल, क्वैली, गोठाला, केटाकेटी, घसार्नी, चारूमती, नरु भान्जी, माहुरी, माली, मालिक, मालिका पाँच मुल्यान बाघ आदिको काव्यको कथावस्तुलाई अघि बढाउन केही भूमिका रहे पनि यी सबै सूच्यपात्रहरू हुन् । 'म' पात्र काव्यमा सत्, सरल, अनुकूल, प्रमुख, देशभक्त पात्रका रूपमा आएको छ ।

## ४.१०.४ ग) परिवेश

प्रस्तुत काव्यमा सामाजिक, सांस्कृतिक र राजनीतिक परिवेश मूल रूपमा आएको छ भने प्राकृतिक परिवेशको पनि चित्रण भएको छ । २००७ सालपूर्वको राणाकालीन परिवेशभित्रको सामाजिक, सांस्कृतिक, राजनीतिक परिवेश कालेभालु, ठिटो भालुका क्रियाकलापबाट प्रस्ट पारिएको छ । २००७ सालदेखि २०१६ सालसम्म तथा २०१७

सालदेखि २०४६ सालसम्मको सामाजिक, राजनैतिक, परिवेश तथा त्यसपछिको बहुदलीय व्यवस्थाकालको सामाजिक, राजनीतिक परिवेश काव्यमा चित्रण भएको छ । चैतुवा स्याल, सिंह, बाघ, बानरका क्रियाकलापमा पञ्चायती सामन्त, राजा ठालूहरूका क्रियाकलाप प्रतिबिम्बित भएका छन् भने धामी, भणारिया, पौन्दारहरूका क्रियाकलापमा बहुदलीय व्यवस्थाका भ्रष्टाचारीहरूको चित्रण भएको छ । यसरी यस काव्यको परिवेश चित्रण सफल रहेको छ ।

### ४.१०.५ केन्द्रीय कथ्य

प्रस्तुत काव्यमा राणाशासन, पञ्चायत काल, बहुदलीय व्यवस्थामा धार्मिक, सामाजिक, राजनीतिक, विविध निहुँमा जनतामाथि भए गरेको शोषण दमनको विषयमा पाठकलाई जानकारी दिँदै भविष्यमा देश र जनताको हितका लागि सक्रिय र सचेत रहन नेपाली जनतालाई आह्वान गर्नु नै काव्यको केन्द्रीय कथ्य हो । काले भालु, ठिणे भालु, चैतुवा स्याल, माली, मालिक, पञ्च, धामी, भणारिया, फौँदारहरूका कुकर्मको भण्डाफोर गर्दै जनतालाई सचेत पार्नु नै यसको केन्द्रीय कथ्य हो ।

### ४.१०.६ भावविधान

प्रस्तुत खण्डकाव्यमा शृङ्गार, करुण, वीर, शान्त, आदि रसहरू छरिएर आएका छन् । कुनै पनि रस परिपाकमा पुग्न सकेको छैन । यस काव्यको रस विधान वा भाव विधान सफल हुन नसकेको भए पनि काव्यका श्लोकहरूमा रसानुभूति तीव्र रहेको छ । यस काव्यमा करुण रसको अधिक प्रयोग भएको छ भने शान्त शृङ्गार, वीर आदि रसको पनि प्रयोग भएकै छ ।

### ४.१०.७ विचार

प्रस्तुत काव्य पूर्णानन्द भट्टको सामाजिक, राजनैतिक, जीवन भोगाइको काव्यात्मक अभिव्यक्ति हो । राणा शासन, पञ्चायत, बहुदल सबै व्यवस्थामा नेपाली जनताहरूले पाएका यातना, दमन र शोषणहरूको काव्यले यथार्थ चित्रण गरेको छ । आफ्नो हक अधिकार संरक्षण गर्दै राष्ट्रनिर्माणका लागि सचेत सजग रहन काव्यले आह्वान गरेको छ । उच्च सम्पन्न राष्ट्र बनाउन सबैले उद्योगी, परिश्रमी, अनुशासित जिम्मेवार बन्न यस काव्यले आह्वान गरेको छ ।

राष्ट्रवादीलाई सम्मान तथा राष्ट्रघातीलाई बहिष्कार गर्ने तर्क दिँदै काव्यमा राष्ट्रवादी स्वर अभिव्यक्त गरिएको छ । यसरी प्रस्तुत काव्यको वैचारिक पक्ष निकै सफल र सबल रहेको देखिन्छ ।

### ४.१०.८ सर्गविधान

स्वतन्त्र सर्गविधान रहेको प्रस्तुत काव्यको विषयवस्तुलाई पाँच वटा खण्डहरूमा सङ्गठित गरिएको छ । सर्गगत विधानमा श्लोकको लमाइ असमानुपातिक रहेको छ । यस काव्यको सर्गगत विषयवस्तु यस प्रकार रहेको छ :

**सर्ग एक**

विभिन्न पशु बिम्बद्वारा राणाशासनको वर्णन भएको श्लोक १ देखि ३९ सम्मको विषयवस्तु ।

**सर्ग दुई**

२०१७ साले काण्ड र पञ्चायतमा राष्ट्रको दुर्गति श्लोक १ देखि श्लोक ३९ सम्मको विषयवस्तु ।

**सर्ग तीन**

ठूलीबारी (राष्ट्र)को तहसनहस भएको वर्णन श्लोक १ देखि २६ सम्मको विषयवस्तु ।

**सर्ग चार**

जाँत (निर्वाचन) तथा भ्रष्टाचारी गतिविधिको वर्णन श्लोक १ देखि २१ सम्मको विषयवस्तु ।

**सर्ग पाँच**

श्लोक १ देखि श्लोक २२ सम्मको निर्वाचन तथा देशभक्ति विषयमा विविध अभिव्यक्ति वर्णन ।

आख्यान र कवित्वबीच समन्वय भएको प्रस्तुत काव्यको सर्गयोजना सामान्यतया सफल नै रहेको देखिन्छ ।

## ४.१०.९ कथनपद्धति

प्रस्तुत काव्य **नानो जात्को** को आख्यान प्रस्तुतिमा प्रथमपुरुष प्रधान (कविप्रौढोक्ति) कथन ढाँचाको प्रयोग भएको छ । काव्य 'म' पात्रको एकालापीय कथनशैलीमा प्रस्तुत भएको छ । सर्ग १, २, ३ मा पूर्वदीप्ति शैलीको प्रयोग भएको पाइन्छ । कथनपद्धतिका दृष्टिले काव्य सफल रहेको देखिन्छ ।

## ४.१०.१० लयविधान

प्रस्तुत खण्डकाव्य लोकलयमा आधारित काव्य हो । यसमा सुदूरपश्चिमाञ्चल मध्यपश्चिमाञ्चल क्षेत्रमा प्रचलित एकल तथा समूह गायन गरिने डेढ पैताला डेढ पङ्क्तिको चाल/प्रवाहपछि पुनः गीत दोहोरिने गायन नृत्य शैली भएको चौध पूर्णाक्षर एक पङ्क्ति तथा दुईपङ्क्तिको श्लोक हुने 'डेउडा' मा प्रयुक्त हुने लोकलयको प्रयोग भएको छ । लोकलयको नियम पूर्णपालन गरिएको साङ्गीतिकता माधुर्य, गेयात्मकताले पूर्ण भई सरल, सरस हुन पुगेको प्रस्तुत काव्यको लयविधान सफल रहेको छ । व्यञ्जना प्रयोगका दृष्टिले पनि प्रस्तुत कृति निकै सफल रहेको छ । काव्यमा प्रयोग भएका श्लोक आदि विवरण यस प्रकार रहेको छ :

| सर्ग | लय | श्लोक सङ्ख्या |
|---|---|---|
| १ | १४×२.२८ पूर्णाक्षर युक्त | ३९ |
| २ | लोकलय | ३९ |
| ३ | लोकलय | २६ |
| ४ | लोकलय | २१ |
| ५ | लोकलय | २२ |
| - | जम्मा | १४७ |

### ४.१०.११ आयाम

प्रस्तुत **नानो जात्क** खण्डकाव्य २९ पृष्ठको आयाममा विस्तारित द्विपदी लोकलयका जम्मा २९४ कवितात्मक पङ्क्ति भएको र १४७ श्लोकको श्लोकगत लमाइ रहेको पुष्ट आयामको काव्य हो । २००७ साल पूर्वदेखि २०५६ सालसम्मको करिब साँढेचार दशकभन्दा बढी समयावधिको नेपालको सामाजिक, धार्मिक, राजनैतिक, आर्थिक अवस्थाको मार्मिक चित्रण गर्न सफल प्रस्तुत काव्यकलाको दृष्टिले पनि सफल र पुष्ट काव्य बन्न पुगेको छ । प्रस्तुत काव्यमा करुण, रौद्र, शान्त आदि रसको प्रयोग भएको छ । स्वतन्त्र सर्ग विधान, सूक्ष्माख्यान फितलो पात्रविधान रहेको यस काव्यको सर्गगत कवितात्मक पङ्क्ति वितरण यस प्रकार रहेको छ :

| सर्ग | कवितात्मक पङ्क्ति |
|---|---|
| १ | ७८ |
| २ | ७८ |
| ३ | ५२ |
| ४ | ४२ |
| ५ | ४४ |
| जम्मा पङ्क्ति | २९४ । |

### ४.१०.१२ बिम्ब, प्रतीक र अलङ्कार प्रयोग

प्रस्तुत काव्यमा बिम्बालङ्कार योजना सफल रहेको छ । यसमा प्रयुक्त बिम्बप्रतीक स्वस्फूर्त सहज छन् । प्राकृतिक, सांस्कृतिक, सामाजिक, राजनीतिक बिम्बहरूको यस काव्यमा प्रयोग भएका बिम्बका केही उदाहरण यस प्रकार छन् :

**प्राकृतिक बिम्ब**

काले भालु, ढिणे भालु, मल्पसा, दुब्लो गोरु आदि ।

**सांस्कृतिक, सामाजिक बिम्ब**

धौलेडडा, गुफा, कृष्ण, रागस, कुले द्यौ आदि ।

**राजनीतिक शब्द**

चैतुवा स्याल, सिकारी दल, बानर, धामी, माणौ आदि ।

प्रस्तुत काव्यमा प्रयोग भएका प्रतीकहरू यस प्रकार छन् :

मालिक, क्वैराली फूल, कृष्णकी बाँसुरी आदि ।

प्रस्तुत **नानो जात्क** काव्यमा अलङ्कारविधान पनि सफल रहेको छ । शब्दालङ्कारमा अन्त्यानुप्रास प्रयोग भएको छ भने अर्थालङ्कारहरूमा रूपक, तुल्ययोगिता, स्वभावोक्ति, प्रश्नालङ्कार, वक्रोक्ति, अन्तरअनुप्रास आदिको प्रयोग भएको छ । अलङ्कार प्रयोगका केही उदाहरण यस प्रकार छन् :

मोतीवन ज्योति शिर चुली वारिपारी ।
धौले डङा शिव थान पार्वतीकी बारी ।
(रूपक, **नानो जात्क**, पृ. १) ।

ब्रह्माले कल्पना अरी कसेरी बनायो ? ।
मोटामोटा तिखा सिंङ तसा क्याकी पायो ? ।
(प्रश्नालङ्कार, **नानो जात्क,** पृ. २) ।

पुगियो पुषको मैना सत्रसाल आयो ।
झडिए क्वैराली फूल वसन्त हरायो ।
(वक्रोक्ति, **नानो जात्क**, पृ. ८) ।

प्रकृतिको मानवीकरण, उखानटुक्काको प्रयोग काव्यात्मक भाषाशैली आदिले प्रस्तुत काव्यको बिम्बालङ्कारविधानलाई सफल बनाएको छ ।

## ४.१०.१३ भाषाशैली

प्रस्तुत काव्यको वर्णयोजना व्यवस्थित र उच्च रहेको छ । अन्त्यानुप्रासको प्रयोग संस्कृतका तत्सम, तद्भव र आगन्तुक शब्दको प्रयोग, डोटेलीका मधुर सरस सहज शब्दको प्रयोगले भाषाशैलीको स्तर उच्च पारेको हो । काव्यमा प्रयोग भएका विभिन्न भाषाका शब्दहरूका केही उदाहरण यस प्रकार छन् :

**संस्कृतका शब्दहरू**

वीर, ब्रह्मा, नक्षत्र, राशि, शालीग्राम, धाम, देवस्व, विष्णु, जल आदि ।

**हिन्दी भाषाका शब्दहरू**

रवि, अमर, सोना, चाँदी दील आदि ।

**नेपाली शब्दहरू**

आँसु, मदेस, तपसी आदि ।

प्रस्तुत काव्य साधारण तथा शिक्षित दुवै वर्ग पाठकका लागि पठनीय र बोधगम्य रहेको छ । पदक्रम विचलन, सरल र मधुर शब्दप्रयोग सूक्ष्माख्यानको प्रयोग, राजनीतिक विषयवस्तुको कलात्मक/काव्यात्मक शैलीमा प्रस्तुति गरिनाले काव्यको भाषाशैली सम्पन्न बन्न पुगेको छ । वैदर्भी र पाञ्चाली रीति एवम् प्रसाद गुणयुक्त यस काव्यमा भाषाशैलीको प्रयोग निकै सफल र उच्च रहेको छ ।

## १.१०.१४ निष्कर्ष

वि. सं. २०५६ मा प्रकाशित **नानो जात्क** सामाजिक स्वरूपको राजनीतिक विषयवस्तु भएको कविकल्पनाप्रसूत गीतिकाव्य हो । नेपाली राजनीतिको साँढेचार दशकको स्पष्ट चित्रण गर्ने यस काव्यमा कविको आफ्नै जीवन भोगाइ अभिव्यक्त भएको छ । सूक्ष्माख्यानको प्रयोग, सीमित पात्र प्रयोग, एकदेसीयताको पालना, भएको प्रस्तुत काव्यमा स्वतन्त्रसर्ग विधान पुष्ट आयामको प्रयोग भएको छ । पूर्व उच्चार्य १४ अक्षरे लोकलयमा

रचिएको अनुप्रासयुक्त, श्रुतिमाधुर्य भएको सरल, सरस मधुर शब्दप्रयोग आकर्षक एवम् प्रभावकारी भाषाशैली यसका विशेषता हुन् । सामान्य भावविधान रहेको यस काव्यमा करुण, रौद्र, शृङ्गार, शान्त रसको प्रयोग भएको छ ।

२९ पृष्ट लमाइ, २९४ कविता पङ्क्तिको आयाम तथा १४७ श्लोकको श्लोकगत लमाइ, सफल कवित्व, गहन वैचारिक अभिव्यक्ति भएको प्रस्तुत काव्य उच्च मध्यम श्रेणीमा पर्ने सफल काव्य हो ।

## ४.११ 'शान्तिविज्ञान' महाकाव्यको अध्ययन

### ४.११.१ प्रकाशन

फुटकर कविता तथा खण्डकाव्य लेखनमा लामो अभ्यासपछि पूर्णानन्द भट्टको प्रस्तुत महाकाव्यको लेखन तथा प्रकाशन भएको देखिन्छ । उनको लामो कविता साधनापछिको प्राप्ति प्रस्तुत महाकाव्य वि. सं. २०५३ सालमा तत्कालीन प्र. म. शेरबहादुर देउवाको आर्थिक सहयोगमा कवि स्वयम्ले प्रकाशन गरेका हुन् । भौतिक शान्ति (भौतिक सुखसयल) तथा आध्यात्मिक शान्तिको समन्वयात्मक एकतामा मात्र शान्ति, समृद्धि, सभ्यता उन्नतिको कल्पना गर्न सकिन्छ भन्ने मूल भाव बाकेको प्रस्तुत **शान्तिविज्ञान** महाकाव्यको अध्ययन महाकाव्य तत्त्वका आधारमा गरिएको छ ।

### ४.११.२ शीर्षकविधान

प्रस्तुत महाकाव्यको नामकरण **शान्ति र विज्ञान** दुईवटा पदहरूको संयोगबाट भएको छ । व्याकरणात्मक कोटीका दृष्टिले दुवै पद नामपद हुन् भने शाब्दिक अर्थका दृष्टिले शान्ति मनमा हुने आराम, सन्तोष, चैन, शीतलता आदिको अनुभूति तथा विज्ञान : कुनै पनि सिद्धान्तलाई तथ्य प्रमाणका आधारमा प्रयोग प्रमाणित गरेर व्यवहारमा अपनाउने विधिसम्बन्धी ज्ञानको शास्त्र भन्ने जनाउँछ । वर्तमान विश्वमा अशान्त मानसिकता बोकेर पीडितभई शान्तिको खोजमा तडपिरहेको मानव मन (उसकै शरीररूपी प्रयोगशाला) मा नव इन्द्रियरूपी वैज्ञानिक उपकरणको प्रयोग गरी भौतिक एवम् आध्यात्मिक शान्तिको आवश्यक मिश्रण गरेर तयार पारिने शान्ति (मानवतावादी अध्यात्मवाद) विज्ञान भन्ने बुझिन्छ । महाकाव्यमा शान्ति प्राप्तिको यही वैज्ञानिक उपायको विषयमा विभिन्न पौराणिक, ऐतिहासिक, सामाजिक सन्दर्भ दिएर शान्तिविषयक अभिव्यक्तिहरू प्रस्तुत भएकाले प्रस्तुत महाकाव्यको शीर्षक विधान सार्थक र सान्दर्भिक हुन पुगेको छ ।

### ४.११.३ विषयवस्तुको स्रोत तथा ढाँचागत स्वरूप

**शान्तिविज्ञान** महाकाव्यको विषयवस्तुगत स्रोत पहिल्याउँदा यसको विषयवस्तु कविकल्पना तथा पूर्वीय वैदिक उपनिषदीय एवम् पौराणिक अध्यात्म दर्शनको मिश्रणबाट उत्पादित भएको देखिन्छ । यस महाकाव्यको विषयवस्तुको स्वरूप सामाजिक आध्यात्मिक, किसिमको रहेको छ । मानवभित्रको अशान्ति छटपटी भौतिकतारूपी तृष्णाको शमन गरेर व्यक्ति तथा समाजमा शान्ति स्थापना गर्ने उद्देश्य रहेको प्रस्तुत महाकाव्यको विषयवस्तु मिश्रित प्रकारको हुन पुगेको छ ।

मानव सभ्यताको विकास भनेको भौतिक सम्पन्नता मात्र नभए परोपकार, मानवता, बन्धुत्व, मानवतावादी ईश्वरीय आस्थाको विकास पनि हो । अतिभौतिकवादी चिन्तनले

मान्छेलाई आर्थिक मानव वा द्रव्यपिशाच बनाएपछि उसमा मानवता शून्य  भएर जान्छ । भौतिक प्रगतिको पछाडि दगुर्न थालेपछि आफैभित्र रहेको शान्ति पनि उसले प्राप्त गर्न सक्तैन । शान्तिको एक मात्र उपाय अतिभौतिकतावादी चिन्तनको त्याग र भौतिक शान्ति ( सम्पन्नता) तथा आध्यात्मिक शान्तिको समन्वयात्मक एकतामा जोड दिनु हो भन्ने चिन्तन नै प्रस्तुत महाकाव्यको विषयवस्तु तथा प्रेरणाको स्रोत हो ।

**शान्तिविज्ञान** महाकाव्य मूल रूपमा पूर्वीय काव्यशास्त्रीय मान्यतालाई स्वीकारेर लेखिएको महाकाव्य हो । मङ्गलचरण, सर्गविधान, श्लोक सङ्ख्या, छन्दविधान, सर्गान्तमा छन्द परिवर्तन भावी सर्गको विषयमा जानकारी, अङ्गी रस प्रयोगको मान्यताको यस महाकाव्यमा पूर्ण पालना भएको छ भने आख्यान एवम् पात्रविधानसम्बन्धी काव्यशास्त्रीय मान्यता पालन हुन सकेको देखिँदैन ।

पूर्णानन्द भट्ट लेखनाथ पौड्याल तथा लक्ष्मीप्रसाद देवकोटाहरूको लेखन शैलीबाट प्रभावित भएका कवि भएकाले यस महाकाव्यको लेखनमा यी दुवै कविको प्रभाव रहेको देखिन्छ । खास गरेर देवकोटेली स्वच्छन्दतावादी शैलीको प्रभाव यसमा परेको देखिन्छ । लेखनाथ पौड्यालको विषयवस्तु एवम् पात्र छनोटको प्रभाव (तरुणतपसी) पनि यस महाकाव्यमा परेको पाइन्छ । तरुणतपसीमा जस्तै दुई प्रमुख पात्र प्रशस्त गौण पात्र प्रयोग गरिनु तथा झिनु आध्यात्मिक विषयवस्तु प्रयोग गरिनुले यो तथ्यलाई प्रमाणित गरेको छ । देवकोटाजस्तै स्वच्छन्द शैलीमा मनका भाव पोख्ने काम पनि यस महाकाव्यमा भएको छ । यसरी प्रस्तुत महाकाव्य मिश्रित विषयवस्तुको स्रोतमा लेखिएको सामाजिक स्वरूपको महाकाव्य बन्न पुगेको छ भने यसले पूर्वीय काव्यशास्त्रीय मान्यताको पालना तथा स्वच्छन्दतावादी लेखन ढाँचाको वरण गरेको देखिन्छ । प्रस्तुत **शान्ति विज्ञान** महाकाव्य कवि पूर्णानन्द भट्टको **शान्तिमन्दिर** खण्डकाव्यको जगमा तयार पारिएकाले यसमा उक्त **शान्तिमन्दिर** खण्डकाव्यको विषयवस्तु एवम् कतिपय श्लोकहरू जस्ताको त्यस्तै रूपमा आएका छन् ।

### ४.११.४ आख्यानात्मक प्रबन्धविधान

कुनै पनि महाकाव्यात्मक रचनाका सन्दर्भमा प्रबन्धविधान भन्नाले सो महाकाव्यमा जीवन समग्रतालाई वहन गर्न सक्ने विषयवस्तुका साथै कविका आफ्नै विस्तृत भाव विचारको पनि अभिव्यक्तिलाई व्यवस्थित रूप दिन मिलाइएको वस्तु सङ्गठन र त्यसको प्रस्तुतिका निम्ति प्रयोग गरिएको सर्गयोजनासमेत बुझिन्छ ।[ज्ञछ] यस दृष्टिले **शान्तिविज्ञान** महाकाव्यलाई हेर्दा सामाजिक स्वरूपको भौतिक तथा आध्यात्मिक शान्तिविषयक कवि भट्टको आफ्नै आध्यात्मिक चिन्तन, सामाजिक, पौराणिक, उपनिषदीय, वैदिक दर्शनसमेतको मिश्रणयुक्त विषयवस्तुको प्रयोग गरिएको छ । उक्त विषयवस्तुको प्रस्तुतिका लागि महाकाव्यमा उचित सर्गयोजना मिलाइएको छ । कविका दर्शनयुक्त महाकाव्यात्मक अभिव्यक्तिलाई महाकाव्यको एकतीसओटा सर्गहरूमा प्रस्तुत गरिएको छ । महाकाव्यमा सुरुदेखि अन्त्यसम्म प्रस्तुत भएको विषयवस्तुको सर्गगत सङ्क्षिप्त रूपरेखा यस प्रकार रहेको छ :

### ४.११.४ क) कथावस्तु

---

[१५] महादेव अवस्थी, 'महाकाव्यकार बालकृष्ण सम : प्रवृत्ति चिसो चूह्लो महाकाव्य र योगदान' **शार्दूल**, (१ : १, विं सं. २०६२, फागुन,  चैत अङ्क) पृ. १६ ।

मङ्गलाचरण, स्तुति र उपक्रममा कविका महाकाव्यसम्बन्धी धारणाको प्रस्तुति रहेको छ । सर्ग एकमा धनीलाई उसका जहानहरूले लखेटेको वैराग्य लागेर शान्ति प्राप्तिको लागि डुल्दै रहँदा ज्ञानीसँग भेट भएको र ज्ञान प्राप्तिको पुकार गरेको वर्णन छ । सर्ग दुईमा धनीको चित्त वृत्ति स्थिर हुन नसकेको धन सम्पत्तिमा मोह बढेको योग्य गुरुको खोज गर्दागर्दा थाकेर बल्ल योग्य गुरु भेटेर खुसी भएको वर्णन छ । सर्ग तीनमा ज्ञानीले धनीलाई शरण लिएर ज्ञानप्रदान गर्ने वचन दिएको प्रसङ्ग छ । सर्ग चारमा ब्रह्म ॐकारको सर्वव्यापकताको महिमा वर्णन गरिएको पाइन्छ । सर्ग पाँचमा धनीले ज्ञानीको व्यक्तिगत जीवन बारे प्रश्न सोधेको ज्ञानीले उत्तर दिएको वर्णन छ । महाकाव्यको सर्ग छ र सातमा ज्ञानीले धनीलाई मानव शरीररूपी मन्दिरको सन्दर्भ दिँदै आध्यात्मिक सुन्दरता र शान्ति विषयमा ज्ञानीले विविध सन्दर्भ दिएर वर्णन गरेको प्रसङ्ग उल्लेख भएको छ ।सर्ग आठमा भौतिक शान्ति र आध्यात्मिक शान्ति विषयमा ज्ञानीले विविध सन्दर्भ दिएर वर्णन गरेको प्रसङ्ग उल्लेख भएको छ । सर्ग नौ मा ब्रह्माद्वारा सृष्टि गरिएको विषय वर्णन तथा प्राकृतिक सुन्दरता, प्रकृतिमा शान्ति प्राप्त हुने विषयमा ज्ञानीको व्याख्या; सर्ग दसमा विकसित वर्तमान वैज्ञानिक सहरिया सभ्यतामा मानिसले दुःख पाउने र पाइरहेको वर्णन गर्दै तपोवनी प्राचीन आर्य सभ्यता श्रेष्ठ रहेको र जीवनको वास्तविक सुख शान्ति पनि प्रकृतिमै रहेको विषयमा ज्ञानीले धनीलाई सम्झाएको प्रसङ्ग; र सर्ग एघारमा शक्ति राष्ट्रहरूको शक्ति उन्माद बढ्दै गएको ती राष्ट्रहरूले आर्थिक रूपमा कमजोर राष्ट्रमाथि गरेको थिचोमिचोले संसारमा अशान्ति बढ्दै गएको गरिब कमजोर राष्ट्रको शोषणले आर्थिक असमानता बढ्दै गएको आदि विषयमा ज्ञानीले व्याख्यान गरेको प्रसङ्ग वर्णन भएको छ ।

प्रस्तुत महाकाव्यको सर्ग बाह्रमा वर्तमान विश्वमा भइरहेका भौतिक उन्नति वा वैज्ञानिक प्रगतिको प्रयोग विश्वशान्ति तथा मानव कल्याणका लागि हुनुपर्ने तर विज्ञानको दुरुपयोग भएमा त्यही विश्वसंहारक बन्ने तर्क दिँदै आध्यात्मिक ज्ञानमा सत्य खोजी गर्न तिर लाग्न ज्ञानीको आह्वान छ । सर्ग तेह्र, चौध र पन्ध्रमा ज्ञानीले आध्यात्मिक ज्ञानको आवश्यकता विषयमा चर्चा गरेको छ । सर्ग सोह्र र सत्रमा ज्ञानीले तनमनधनले शान्तिका पक्षमा सहयोग गर्न धनीलाई उपदेश दिएको वर्णन पाइन्छ । महाकाव्यको सर्ग अठार उन्नाइस बीसमा असीमित भौतिक उन्नतिको चाहनाले अशान्तिको कलह बढ्ने बताउँदै मानवका अतिवादी स्वभावमा नियन्त्रण गरेर शान्ति प्राप्ति गर्न सक्ने विषयमा ज्ञानीको व्याख्या रहेको छ । सर्ग एक्काइसमा ज्ञानीले आध्यात्मिक शान्ति तथा भौतिक क्रान्तिका विषयमा चर्चा गरेको छ । सर्ग बाईसमा धनीले ज्ञानीलाई थप प्रश्न सोध्दा ज्ञानीले चित्तवृत्ति स्थिर गर्दै 'ब्रह्म' प्राप्तिमा लीन हुन धनीलाई सल्लाह दिएको प्रसङ्ग वर्णन भएको छ । महाकाव्यको सर्ग तेइस, चौवीस, पच्चीस र छब्बीसमा ईश्वरीय चिन्तनमा परोपकारमा शान्ति पाइने भौतिक र मायाममतामा दुःख पाइने विषयमा विविध उदाहरणद्वारा धनीलाई सम्झाएको प्रसङ्ग आएको छ ।

महाकाव्यको सर्ग सत्ताईस, अठ्ठाइस, उनन्ततीसमा ज्ञानीले ज्ञान विज्ञानको महिमा गान गर्दै पूर्वीय वैदिक पौराणिक उपनिषदीय अध्यात्म दर्शनको वर्णन गर्दै **श्रीमद्भागवत गीता**को ज्ञानमार्ग, भक्तिमार्ग विषयमा वैचारिक चिन्तन व्यक्त गरेको विषयवस्तु रहेको छ । सर्ग एकतीस प्रस्तुत **शान्तिविज्ञान** महाकाव्यको अन्तिम सर्ग हो । यसमा भौतिक शान्ति ( उन्नति) तथा आध्यात्मिक शान्तिको समन्वयात्मक एकतामा जोड दिँदै अति भौतिकता तथा अति अन्ध आस्तिकतामा दुःख पाइने प्रसङ्गका साथ महाकाव्य समाप्त गरिएको छ ।

प्रस्तुत महाकाव्यमा काव्योचित जीवनसमग्रतालाई समेट्ने सशक्त आख्यानको प्रयोग हुनका सट्टा दार्शनिक विचार लाद्ने काम भएको छ । यसको आख्यान सरल रेखामा बगेको

छ । सबल दृढ आख्यानको प्रयोग नभएकाले आख्यानको आदि, मध्य र अन्त्यको शैलीमा सङ्गठित व्यवस्थित हुने संभावना रहदैन । प्रस्तुत महाकाव्यको आख्यानको सफलतामाथि प्रश्न चिह्न खडा हुन पुगेको छ ।

प्रस्तुत महाकाव्यको डिमाई आकारमा छापिएको पुस्तक (प्रथम संस्करण, २०५१) का २१६ पृष्ठ परिगणित श्लोक सङ्ख्या १३७५ जम्मा कवितात्मक पङ्क्ति सङ्ख्या ४११८ तथा ३१ वटा सर्गका बृहततातिर उन्मुख महाकाव्यात्मक लमाइभित्र कथन गरिएको आख्यानात्मक कथावस्तुको निर्माण गर्ने मुख्य घटनाहरू माथि उल्लिखित भएअनुसार नै हुन् । यस महाकाव्यमा आख्यान र कवित्वबीच सामान्यतया तालमेल मिलेको देखिए पनि आख्यानभन्दा कविता केही हदसम्म सफल रहेको छ । महाकाव्यको प्रबन्धविधान सन्तुलित तथा सङ्गठित हुन सकेको छैन । यस महाकाव्यमा आदि, मध्य, अन्त्यको शैलीगत ढाँचा प्रयोग हुन सक्ने अवस्था छैन । कवितात्मक श्लोक तथा कविता पङ्क्तिको लमाईका हिसाबले महाकाव्य सफल रहेको छ । १३७५ श्लोक सङ्ख्या रहेको यस महाकाव्यको कवितात्मक पङ्क्तिको सर्गगत लमाइ विवरण यस प्रकार रहेको छ :

| सर्ग | कविता पङ्क्ति | सर्ग | कविता पङ्क्ति | सर्ग | कविता पङ्क्ति |
|---|---|---|---|---|---|
| | १६ | ११ | २२३ | २३ | १०८ |
| | ४६ | १२ | १६६ | २४ | ११८ |
| १ | १८६ | १३ | ११४ | २५ | १५० |
| २ | १३० | १४ | १८० | २६ | ६० |
| ३ | १४२ | १५ | १२६ | २७ | ६४ |
| ४ | २२२ | १६ | ९० | २८ | ६४ |
| ५ | ११८ | १७ | २०४ | २९ | ६६ |
| ६ | १८२ | १८ | १४८ | ३० | ६६ |
| ७ | १३० | १९ | ९२ | ३१ | ७० |
| ८ | १३४ | २० | ११८ | ३२ | |
| ९ | १३२ | २१ | १३४ | ३३ | |
| १० | १९८ | २२ | ९० | ३४ | |

उपयुक्त तालिकाको अध्ययन गर्दा महाकाव्यमा सर्गगत कवितात्मक श्लोक वितरण तथा सर्गको आयाम असमानुपातिक हुन गएको देखिन्छ । महाकाव्योचित श्लोक सङ्ख्या कायम भएको, आख्यान सर्गयोजना, श्लोकवितरण, कवितात्मक पङ्क्तिवितरण आदि कमजोर र फितलो एवम् असमानुपातिक रहेको यो महाकाव्य आयामका दृष्टिकोणले सफल हुन सकेको छैन ।

### ४.११.४ ख) पात्रविधान

प्रस्तुत महाकाव्य **शान्तिविज्ञान** को प्रबन्धविधानभित्र पर्ने अर्को पक्ष पात्रविधान पनि महाकाव्योचित हुन सकेको देखिँदैन । ३१ सर्गे प्रस्तुत महाकाव्यमा पात्रविधान पनि फिलतलो देखिन्छ । प्रस्तुत महाकाव्य केवल दुई पात्र धनी र ज्ञानीको संवादात्मक अभिव्यक्ति जस्तो लाग्छ । ज्ञानी आफ्नो विचार भन्ने र धनी आफ्ना विचार सुन्ने कार्यमा मात्र सीमित भएका छन् । जीवन  समग्रताको अभिव्यक्ति दिने महाकाव्यमा पुष्ट आख्यान र आख्यानले अपेक्षा गरेबमोजिम पात्रविधान हुनुपर्नेमा प्रस्तुत महाकाव्यमा आख्यान र पात्र दुवै फितलो हुन पुगेको भए तापनि यसमा प्रयुक्त आख्यान सुहाउँदो पात्रविधान भने यस महाकाव्यमा प्रयोग भएकै छ । महाकाव्यमा प्रयोग भएका पात्रहरूको सङ्क्षिप्त परिचय यस प्रकार छ :

**क) ज्ञानी**

वयोवृद्ध, शिक्षित, विद्वान्, धार्मिक तत्त्ववेत्ता, जीतेन्द्रीय त्यागी पुरुषको रूपमा ज्ञानी महाकाव्यमा आएको देखिन्छ । ऊ कविको मुखपात्र, महाकाव्यको प्रमुख पुरुष पात्र हो । मृदुभाषी, नवीन, चिन्तन बोकेको मानवीय ईश्वरवादको पक्षधर सत् अनुकूल, मञ्चीय, सरल, देशभक्त, प्रकृतिप्रेमी, मानवतावादी पात्रको रूपमा महाकाव्यमा उसको महत्त्वपूर्ण भूमिका रहेको छ । ज्ञानी अस्तिक मानवको प्रतिनिधि पात्र हो ।

**ख) धनी**

वयोवृद्ध धनी, अजीतेन्द्रीय, पुरुष पात्रको रूपमा धनी महाकाव्यमा आएको छ । शक्ति धनको अहमता भएको पात्रका रूपमा भूमिकामा आएको धनी महाकाव्यको उत्तरभागमा सत् पात्रको रूपमा परिवर्तन भएको छ । ऊ महाकाव्यको प्रश्नकर्ता र श्रोता दुवै हो । ऊ भौतिकतावादी नास्तिक पात्रको देखिएको छ भने पछि आफ्ना पवृतिमा सुधार गरेको देखिन्छ । स्वजनबाट परित्यक्त  नास्तिक, मञ्चीय, जटिल, पुरुषपात्रको रूपमा काव्यमा उसको भूमिका रहेको छ । धनी नास्तिक मानवको प्रतिनिधि पात्र हो ।

**ख) गौणपात्रहरू**

प्रस्तुत महाकाव्यमा आएका गौण वा सूच्य पात्रहरू ज्ञानीले शान्ति विषयमा वर्णन गर्दा विभिन्न सन्दर्भहरूमा आएका पात्रहरू हुन् । यी पात्रहरूको महाकाव्यमा खासै भूमिका छैन । इतिहास, पुराण, समाज आदि स्रोतमा वर्णित पात्रहरू यस महाकाव्यमा ल्याइएको छ । केही पात्रहरू उदाहरणका लागि यस प्रकार प्रस्तुत पारिएको छ :

शारदे, शिवपार्वती, इन्द्र, देवतागण, ब्रह्मा, विष्णु, हरिशचन्द्र, युधिष्ठिर, वैज्ञानिक, विद्वान्, श्रीकृष्ण, गुरु, शिष्य, चन्द्र, सूर्य, राक्षस, धनीका जहानहरू, भ्रमर, पशुपंन्छी, पुतली आदि ।

यसरी प्रस्तुत महाकाव्यमा प्रमुख र गौणपात्रको प्रयोग भएको पाइन्छ । प्रमुखपात्रहरू वर्गीय पात्र शिक्षित, आस्तिकवर्ग तथा धनी नास्तिक वर्गका रहेका छन् भने गौणपात्रहरू इतिहास, पुराण, समाज, प्रकृति आदिबाट लिइएका छन् । प्रस्तुत महाकाव्यको पात्रविधान सफल नरही फितलो रहेको देखिन्छ ।

### ४.११.४ ग) परिवेश

प्रस्तुत महाकाव्य **शान्तिविज्ञान**मा प्राकृतिक, सांस्कृतिक, सामाजिक परिवेशको चित्रण भएको छ । प्राकृतिक परिवेशमा सम्पूर्ण विश्वब्रह्माण्डको वर्णन आएको छ । पृथ्वी, आकाश, नक्षत्रमण्डल, ग्रह, महासागर, नदीनाला, हिमाल, पहाड, बगैंचा, वनपाखा, झर्ना, चन्द्र, सूर्य आदिको वर्णन हुनाका साथै प्राकृतिक सुन्दरताको तन्मय र मन्मय चित्रण

गरिएको छ । यस महाकाव्यमा आएको सांस्कृतिक परिवेश, सामाजिक परिवेश चित्रण पनि सफल रहेको छ । हिन्दू, देवीदेवता, मन्दिर, मठ विभिन्न सांस्कृतिक, चाडपर्व संस्कारहरूको यथार्थ चित्रण हुनु, महाकाली दुर्गा, सरस्वती, ब्रह्मा, विष्णु, शिवपार्वती, इन्द्र, देवतागण, दानव आदि पौराणिक पात्र हरिश्चन्द्र, युधिष्ठिर, राजा, राष्ट्राध्यक्ष विभिन्न सामाजिक व्यवहार, मानव क्रियाकलापको वर्णनबाट सांस्कृतिक, सामाजिक परिवेशको यथार्थ चित्रण भएको छ ।

प्रस्तुत महाकाव्यमा भौतिक, वैज्ञानिक सभ्यताको उन्नति र विकास वास्तविक चित्रण गर्दै नगरसभ्यतामा दुःख पाइने तथा प्राकृतिक सभ्यता (प्राचीन आर्य तपोवनी सभ्यता) मा सुख समृद्धि शान्ति प्राप्त हुने विविध सन्दर्भ दिएर भौतिक सहिरया सभ्यता तथा प्राकृतिक आर्य अतीतको पौराणिक परिवेशको  चित्रण भएको छ ।

प्राकृतिक, सामाजिक, सांस्कृतिक, पौराणिक, ऐतिहासिक आदि विविध परिवेशको चित्रण भएको प्रस्तुत महाकाव्यले सम्पूर्ण विश्वब्रह्माण्ड, सम्पूर्ण विश्व समाज, धर्म, संस्कृति, इतिहास, पुराणमा वर्णित परिवेशलाईसमेत आत्मसात् गर्न सफल रहेको छ । यसरी प्रस्तुत महाकाव्यको परिवेश चित्रण सफल रहेको स्पष्ट हुन्छ ।

## ४.११.५ भावविधान

मानव मनमा उठिरहने अनेक भावहरूको विराट् विस्तृत अभिव्यक्ति गर्न र तिनै भावहरूमध्येका केही भावलाई शाश्वतता र स्थायित्व दिँदै कुनै एक स्थायीभावलाई अङ्गी रसका अवस्थासम्म पुऱ्याउनुजस्ता प्रवृत्तिहरू महाकाव्यको भावविधानसँग सम्बन्धित रहन्छन् ।[१६] भावविधानका दृष्टिले प्रस्तुत **शान्ति विज्ञान** महाकाव्यलाई हेर्दा यसमा पूर्वीय काव्यशास्त्रीय मान्यताअनुसारका सञ्चारी भावहरूमध्ये निर्वेद, दैन्य, श्रम, मद, जडता, मोह, बिबोध, औत्सुक्य, उन्माद शङ्का, स्मृति, मति, व्याधि, त्रास, व्रीडा, हर्ष, चपलता, विषाद, ग्लानि, चिन्ता र तर्क आदि सञ्चारीभावसँग सम्बन्धित मसिनामसिना मनोभावहरूको आलम्बनका रूपमा उक्त महाकाव्यका प्रमुख पात्र धनी र ज्ञानी तथा तिनको सामाजिक, आर्थिक, धार्मिक वर्गस्तर नै रहेको देखिन्छ । ती पात्रहरूको वार्धक्य, परिपक्व विवेक ज्ञान, दुर्वलता स्थानकालगत परिवेश उद्दीपनका रूपमा आएका छन् । कान्ति, दीप्ति, तपन, विभ्रम, आदि अनुभावहरू महाकाव्यको ठाउँठाउँमा प्रयोग भएका छन् । यसरी यी आलम्बन उद्दीपन विभाव, सञ्चरणशील विविध मनोभाव र अनुभावहरू स्थायीभाव हुने करुण रस, क्रोध स्थायीभाव हुने रौद्र रस, शम स्थायी भाव हुने शान्तरस तथा रतिस्थायी भाव हुने शृङ्गार रसको प्रयोग भएको पाइन्छ । प्रस्तुत महाकाव्यमा अङ्गीरसका रूपमा शान्तरस तथा अङ्ग रसका रूपमा करुण रस, रौद्र,  शृङ्गार आदि आएका छन् भने शान्त रस परिपाकमा पुगेको देखिन्छ ।

**शान्ति विज्ञान** महाकाव्यको अङ्गीरस शान्त रस हो यस महाकाव्यमा प्रायः जसो सबै सर्गहरूमा शान्तरस मूल रूपमा मूल रूपमा आएको छ । महाकाव्यमा प्रयोग भएका रसहरूको केही उदाहरण यस प्रकार रहेका छन् :

तिम्रै नाम गरी नयाँ कुसुमको निर्माण माला भनी ।
श्रद्धाले म चढाउँछु गणपते ! पैह्रेर लेऊ तिमी ॥

शान्तरस, **शान्तिविज्ञान,** स्तुति, पृ. १ ।

---

[१६] पूर्ववत्, पृ. २१ ।

आफन्तहरूबाट परित्यक्त धनीको दु:खद अवस्थाको वर्णन भएको एक श्लोक :

भरोशा आशामा ढुकिकन म हेर्थे वरिपरि ।
कहाँ मिल्थ्यो दाना नयन रस बर्स्यो तरतरी ।

करुण रस, **शान्तिविज्ञान**, सर्ग १, पृ. ११ ।

शृङ्गारयुक्त वर्णन भएको प्रकृति विषयक एक उदाहरण :

हरा भरा बनाएर रङ्गाएर बसुन्धरा ।
नृत्य क्रीडा गरी आज पुगे नौला अरुचरा ॥

**शान्तिविज्ञान**, उपक्रम पृ. २ ।

राजालाई लुछीलुछी परिपरी घुम्छन् अहङ्कार ती ।
सारा फौज पुगेर त्यो सदनमा टङ्कार गर्छन् अति ॥

रौद्र रस, **शान्ति विज्ञान,** सर्ग ७, पृ. ६० ।

प्रस्तुत महाकाव्यको अङ्गी रस शान्त भए पनि अन्य रसहरूको प्रयोग पनि निकै सफल रहेको छ ।

## ४.११.६ उक्तिसंरचना

कुनै पनि साहित्यिक कृतिका सन्दर्भमा उक्ति संरचना भन्नाले सो कृतिको मुख्य कथ्यको प्रस्तुतिका निम्ति सुरुदेखि मध्य हुँदै अन्त्यसम्म बनाइएको योजना र सो योजनालाई कार्यान्वयन गर्ने वक्ताका बिन्दु वा कोणका ढाँचाहरूको प्रयोग समेत भन्ने बुझिन्छ । अर्को शब्दमा भन्ने हो भने कुनै पनि साहित्यिक कृतिको कथन/वर्णनको सम्पूर्ण संरचना नै उक्ति संरचना हो ।[१७] उक्ति संरचनाका दृष्टिकोणले **शान्ति विज्ञान** महाकाव्यलाई हेर्दा केही कवि स्वयम् 'म' प्रथम पुरुष एकवचनाका कोणबाट तथा कही तृतीय पुरुष ज्ञानी र धनीका कोणबाट कथन गरिएको पाइन्छ । **शान्ति विज्ञान** महाकाव्यको उक्तिढाँचा कल्पित पात्रोक्तिको नै प्रधानता रहेको पाइन्छ । कविकल्पित पात्रहरू ज्ञानी र धनीका कथनले यस महाकाव्यको सर्ग एकदेखि अन्त्यसम्मको भाग निर्माण हुन गएकाले यस महाकाव्यमा आख्यान प्रस्तुतिका निम्ति तृतीय पुरुषप्रधान (कविनिबद्धवक्र्तप्रौढोक्ति) कथनपद्धतिको प्रयोग भएको देखिन्छ । कवि प्रौढोक्तिभित्र प्रथम पुरुष एकवचन 'म' को सम्बोधन पाठकप्रति गरिएको पाइन्छ । महाकाव्यको मङ्गलाचरण 'स्तुति' तथा 'उपक्रम'मा यस पद्धतिको प्रयोग भएको छ । यस महाकाव्यमा कविनिबद्धवक्तृप्रौढोक्तिअन्तर्गत अतीतावलकोकन, विहङ्गावलोकन पद्धतिका साथै संवादात्मक पद्धतिको प्रयोग भएको पाइन्छ । संवादात्मकाले काव्यमा नाटकीकरण भित्र्याएको छ । धनी र ज्ञानीका आआफ्ना समस्या बाकेको यस महाकाव्यको आख्यानपद्धतिमा विहङ्गावलोकन (चित्रण, वर्णन) पद्धति र सूक्ष्मावलोकन, नाटकीकरण पद्धति दुवैको चित्रण गर्ने प्रकृति अँगालेको पाइन्छ । यस महाकाव्यको सर्ग चार, दस र चौधमा विहङ्गावलोकन पद्धति तथा अन्य सर्गहरूमा मिश्रित पद्धतिको प्रयोग भएको पाइन्छ । यस महाकाव्यमा आंशिक रूपमा कविप्रौढोक्ति तथा मूल रूपमा कविनिबद्धवक्तृप्रौढोक्तिको प्रयोग भएको देखिन्छ । संवादात्मक, मनोवादात्मक पद्धतिको प्रयोग हुनु, तीव्र अभिव्यक्ति कौशल, प्रकृतिको विविध पूर्ण चित्रण, अतीतोन्मुखता अँगाली

[१७] पूर्ववत्, पृ. २१ ।

त्यसलाई युगीनता र नवीनता दिई वर्णनात्मक मनोहारिता ल्याउनुजस्ता प्रवृत्तिहरूले प्रस्तुत महाकाव्यको उक्ति संरचना सफल बन्न पुगेको छ ।

### ४.११.७ लयविधान

लय कवितालाई अन्य साहित्यिक विधाहरूबाट भिन्न गराउने कविताको वाहक र अनिवार्य तत्त्व हो । गद्य होस् वा पद्य जुनसुकै कवितामा पनि लयको उपस्थिति रहने गर्दछ । यो लयविधान प्रथमतः भाषिक स्वर व्यञ्जन वर्णका वर्णगत ध्वनिको साम्य वैषम्य दुवै भएको वितरण प्रक्रियाको कालगत प्राप्ति हो र कविता/कृतिका चरण पाउ वा पङ्क्ति/हरफको गतिक्रम र यतिविधानबाट थालिन्छ ।[१८] लयविधानका हिसाबले प्रस्तुत महाकाव्यलाई हेर्दा यसमा शास्त्रीय लय (छन्द)को प्रयोग भएको छ । यस महाकाव्यमा ५ वटा वर्णमात्रिक र एउटा मात्रिक गरी जम्मा ६ वटा छन्दहरूको प्रयोग भएको छ । महाकाव्यमा छन्दप्रयोगको सन्दर्भमा भन्दा छन्दको अल्पता हुनु त्यति जाति होइन तर यति नै छन्दमा महाकाव्य लेख्नुपर्छ भन्ने नियम भने छैन । प्रस्तुत महाकाव्यमा काव्यशास्त्रीय मान्यताको पालन गर्दै छन्दप्रयोग गरिएको छ । छन्दविधानमा काव्यशास्त्रीय मान्यता पालना गर्दागर्दै पनि केही स्थानमा अल्पत्रुटिहरू रहेकै छन् । शब्दप्रयोग, मात्राप्रयोग आदि सन्दर्भमा केही त्रुटिहरू रहे तापनि छन्दभङ्ग र कृत्रिमता भने रहेको पाइँदैन । काव्यशास्त्रको ज्ञाता नभएको र बृहत् अध्ययन पनि नगरेको स्वीकार्ने कविका यस्ता सामान्य त्रुटि त्यति असामान्य अवस्थाका भने होइनन् ।

**शान्ति विज्ञान** महाकाव्यमा शिखरिणी, शार्दूलविक्रीडित, भुजङ्गप्रयात, मालिनी, अनुष्टुप तथा मात्रिक छन्द जस्ता बहुप्रचलित छन्दहरूको मात्र प्रयोग भएको पाइन्छ । छन्द प्रयोग गर्दा कविले काव्यशास्त्रीय मान्यताहरूलाई पूर्णतया पालना गर्ने कोशिस गरेका छन् । यस महाकाव्यमा द्विपदी श्लोकढाँचा (अनुष्टुप्) तथा चतुष्पदी श्लोकढाँचा (शिखरिणी, भुजङ्गप्रयात आदि)को प्रयोग भएको छ । प्रस्तुत महाकाव्यमा प्रयोग गरिएका छन्दहरूको सर्गगत विवरण यस प्रकार रहेको छ :

| सर्ग | शार्दूविक्रीडित | शिखरिणी | भुजङ्गप्रयात | अनुष्टुप | मात्रिक | मालिनी |
|---|---|---|---|---|---|---|
| ० | ०४ | | | | | |
| ० | | | | २३ | | |
| १ | | ४६ | | ०१ | | |
| २ | ०३२ | | | ०१ | | |
| ३ | ३५ | | | ०१ | | |
| ४ | | | ५५ | ०१ | | |
| ५ | २९ | | | ०१ | | |
| ६ | ४५ | | | ०१ | | |
| ७ | ३२ | | | ०१ | | |
| ८ | ४३ | | | ०१ | | |
| ९ | | ३० | | ०१ | | |
| १० | | ४९ | | ०१ | | |
| ११ | | | ५८ | ०१ | | |

[१८] वासुदेव त्रिपाठी र अन्य, (सम्पा.) **नेपाली कविता भाग ४**, ते. सं. ललितपुर : साझा प्रकाशन, २०५४, पृ. १८ ।

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १२ | | | ४१ | ०१ | | |
| १३ | | | २८ | ०१ | | |
| १४ | | | ४२ | ०१ | | |
| १५ | | | ३१ | ०१ | | |
| १६ | | | | ०१ | | २२ |
| १७ | | | ५० | | ०१ | |
| १८ | | | ०१ | ०७४ | | |
| १९ | | | ०१ | ०४४ | | |
| २० | | ०१ | | ०५७ | | |
| २१ | | ०१ | | ६५ | | |
| २२ | | | | ४३ | | ०१ |
| २३ | | | ०१ | ५२ | | |
| २४ | | | ०१ | ५७ | | |
| २५ | | ०१ | | ७३ | | |
| २६ | | | | ३० | | |
| २७ | | | | ३० | | ०१ |
| २८ | | | | ३० | | ०१ |
| २९ | | ०१ | | ३१ | | |
| ३० | ०१ | | | ३१ | | |
| ३१ | | | | ३३ | | ०१ |

उपर्युक्त विवरणबाट **शान्तिविज्ञान** महाकाव्यमा ३१ वटा सर्गका परिगणित जम्मा १३७५ श्लोकमा ५ वटा वर्णमात्रिक र एउटा मात्रिक छन्दको प्रयोग भएको देखिन्छ । महाकाव्यको प्रत्येक सर्गमा सामान्यतया दुई वटा छन्द्रप्रयोग भएको पाइन्छ भने सर्ग १७ मा सर्गान्तमा मात्रा छन्दको प्रयोग भएको छ । काव्यशास्त्रीय मान्यताअनुसार छन्द्रप्रयोग भएको भए पनि कवितामा परिष्कारको आवश्यकता रहेको छ । ह्रस्वदीर्घको दोहोरो प्रयोग, अनुपयुक्त शब्दप्रयोग गर्ने प्रवृत्ति रहेको देखिन्छ । कवितामा अन्तरसाङ्गीतिकता, माधुर्य, लयात्मक प्रवाह हुनु, सरल ललित शब्दप्रयोगले श्रुतिमाधुर्य थपिनु कवितामा रहेका विशेषता हुन् । यसरी प्रस्तुत महाकाव्यको छन्दविधान सफल रहेको देखिन्छ । यस महाकाव्यमा मरुपङ्क्तिहरूको प्रयोग गरिएको पाइँदैन तापनि ‘दामादा’, ‘बजान्ति’ जस्ता केही निरर्थक शब्दहरूको प्रयोग भने भएको छ । पूर्वीय महाकाव्य मान्यतामा एउटा सर्गमा एउटै छन्दको प्रयोग गरी सर्गान्तमा छन्द बदल्नु पर्ने नियम छ ।[१९] यस महाकाव्यमा उक्त नियमको पालना गरिएको छ । महाकाव्य विशाल आयामको रचना भएकाले यसमा छन्दगत विविधता रहन्छ तर यस महाकाव्यमा सीमित छन्दको मात्र प्रयोग भएको पाइन्छ । महाकाव्यको प्रत्येक सर्गमा एउटा छन्दको प्रयोग गरिएको सर्गान्तमा छन्द परिवर्तन गरी भावी सर्गका बारेमा सूचना दिने काम भएको छ । यस महाकाव्यमा भाव तथा छन्दविधानको तारतम्य सामान्यतया मिलेको पाइन्छ । छन्दप्रयोग सहज स्वस्फूर्त र सौन्दर्ययुक्त रहेको छ । साङ्गीतिक क्षमता प्रचुर भएको छन्दको प्रयोगले कविता⁄ काव्यको लयप्रवाह (गति, यति, विश्रामको) मा सुन्दरता थपिएको छ ।

[१९] केशवप्रसाद उपाध्याय, **साहित्यप्रकाश**, दो. सं., (ललितपुर : साझा प्रकाशन, २०३४) पृ. १०९ ।

## ४.११.८ केन्द्रीय कथ्य

प्रस्तुत महाकाव्यको प्रमुख विषय शान्ति प्राप्ति हो । यसमा आध्यात्मिक शान्ति एवम् भौतिक शान्तिका विषयमा चित्रण गरिएको पाइन्छ । महाकाव्यमा ज्ञानी आध्यात्मिक शान्ति (आस्तिक) पात्र हो भने धनी भौतिक शान्तिको प्रतीकात्मक पात्र हो । यी दुवै पात्रहरूका माध्यमबाट काव्यमा वास्तविक शान्ति (भौतिक, आध्यात्मिक शन्ति)को समन्वयात्मक एकताका पक्षमा जोड दिइएको छ । विश्व मानव सभ्यताको विकास मानव जातिको समुन्नति र शान्तिमा आश्रित रहने हुँदा भौतिक प्रगति तथा आध्यात्मिक चिन्तन दुवैले शान्ति स्थापना एवम् त्यसको स्थायीत्वका पक्षमा काम गर्नु पर्छ भन्ने वैचारिक अभिव्यक्ति नै यस महाकाव्यको केन्द्रीय कथ्य हो ।

वास्तविक र हार्दिक शान्ति सदाका लागि अपरिहार्य आवश्यकता हो भन्ने तथ्यलाई पुष्टि गर्न धनीको भौतिक सम्पन्नतालाई छिन्नभिन्न गराएर ज्ञानीको शरणमा पुऱ्याई त्यहाँ आध्यात्मिक (वास्तविक हार्दिक) शान्तिबाट सेचन गराएर धनीलाई शान्ति प्राप्तिको सफल बिन्दुसम्म पुऱ्याएर महाकाव्यको समाप्ति गरिएको छ । भौतिक सभ्यता सम्पन्नता वा सहरिया सभ्यतामा दुःख तथा तपोवनी सभ्यतामा वा प्रकृतिको काखमा सुख सम्पन्नता र शान्ति पाइन्छ भन्ने तथ्यलाई पुष्टि गर्न ज्ञानीको आश्रम शान्त, एकान्त हरियालीपूर्ण घनाजङ्गल, नदी, किनारको परिवेश सिर्जना गरी उक्त स्थानलाई महाकाव्यको कार्य पीठिका बनाएर तपसी ऋषिमुनिहरू शान्तिसाथ त्यहाँ बसेको विषयमा वर्णन गरिएको छ । प्रकृतिलाई माता, देवी, गुरुआमा, पालक आदि रूपमा स्थापित गराएर वास्तविक शान्ति र ज्ञान भण्डार प्रकृति नै हो भन्ने तथ्यलाई पुष्टि गरिएको छ ।

शान्ति प्राप्तिको प्रमुख केन्द्रीय कथ्य बाहेक यस महाकाव्यमा आस्तिकताको खोज, राष्ट्रभक्ति, विश्वबन्धुत्व, मानवता, एकता, स्वतन्त्रता, समानता, सम्पन्नताको पक्षमा दृढ वैचारिक अभिव्यक्तिहरू प्रस्तुत गरिएको छ । वैचारिक गहनताका दृष्टिकोणले प्रस्तुत महाकाव्य **शान्तिविज्ञान** उच्च सबल र सफल रहेको छ ।

## ४.११.९ बिम्बालङ्कारविधान

बिम्बको शाब्दिक अर्थ प्रतिमा, छाया, प्रतिबिम्ब, प्रतिकृति....आदि हुन्छ । ...यसले सादृश्य विधान कुनै व्यक्ति वा वस्तुको आकृति र त्यससम्बन्धी अवधारणा त्यसको पुनर्निर्माण, मानसपटल, कल्पना वा स्मृतिमा उपस्थित चित्र वा प्रतिकृति तथा मानसिक चित्र विचार एवम् मस्तिष्कमा आकृति पैदा गराउने अलङ्कारहरूलाई पनि जनाउँछ । बिम्बहरूको सामूहिक रूप वा समूहलाई बिम्ब विधान भनिन्छ ।[६०] बिम्बविधानका दृष्टिकोणले **शान्तिविज्ञान** महाकाव्यलाई हेर्दा यसमा प्रयुक्त बिम्बहरू कविता प्रवाहमा स्वस्फूर्त रूपमा आएका जस्ता लाग्छन् । प्राकृतिक बिम्बहरू मूल रूपमा आएका भए पनि इतिहास, पुराण, समाज, संस्कृति, ज्ञानविज्ञानका विविध शाखाप्रशाखा तथा मानवीय भावजगत्सँग सम्बन्धित बिम्बहरू प्रचुर मात्रामा प्रयोग भएको पाइन्छ । यस महाकाव्यमा सबैभन्दा बढी प्रयोग भएका बिम्बहरू हुन् :

ज्ञान, धन, सहर, वन, फूल, बगैंचा, मन्दिर आदि । यी बिम्बहरूले आध्यात्मिक शान्ति तथा भौतिक शान्तिको पक्षपोषण गरेका छन् । यहाँ प्रयुक्त बिम्बहरू स्थानीय र

[६०] खगेन्द्रप्रसाद लुँइटेल, **कविता सिद्धान्त र नेपाली कविताको इतिहास**, (काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, २०६०) पृ. ११८ ।

कृतिव्यापी दुवै किसिमका छन् । यस महाकाव्यमा प्रयोग भएका बिम्बहरूको सूची यस प्रकार रहेको छ :

**प्रकृतिपरक बिम्ब**

प्रस्तुत महाकाव्यमा नक्षत्रमण्डल, वनस्पतिजगत्, प्राणीजगत्, धर्तीजगत्सँग सम्बन्धित बिम्बहरूका साथै कालगत सन्दर्भसँग सन्दर्भित विविध प्राकृतिक बिम्बहरू चयन गरिएका छन् । आकाश, रवि, तारा, पृथ्वी, चन्द्रमा, गोलाण्ड, वायु, स्वर्ग, नरक यमलोक, गङ्गा, कुसुम, लालीगुँरास, डाँफे क्वैली, चमेली, बोली, पुतली, रजनी, पहरा, विजुली, सागर, पहाड, हिमाल, आँधी, कन्दर, पाताल, चरा, कुञ्ज, नदी, माकुरा, भमरा, छेपारो, पशु, पिपल, कैलाश, पर्वत आदि ।

**पुराणपरक बिम्ब**

महालक्ष्मी, लक्ष्मी, ब्रह्मा, विष्णु, गणेश, शिवपार्वती, कृष्ण, केदार, बद्री, मणिकर्णिका, बाराणसी, गंगोत्री, विश्वामित्र, वशिष्ट, सप्तर्षि, हरिश्चन्द्र, यज्ञशाला, इन्द्र, पुरुरवा, दानव, देवतागण, कुबेर आदि ।

**ऐतिहासिक बिम्ब**

आर्य, कुरुक्षेत्र, रणभूमि, बाण, खड्ग, राजा सुरथ, राष्ट्र, राज्य, राष्ट्राध्यक्ष, महाशक्तिराष्ट्र, महाक्रान्ति विश्वयुद्ध, केन्द्रीय जेल आदि ।

**सामाजिक, सांस्कृतिक बिम्ब**

विमान, मोटर, रेलगाडी, बम, मन्दिर, पुजारी, सन्त, महन्त, पादरी, मुल्ला, योगी, चर्च, मठ, डङ्किनी, जाँड, रक्सी, बन्दुक, कुटी, आश्रय, साग सिस्नो, कृष्णको बाँसुरी, चिराग, मसान, विश्वविद्यालय आदि ।

यसरी बिम्बप्रतीकको प्रयोगका हिसाबले प्रस्तुत महाकाव्य निकै सफल रहेको छ ।

अलङ्कार विधानका दृष्टिले प्रस्तुत **शान्ति विज्ञान** महाकाव्यलाई हेर्दा यसमा नमस्कारात्मक मङ्गलाचरण प्रविधिको प्रयोग भएको देखिन्छ । जसमा महाकाव्यलेखन सफलताको लागि ब्रह्मा, विष्णु, गणेश, सूर्य, शिव, भवानी सती, पाञ्चायन देवता तथा सरस्वती (शारदे) को प्रार्थना गरिएको छ । प्रकृतिको मानवीकरण प्रविधिमा पनि यसमा प्रयोग भएको छ :

आमाको सुन रङ्गको मखमली चोलो छ जो हेरन (५ : १०, पृ. ४२) ।

**अन्धविश्वास** : महाडंकिनीले नयाँ गीत गायो (४: २४, पृ. ३२) ।

**अश्रुबोध** : उतारुन्थ्यो दुःखी सुख पनि कठै ! भोजन भनी (१ : २८, २९, पृ. १०/११) ।

**स्मरण** : लथालिङ्ग सारा भताभुङ्ग काज (१४ : १८, पृ. ११८) ।

**सूत्र प्रयोग** : चरा भन्छन् सारे ग प प ध नि सा सा ध्वनि भरी (९ : २६, पृ. ७६) ।

**व्यङ्ग्यप्रयोग :** विद्यावारिधि फूलमा पनि सुडी....(३ : ३१, ३२, पृष्ठ २७-२८) ।

प्रस्तुत महाकाव्यमा अलङ्करणका अन्य प्रविधिहरू पनि प्रयोग भएकै छन् । पूर्वीय साहित्यशास्त्रीय मान्यताअनुसार यस महाकाव्यमा प्रयोग भएका अलङ्कारलाई वर्णन गर्दा यसमा शब्दालङ्कारमा अन्त्यानुप्रास, आद्यानुप्रास आदिको प्रयोग भएको छ भने अर्थालङ्कारमा प्रश्नालङ्कार, विषम, समासोक्ति, लुप्तोपमा, अतिशयोक्ति, रूपक, विकल्प,

उत्प्रेक्षा, सम्भावना, मालोपमा, तुल्यायोगिता, स्वभावोक्ति, परिवृत्त आदि अलङ्कारको प्रयोग भएको छ । यहाँ प्रयुक्त अलङ्कारहरूमध्ये केही अलङ्कारका उदाहरण यस प्रकार रहेका छन् :

**प्रश्नालङ्कार**को एक उदाहरण :

यहाँ नौ ढोकाका अनुपम महा मन्दिर जहाँ ।
तिमी को ह्वौ ? ज्ञानी निशिदिन बसेका अब यहाँ ? ।
(**शान्तिविज्ञान,** १ : ३, पृ. ५) ।

**विषम** अलङ्कारको एक उदाहरण :

थिए पुत्र प्यारा प्रिय पनि थिएँ बान्धव भरी ।
तिनै मेरा बैरी जहर दिन लागे भरीभरी ॥
(१ : २१) ।

**समासोक्ति** अलङ्कारको एक उदाहरण :

उताकाली काली कलुषित कलाकार रजनी ।
अशान्ति ज्वालाका पनघट बसी गर्थि पजनी ॥
(१ : ३३) ।

**रूपक** अलङ्कारको एक उदाहरण :

यै हो मन्दिर शान्तिको सदन हो विज्ञानमा बीज हो ।
ज्ञानीका मन ज्योतिका किरणमा अन्मोलको चीज हो ॥
(२ : २८) ।

**उत्प्रेक्षा** अलङ्कारको एक उदाहरण :

ती बज्ने ध्वनि सत्य हुन् कि अथवा मिथ्या कला नक्कल ? ।
रङ्गी बाहिर हो कि ? भित्र पनि हो देखाउने चलमल ॥

**अतिशयोक्ति** अलङ्कारको एक उदाहरण :

रत्नैरत्न फुलेर चन्द्र ढुकुटी मेरा सुनौला थिए ।
मोतीका दरबार झैँ महलमा इन्द्रायणी झर्दथे ।
(२ : ४) ।

## ४.११.१० आयाम

कुनै कविता कृतिको आयाम भन्नु कथ्यश्रव्य स्तरमा प्रथमतः त्यस कृतिको कथनश्रवणकालको लमाइ नै हो ।[२१]

कुनै पनि साहित्यिक कृतिको आयाम भन्नाले त्यसका चौडाइ, लमाइ र गहिराइको समष्टि आयतन भन्ने बुझिन्छ ।[२२] लमाइगत आयाममा पृष्ठ, श्लोक सङ्ख्या, सर्ग आदि पर्छन् भने कालिकमा श्रवणवाचनमा लाग्ने समय समेटिन्छ । चौडाइमा लयविविधता पर्छ भने गहिराइमा कलात्मक सङ्गठन, भाषाशैली, भावसघनता आदि पर्छन् । उपयुक्त आधारमा **शान्तिविज्ञान** महाकाव्यलाई हेर्दा २१६ पृष्ठ, एकतीस सर्ग, १३७५ परिगणित श्लोक यसको स्थानगत लमाइ आयाम हो । पठन श्रवणका हिसाबले यस महाकाव्यको पृष्ठ १८, १०० र

---

[२१] वासुदेव र अन्य, **पूर्ववत्**, पृ. २१ ।

[२२] महादेव अवस्थी, **पूर्ववत्**, पृ. २३ ।

२१० को यादृच्छिक छनोट गरी सस्वर लयात्मक वाचन गर्दा औसतमा प्रतिपृष्ठ २ मिनेट ४३ सेकेन्ड समय लागेको आधारमा यस महाकाव्यका २१६ पृष्ठको वाचन गर्दा औसत ३ घण्टा १९ मिनेट समय लाग्ने ठहरियो । श्लोक सङ्ख्या, पृष्ठ, सर्ग, पङ्क्ति, लमाइको आयामका हिसाबले **शान्तिविज्ञान** महाकाव्यको अपेक्षा अनुरूप नै रहेको छ ।

चौडाइको आयामका दृष्टिले हेर्दा यस महाकाव्यमा न्यूनतम एकाक्षरी 'म' (१० : ३१) देखि अधिकतम 'भुवनभरीमा' (२७ : ३१) अक्षरसम्मका शब्दको प्रयोग भएको देखिन्छ । ३ देखि ६ अक्षरसम्मका शब्दहरूको अधिक मात्रामा प्रयोग भएको देखिन्छ । छन्दगत हिसाबले हेर्दा प्रस्तुत महाकाव्यमा न्यूनतम १२ अक्षरे भुजङ्गप्रयात र ८ अक्षरे मात्रा छन्दको प्रयोग देखि अधिकतम १९ अक्षरे शार्दूलविक्रीडित छन्दलगायत ६ वटा छन्दको प्रयोग भएको छ । दुईपङ्क्ति र चारपङ्क्तिका श्लोकहरू रहेको यस महाकाव्यमा दुईपङ्क्तिका श्लोकहरूले ५१% तथा चारपङ्क्तिका श्लोकहरूले ४९% स्थान ओगटेका छन् । सबभन्दा बढी श्लोक अनुष्टुप् छन्दका ६६६ तथा सबभन्दा कम श्लोक मात्रा छन्दको एक श्लोक मात्र रहेको छ । प्रस्तुत **शान्तिविज्ञान** महाकाव्य मध्यमस्तरीय आयाममा बाधिएको छ । आर्यगरिमाको गायन, हिन्दु संस्कृति र दर्शनको व्याख्यान, प्रकृति, ईश्वर र मानवको त्रिकोणात्मक सम्बन्धको वर्णन, भौतिक शान्ति (सम्पन्नता) तथा आध्यात्मिक शान्तिको समन्वयात्मक एकतामा जोडदिनु तथा आस्तिकताको पक्षमा वकालत गर्नु यसको केन्द्रीय कथ्य तथा वैचारिक अभिव्यक्ति हो । महाकाव्यमा दर्शनको प्रस्तुति, झिनो आख्यानात्मक संरचना, स्वतन्त्र झिनो पात्रविधान रहेको छ । सामान्यतया काव्यशास्त्रीय मान्यताको पालना गरिएको छ । जे होस् आयामका दृष्टिले प्रस्तुत महाकाव्य सामान्यतया सफल नै रहेको छ ।

## ४.११.११ भाषाशैली

प्रस्तुत महाकाव्य **शान्ति विज्ञान** को भाषाप्रयोगका क्रममा वर्ण योजनाका तहमा विभिन्न किसिमका अनुप्रास शब्दालङ्कारको प्रयोग भएको पाइन्छ । महाकाव्यको प्रायः जसो सबै सर्गहरूका सबै श्लोकहरूमा अन्त्यानुप्रास मिलाइएको पाइन्छ भने कहीकतै अन्तर्अनुप्रास र आद्यनुप्रास पनि मिलेको देखिन्छ । एकदेखि पाँच अक्षरसम्मका शब्दहरूको प्राचुर्य रहेको यस काव्यमा सरल, सुललित शब्द प्रयोगले लयात्मकता थपिएको छ । तद्भव तथा झर्रा नेपाली शब्दको प्रशस्त प्रयोग भएको यस महाकाव्यमा नाम पद तथा क्रियापदको प्रचुर प्रयोग भएको छ भने अन्य व्याकरणात्मक कोटीहरूको प्रयोग पनि प्रशस्त भएको छ । सरल वाक्यको प्रधानता, उपयुक्त सरल पदहरूको चयन, वाक्यढाँचा, पङ्क्तिगत अनुच्छेद योजनाका बीच लयात्मक र भावगत समानान्तरता, संवादमा प्रत्यक्ष कथनको प्रयोग अधिक हुनु, वैदर्भी रीति, प्रसाद गुणको व्याप्ति र माधुर्य गुणको पनि प्रयोग रहनुले प्रस्तुत महाकाव्यको भाषाशैलीको सबल र सफल पक्षमाथि प्रकाश पार्छ । **शान्ति विज्ञान** महाकाव्यमा प्रयुक्त भाषाशैली निकै उच्च र सम्पन्न रहेको देखिन्छ । यसमा प्रयोग भएको शब्दभण्डार र शैलीप्रयोगगत विविधताले यसको सम्पन्नताको पुष्टि गर्दछ । यस महाकाव्यमा हिन्दीका आगन्तुक शब्दको प्रयोग अधिक छ भने अन्य भाषाका शब्दहरू न्यून मात्रामा आएका छन् । यस महाकाव्यमा प्रयोग भएका विभिन्न भाषाका शब्दहरू यस प्रकार रहेका छन :

**हिन्दी भाषाका शब्दहरू**

रवि, किन्तु, तेरे, गगन, गगरी, जहर, प्याला, जहरमार, झगडे, उस्, झोलीतुम्बा, पत्थर, मुल्ला,  पंथ, जेब, जैन, मस्जिद, गाना, रोजरोज, पनघट, कारीगरी, मगन, अधम, आनाजाना, गन्ना आदि ।

**अङ्ग्रेजी भाषाका शब्दहरू**

डिग्री, बम, पकेट, जेल, रेल, चर्च, सेन्टर आदि ।

**डोटेली शब्दहरू**

पिन्थे, डाँको, भितर, डरिडरि, मरि, बौलिन्थे, पिसी, विसरम, लपक, जोगी, अर्खा, छबर्ड, लैगये, नौला, बजन्छ, सामल, भितरी, दरा, पैँचाइ, पन्चनी, परानी, उपजायो, रन्का, पत्यार, पाज, गैजा, थिचामिचा, बडाबड, दडादड, धपाउने, आशरा, पालुरी, फाग आदि ।

यसरी प्रस्तुत महाकाव्यमा प्रशस्त मात्रामा अन्य भाषाका शब्दको प्रयोग पाइन्छ । प्रकृतिको मानवीकरण, उखानटुक्काको प्रयोग, विभिन्न थेगाहरू, अनुकरणात्मक शब्दको प्रयोगले महाकाव्यको भाषाशैलीको प्रयोग सफल र उच्च हुन पुगेको छ ।  यस महाकाव्यमा प्रयोग भएका अनुकरणात्मक शब्दहरूको केही उदाहरण यस प्रकार छन :

भूँभूँ, टुँटुँ, घुँघुँ, चटचट, झलझल, घनघन, घनन्, चुँचुँ, चीँचीँ, झमझम, दनदन, मिरमिर, दडादड, बडाबडा भनाभन, छलछल, टुनटुन, छडछड, पटपट आदि ।

## ४.११.१२ निष्कर्ष

वि. सं. २०५३ सालमा प्रकाशित **शान्तिविज्ञान** महाकाव्य ६ वटा शास्त्रीय छन्दप्रयोग भएको ४११८ पङ्क्ति प्रवाहमा २१६ पृष्ठका १३७५ श्लोकगत आयाममा फैलिएको परिपुष्टतातिर उन्मुख महाकाव्य हो । काव्यशास्त्रीय मान्यताअनुसार सर्गविधान गरिएको ३१ सर्गमा विभाजित महाकाव्यको आख्यान मिश्रित प्रकारको रहेको छ । भौतिक शान्ति ( सम्पन्नता) तथा आध्यात्मिक शान्तिको समन्वयात्मक एकतामा जोड दिइएको यस महाकाव्यको केन्द्रीय कथ्य शान्ति स्थापना, आस्तिकताको खोज, मानवतावाद, आर्य अतीतको गौरवगायन तथा पूर्वीय पौराणिक, उपनिषदीय एवम् वैदिक दर्शन तथा भौतिकताको समन्वयात्मक व्याख्या विश्लेषण हो । अङ्गी रसका रूपमा शान्तरस तथा अङ्ग रसका रूपमा शृङ्गार, करुण, रौद्र आदि रसहरू रहेको यस महाकाव्यको वैचारिक पक्ष निकै गहन र सबल रहेको छ । सरल बोधगम्य भाषाशैली वैदर्भी, पाञ्चाली रीति, प्रसाद गुण प्रयोग भएको यस महाकाव्यमा :

- वैचारिक  पक्ष निकै उत्कृष्ट रहेको,
- भाव, बिम्बालङ्कार, व्यञ्जना प्रयोगमा कवित्व सबल रहेको,
- महाकाव्यात्मक गहिराइ, लमाइ, सामान्यतया पुष्ट रहेको,
- शैलीशिल्पपक्ष सबल रहेको,
- आख्यानात्मक संरचना सूक्ष्म सिथिल रहेको,
- भाषाशैलीगत पक्ष उत्कृष्ट रहेकाले यस **शान्ति विज्ञान** महाकाव्यलाई उच्चमध्यम श्रेणीको काव्य भनेर पुष्टि गर्न सकिन्छ ।

## ४.१२ 'विलापी' खण्डकाव्य

वि. सं. २०४० सालमा प्रकाशित भएको **विलापी** खण्डकाव्य पत्रात्मक शैलीको रचिएको पद्यात्मक खण्डकाव्य हो । प्रस्तुत खण्डकाव्य नेपाली समाजको यथार्थ चित्रण गरिएको सामाजिक काव्य हो । समाजका सामन्त धनीमानी, ठालु शोषकहरूको जालोमा फसेका अशिक्षित गरिब ग्रामीण नेपालीहरूको छटपटी पीडाको विलाप बाकेको प्रस्तुत **विलापी** खण्डकाव्य उपलब्ध हुन नसकेकाले कृति विश्लेषणमा राखिएको छैन ।

## ४.१३ निष्कर्ष

दस वर्षको उमेरदेखि साहित्य लेख्न सुरु गरेका पूर्णानन्द भट्टको सार्वजनिक साहित्ययात्रा २०३६ सालबाट सुरु भएको हो । हालसम्म उनका एघारवटा कृतिहरू प्रकाशित भइसकेका छन् भने केही अप्रकाशित नै रहेका छन् । **डोटेली लोकलहर** २०३७ सालमा प्रकाशित डोटेलीमा रचिएका कविताहरूको सङ्ग्रह हो । सातवटा कविता रहेको यस कवितासङ्ग्रहमा प्रकृतिप्रेम, पतिपत्नीप्रेम, देशभक्ति, समाजसुधारको चेत रहेको छ । **कवितातरङ्ग** २०३९ सालमा प्रकाशित नेपाली भाषाको फुटकर कवितासङ्ग्रह हो । प्रकृतिप्रेम, देशभक्ति, अध्यात्म, भ्रष्टाचार, कुशासन आदिलाई प्रशंसा र निन्दा गरिएको यस कृतिमा ३१ भन्दा बढी कविता रहेका छन् । **अभिशाप** खण्डकाव्य २०३६ सालमा प्रकाशित काव्याशास्त्रीय मान्यता पालना गरिएको ४१ पृष्ठको आयाम भएको प्रेम विषयक पुष्ट खण्डकाव्य हो । **आर्तनाद** २०३९ सालमा प्रकाशित काव्यशास्त्रीय मान्यताअनुसार रचिएको ९१ पृष्ठ लमाइ भएको अध्यात्म विषयको खण्डकाव्य हो । **वनदेवी** खण्डकाव्य २०४० सालमा प्रकाशित काव्यशास्त्रीय मान्यताअनुसार रचिएको अध्यात्म विषयको खण्डकाव्य हो । **विलापी** २०४० सालमै प्रकाशित सामाजिक स्वरूपको खण्डकाव्य हो भने **गाउँकला** २०४५ सालमा प्रकाशित सामाजिक स्वरूपको चम्पूकाव्य हो । **शान्तिमन्दिर** २०४८ सालमा प्रकाशित आध्यात्मिक स्वरूपको खण्डकाव्य हो भने **प्रजातन्त्र बालक** २०५१ सालमा प्रकाशित राजनीतिक स्वरूपको खण्डकाव्य हो । **नानो जात्क** डोटेलीमा रचिएको राजनीतिक स्वरूपको खण्डकाव्य हो जसको प्रकाशन २०५६ सालमा भएको हो । **शान्ति विज्ञान** २०५३ सालमा प्रकाशित अध्यात्मिक स्वरूपको ३१ सर्ग, २१६ पृष्ठ, १३७५ श्लोक लमाइ भएको काव्यशास्त्रीय मान्यता पालना भएको महाकाव्य हो ।

यसरी कवि पूर्णानन्द भट्टका सामाजिक, राजनीतिक, आध्यात्मिक स्वरूपका खण्डकाव्य, महाकाव्य तथा चम्पूकाव्य काव्यशास्त्रीय मान्यताको पालन भएका पद्यबद्ध, परिपुष्ट, आयामप्राप्त भएका र पुष्टताउन्मुख गहन वैचारिक आयाम प्राप्त सफल काव्यकृति हुन् भन्न सकिन्छ । उनका फुटकर कविताहरू काव्यशास्त्रीय मान्यता पालन भएका लघु एवम् मध्यम आयाम प्राप्त मध्यमस्तरीय एवम् उच्च स्तरीय सफल कविता हुन पुगेका छन् । परिष्कार तथा परिमार्जनको आवश्यकता रहेका उनका कविता काव्यहरू निकै सफल रहेका छन् ।

# पाचौ परिच्छेद

# शोधनिष्कर्ष

प्रस्तुत शोधकार्य **कवि पूर्णानन्द भट्ट : जीवनी, व्यक्तित्व र कृतित्व** शीर्षकमा सम्पन्न गरिएको छ । यो शोधकार्य शोधपत्रका रूपमा जम्मा पाँच परिच्छेदमा सङ्गठित छ । यसको पहिलो परिच्छेद शोधपरिचयका औपचारिकतासँग सम्बन्धित छ भने यो अन्तिम पाँचौ परिच्छेद प्रस्तुत शोधका दोस्रो, तेस्रो र चौथो परिच्छेदमा गरिएको अध्ययनलाई निष्कर्षित गर्दै शोधका औपचारिकतासँग सम्बन्धित छ । यस परिच्छेदमा प्रस्तुत शोधका दोस्रो, तेस्रो र चौथो परिच्छेदमा गरिएको अध्ययनका निष्कर्ष दिई त्यसपछि अन्तिम निष्कर्ष दिइएको छ ।

## ५.१ परिच्छेदगत निष्कर्ष

### ५.१.१ दोस्रो परिच्छेद

पूर्णानन्द भट्टको जन्म सुदूर पश्चिमाञ्चल विकास क्षेत्र सेती अञ्चल डोटी जिल्लाको घण्टेश्वर गा. वि. सं. वडा नं. दुई बडाखेत जोरायलमा पिता मणिराम भट्ट तथा माता दुर्गादेवी भट्टको कोखबाट वि. सं. १९९० पुष २४ गते आइतवारका दिन भएको हो । चार भाइहरूमा उनी जेठा हुन् । बाल्यकाल परिवारको मायाममतामा जोरायलमै बिताएका भट्टको अक्षरारम्भ घरमै आठ वर्षको उमेरमा बाबुबाट  भएको हो भने व्रतबन्ध दसवर्षमा पं. रामचन्द्र पाण्डे 'शास्त्री' बाट वैदिक विधिअनुसार सम्पन्न भएको हो । प्राथमिक शिक्षा गाउँ घरमै प्राप्त गरेपछि माध्यमिक तहसम्मको अध्ययन बम्बइमा विलुपाली सन्यासाश्रममा गरे घरपरिवारको जिम्मेवारीका कारण मेट्रिक परीक्षामा सहभागी हुन नपाउँदा औपचारिक शिक्षाबाट वञ्चित भएका भट्टको विवाह किशोरवयमा वासुलीदेवीसँग भयो । उनीबाट दुई छोराको जन्म भयो सुखमय पारिवारिक जीवन २०४० सालमा वासुलीदेवीको मृत्युले छिन्नभिन्न भयो । त्यसपछि सेतुदेवीसँग उनको दोस्रो विवाह सम्पन्न भयो । उनीसँगको वैवाहिक जीवन सुखमय हुन सकेन । वि. सं. २०४२ सालमा उनका बाबु तथा २०४६ सालमा उनको आमाको मृत्यु भयो जसले उनलाई मर्माहत बनायो ।

दस वर्षको उमेरदेखि नै साहित्यलेखनमा लागेका भट्टको लेखनको प्रेरणास्रोत उनकै पूर्वज कवि जयदेव भट्ट हुन् भने लेखन निरन्तरताको प्रेरणा वी. पी. कोइराला, धरणीधर, बालकृष्ण सम आदि हुन् । प्रशस्त धार्मिक ग्रन्थ तथा लक्ष्मीप्रसाद देवकोटा, लेखनाथ पौडेलका कविताहरूको अध्ययनले उनलाई कविता लेखनमा निकै सहयोग प्राप्त भयो । उनको सार्वजनिक साहित्ययात्रा २०३६ सालमा **अभिशाप**, खण्डकाव्य प्रकाशन भएपछि सुरु भयो । बहिर्मुखी, समाजसेवी, सरल, परिश्रमी, अनुशासित स्वभावका भट्टको जीवनशैली सरल र उच्च रहेको छ । पूर्णानन्द भट्टको जीविकोपार्जनको मूल पेसा कृषि हो ।

उनी सामाजिक, धार्मिक, सांस्कृतिक, साहित्यिक कार्यमा निस्वार्थ सेवा पुऱ्याउने असल समाजसेवी हुन् । नेपाल भारतका महत्त्वपूर्ण क्षेत्र, सहरको भ्रमण गरिसकेका भट्टलाई भारत नेपालका प्रतिष्ठित सङ्घसंस्थाहरूले उनको योगदानको कदर गर्दै विभिन्न सम्मान पुरस्कार प्रदान गरेका छन् । उनको उच्च व्यक्तित्व निर्माणमा पारिवारिक पृष्ठभूमि, वंशपरम्परा, उनको शिक्षादीक्षा, गुरुहरूको माया, विद्वान् सन्तमहन्तको सङ्गत, साहित्यकार, नेता, विद्वान्हरूसँगको परिचय/घनिष्टताले महत्त्वपूर्ण योगदान पुऱ्याएको छ ।

## ५.१.२ तेस्रो परिच्छेद

बाल्यकालदेखि नै सिर्जनात्मक अभिरुचि र क्षमता भएका पूर्णानन्द भट्ट गाउँघरको साहित्यिक वातावरण, आफ्ना पूर्वज कवि जयदेव भट्टका कविताबाट प्रभावित भएर दस वर्षको उमेरदेखि नै साहित्य लेखनमा लागेका हुन् । उनको साहित्यलेखनको प्रेरणास्रोत कवि जयदेव भट्ट हुन् भने लेखन निरन्तरताको प्रेरणा वी. पी, बालकृष्ण सम, धरणीधर आदि हुन् । फुटकर कविता लेखनबाट साहित्ययात्राको थालनी गरेका भट्टले प्रशस्त फुटकर कविता, खण्डकाव्य, चम्पूकाव्य तथा महाकाव्य लेखेर नेपाली साहित्यको उन्नतिमा योगदान पुऱ्याएका छन् । उनको प्रथम प्रकाशित कृति **अभिशाप** २०३६ खण्डकाव्य तथा पछिल्लो पटक प्रकाशित कृति **नानो जात्क** २०५६ हो । **शान्ति विज्ञान** महाकाव्यसहित एघारवटा कृतिहरू प्रकाशित भइसकेका भट्टको साहित्ययात्रालाई कृतिको प्रकृति विषयवस्तुको स्रोतस्वरूप र कालगत आधारमा विभाजन गरी अध्ययन गर्न सहज र उपयुक्त हुने हुँदा सोही अनुसार दुई चरणमा विभाजन गरिएको छ :

१) नेपथ्यकाल/अभ्यासिक चरण

२) प्रकाशन काल/सार्वजनिक चरण

उनको अभ्यासिक चरण/नेपथ्यकालका कृतिहरू उपलब्ध छैनन् भने प्रकाशन काल/सार्वजनिक चरणमा एघारवटा कृतिहरू प्रकाशित भएका छन् । उनका कृतिहरूको विषयवस्तुको स्वरूप हेर्दा सामाजिक, आध्यात्मिक एवम् राजनैतिक गरी तीन स्वरूपका देखिन्छन् । उनका सामाजिक स्वरूपका कृतिहरूमा **अभिशाप**, **डोटली लोकलहर**, **कविता तरङ्ग**, **गाउँकला** र **विलापी** आदि कृतिहरू पर्छन् भने आध्यात्मिक स्वरूपका कृतिमा **आर्तनाद**, **वनदेवी**, **शान्तिमन्दिर** र **शान्तिविज्ञान** पर्दछन् । राजनीतिक स्वरूपका कृतिमा **प्रजातन्त्र बालक** र **नानो जात्क** पर्छन । नेपाली साहित्यको विकासमा महत्त्वपूर्ण योगदान पुऱ्याउने भट्टको साहित्ययात्रा साँढे चारदशक भन्दा बढी लामो र उपलब्धिपूर्ण रहेको छ ।

## ५.१.३ चौथो परिच्छेद

दस वर्षको उमेरदेखि साहित्य लेख्न सुरु गरेका पूर्णानन्द भट्टको सार्वजनिक साहित्ययात्रा २०३६ सालबाट सुरु भएको हो । हालसम्म उनका एघारवटा कृतिहरू प्रकाशित भइसकेका छन् भने केही अप्रकाशित नै रहेका छन् । **डोटेली लोकलहर** २०३७ सालमा प्रकाशित डोटेलीमा रचिएका कविताहरूको सङ्ग्रह हो । सातवटा कविता रहेको यस कवितासङ्ग्रहमा प्रकृतिप्रेम, पतिपत्नीप्रेम, देशभक्ति, समाजसुधारको चेत रहेको छ । **कवितातरङ्ग** २०३९ सालमा प्रकाशित नेपाली भाषाको फुटकर कवितासङ्ग्रह हो । प्रकृतिप्रेम, देशभक्ति, अध्यात्म, भ्रष्टाचार, कुशासन आदिलाई प्रशंसा र निन्दा गरिएको यस कृतिमा ३१ भन्दा बढी कविताहरू रहेका छन् । **अभिशाप** खण्डकाव्य २०३६ सालमा प्रकाशित काव्याशास्त्रीय मान्यता पालना गरिएको ४१ पृष्ठको आयाम भएको प्रेम विषयक

पुष्ट खण्डकाव्य हो । **आर्तनाद** २०३९ सालमा प्रकाशित काव्यशास्त्रीय मान्यताअनुसार रचिएको ९१ पृष्ठ लमाइ भएको अध्यात्म विषयको खण्डकाव्य हो । **वनदेवी** खण्डकाव्य २०४० सालमा प्रकाशित काव्यशास्त्रीय मान्यताअनुसार रचिएको अध्यात्म विषयको खण्डकाव्य हो । **विलापी** २०४० सालमै प्रकाशित सामाजिक स्वरूपको खण्डकाव्य हो भने **गाउँकला** २०४५ सालमा प्रकाशित सामाजिक स्वरूपको चम्पूकाव्य हो । **शान्तिमन्दिर** २०४८ सालमा प्रकाशित आध्यात्मिक स्वरूपको खण्डकाव्य हो भने **प्रजातन्त्र बालक** २०५१ सालमा प्रकाशित राजनीतिक स्वरूपको खण्डकाव्य हो । **नानो जात्क** डोटेली भाषिकामा रचिएको राजनीतिक स्वरूपको खण्डकाव्य हो जसको प्रकाशन २०५६ सालमा भएको हो । **शान्ति विज्ञान** २०५३ सालमा प्रकाशित आध्यात्मिक स्वरूपको ३१ सर्ग, २१६ पृष्ठ, १३७५ श्लोक लमाइ भएको काव्यशास्त्रीय मान्यता पालना भएको महाकाव्य हो ।

यसरी कवि पूर्णानन्द भट्टका सामाजिक, राजनीतिक, आध्यात्मिक स्वरूपका खण्डकाव्य, महाकाव्य तथा चम्पूकाव्य काव्यशास्त्रीय मान्यता पालन भएका पद्यबद्ध, पूर्णपुष्ट, आयाम प्राप्त भएका र पुष्टताउन्मुख गहन वैचारिक आयाम प्राप्त सफल काव्यकृति हुन् भने उनका फुटकर कविताहरू काव्यशास्त्रीय मान्यता पालन भएका लघु एवम् मध्यम आयाम प्राप्त मध्यमस्तरीय एवम् उच्च स्तरीय सफल कविता हुन पुगेका छन् । परिष्कारपरिमार्जनको आवश्यकता रहेका उनका कविता काव्यहरू निकै सफल रहेका छन् ।

## ५.२ अन्तिम निष्कर्ष

पूर्णानन्द भट्टको जन्म डोटी जिल्लाको वर्तमान घण्टेश्वर गाउँविकास समति वार्ड नं. २ बडाखेत जोरायल १९९० साल पुस २४ गते आइतबारका दिन बाबु मणिराम भट्ट र आमा दुर्गादेवी भट्टको जेठो छोराका रूपमा भएको हो । उनको बाल्यकाल जोरायलमै वित्यो । गाउँघरको साहित्यिक वातावरण र पूर्वज कवि जयदेव भट्टका कविताबाट प्रभावित भएर दस वर्षको उमेरदेखि नै कविता कोर्ने भट्ट सानो उमेरदेखि नै तीक्ष्ण बुद्धि र गम्भीर स्वभावका थिए ।

उनको अक्षरारम्भ आठ वर्षको उमेरमा बाबुबाट भएको हो । उनको प्रारम्भिक शिक्षा गाउँघरमै सम्पन्न भयो । बाबु, पण्डित र गुरुले उनलाई **चण्डी**, **रुद्री**, **अमरकोश**, लघुकौमुदी तथा **महाभारत**, **गीता**, **रामायण** आदिको अध्ययन गराएका थिए । माध्यमिक शिक्षा अध्ययनको लागि बम्बई विलुपाली सन्यासाश्रममा भर्ना भएर कक्षा १० सम्मको पढाइ पूरा गरे । पारिवारिक कारणले परीक्षामा सहभागी हुन नपाउँदा उनको मेट्रिक गरी उच्च शिक्षा लिने धोको अधुरै रह्यो तापनि स्वाध्यायनबाट विविध भाषा साहित्यको गहन अध्ययन गरी बौद्धिक प्रतिभा विकास गर्न उनी सफल भए ।

साँढे चार दसकभन्दा लामो साहित्य यात्रामा उनी साहित्य सिर्जनाका अतिरिक्त शिक्षण र समाजसेवामा समेत संलग्न रहन पुगे । फुटकर कविता लेखनबाट साहित्ययात्रा थालेका पूर्णानन्द भट्टले अनुवाद, समालोचना तथा गद्यलेखन गरेका भए पनि उनको मूल लेखनको क्षेत्र कविता नै हो । उनको साहित्य यात्रालाई नेपथ्यकाल/अभ्यासिक चरण र प्रकाशनकाल /सार्वजनिक चरण गरी दुई चरणमा बाँड्न उपयुक्त र सहज हुने भएकाले सोहीअनुसार चरणविभाजन गरिएको छ ।

बहिर्मुखी स्वभावका मिलनसार, सरल, व्यक्तित्वका भट्ट मझौला कद वा तन्दुरुस्त स्वस्थ्य हट्टाकट्टा शारीरिक बनोट भएका व्यक्ति हुन् । सबैलाई समान व्यवहार गर्ने परिश्रमी,

अनुशासित, समाजप्रेमी, पूर्णानन्द भट्ट मानवतावादी व्यक्ति हुन् । उनको समाजसेवा निस्वार्थ र जनमुखी रहेको छ । समाजका विभिन्न साहित्यिक, गैर साहित्यिक, धार्मिक सङ्घसंस्थाहरूमा विभिन्न पदमा रहेर उनले आफ्नो जिम्मेवारी पूरा गरेका छन् । सुदूर पश्चिम साहित्य समाज, सु. प. क्षेत्र सन्त समाज आदि विभिन्न धार्मिक, सामाजिक, सङ्गठनसँग उनी आबद्ध भएका छन् । नेपाल भारतका प्रमुख सहर र क्षेत्रहरूको भ्रमण गरेर प्रशस्त ज्ञानआर्जन गरिसकेका भट्ट हिन्दी भाषामा समेत साहित्य लेख्ने सफल साहित्यकार हुन् ।

कश्यपगोत्रीय ब्राह्मण परिवारमा जन्मिएका भट्टको परिवारको आर्थिक अवस्था मध्यम स्तरको देखिन्छ । उनका तीन भाइहरू छन् । उनको विवाह किशोरवयमा वासुलीदेवीसँग भएको थियो उनबाट दुई छोराहरूको जन्म भएको छ । वासुलीदेवीको मृत्यु २०४० सालमा भएपछि उनको दोस्रा  बिहे सेतुदेवीसँग भयो । उनीसँगको वैवाहिक जीवन सुखमय रहन सकेन र उनीबाट कुनै  सन्तान जन्म भएको छैन । उनको आम्दानीको स्रोत कृषिपेसा नै हो ।

बहुमुखी प्रतिभाका धनी पूर्णानन्द भट्टको योगदानको कदर गर्दै नेपाल तथा भारतका विभिन्न सङ्घसंस्थाहरूले विभिन्न पुरस्कार तथा सम्मान प्रदान गरेका छन् । सु. प. साहित्य समाजबाट सम्मान तथा नगद पुरस्कार (२०५५), डोटी जिल्ला विकास समितिबाट सम्मान तथा नगद पुरस्कार (२०५१) अल इन्डिया रेडियो दिल्लीबाट पटकपटक सम्मान, कला एकेडेमी दिल्लीबाट सम्मान, विभिन्न कविता प्रतियोगितामा प्रथम पुरस्कार तथा सम्मानहरू तथा अन्य विभिन्न सङ्घसंस्थाहरूबाट पुरस्कार र सम्मान प्राप्त भएको देखिन्छ ।

फुटकर कवितालेखनबाट साहित्ययात्रा थालनी गरेका भट्टका हालसम्म प्रकाशित कृतिहरू यस प्रकार रहेका छन् :

(१) **अभिशाप**, खण्डकाव्य (२०३६), (२) **डोटेली लोकलहर**, कवितासङ्ग्रह, (२०२७), (३) **आर्तनाद** खण्डकाव्य (२०३९), (४) **कविता तरङ्ग**, (२०३९), (५) **वनदेवी**, खण्डकाव्य, (२०४०), (६) **विलापी**, खण्डकाव्य, (२०४०), (७) **गाउँकला** चम्पूकाव्य (२०४५), (८) **शान्तिमन्दिर** (२०४८), (९) **प्रजातन्त्र बालक**, खण्डकाव्य, (२०५१), (१०) **शान्तिविज्ञान** महाकाव्य २०५३) (११) **नानो जात्क** खण्डकव्य, (२०५६) हुन् ।

पूर्णानन्द भट्ट मूल रूपमा कवितासाधक नै हुन् । उनले अनुवाद साहित्य र समालोचनामा कलम चलाए पनि त्यति सफलता प्राप्त गर्न सकेको देखिँदैन । उनी पद्य कवि हुन्  । उनका कविताहरू काव्यशास्त्रीय मान्यता पालन गरेका छन्दोबद्ध, गहन भाव चिन्तन, बौद्धिकता, माधुर्यले परिपूर्ण भएका छन् । उनका खण्डकाव्य तथा महाकाव्यमा काव्यात्मक उत्कृष्टता र सफलता रहेको छ । केही परिष्कारको अपेक्षा गर्ने उनका कविता/काव्य सामान्यतया सफल रहेका छन् ।

अनुवाद साहित्य र समालोचनामा कलम चलाए पनि मूल रूपमा कविता/काव्य लेखन क्षेत्रमा साढे चारदसक भन्दा लामो समयसम्म नेपाली साहित्यको विकास उत्थानमा लागिपरेका पूर्णानन्द भट्ट एक लगनशील, परिश्रमी, सफल साहित्यिक व्यक्तित्व हुन् ।

उनले नेपाली साहित्यको कविताकाव्य क्षेत्रलाई निकै ठूलो योगदान पुऱ्याएका छन् । एकदर्जन जति कविता/काव्य प्रकाशित गर्ने भट्ट नेपाली साहित्यले भुल्न नमिल्ने साहित्यकार हुन् ।

# सन्दर्भसूची

क) पुस्तक


अवस्थी, महादेव, **लक्ष्मीप्रसाद देवकोटाको खण्डकाव्यकारिता**, काठमाडौँ : एकता बुक्र्स डिस्ट्रिब्युटर्स प्रा. लि., २०६१ ।

उपाध्याय, केशवप्रसाद, **साहित्यप्रकाश**, दो. सं., ललितपुर : साझा प्रकाशन, २०३४ ।

त्रिपाठी, वासुदेव र अन्य, (सम्पा.) **नेपाली कविता भाग ४**, ते. सं., ललितपुर : साझा प्रकाशन, २०५४ ।

नेपाल, देवीप्रसाद, **छन्दपराग**, काठमाडौँ : भुँडी पुराण, २०६२ ।

भट्ट, पूर्णानन्द, **अभिशाप**, डोटी : लेखक स्वयम्, २०३६ ।

............... , **डोटेली लोकलहर**, डोटी : लेखक स्वयम्, २०३७ ।

................. , **आर्तनाद**, डोटी : लेखक स्वयम्, २०३९ ।

................., **कवितातरङ्ग**, डोटी : लेखक स्वयम्, २०३९ ।

.................. , **वनदेवी**, डोटी : लेखक स्वयम्, २०४० ।

................. , **गाउँकला**, डोटी : लेखक स्वयम्, २०४५ ।

................ , **शान्तिमन्दिर**, डोटी : लेखक स्वयम्, २०४८ ।

................... , **प्रजातन्त्र बालक**, डोटी : लेखक स्वयम्, २०५१ ।

................... , **शान्ति विज्ञान,** डोटी : लेखक स्वयम्, २०५३ ।

................... , **नानो जात्क**, डोटी : लेखक स्वयम्, २०५६ ।

भट्टराई, जयदेव, **साहित्यकार परिचय र अभिव्यक्ति**, काठमाडौँ : २०५४ ।

भट्टराई, घटराज, **नेपाली साहित्यकार परिचयकोश**, काठमाडौँ : २०५१ ।

लुइटेल, खगेन्द्रप्रसाद, कविता सिद्धान्त र नेपाली कविताको इतिहास, काठमाडौँ : ने. रा. प्र. प., २०६० ।

सिग्देल, सोमनाथ, **साहित्यप्रदीप**, काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार, २०५८ ।


ख) पत्रिका


अवस्थी, महादेव, 'महाकाव्यकार बालकृष्ण सम : प्रवृत्ति चिसो चूह्लो महाकाव्य र योगदान' **शार्दूल**, (१ : १, २०६२ फागुन-चैत) पृष्ठ.... ।